# वन तथा जलाधार व्यवस्थापन नीति–२०७५

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने विषयलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । त्यसैगरी धारा ५१ (छ) मा प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिको (१) मा राष्ट्रिय हित अनुकूल तथा अन्तर पुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगोरूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने उल्लेख छ । सोही नीतिको (२) मा जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्युनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने, (६) मा वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम राख्ने, (७) मा प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्वन गर्ने र (८) मा वातावरण प्रदूषण गर्नेले सो वापत दायित्व व्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्व सावधानी र पूर्व सूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्वन गर्ने उल्लेख छ ।

नेपालको संविधानको अनुसूची ६ मा प्रदेशको एकल अधिकार अर्न्तगत प्रदेश भित्रको राष्ट्रिय वन तथा वातावरण व्यवस्थापन रहेको छ भने अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार सूची अन्तर्गत प्रदेश सीमा, नदी, जलमार्ग, वातावरण संरक्षण र जैविक विविधता रहेको छ । त्यसैगरी संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा वनजङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण तथा जैविक विविधता रहेका छन् । यसरी प्रदेशले संघ र स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्ने प्रावधान छ । संविधानको यसै अधिकार क्षेत्रभित्र रहेर प्रदेश सरकारहरुले केन्द्र सरकारको नीति अनुरुप आ-आफ्नो प्रदेशमा आवश्यक नीति निर्माण गर्न सक्ने व्यवस्था गरीएको छ ।

प्रदेश सरकारको स्वीकृत कार्यविभाजन नियमावली-२०७४ ले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्य जिम्मेवारीहरु तोकिदिएको छ। जसअनुसार प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने; प्रदेश भित्र भू-स्खलन नियन्त्रण, जलाधार संरक्षण, जैविक विविधताको संरक्षण, अध्ययन, अनुसन्धान व्यवस्थापन, नियमन एवं लाभांशको बाँडफाँड; वन्यजन्तु र वन पैदावार ओसार पसार सम्बन्धी नियमन र अपराध नियन्त्रण; संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, वन अतिक्रमण र डढेलो नियन्त्रण, वन सूचना सेवा प्रवाह, वृक्षारोपण र सम्भार, संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सम्वन्धी व्यवस्थापन आदि विषय प्रदेशको जिम्मेवारी भित्र पर्दछन् । यिनै जिम्मेवारीलाई व्यवस्थित गर्न यो नीतिको तर्जुमा गरीएको छ ।

## २. वन तथा जलाधार क्षेत्रको स्थिति

गण्डकी प्रदेश वन, संरक्षित क्षेत्र, जैविक विविधता तथा जलाधार स्रोत सम्पदाको दृष्टिकोणले राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको प्रदेश हो । प्रदेशको कुल क्षेत्रफल मध्ये ८,१४६.३ वर्ग कि.मि. (३७.१ प्रतिशत) वनले ढाकेको छ । प्रदेशको कूल वनक्षेत्र मध्ये ७७ प्रतिशत गाँउपालिकामा, २०.४ प्रतिशत नगरपालिकामा र २.५ प्रतिशत महानगरपालिकामा रहेको छ । वनले रोजगारीको सिर्जना, आय वृद्धि, सर्वसाधारणको जीविकोपार्जनको

लागि आवश्यक काठ, दाउरा, जडिबुटी, घाँसपात तथा गैरकाष्ठ वन पैदावार जस्ता आधारभूत वस्तु र सेवा प्रदान गर्दै आएको छ भने यो क्षेत्र कृषि, उद्योग, जलस्रोत, पर्यटन जस्ता आर्थिक समृद्धिका क्षेत्रहरुको मेरुदण्डको रुपमा रही आएको छ । अहिलेको अवधिसम्म प्रदेशको ग्रामीण क्षेत्रमा ६८.५ प्रतिशत जनताले जैविक इन्धन र ४० प्रतिशत जनताले पशु आहारको स्रोतको रुपमा वनजङ्गल र रुख विरुवामा निर्भर गर्दछन् ।

सन् १९८० पछिको सामुदायिक वनको संरक्षणमा यस प्रदेशले उदाहरणीय कार्य गरेको प्रशस्तै प्रतिवेदनहरुले उल्लेख गरेका छन् । संसारमै प्रसिद्ध समुदायमा आधारित वन व्यवस्थापन पद्धतिमध्ये यस प्रदेशमा ३,८४४ वटा सामुदायिक वन मार्फत करिव २,३९१.५ वर्ग कि.मि. (२९.४ प्रतिशत), १,०७३ वटा कबुलियती वन मार्फत करिव ४,८००.६ हेक्टर, १८ वटा धार्मिक वन मार्फत करिव १००.९ हेक्टर, पन्चासे संरक्षित वन, फेवातालसँग जोडिएको अन्तर्राष्ट्रिय महत्वको १६४.७ हेक्टर क्षेत्रफलको विश्व शान्ति जैविक विविधता उद्यान र ३७७ नीजि वन मार्फत प्रदेशको वन व्यवस्थापनबाट करिब चार लाख घरधुरी लाभान्वित भएका छन् । त्यसै गरी वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाउँदै काठजन्य उत्पादनमा वृद्धि गरी बाह्य आयात न्यूनीकरण गर्दै वन पैदावारमा आत्मनिर्भर हुनको लागि नवलपरासी (बर्दघाट सुस्तापूर्व) का ३२ सामुदायिक वन, १ साझेदारी वन र १ चक्ला वन साथै तनहुँका ५ वटा सामुदायिक वन गरी जम्मा ३९ वटा वनहरुको १३,३४८.९ हेक्टर वनमा वैज्ञानिक वन व्यवस्थापन हुँदै आएको छ र सो क्रम विस्तार हुँदैछ ।

यस्तै संरक्षित क्षेत्रहरुको हिसाबले पनि गण्डकी प्रदेश नेपालकै धनी प्रदेश मानिन्छ । यस प्रदेशमा चितवन राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्षको आंशिक भाग र अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको पुरै भाग गरी कूल १०,०३९.५१ वर्ग कि.मि. क्षेत्रफल संरक्षित क्षेत्र पर्दछ । नेपालको कुल क्षेत्रफलको ६.८२ प्रतिशत, नेपालका संरक्षित क्षेत्रहरुको कुल २९.१७ प्रतिशत र गण्डकी प्रदेशको कूल क्षेत्रफलको ४५.६८ प्रतिशत रहेका संरक्षित क्षेत्रहरु नेपालको राष्ट्रिय कभरेज भन्दा झण्डै दोब्बर (राष्ट्रिय कभरेज २३.३९ प्रतिशत) छ । संरक्षित क्षेत्रको माध्यमबाट व्यवस्थापन गरी विश्व प्रसिद्ध पाटेबाघ, एक सिङ्गेगैंडा, हिँउचितुवा, कस्तुरी मृग, हाब्रे लगायतका वन्यजन्तु, वनस्पति र जैविक विविधताको संरक्षण, सम्वर्द्धन, पर्यापर्यटन प्रवर्द्धन र मध्यवर्ती क्षेत्रका बासिन्दाको जीवनस्तरमा सुधार हुँदै आएको छ । यसबाहेक परस्थानीय संरक्षणमार्फत तनहुँमा भानुभक्त प्राणी उद्यान र कास्की जिल्ला पोखरा महानगरपालिकाको पचभैयामा प्रदेश स्तरीय प्राणी उद्यान स्थापना गर्नका लागि पहल भइरहेको छ ।

यो प्रदेश जल प्रवाहमा पनि अत्यन्त धनी छ । गण्डकी बेसिनका नामले प्रख्यात यस क्षेत्रमा त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्गदी, दरौदी, सेती, मादी, मर्दी, मोदी, म्याग्दी खोला, कालीगण्डकी, बडीगाड गरी ११ वटा नदीहरु हिमालबाट उत्पत्ती भएर बग्ने स्थानीय नदीहरु हुन् । यसबाहेक यस प्रदेशमा थप ३६८ वटा साना ठूला उपजलाधारहरु रहेका छन् । संसारकै अग्लो स्थान (४,९१९ मि.) मा रहेको तिलिचो ताल, हिमताल, हिमनदी, रामसारमा सूचीकृत फेवाताल लगायतका तालतलैया र अन्य सिमसार क्षेत्रहरु यस प्रदेशका महत्वपूर्ण सम्पदा हुन् । यस बाहेक म्याग्दी, मुस्ताङ्ग, मनाङ्ग, लम्जुङ्ग र गोरखामा गन्धक र विरेनुनको गन्ध आउने प्राकृतिक औषधालयका रुपमा तातोपानी कुण्डहरु पनि रहेका छन् ।

## ३. विगतका प्रयासहरु :

नेपालमा संघियताको कार्यान्वयन नयाँ र पहिलो अभ्यास भएकोले हाल प्रदेश सरकारले वन तथा जलाधार संरक्षणको क्षेत्रमा काम गर्न सुरुवात गरेको छ । तथापि विगतका दिनहरुमा नेपाल सरकारबाट विभिन्न नीतिगत र कानुनी सुधार गरी वन र जलाधारको संरक्षण र व्यवस्थापन भइरहेको थियो । नेपालले अवलम्वन गरेको समुदायमा आधारित वन तथा संरक्षित क्षेत्र व्यवस्थापन, देशका महत्वपूर्ण

संवेदनशील जलाधार क्षेत्रहरुको पहिचान, वर्गिकरण गर्दै एकीकृत भू-तथा जलाधार व्यवस्थापनको सिद्धान्त अवलम्वन गर्दै एकीकृत प्राकृतिक श्रोतहरुको व्यवस्थापन मार्फत वातावरणीय सन्तुलनमा टेवा पुगेको छ । चुरे तराई मधेश भू-परिधिको एकीकृत व्यवस्थापन गर्न छुट्टै सांगठनिक संरचना निर्माण गर्नुका साथै चुरे संरक्षण गुरुयोजना समेत तयार पारिएको छ । वन क्षेत्रका केही प्रमुख नीतिहरुमा भएको व्यवस्था यस प्रकार छ ।

### ३.१ वन क्षेत्रको गुरुयोजना, सन् १९८८

नेपालको वन क्षेत्रको समुचित संरक्षण, व्यवस्थापन र दिगो उपयोग गर्ने उद्देश्यले सन् १९८८ मा २० वर्षे वन क्षेत्रको गुरुयोजना तर्जुमा गरी लागू गरीएको थियो । सन् १९८८ देखि सन् २०११ सम्म कार्यान्वयनमा रहेको गुरुयोजना कालमा सामुदायिक तथा निजी वन, राष्ट्रिय र कबुलियती वन, पारिस्थितिकीय प्रणाली र आनुवांशिक श्रोत संरक्षण, भू तथा जलाधार संरक्षण, कानुनी तथा संस्थागत विकास लगायत विभिन्न १२ वटा कार्यक्रमहरु सञ्चालनमा रहेका थिए । सो गुरुयोजनाले जनचेतना अभिवृद्धि, तालिम, जनशक्ति र प्रविधि विकासका माध्यमले समुदायको सहभागितामा वन, वनस्पती, वन्यजन्तुको संरक्षण, कृषि भूमि, जलाधार र संरक्षित क्षेत्रको व्यवस्थापन गर्दै विकास र वातावरणबीच सन्तुलन कायम राख्ने दिशामा मार्गदर्शन र ठोस योगदान गरेको पाइन्छ । उक्त लामो योजनाकालमा नेपालको सामाजिक, आर्थिक, राजनैतिक परिवर्तनसँगै वन, वातावरण र जलवायु परिवर्तनका क्षेत्रमा पनि धेरै नीतिगत, कानुनी, संस्थागत र समन्वयात्मक व्यवस्थाहरुको जग बसेको पाइन्छ ।

### ३.२ समृद्धिका लागि वनको अवधारणा, २०६९

नेपालको झण्डै आधा भू-भाग ढाकेको वनक्षेत्र अथाह सम्भावना भएको प्राकृतिक सम्पदा भएर पनि आशातित् प्रतिफल प्राप्त हुन नसकेको परिप्रेक्ष्यमा नेपाल सरकारले २०६९ माघ १२ गते यो चार खम्बे अवधारणा स्वीकृत गरेको थियो । जसको मूल मर्म भनेको वनको दिगो एवं वैज्ञानिक व्यवस्थापन; वन पैदावार र सेवाको सदुपयोग; वन स्रोतको व्यवसायीकरण र बजारीकरण तथा वन क्षेत्रमा सुशासन लगायत उपयुक्त वातावरणको सृजना गर्ने रहेको छ। दिगो वन व्यवस्थापनका माध्यमले वन पैदावारको सर्वसुलभ उपलब्धता, रोजगारी सृजना र आयबृद्धि गर्ने, जडिबुटी तथा काष्ठ एवं गैरकाष्ठ वन पैदावारको व्यवसायीकरण र बजारीकरणबाट संमृद्धि हासिल गर्ने र वन क्षेत्रको पुनर्संरचना गर्दै सुशासन प्रर्बद्धन एवं आवश्यक नीतिगत, कानूनी र संस्थागत विकास गरी वन क्षेत्रको सबलिकरण गर्ने आदि उद्देश्य समेटिएका छन् । यही अवधारणाको जगमा २०७१ मा वन नीति तर्जुमा गरी हाल कार्यान्वयनमा रहेको छ ।

### ३.३ राष्ट्रिय वन नीति, २०७१

वन नीति, २०७१ले वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा स्थानीय र राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने दुरदृष्टि लिएको छ। साथै यस नीतिले वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, संरक्षित क्षेत्र, जैविक विविधता र जलाधारको समुचित संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दै रोजगारी सिर्जना र आयवृद्धि गरी विपन्न वर्गको जीविकोपार्जनमा सुधार र पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने लक्ष्य राखेको देखिन्छ । माथि उल्लेखित दुरदृष्टि र लक्ष्य हासिल गर्न अवलम्वन गरीएका नीतिहरु यस प्रकार छन्:

- दिगोवन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने ।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्ने ।
- जल तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्ने ।

- सामुदायिक, कबुलियती, साझेदारी, मध्यवर्ती सामुदायिक, संरक्षित, धार्मिक लगायतका समुदायद्वारा व्यवस्थित वनलाई पारिस्थितिकीय, आर्थिक र सामाजिक रुपले सक्षम बनाउँदै लाभको न्यायोचित बाँडफाँड गर्ने ।
- निजी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै वनजन्य उद्यमको प्रबर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरणबाट मूल्य श्रृंखला अभिवृद्धि र हरित रोजगारी सिर्जना गर्ने ।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलनका उपाय अवलम्वन  गर्ने ।
- वन क्षेत्रमा सुशासन, समावेशीकरण र सामाजिक न्याय प्रबर्द्धनको लागि व्यवस्थापनलाई थप सक्षम वनाउने ।

वन नीति, २०७१ को कार्यान्वयन गर्न वन क्षेत्रको रणनीति, २०७२ समेत तर्जुमा गरीएको छ । यस रणनीतिले वन व्यवस्थापन, पारिस्थितिकीय प्रणाली र जैविक विविधता संरक्षण एवं व्यवस्थापन, जलवायु परिवर्तन व्यवस्थापन, जलाधार व्यवस्थापन, वन उद्यम प्रबर्द्धन र आर्थिक विकास, क्षमता विकास एवं संस्थागत सहकार्य अभिवृद्धि र वन क्षेत्रको सूचना उपयोग एवं व्यवस्थापनलाई समेटेको छ ।

### ३.४ चौधौं त्रिवर्षीय योजना (वि.सं.२०७३/७४ देखि २०७५/२०७६)

चौधौं योजनामा वन, वनस्पति, वन्यजन्तु, जडीबुटी, जैविक विविधता र जलाधारको समुचित संरक्षण, सम्वर्द्धन, व्यवसायीकरण र सदुपयोगद्वारा रोजगारी सिर्जना गर्ने तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने लक्ष्य लिइएको छ । उक्त योजनाले सो लक्ष्य हासिल गर्न दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने; जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्ने तथा जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्वन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्ने उद्देश्य अवलम्वन गरेको छ ।

माथि उल्लेख भएका लक्ष्य र उद्देश्य प्राप्तिका लागि विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको सहभागितामूलक दिगो एवं वैज्ञानिक व्यवस्थापन गर्ने; जैविक विविधता र जलाधारको दिगोव्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवं पर्यापर्यटनका आधारहरूलाई पुनर्स्थापन तथा पुनर्निर्माण गर्ने; दिगोवन व्यवस्थापन र संरक्षणमार्फत वातावरणीय सन्तुलन कायम राखि जलवायु परिवर्तन न्यूनीकरणका सम्भावित अन्तर्राष्ट्रिय लाभहरूलाई स्थानीय स्तरसम्म पुऱ्याउने र वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने रणनीति अख्तियार गरीएको पाइन्छ ।

### ३.५ राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्यान्वयन योजना, २०७१

नेपाल सन् १९९४ मा जैविक विविधता महासन्धिको पक्षराष्ट्र भएपछि सन् २००२ मा नेपाल जैविक विविधता रणनीति र सन् २००४ मा जैविक विविधता रणनीति कार्यान्वयन योजना तर्जुमा गरी नेपालको जैविक विविधताको संरक्षण, सदुपयोग र लाभांशको समन्यायिक वितरण गर्ने पहल गरीएको थियो । उक्त रणनीति र कार्यान्वयन योजनाको पहिलो चरणको अवधि समाप्त भई हाल दोस्रो चरणमा जैविक विविधता रणनीति तथा कार्यान्वयन योजना (सन् २०१४-२०२०) स्वीकृत भई कार्यान्वयमा रहेको छ ।

वि.सं. २०७१ सालमा तयार भएको नेपालको राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्यान्वयन योजनाले पर्यावरणीय समानुकूलनता सहितको जैविक विविधता संरक्षण गर्दै राष्ट्रिय समृद्धिमा योगदान दिने दीर्घकालीन सोचको ५ वर्षे कार्ययोजना प्रस्तुत गरेको छ । नेपालको पर्यावरणीय प्रणालीको पूर्णतालाई उल्लेख्य रुपमा अभिवृद्धि गर्ने लक्ष्य लिएको यस योजनाको सफल कार्यान्वयनमा १३ वटा रणनीतिक अवधारणा समेटिएका छन् । कार्यान्वयन योजनामा संरक्षित क्षेत्र, संरक्षित क्षेत्र बाहिर चरन क्षेत्र, सिमसार क्षेत्र, पर्वतीय क्षेत्र र कृषि जैविक विविधता व्यवस्थापन गरी ६ वटा विषय र नीति र कानूनी खाका, मिचाहा प्रवृत्तिका प्रजातीको नियन्त्रण, भू-परिधि स्तरीय व्यवस्थापन, संस्थागत सुदृढीकरण, क्षमता अभिवृद्धि, जैविक विविधता राष्ट्रिय नीति तर्जुमा गर्न, योजना तथा बजेटमा आन्तरिकीरण गर्ने, जैविक विविधता सम्वन्धी प्रतिबद्धताहरुबीच तालमेल मिलाउने लगायतका १५ अन्तरबिषयगत क्षेत्र समेटिएका छन् ।

यस योजनाको प्रमुख बिशेषता भनेको स्थानीय स्तरको जैविक विविधता योजनाको प्रारुप हो । वर्तमान संघीय संरचनामा संरक्षित क्षेत्रको व्यवस्थापन संघको एकल अधिकार क्षेत्रभित्र रहेको तथा जैविक विविधता संरक्षण संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूचीमा रहेको सन्दर्भमा संघले तयार गर्ने जैविक विविधता संरक्षणको प्रारुप अनुरुप प्रदेश र स्थानीय तहले आवश्यकता र औचित्यताको आधारमा जैविक विविधताको स्थानीय रणनीति एवं कार्यान्वयन योजना तयार पार्न यस रणनीतिले सहजीकरण गर्न सक्ने देखिन्छ ।

### ३.६ चुरे-तराई-मधेश संरक्षण र व्यवस्थापन गुरुयोजना, २०७४

"पर्यावरणीय रुपले सन्तुलित र आर्थिक रुपले सम्बृद्ध चुरे-तराई-मधेश भू–परिधी" भन्ने दूरदृष्टिका साथ २० बर्षे अवधिको लागि वि.सं. २०७४ मा तयार भएको गुरुयोजनाले ५ वर्षको लागि विस्तृत र १० तथा १५ बर्षको लागि अनुमानित कार्यक्रम तथा बजेट तयार गरेको छ । चुरे-तराई-मधेश संरक्षण र व्यवस्थापन गुरुयोजनाले चुरे क्षेत्रको प्राकृतिक स्रोतको दिगोव्यवस्थापन तथा पर्यावरणीय सेवाको सुदृढीकरण गर्दै सम्वृद्धि र गरीवी न्यूनीकरणमा टेवा पुऱ्याउने लक्ष्य लिएको छ । गुरुयोजनाका तीन उद्देश्यहरु छन् । पहिलो उद्देश्यमा प्राकृतिक स्रोतको दिगोव्यवस्थापन गर्दै जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट हुने क्षति कम गर्नु, दोस्रो मा प्राकृतिक स्रोतको एकिकृत व्यवस्थापनको अवधारणा अनुसार नदी प्रणालीको व्यवस्थापन गर्दै जल उत्पन्न प्रकोप नियन्त्रणमार्फत चुरे क्षेत्रबाट प्राप्त हुने पर्यावरणीय सेवा प्रवाहलाई कायम गर्ने र तेस्रो उद्देश्यमा वन क्षेत्रबाट टाढा रहेका उपभोक्ताको वन स्रोतमा पहुँच बढाउने तथा घरायसी प्रयोजनको लागि उर्जाको स्रोतको उपलब्धता बढाउने । यी उद्देश्य प्राप्तिका लागि प्रकोप व्यवस्थापन, पर्यापर्यटन, महिला, दलित, आदिवासी जनजातीको सहभागिता, जलवायु परिवर्तन अनुकुलन, अनुसन्धान तथा प्रविधि विकास आदि अन्तरबिषयगत क्षेत्रहरुको पनि पहिचान भएको छ ।

### ३.७ जलवायु परिवर्तन नीति, २०६७

वि.सं. २०६७ सालमा जारी भएको नेपालको जलवायु परिवर्तन नीतिको दूरदृष्टि - जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट बच्न र बचाउन, मानव विकास र सम्वृद्धि कायम गर्दै, जलवायु न्यायलाई आत्मसात् गर्दै, पर्यावरणीय र दिगो विकासको अवधारणालाई अवलम्वन गरी समुन्नत समाजतर्फ अग्रसर हुन योगदान पुऱ्याउनु रहेको छ । जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरुलाई न्यून गर्ने र यसबाट सिर्जित अवसरहरुको उपयोग गर्दै जलवायुमैत्री भौतिक, सामाजिक एवं आर्थिक विकास गरी जीविकोपार्जनका अवसरहरुको अभिवृद्धि गर्नु यस नीतिको परिदृश्य रहेको छ भने जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्दै, जलवायु अनुकूलित हुँदै, न्यून कार्वन-उन्मुख सामाजिक-आर्थिक विकास पथलाई अवलम्वन गर्दै जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रमा भएको प्रतिबद्धता अनुरुप सहयोग तथा सहकार्यको प्रबर्द्धन गरी जीवनस्तरमा सुधार ल्याउनु यस नीतिको प्रमुख लक्ष्य रहेको छ । यस नीतिले जलवायु परिवर्तनको कारण देखा परेका चुनौतिको

सम्बोधन गर्न अन्तर्राष्ट्रिय तहमा उपलव्ध आर्थिक एवं प्राविधिक अवसरको लाभ लिने मार्ग प्रशस्त गरेको छ। यस नीतिले सर्वपक्षीय सहभागिता मार्फत जनचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि, प्रविधि विकास र हस्तान्तरण, जलवायु अनुकूलन, न्यूनीकरण तथा कार्बन सञ्चितिकरणलाई बढावा दिने कार्यक्रम तर्जुमा, कार्यान्वयन, मूल्याङकन तथा अनुगमन गर्न आर्थिक स्रोत जुटाउन तथा सो मा पहुँच पुऱ्याउन सहजीकरण गर्ने देखिन्छ। साथै स्वच्छ तथा नवीकरणीय ऊर्जाको विकास, कार्बन व्यापार तथा जलवायु परिवर्तनबाट उपलब्ध अवसरको उपयोग गरी गरीवी न्यूनीकरण तथा दिगोविकासको लक्ष्य पूरा गर्न मद्धत पुग्ने देखिन्छ।

यस नीतिले राष्ट्रिय अनुकूलन कार्यक्रमलाई विकास एजेण्डाको रुपमा कार्यान्वयनमा ल्याउन र जलवायु परिवर्तन सम्बन्धि सबै प्रकारका स्थलगत कार्यक्रमहरु कार्यान्वयन गर्दा कुल बजेटको न्यूनतम ८० प्रतिशत भन्दा बढी रकम स्थानीय स्तरमा पुऱ्याउन, सामाजिक तथा आर्थिक विकासका लागि प्राकृतिक स्रोतको व्यवस्थापनलाई जलवायुमैत्री एवं पूर्वाधार विकासलाई जलवायु समानुकूलन बनाउन जोड दिएको छ।

### ३.८ स्वच्छ वातावरण महाअभियान, २०७५

वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदुषण सिर्जना हुन नदिने र तोकिएको मापदण्ड विपरित फोहरमैला निष्कासन हुन नदिने, वातावरण संरक्षण र विभिन्न श्रोत र किसिमहरुबाट हुने जल, स्थल, वायु र अन्य प्रदूषण रोक्न संघ, प्रदेश र स्थानीय तहहरुबाट जारी कानुनहरुको कडाइका साथ पालना र कार्यान्वयन गर्ने र प्रदूषणको रोकथाम, नियन्त्रण, हरियाली प्रबर्द्धन तथा वातावरण संरक्षणका लागि विज्ञान प्रविधिको प्रयोग र सफल अभ्यासहरु समेतको आधारमा क्रियाकलापहरु अगाडि बढाउने गरी नेपाल स्वच्छ वातावरण महाअभियान (वि.सं २०७५) शुरु भएको छ।

यो अभियानले सार्वजनिक स्थानमा फोहरमैला फाल्न पूर्णरुपमा प्रतिवन्ध लगाउने र सम्बन्धित् स्थानीय तह र सरोकारावाला निकायहरुसँग समन्वय गरी फोहोरमैलाको उचित व्यवस्थापन गर्ने, काठमाण्डौ उपत्यका लगायत नेपालका शहरहरुलाई फोहरमैला, धुलो, ध्वनी र धुँवा जस्ता प्रदूषण रोकथाम गरी सफा र सुन्दर बनाउने र सडक किनार, सिंचाई कुलो, नदी किनार तथा खुल्ला, खालि र पर्ती जग्गामा फलफूल लगायत बहुउपयोगी र सौन्दर्यजन्य प्रजातिका रुखविरुवा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ।

प्रदेशमा वनको दिगोएवं वैज्ञानिक वन व्यवस्थापन सुरु भएको छ भने पोखरा उपत्यकाका सबै प्रमुख तालहरु एकमुष्ठ रामसारमा सुचिकृत भएका छन्। जलाधार व्यवस्थापन र समुदायमा आधारित सकृय वन व्यवस्थापन कार्यक्रम लागु भएका छन्। वन तथा जलाधार क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन गर्दै समृद्धि उन्मुख नीति र कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेको अवस्था छ।

## ४. चुनौतिहरु

४.१ राष्ट्रिय समस्याकै रुपमा रहेको वन अतिक्रमण, चोरी कटान, चोरी शिकार, अव्यवस्थित बसोबास, बाढी, पहिरो, भू-क्षय र वन क्षेत्रको क्षयिकरण जस्ता समस्याबाट यो प्रदेश अछुतो छैन। तराई भागमा काठ दाउराको चोरी कटान र वन क्षेत्र अतिक्रमण मध्यपहाडी भेगमा वन डढेलो, खोरिया फँडानी, ढुङ्गा, गिट्टी, बालुवाको अव्यवस्थित उपयोग, उच्च पहाडी तथा हिमाली भेगमा वनस्रोतको उचित व्यवस्थापन र जडिबुटीको वैज्ञानिक संकलन गर्न ठूलो चुनौति छ।

४.२ गण्डकी प्रदेश नदिनाला, ताल, हिमताल र वन क्षेत्रमा धनी भएता पनि वनको दिगोएवं वैज्ञानिक व्यवस्थापनमा यथेष्ट ध्यान पुग्न नसकेका कारण अतिक्रमण र भू-क्षयको चपेटामा परेको छ। काष्ठजन्य

पैदावारको उत्पादनको अभाव छ । पोखरा लगायत प्रमुख शहरहरुमा आयातित काठ र फलाम तथा आल्मोनियमको प्रयोग बढ्दै गएको छ । काष्ठजन्य पैदावारको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्नु चुनौतिपूर्ण छ ।

४.३ विज्ञान र प्रविधिको न्यून प्रयोग भएका कारण वनको हैसियत र पैदावारको गुणस्तरमा सुधार आउन सकिरहेको छैन । निमार्णमुखी काठ दाउराको उपचार गरी टिकाउ बनाउन र टिकाउ हुने गरी काठको प्रयोग गर्ने प्रविधिको प्रयोग गरी काठजन्य उद्योग प्रवर्द्धन गर्नु पनि चुनौतिपूर्ण छ ।

४.४ वनको प्रकार, अवस्था, व्यवस्थापनको उद्देश्य र व्यवसायिकरणको सम्भाव्यताका आधारमा वन सुहाउँदो दिगोएवं वैज्ञानिक वन व्यवस्थापकीय पद्धतिको पहिचान, विकास र प्रयोगको अभावमा काष्ठ, गैरकाष्ठ वन पैदावारको उत्पादन वृद्धि, जलाधारको एकिकृत संरक्षण तथा वातावरणीय सेवा र सोबाट प्राप्त हुने लाभको वृद्धि गर्न सकिएको छैन । वन प्राविधिक तथा सरोकारवाला एवं व्यवस्थापनमा सहभागी हुने समुदायहरुको प्राविधिक र व्यवसायिक क्षमता तथा दक्षता वृद्धि गर्न चुनौतिपूर्ण छ ।

४.५ विभिन्न बहानामा व्यक्ति विशेषले वा संघसंस्था वा विकास आयेजनाहरुबाट विगतदेखि हुँदै आएको वन अतिक्रमण, वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग गर्ने प्रवृतिलाई निरुत्साहित गरी अतिक्रमित वन क्षेत्रलाई पुनः प्राप्त गरी वनको पुनरुत्पादन गर्ने कार्य चूनौतीपूर्ण छ । साथै चितुवा, बाँदर, हात्ती, दुम्सी, जस्ता वन्य जन्तुबाट सृजना हुने मानव-वन्यजन्तु दन्द्ध र चोरी शिकार नियन्त्रण गर्ने कार्य जोखिमयुक्त छ ।

४.६ वन पैदावार (विशेष गरी काठ, दाउरा, खोटो, जडिबुटी र निजी आवादीको काठ दाउरा) को संकलन ओसार-पसार र बिक्रीबितरणलाई सरल र पारदर्शी बनाई वन पैदावारको मूल्य स्थिर राख्न र सुशासन प्रबर्धन गर्न चुनौतिपूर्ण छ ।

४.७ प्रदेश भित्रका नदीनाला, सार्वजनिक जग्गा, भिर, पाखाबाट अनियन्त्रित र अव्यवस्थित उपयोग हुँदै आएको ढुङ्गा, गिट्टि, बालुवा, माटो जस्ता वन र नदीजन्य प्राकृतिक सम्पदाको व्यवस्थापन र नियमन गर्ने कार्य एवं ग्रामिण विकासका नाँउमा जथाभाबी विना योजना, मापदण्ड र वातावरणीय अध्ययन बिना डोजर लगाई गरीने भू-स्लखनको रोकथाम अर्को चुनौति रहेको छ ।

४.८ प्रदेशको विकासको महत्वकांक्षा, भौगौलिक संबेदनशीलता एवं वातावरणीय जोखिमकाबीच महत्वपूर्ण जलाधार, सिमसार र वन क्षेत्रको संरक्षण गर्दै विपद् जोखिम न्यूनिकरण गरी दिगोविकास र समृद्धिका लक्ष्य हाँसिल गर्न चुनौतिपूर्ण छ ।

**५. अवसरहरु**

५.१ दिगो एवं वैज्ञानीक व्यवस्थापनका माध्यमले प्राप्त हुने काठजन्य वन पैदावारको उत्पादन, उपचार, प्रशोधन, उत्पादन विविधिकरण र बजारीकरण गर्दै वन उद्यमको विकास, रोजगारी प्रवर्द्धन र आर्थिक वृद्धि गर्ने प्रचुर सम्भावना छ । त्यसै गरी गण्डकी प्रदेशका महत्वपूर्ण जडिबुटी र गैरकाष्ठ वन पैदावारको खती प्रवर्द्धन गरी प्रशोधन र बजारीकरण गर्दै स्थानीय तहमा रोगजारी, आय आर्जन गर्दै प्रदेशको सम्वृद्धिमा योगदान गर्न सकिने अवसर छ ।

५.२ पर्यटकीय प्रदेश भएकोले संघ र स्थानीय तहको समन्वयमा संरक्षण क्षेत्र, संरक्षित वन, चिडियाखाना, जैविक विविधता उद्यान, जलाधार, सिमसार, ताल तलैया र भू-दृष्ययुक्त क्षेत्रको संरक्षण व्यवस्थापन गर्दै प्याराग्लाइडिङ्ग, होमस्टे, पदयात्रा, दृष्यावलोकन जस्ता प्राकृतिक, सांस्कृतिक, जैविक पर्यटन व्यवसाय प्रवर्द्धनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा टेवा पुग्नेछ ।

५.३ सिँचाई तथा कृषि मजदूरको अभावमा बाँझो हुँदै गएका पहाडी जिल्लाका खेतबारीमा तथा सामुदायिक र कवुलियती वन क्षेत्रमा जडिबुटी खेती, पशुपालन, अलैंच, फलफूल उत्पादन जस्ता कृषि-वनबाली (Agroforestry) विकासका सम्भावना छन् भने नदी एवं तालतलैया र सिमसार क्षेत्र को बुद्धिमत्तापूर्ण उपयोग र पर्यटन प्रवर्द्धन गरी जिविकोपार्जनमा टेवा पुऱ्याउन सकिन्छ ।

५.४ गण्डकी प्रदेश जलस्रोतको भण्डार र जलविद्युत विकासको प्रचुर सम्भावनाको क्षेत्र भएकोले जल स्रोतको उपयोग गर्ने जलविद्युत, सिंचाई, पर्यटन, माछापालन आदि उद्योगबाट वातावरणीय सेवा बापत शुल्क लिइ प्रदेशको जलाधार र वन क्षेत्रहरुको व्यवस्थापनमा खर्च गर्न सकिने छ ।

५.५ यो प्रदेश वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार, र जलवायु परिवर्तन सम्बन्धी अध्ययन, अनुसन्धान र आविष्कारको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको खुला विश्वविद्यालयको रुपमा विकास गर्न सकिने सम्भावनायुक्त प्रदेशको रुपमा रहेको छ ।

५.६ यो प्रदेशमा सम्वेदनशील जलाधार क्षेत्र, शहरी खानेपानीका जलाधार, शहरी वन, समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन, कार्बन व्यापार, पर्यावरणीय सेवाको भुक्तानी जस्ता कार्यक्रम सञ्चालनको सम्भावना छ ।

**६ नयाँ नीतिको आवश्यकता**

६.१) नेपालको संविधानले व्यवस्था गरे बमोजिम प्रदेशको अधिकार सूची तथा प्रदेश सरकारको कार्यविभाजन नियमावली २०७४ बमोजिमका कार्यजिम्मेवारी पूरा गर्न प्रदेश सरकारले नयाँ वन तथा जलाधार नीति तयार गर्न आवश्यक भएको छ ।

६.२) गण्डकी प्रदेशको सम्वृद्धिमा वन तथा जलाधार क्षेत्रले महत्वपूर्ण योगदान दिन सक्ने हुँदा यस क्षेत्रको दिगोव्यवस्थापनबाट प्राप्त हुने उत्पादन र वातावरणीय सेवाको बुद्धिमत्तापूर्ण उपयोग र प्राप्त लाभको न्यायोचित वितरणको माध्यमवाट स्थानीय तहमा वन पैदावारको आपूर्ति, रोजगारी सृजना र आय वृद्धि गर्दै प्रदेशको दिगोविकास र वातावरणबीच सन्तुलन कायम राख्न यो वन तथा जलाधार नीति २०७५ तर्जुमा गरीएको छ ।

**७ नीति निर्माणका आधारहरु**

यो नीति तर्जुमा गर्दा नेपालको संविधान र यसका अनुसूचीहरुमा भएको व्यवस्था, प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ लाई मुख्य आधार मानिएको छ भने विगतमा वन तथा जलाधार संरक्षणका क्षेत्रमा अवलम्वन गरीएका नीतिगत प्रयास, असल अभ्यास र सिकाईको अध्ययन र विश्लेषण गरी सान्दर्भिक विषयलाई समेटिएको छ । त्यसैगरी प्रदेशस्तरमा सरोकारवालाहरुसँग गरीएको अन्तरक्रिया र वन क्षेत्रका विज्ञ, विशेषज्ञहरुबाट प्राप्त राय परामर्श समेतलाई समावेश गरीएको छ ।

## ८. नीतिको नाम र प्रारम्भ

८.१ यो नीतिको नाम गण्डकी प्रदेश वन तथा जलाधार नीति, २०७५ रहने छ ।

८.२ यो नीति प्रदेशको वन तथा जलाधार क्षेत्रको मूल नीतिको रुपमा रहने छ । यो नीतिले गण्डकी प्रदेशको वन, वनस्पती वन्यजन्तु, जैविक विविधता, जलाधार लगायत वन स्रोतसँग सम्बन्धित विषय समेट्ने छ ।

८.३ यो नीति गण्डकी प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि लागूहुनेछ ।

## ९. दूरदृष्टी (Vision)

यो नीतिको दूरदृष्टि दिगोएवं व्यवस्थित वन र जलाधार सहितको समृद्ध गण्डकी प्रदेश रहने छ ।

## १०. लक्ष्य (Goals)

वन, वनस्पती, वन्यजन्तु, जैविक विविधता र जलाधारजन्य स्रोतको दिगो संरक्षण, व्यवस्थापन र सदुपयोग गर्दै वन पैदावारको उत्पादनमा वृद्धि, सहज आपूर्ति र वातावरणीय सेवाको प्रवाह सुनिश्चित गर्दै प्रदेशको समृद्धि र दिगोविकास गर्ने प्रमुख लक्ष्य रहेको छ । यस सम्बन्धमा प्रदेशले थप निम्न लक्ष्य राखेको छ ।

१०.१ प्रदेशको मौजुदा वन क्षेत्रलाई कायमै राखी उत्पादन र उत्पादकत्व बढाउँदै लौजाने ।

१०.२ वन क्षेत्रको प्रादेशिक गुरुयोजना बि.सं. २०७७ भित्रमा तयार गरी लागु गर्ने ।

१०.३ वन पैदावारको संकलन र बिक्रीबितरण गर्ने प्रादेशिक तहमा आपूर्ति समिति स्थापना गरी सञ्चालन गर्ने ।

१०.४ सम्वेदनशील एवं प्रदेश र राष्ट्रिय महत्वका वन तथा जलाधार क्षेत्रको पहिचान गरी सहभागितामूलक संरक्षण र दिगोव्यवस्थापनको दायरामा ल्याउने ।

१०.५ सम्भाव्यता हेरी वन तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन, जडिबुटी लगायत काष्ठ र गैरकाष्ठ वन उद्यमको प्रवर्द्धनबाट रोजगारी सृजना गर्ने ।

## ११. नीतिको प्रमुख उद्देश्यहरु :

यो नीतिका उद्देश्यहरु देहाय वमोजिम रहेका छन,

१. गण्डकी प्रदेशमा रहेका वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार, सिमसार एवं चरन क्षेत्र लगायतका स्रोतको संरक्षण एवं दिगोव्यवस्थापन गर्ने ।

२. वन तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन गर्दै वन पैदावारको उत्पादन र वन क्षेत्रको उत्पादकत्व बढाई प्रदेशलाई काठ दाउरामा आत्मनिर्भर बनाउने, वातावरणीय सेवाको प्रवाह सुनिश्चित गर्ने र त्यस्ता पैदावार र सेवाको सहज आपूर्ति र समन्यायिक वितरणको व्यवस्था मिलाउने ।

३. प्रदेशभित्र हुने भौतिक विकास निर्माणका कार्यलाई जलवायु र वातावरणमैत्री बनाई पर्यावरणीय सन्तुलन कायम राख्ने ।

४. सम्भाव्यताका आधारमा वन तथा जलाधार स्रोतको व्यवसायीकरण गरी जडिबुटी खेती प्रवर्द्धन, प्रशोधन र बजारीकरण काठ तथा अन्य गैरकाष्ठ वन पैदावारमा आधारित वन उद्यम प्रवर्द्धन जैविक विविधताको सदुपयोग र व्यवसायीकरण; कृषि वनको प्रवर्द्धन गर्दै प्रदेशमा रोजगारी सृजना आर्थिक र सामाजिक विकासमा टेवा पुर्‍याउने ।

५. वन तथा जलाधार स्रोतको संरक्षण, व्यवस्थापन र सदुपयोगमा समुदायहरुको सहभागिता सुदृढ गर्दै त्यस्तो श्रोत व्यवस्थापनमा नविन पद्धतिको अनुशरण र विकास गर्दै सुशासन प्रवर्द्धन गर्दै लाने ।

६. वन तथा जलाधार क्षेत्रलाई प्रदेशको सम्मृद्धिको आधार वनाउन आवश्यक नीतिगत, कानूनी र संस्थागत सुधार गर्दै क्षमता अभिवृद्धि र स्रोत साधन सम्पन्न तुल्याउने ।

**१२. नीतिहरु**

**क) वन संरक्षण र व्यवस्थापन**

१२.१ प्रदेश भित्रको मौजुदा वन क्षेत्र कायम राख्दै राष्ट्रिय वन, चरनक्षेत्र र जैविक विविधताको दिगो एवं वैज्ञानिक व्यवस्थापन गरी रोजगारी सृजना र आय आर्जन बढाउने । प्रदेशको वन क्षेत्रको भू-स्वामित्व निर्धारण र अद्यावधिक गर्ने गराउने ।

१२.२ प्रदेशको चुरे, तराई, भित्री-मधेस तथा भावर क्षेत्रको वन, भू-तथा जलाधार एवं वातावरणीय संरक्षणमा विशेष जोड दिने । प्रदेशको पहिचान बोकेका पारिस्थितिकीय प्रणाली, सुनाखरी, लालिगुराँस, जडिबुटी क्षेत्र, वन्यजन्तु र तिनका बासस्थान, प्रदेश भित्र पानीका मुहान, ताल, कुण्ड, पोखरी, सिमसार, चराचुरुङ्गी, रैथाने प्राणी, वनस्पती, सुक्ष्म जिवाणुको संरक्षण गरी व्यवस्थापनको दायरामा ल्याउने ।

१२.३ सार्वजनिक क्षेत्रका वर-पिपलका चौतारा, समी, जामुन, रुद्राक्ष, श्रीखण्ड, बेललगायतका धार्मिक सांस्कृतिक महत्वका रुख विरुवाको संरक्षण र विकास गर्न प्रोत्साहन गर्ने ।

१२.४ प्रदेशको वन अतिक्रमणलाई नियन्त्रण र व्यवस्थापन गरी वन क्षेत्रको पुनरुत्थान गरी संरक्षण गर्ने ।

१२.५ संघ र स्थानीय तहको समन्वयमा सिमसार, ताल तलैयाहरुको एकीकृत र दिगोव्यवस्थापन तथा बहुउपयोग गर्ने । फेवा, रुपा, वेगनास जस्ता महत्वपुर्ण तालहरुको अतिक्रमण हटाई, सिल्टेसन (Siltation) घटाई संरक्षण र व्यवस्थापन गर्दै जाने । प्रदेशस्थित हिमताल, नदीनाला, तालतलैयाहरुको संरक्षण र बहुउपयोगका लागि आवश्यक निकाय बनाई कार्यान्वयन र नियमन गर्ने ।

१२.६ वन क्षेत्रको भूगोल, व्यवस्थापनको उद्देश्य र सम्भाव्यता हेरी प्रदेशको वन क्षेत्रलाई उत्पादनमुखी वन, संरक्षणमुखी वन, संरक्षित क्षेत्र, जडिबुटी क्षेत्र, जलाधार क्षेत्र, सिमसार क्षेत्र, भू-संवेदनशिल चुरे क्षेत्र आदिमा वर्गिकरण गरी गुरुयोजना तयार गरी उपयुक्त वन व्यवस्थापन पद्धतिको पहिचान गरी व्यवस्थापन गर्दै जाने।

१२.७ प्रदेश अन्तर्गतका राष्ट्रिय वन, संरक्षित वन सामुदायिक वन, कबुलियति वन, धार्मिक वन, चक्ला वन, साझेदारी वन र संरक्षित क्षेत्रको दिगोएवं वैज्ञानिक व्यवस्थापन गर्ने, गराउने ।

१२.८ मानव वन्य-जन्तु द्वन्द्ध न्युनीकरण गर्ने उपायहरुको अवलम्वन गर्दै क्षतिपूर्ति एवं राहतको व्यवस्था गर्ने ।

१२.९ नेपालको जैविक विविधता रणनीति र कार्यान्वयन योजना, वातावरण नीति, सिमसार नीति लगायत वातावरणीय नीतिहरुको कार्यान्वयनमा सहजिकरण गर्ने । स्थानीय तहमा जैविक विविधता र परम्परागत ज्ञानको अभिलेखिकरण, संग्रह एवं जैविक तथा आनुवांशिक स्रोत उपरको बौद्धिक सम्पत्तिको सुरक्षा गर्ने, गराउने । प्रदेश भित्र वन, वनस्पति, जैविक विविधता सम्वन्धी प्रादेशिक संग्रहालय, सामुदायिक बीउ भण्डार, जिन बैंक, प्राणीउद्यान, वन्यजन्तु उद्धार केन्द्र, स्थापना र सञ्चालन गर्ने, गराउने ।

१२.१० वन तथा वन्यजन्तुको बासस्थानलाई डढेलो बाह्य मिचाहा प्रजाति, रोगकीरा र वन फँडानीबाट जोगाउँदै वन्यजन्तुको चोरी शिकार एवं गैरकानुनी व्यापारलाई नियन्त्रण र नियमन गर्ने ।

१२.११ स्थानीय स्तरमा पाइने वनस्पति र वन्यजन्तु लगायतका जैविक विविधताको पहिचान र वैज्ञानिक अभिलेखिकरण गर्ने । प्रदेशभित्र बाह्य प्रजातीको प्रवेश, खेती विस्तार तथा उपयोगको कडाइका साथ नियमन गर्ने ।

१२.१२ पर्यापर्यटन तथा संरक्षणमा जोड दिने गरी राष्ट्रिय वन (सामुदायिक वन, कबुलियति वन) को कुनै क्षेत्र तोकिएको मापदण्ड र कार्यविधिको आधारमा व्यवस्थापन गर्न जोड दिने ।

**ख) उत्पादन र वितरण**

१२.१३ वन तथा जलाधार क्षेत्रको दिगोव्यवस्थापन गर्दै वन पैदावारको उत्पादन बढाउने, वातावरणीय सेवाको प्रवाहलाई व्यवस्थित गर्ने र प्रदेशमा त्यस्ता पैदावार र सेवाको सहज आपूर्ति र समन्यायिक वितरणको व्यवस्था मिलाउने ।

१२.१४ प्रदेश अन्तर्गतका उत्पादनमूलक वनहरुको दिगोएवं वैज्ञानिक व्यवस्थापन गरी वन पैदावारको उत्पादन वृद्धि गर्ने ।

१२.१५ वन पैदावारको उत्पादन बढाउन निजी वन, कृषि वन, शहरी वन, औद्योगिक वनको विकास र विस्तार गर्दै नदी उकास जग्गा तथा सडक, नहर, रेल्वे किनारामा वृक्षारोपण गरी हुर्काउन प्रोत्साहन गर्ने । त्यस्ता वनको विकास र विस्तारका लागि प्राविधिक सहयोग र विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

१२.१६ वन पैदावारको उत्पादन र गुणस्तर वृद्धि गर्न वन सम्वर्द्धन पद्धतिको विकास, प्राकृतिक र वृक्षारोपण वनको व्यवस्थापन, वन बीउ स्रोत केन्द्र स्थापना र व्यवस्थापन; गुणस्तरीय विरुवा उत्पादन र वितरण, आर्थिक महत्वका रुख विरुवाको प्रवर्द्धन जस्ता विषयको अनुसन्धान तथा प्रविधि विकासमा जोड दिने ।

१२.१७ वन पैदावारको मूल्य अभिवृद्धि सम्वन्धी कार्य गर्न नीजि क्षेत्रको भूमिका प्रष्ट गरी निजी क्षेत्रवाट हुने लगानी बढाउन उपयुक्त वातावरणको सृजना गर्ने ।

१२.१८ प्रदेशमा काठ दाउरा संकलन, उत्पादनको विविधिकरण र बिक्रीवितरण कार्यलाई दिगो, पारदर्शी एवं विश्वसनीय बनाई एकद्वार पद्धतिबाट सर्वसाधारण र विकास निर्माणका लागि सरल र सहज रुपमा वन पैदावार उपलब्ध गराउन प्रदेश वन पैदावार आपूर्ति समितिको स्थापना एवं सञ्चालन गरी वन पैदावारको वितरणलाई व्यवस्थित गर्दै जाने ।

१२.१९ निर्माण योग्य प्रजातिका काठको गुणस्तर र आयू बढाउन सिजनिङ (Seasoning) र उपचार (Treatment) गरी बिक्रि गर्ने व्यवस्था मिलाउने साथै बजार मूल्यमा स्थिरता ल्याउन काठ दाउराको अधिकतम बिक्रि मूल्य तोक्ने । खेर गइरहेका विभिन्न काष्ठ एवं गैरकाष्ठ वन पैदावारको आधुनिक प्रविधिको प्रयोग गरी व्यवसायिक एवं गुणस्तरीय वस्तुको उत्पादनमा जोड दिने ।

१२.२० वन संरक्षण, व्यवस्थापन, सदुपयोग र व्यवसायिकरणका लागि सरोकारवाला र सर्वसाधारणका लागि आवश्यक वनस्रोत सूचना प्रणालीको विकास गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

१२.२१ काठ दाउराको कटान, संकलन, ओसारपसार र बिक्री वितरणलाई प्रविधियुक्त र व्यवसायिक बनाई पारदर्शी

तुल्याउन सरोकारवालाहरु समेतको समन्वयमा सरल कार्यविधी बनाई लागु गर्ने। काठ दाउरा वा अन्य वन पैदावारको उचित भण्डारण र सुरक्षाको व्यवस्था गरी सड्न गल्न वा गुणस्तर ऱ्हास हुनबाट बचाउने।

**ग) वातावरणीय सन्तुलन**

१२.२२ शुद्ध पिउने पानी, वातावरणीय सेवाको प्रवाह र जलीय स्वच्छताको सुनिश्चितता गर्न एवं भू-क्षय न्यूनीकरण गरी कृषि उत्पादन बढाउनका लागि प्रदेशका महत्वपूर्ण र संवेदनशील जलाधार क्षेत्रको पहिचान गरी एकीकृत व्यवस्थापन गर्दै जाने। प्रदेशस्थित पानीका स्रोतहरु र जलाधारको संरक्षण र व्यवस्थापन गरी शुद्ध पिउने पानी; कृषि, सिँचाई, जलविद्युतका लागि आवश्यक पानी निरन्तर उपलब्ध गराउनमा टेवा पुऱ्याउने।

१२.२३ प्रदेश भित्रको भू-स्खलनको परिमाणलाई न्यूनीकरण गरी भू-उत्पादकत्व अभिवृद्धिका साथै विकासका पूर्वाधारहरुको संरक्षण गर्न टेवा पुऱ्याउने।

१२.२४ चुरे भावर लगायत भौगोलिक दृष्टिकोणले संवेदनशील क्षेत्रहरुमा माटो, पानी, वन, कृषि स्रोतहरुको दिगोसंरक्षण हुने गरी एकीकृत र समन्वयात्मक विकास गर्ने। संरक्षण खेती, पानी सञ्चितिकरण, कम खर्चिलो भू-संरक्षण प्रविधि, वायोईन्जीनियरीङ जस्ता प्रविधिको विकास र विस्तार गर्ने।

१२.२५ प्राकृतिक श्रोतहरुको अत्याधिक दोहनको न्यूनीकरण गरी वातावरण संरक्षण गर्न ढुङ्गा, गिटी, बालुवा जस्ता नदीजन्य पदार्थहरुको उत्पादन र प्रयोगको मापदण्ड बनाई नियमन गर्ने। साथै सम्भाव्यता हेरी नदी तथा खोलाजन्य उत्खनन् र संकलनलाई क्रमशः खानिजन्य व्यवसायमा रुपान्तरण गदै लाने।

१२.२६ भौतिक पुर्वाधार निमार्ण गर्नु पूर्व सामाजिक, वातावरणीय अध्ययन गरी भू-क्षय र siltation नहुने सुनिश्चितता गरी जलवायु र वातावरणमैत्री पद्धतिको अवलम्वन गर्ने। वनक्षेत्र तथा महत्वपूर्ण जलाधार क्षेत्र, सिमसार, संरक्षित क्षेत्र भएर जाने सडक, नहर, जलविद्युत लगायतका सबै भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणीय अध्ययनलाई अनिवार्य गर्ने। योजना र वातावरणीय अध्ययन नगरी डोजर लगाई भू-क्षय, पहिरो जाने गरी खनजोत गर्न नपाईने व्यवस्था गर्ने।

१२.२७ जलाधार संरक्षणमा तल्लो तटीय र उपल्लो तटीय क्षेत्रको सेवाग्राहीको अन्तरसम्वन्ध कायम राख्दै बेसिन अवधारणाको नमूना कार्यक्रम सञ्चालनमा ल्याउने। पारिस्थितिकीय सेवाको भूक्तानी (PES) सम्बन्धी प्रणालीको विकास गरी त्यस्तो सेवा प्राप्त गरे बापत लाग्ने शुल्कको निश्चित अंश स्रोत संरक्षण र व्यवस्थापनमा अनिवार्य खर्च गर्ने व्यवस्था मिलाउने।

१२.२८ जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्ने उपायको अवलम्वन गर्दै पारीस्थितिकीय प्रणाली र समुदायको समानुकुलन क्षमता (Resiliency) बढाउँदै विपद् जोखिम न्यूनीकरण गर्ने। बाढी, पहिरो, डुबान, नदी कटान, डढेलो जस्ता प्राकृतिक प्रकोप न्यूनीकरण गरी जनधनको सुरक्षामा जोड दिने।

१२.२९ वन क्षेत्रबाट उत्सर्जन हुने कार्बनको मात्रा घटाउन वन डढेलो, वन फँडानी, क्षयीकरण नियन्त्रणका उपायहरु अवलम्वन गर्दै कार्बन सञ्चिति बढाउन दिगो व्यवस्थापन गर्ने। कार्बन व्यापार प्रवर्द्धन गर्न राष्ट्रिय रेड रणनीतिको कार्यान्वयनमा संघसँग सहकार्य गर्ने।

**घ) वन पैदावार र सेवाको व्यवसायिकरण**

१२.३० वनक्षेत्रलाई उत्पादनमुलक बनाई सम्वृद्धि हासिल गर्न वन पैदावारमा आधारित प्लाइउड, फर्निचर, बोर्ड, झ्याल, ढोका तयार गर्ने जस्ता काष्ठ उद्योग एवं खोटो, अलैंची, जडिबुटी प्रशोधन जस्ता गैर काष्ठ उद्योग वा आन्तरिक खपत बढाउने, आयात प्रतिस्थापन वा निर्यात प्रवर्द्धन गर्ने उद्योग प्रवर्द्धन गर्न उद्यममैत्री कानुन, मापदण्ड, कार्यविधि तयार गरी कार्यान्वयन र नियमन गर्ने ।

१२.३१ प्रदेश भित्रका उच्च मूल्यका रुखविरुवा, जडिबुटीको पहिचान, खेती प्रविधि विकास, विस्तार, प्रशोधन र बजारीकरण गरी रोजगारी सिर्जना गर्ने । वन क्षेत्रबाट संकलन गरीने जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरुको दिगोएवं सरल संकलन, भण्डारण तथा प्रारम्भिक प्रशोधन विधि तयार गरी सरोकारवालाको सीप विकास, प्रशिक्षण गर्ने, गराउने । सो कार्यको अनुगमनको व्यवस्था अनिवार्य गर्ने ।

१२.३२ प्रदेशभित्र उपलब्ध हुने जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको आर्थिक महत्वका आधारमा प्रदेशभित्र कम्तिमा एक तहको प्रशोधन गरेर मूल्य श्रृंखला अभिवृद्धि गरेर निकासी हुने व्यवस्था मिलाउने ।

१२.३३ संघको समन्वयमा वन्यजन्तुहरुको पालन, प्रजनन र व्यवसायीकरण गर्न प्रोत्साहन गर्ने ।

१२.३४ खेतीयोग्य बाँझो खेतवारी तथा सामुदायिक वा कबुलियती वनमा आयमुलक कृषि वनबाली प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने । व्यवस्थित वनबाट उपलब्ध हुने वा व्यवसायिक उत्पादन गर्ने तामा, टुसा, कुरिलो, न्युरो, काफल, कटुस, ओखर, तरुलजस्ता वनजन्य तरकारी, फलफूल, कन्दमुलहरुको पहिचान, अनुसन्धान, प्रवर्द्धन र व्यवसायिकरण गर्न प्रोत्साहन गर्ने ।

१२.३५ संघको समन्वयमा कृषिवन, जडिबुटी खेती, पर्यापर्यटन वा व्यवसायिक वन पैदावार उत्पादन गर्न चाहने संघ, सस्था, समूह वा व्यवसायीलाई निश्चित मापदण्ड बनाई पारदर्शी र प्रतिस्पर्धात्मक प्रकृया अवलम्वन गरी निश्चित अवधिका लागि कबुलियत गरी हैसियत बिग्रेको अतिक्रमित वा नाङ्गो वन क्षेत्रको जग्गा उपलब्ध गराउन सकिने व्यवस्था मिलाउने ।

१२.३६ प्रचलित संघिय कानूनले प्रतिवन्ध लागे बाहेकका वनस्पतीको खेती र वन्यजन्तुको व्यवसायिक पालन गर्ने नीति लिईनेछ । उच्च मूल्यका जडिबुटी तथा लप्सी, रुद्राक्ष, बोधिचित्त, अगरउड, तेजपात, बेतवाँस जस्ता मूल्यवान् रुख बिरुवाको खेती, वन पैदावारमा आधारित उद्यम स्थापना एवं अलैंची, कफी, फलफूल जस्ता कृषिवन बालीको उत्पादन, प्रशोधन र बजारीकरण गर्ने व्यवस्था मिलाउने ।

१२.३७ वन कार्बन व्यापारलाई प्रोत्साहन गर्न राष्ट्रिय रेड रणनीति (RED strategy) अनुरुप फरेष्ट्री कार्यक्रम सञ्चालन गर्न सहजिकरण गरीनेछ ।

**ङ) समन्वय, सुशासन र क्षमता अभिवृद्धि**

१२.३८ प्रदेशको वन तथा जलाधार व्यवस्थापन र व्यवसायिकरणका लागि प्रदेशका प्रमुख पारिस्थितिकीय प्रणाली, वन, वनस्पति, जडिबुटीका क्षेत्रमा विशेषज्ञता सहितको प्राविधिक जनशक्ति विकास र उपयोग गर्न योजना बनाई लागु गर्ने ।

१२.३९ संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गरी राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न सक्रिय रहने एवं अन्तर प्रदेश वन, जलाधार संरक्षण र व्यवस्थापनमा समन्वय गर्ने ।

१२.४० प्रदेशभित्र हुने भौतिक विकास निर्माणका कार्यबाट जलवायु र वातावरणलाई जोगाई विकास र वातावरणवीच सन्तुलन कायम राख्न आवश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्न अन्तर क्षेत्र तथा निकाय समन्वयका लागि उपयुक्त संरचनाको विकास र उपयोग गर्ने ।

१२.४१ वन तथा जलाधार क्षेत्रको संरक्षण र विकासका लागि जनचेतना अभिवृद्धि, क्षमता विकास, अनुसन्धान, सूचना र सेवा प्रवाहलाई प्रभावकारी, भरपर्दो र विश्वसनीय तुल्याउने ।

१२.४२ समुदायमा आधारित सबै खाले वनको दिगो र वैज्ञानिक व्यवस्थापन गर्न समुदायको सबलीकरण, सशक्तिकरण, संगठनात्मक सुदृढीकरण, क्षमता अभिवृद्धि र लाभको समन्यायिक वितरण गर्ने पद्धतिको विकास गर्दै लाने ।

१२.४३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र, केन्द्रीय वन अनुसन्धान तथा प्रचारप्रसार केन्द्र, प्राज्ञिक एवं शैक्षिक संघ संस्थाहरुको सहकार्यमा वन अनुसन्धान, प्रविधि विकास र हस्तान्तरण, प्राविधिकहरुको दक्षता अभिवृद्धि र सरोकारवालाहरुको सीप विकास गर्दै लाने ।

१२.४४ वन क्षेत्रलाई सुशासनयुक्त, समावेशी, सवल र व्यवसायिक बनाउँदै लाने । वन तथा जलाधार कार्यक्रम सञ्चालन गर्दा महिला, अपाङ्ग, विपन्न तथा वनस्रोत सम्पदामा आश्रित समुदाय र परिवारहरुको हितलाई प्राथमिकता दिने ।

१२.४५ वनको दिगो व्यवस्थापन, जलाधारको एकिकृत व्यवस्थापन र सुशासन प्रवर्द्धन गर्न समुदाय, वन प्राविधिक, उद्यमी, व्यवसायी, वन निगम र जडिबुटी विकास र बजारीकरण संयन्त्र लगायतका निकायहरुको सबलीकरण, क्षमता अभिवृद्धि, संगठनात्मक सुदृढीकरण गर्दै, वन क्षेत्रलाई पारदर्शी समावेशी, प्रतिस्पर्धात्मक र सुशासन युक्त बनाउदै लाने ।

**१३. कार्यनीति**

१३.१ प्रदेशभित्रका समुदायमा आधारित वनस्रोत सम्पदा, जैविक विविधता, सिमसार, चरनक्षेत्र र जलाधारको संरक्षण र व्यवस्थापनलाई निरन्तरता दिने ।

१३.२ वनक्षेत्र, जलाधारक्षेत्र, सिमसार र जैविक विविधता क्षेत्रको वर्गिकरण र प्राथमिकिकरण गरी कार्ययोजना बनाई दिगो व्यवस्थापनको दायरामा ल्याउने ।

१३.३ प्रदेशभित्रको वन पैदावारको उत्पादनले स्थानीय र प्रदेशको मागलाई प्राथमिकताका साथ पूर्ति गरी बढी हुने वन पैदावार अन्य प्रदेशमा बिक्रिवितरण गर्ने ।

१३.४ प्रदेशभित्रका वन डिभिजन, सब डिभिजन र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुलाई वन तथा जलाधारको दीगो एवं वैज्ञानिक व्यवस्थापन, सदुपयोग, उत्पादन विविधिकरण र व्यवसायीकरण सम्बन्धी कार्यमा केन्द्रिकृत गर्ने ।

१३.५ वन सुरक्षा निकायलाई स्रोत, साधन तथा प्रविधि सम्पन्न तुल्याई परिचालन गर्ने ।

१३.६ वन पैदावारको संकलन, बिक्री वितरण एकद्वार प्रणाली मार्फत गर्न प्रदेश आपूर्ति समिति स्थापना गरी सञ्चालनमा ल्याउने ।

१३.८ राष्ट्रिय वन, सामुदायिक वन, साझेदारी वन, चक्ला वन, कबुलियती वन पैदावार सरल र सुलभ मूल्यमा उपलब्ध गराउन संकलन र बिक्री वितरण कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।

१३.९ शहरी वन, निजी वन, कृषि वन, सडक, नहर खोला किनारामा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्दै वन पैदावारको उत्पादन र वातावरणीय सुधार गर्ने । यस्ता क्रियाकलापमा उत्प्रेरणा जगाउन कार्यविधि बनाई अनुदान, सुलभ ऋृण, बाली विमा, प्रविधि हस्तान्तरणको व्यवस्था मिलाउने ।

१३.१० प्रदेशमा मानव वन्यजन्तु दन्द्ध व्यवस्थापन गर्न दन्द्ध न्यूनीकरणका वैकल्पिक उपायको खोजी र अवलम्वन गर्ने । वन्यजन्तुले पुऱ्याउने जनधनको क्षति वापत कार्यविधि बनाई राहत उपलब्ध गराउने ।

१३.११ प्रदेशभित्रका संवेदनशील जलाधार, पानीका स्रोत र सिमसार, तालतलैयाको पहिचान, प्राथमिकीकरण र दिगो व्यवस्थापन गर्ने । सुक्खा क्षेत्रमा पानीका श्रोतहरुको समुचित व्यवस्थापन गरी उपयोग गर्न एक गाँउ, एक पोखरीको योजना बनाई कार्यान्वयन गर्ने ।

१३.१२ अतिक्रमित वनक्षेत्र खाली गराई पुनः वन कायम गर्ने ।

१३.१३ शहरीक्षेत्रमा उद्यान निर्माण तथा सडक, नदी, नहर, रेल्वे किनारामा वृक्षारोपण गरी हुर्काउने ।

१३.१४ संघीय सरकारले घोषणा गरेको वन दशकको कार्यक्रमलाई निरन्तरता दिने ।

१३.१५ संभाव्यता हेरी संरक्षित वन, संरक्षण क्षेत्र तथा संकटापन्न, दुर्लभ वनस्पति र वन्यजन्तुको संरक्षण योजना वनाई कार्यान्वयन गर्ने ।

१३.१६ स्थानीय तहहरुले भौतिक निर्माण सुधार गर्दा बिना योजना र वातावरणीय अध्ययन कुनै पनि क्षेत्रमा डोजर प्रयोग गरी खनजोत गर्न नपाईने व्यवस्था मिलाउने ।

१३.१७ काठ, पोल, फर्निचर, झ्याल, ढोका, प्यानल वोर्ड जस्ता निर्माण सामग्रीको तयारी पूर्व सिजनिङ्ग गर्ने, उपचार (treatment) गर्ने लगायतका वन पैदावारमा आधारित उद्यम स्थापना र सञ्चालन गर्ने, जडिबुटी खेती प्रवर्द्धन र प्रशोधन गर्ने, वन्यजन्तु पालन प्रजनन र उपयोग गर्ने, कृषि वन विकास गर्ने, उच्च मूल्यका रुख वनस्पतिको खेती गर्नेलाई प्राविधिक सहयोग वोटविरुवा, यन्त्र उपकरण व्यवस्थापन र सदुपयोगमा अनुदान; सुलभ ऋृण र बिमाको व्यवस्था गर्न कार्यविधि वनाई लागु गर्ने ।

१३.१८ विकास निर्माणलाई वन, जलाधार, वातावरण र जलवायु परिवर्तनमैत्री बनाई दिगोविकासको लक्ष्य हासिल गर्न अन्तरनिकाय समन्वय र अनुगमन गर्न वनमन्त्रीको अध्यक्षतामा वन क्षेत्र समन्वय समिति गठन गरी कार्यान्वयन गर्ने ।

१३.१९ वन तथा जलाधार क्षेत्र व्यवस्थापन गर्दा जलवायु अनुकूलन हुने गरी कार्यक्रम सञ्चालन गर्ने । वन कार्बन सञ्चय र व्यापार बढाउन मन्त्रालयमा छुट्टै इकाई (Cell) को व्यवस्था गर्ने ।

१३.२० जडिबुटी खेतीको विस्तार, उत्पादन, प्रशोधन र बजारीकरणलाई प्रोत्साहन गर्न उपभोक्ता समुह, सहकारी, उद्योगी, व्यवसायी समेतको साझा संयन्त्र निर्माण गर्ने ।

१३.२१ जलाधार क्षेत्रमा सम्बन्धित सरोकारवाला निकाय र स्थानीय तहको समन्वयमा कार्यक्रम तर्जुमा, कार्यन्वयन र मूल्यांकन गर्ने उपयुक्त पद्धतिको पहिचान र विकास गरी लागू गर्ने ।

१३.२२ वन तथा जलाधार क्षेत्रको तथ्याङ्क, अध्ययन, अनुसन्धान, सिकाई, नतिजा आदिलाई सबैको पहुँचमा पुऱ्याउने गरी इन्टरनेटमा आधारित एकीकृत वन तथा जलाधार सूचना प्रणाली निर्माण गर्ने ।

१३.२३ सूचना प्रविधिको प्रयोग गरी वन डढेलो, बाढी, पहिरो लगायतका जोखिमको पूर्वसूचना दिन सञ्चार क्षेत्र र स्थानीय तहसँग सहकार्य गरी प्रभावकारीता बढाउने ।

१३.२४ प्रदेशको वन, जलाधार, जैविक विविधता र वातावरण संरक्षण र विकासमा योगदान पुऱ्याउनेलाई सम्मान र पुरस्कृत गर्ने ।

**१४. नीति कार्यान्वयन व्यवस्थापन**

१४.१ नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, निर्देशिका, रणनीति, कार्यक्रम, मार्गदर्शन निर्माण गर्ने ।

१४.२ संघ र स्थानीय तहबीच आवश्यकता अनुसार सहकार्य र समन्वयको व्यवस्था मिलाउने ।

१४.३ समुदाय र सरोकारवालाहरुको जिम्मेवारी, अधिकार र कर्तव्यलाई सापेक्षित रुपमा सुदृढीकरण गर्ने ।

१४.४ नीति कार्यान्वयनको प्रभावकारितालाई मार्गनिर्देश गर्न प्रदेश वन मन्त्रीको संयोजकत्वमा समन्वय समिति बनाउन सकिनेछ ।

**१५ आर्थिक पक्ष**

१५.१ नीति कार्यान्वयनका लागि आवश्यक बजेटको विनियोजन गरीने छ ।

१५.२ नीति कार्यान्वयका लागि संघको समन्वयमा अन्य दातृ निकायहरुबाट समेत सहयोग लिन सकिने छ ।

१५.३ नीति कार्यान्वयनका लागि सम्बन्धित् संघ, संस्था, समुदाय र साझेदारहरुको सहयोग परिचालन गर्न सकिने छ ।

**१६. अनुगमन तथा मूल्याङ्कन**

१६.१ नीति कार्यान्वयनको अवस्था र प्रभावकारिताको नियमित अनुगमन र मूल्याङ्कनको व्यवस्था मिलाइने छ ।

१६.२ प्रत्येक २/२ वर्षमा नीतिको स्वतन्त्र मूल्याङ्कन गरीनेछ ।

**१७. जोखिम**

१७.१ प्रादेशिक ऐन कानून तर्जुमा ढिला भएमा कार्यान्वयनको प्रभावकारितामा जोखिम रहने छ ।

१७.२ उपयुक्त संस्थागत संरचना, दक्ष जनशक्तिको व्यवस्था र वित्तीय स्रोतको व्यवस्था हुन नसकेमा जोखिम रहन सक्दछ ।

**१८. बाधा अड्काउ फुकाउने**

कार्यान्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा वा समस्या उत्पन्न भएमा प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आवश्यक निर्णय लिन सक्नेछ ।

# प्रदेश औद्योगिक व्यवसाय ऐन-२०७५

**प्रस्तावना**

प्रदेशभित्र लगानीमैत्री वातावरण सिर्जना गरी उपलब्ध मानवीय, वित्तीय, प्राकृतिक तथा भौतिक स्रोतको दिगो उपयोगबाट औद्योगिक विकास र उद्यमशीलतामा आधारित उत्पादनशील, प्रतिस्पर्धी र दिगो प्रादेशिक अर्थतन्त्र निर्माण गर्न तथा प्रादेशिक आर्थिक सम्बृद्धिका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- एक : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन गण्डकी प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "उद्योग" भन्नाले दफा १५ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ र सो शब्दले उद्योग दर्ता गर्ने प्रयोजनको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायलाई समेत जनाउँछ ।

(ग) "कार्यालय" भन्नाले यस ऐन बमोजिमको कामका लागि तोकेको कार्यालय सम्झनुपर्छ ।

(घ) "लघु उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(ङ) "घरेलु उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(च) "साना उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(छ) "मझौला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(ज) "ठूला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ञ) "निर्यातमूलक उद्योग" भन्नाले आफ्नो उत्पादनको कम्तिमा साठी प्रतिशत निर्यात गर्ने उद्योग सम्झनुपर्छ ।

(ट) "बौद्धिक सम्पत्ति" भन्नाले पेटेन्ट, डिजाइन, ट्रेडमार्क, सेवा मार्क, भौगोलिक संकेत चिन्ह, व्यापारिक गोपनीयता लगायत सो-सँग सम्बन्धित अन्य बौद्धिक सम्पत्ति सम्झनुपर्छ र सो शब्दले प्रचलित कानूनले प्रतिलिपि अधिकारको रुपमा परिभापित गरेको विपयलाई समेत जनाउँछ ।

(ठ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनुपर्छ ।

(ड) "मन्त्रालय" भन्नाले प्रदेश स्थित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

(ढ) "निर्देशनालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगत रहेको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनुपर्छ ।

(ण) "स्थिर पूँजी" भन्नाले दफा १६ बमोजिमको सम्पत्ति सम्झनुपर्छ ।

(त) "प्रादेशिक उद्योग" भन्नाले यस ऐन बमोजिक प्रदेशभित्र दर्ता भएको उद्योग सम्झनुपर्छ । यस शब्दले संघीय कानून अनुसार प्रदेशको क्षेत्राधिकारभित्र पर्न जाने अन्य उद्योगलाई समेत सम्झनुपर्छ ।

(थ) "प्रादेशिक प्राथमिकता प्राप्त उद्योग" भन्नाले दफा १७ बमोजिमको उद्योग सम्झनुपर्छ ।

(द) "औद्योगिक प्रवर्द्धन समिति" भन्नाले दफा २३ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

(ध) "रुग्ण उद्योग" भन्नाले आफ्ना व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँच वर्प सञ्चालनमा रहि नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई कावु बाहिर को परिस्थिति परी लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमताभन्दा तीस प्रतिशत वा सोभन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई सम्झनुपर्छ ।

## परिच्छेद – दुई : उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

### ३. उद्योग दर्ता गराउनु पर्ने

(१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका वखत नेपाल सरकारबाट प्रचलित कानून वमोजिम स्थापना भई सञ्चालनमा रहेका र हाल प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने उद्योग यस ऐन बमोजिम स्वतः दर्ता भएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम स्थापना भई सञ्चालनमा रहेका उद्योगले यस ऐन लागू भएको मितिले नव्वे दिनभित्र प्रदेशको उद्योग दर्ता गर्ने निकायमा अभिलेखीकरण गरी अद्यावधिक गर्नुपर्नेछ ।

(४) प्रदेश सरकारले संघ वा स्थानीय तहमा विधिवत दर्ता भएका उद्योगहरुलाई दोहोरो दर्ता गर्नु नपर्ने प्रबन्ध मिलाउनेछ ।

यस दफाको प्रयोजनका लागि स्थानीय तह र संघीय सरकारका निकायमा दर्ता भएका उद्योगहरुको विवरण माग गर्न वाधा पर्ने छैन ।

### ४. उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने

(१) यस ऐन वमोजिम उद्योग दर्ता गर्न तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनुपर्नेछ ।

### ५. उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने

(१) दफा ४ वमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको ७ दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित निवेदकलाई त्यस्तो थप विवरण वा कागजात पेश गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (१) वमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछः-

क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

ख) उद्योगको उत्पादन क्षमता,

ग) उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका शर्तहरु ।

(४) उपदफा (१) बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नुपर्नेछ ।

(५) यस ऐन बमोजिमको उद्योग स्थापना गर्दा सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा गर्नुपर्नेछ ।

**६. वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने**

(१) उद्योग दर्ता गरेपछि उद्योग सञ्चालन गर्नुपूर्व वातावरण सम्बन्धी प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिम वातावरणीय परीक्षणको कार्य पूरा गर्नुपर्नेछ ।

(२) उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ । वातावरणीय परीक्षणबाट सो उद्योग वातावरण सम्बन्धी कानून तथा वातावरण मापदण्ड विपरीत देखिएमा वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो उद्योगलाई कारवाही गर्न सकिनेछ ।

**७. व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्ने**

(१) मन्त्रालयले उद्योगको प्रकृति र लगानीको आकारका आधारमा उद्योग स्थापना भई व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नका लागि लाग्ने अवधि सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मापदण्ड तयार भएका उद्योगका हकमा त्यस्तो उद्योगले मापदण्डमा तोकिएको अवधिभित्र उद्योगको, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरी सोको लिखित जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको मापदण्डमा समावेश नभएका उद्योगहरुको हकमा सम्बन्धित उद्योगसँग कार्ययोजना लिई कार्ययोजना र उद्योगको प्रकृति हेरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योग दर्ता प्रमाण-पत्रमा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि तोकी दिन सक्नेछ ।

(४) यस दफा बमोजिम निर्धारित अवधिभित्र व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सम्बन्धित उद्योगले सोको आधार र कारण खुलाई म्याद थपका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको निवेदन उपर कारवाही गर्दा आधार र कारण औचित्यपूर्ण भएमा उद्योग दर्ता गर्ने निकायले मनासिव म्याद थप गरीदिनु पर्नेछ ।

**८. विद्युतीय माध्यमको प्रयोग**

(१) उद्योगको दर्ता, प्रशासन, नियमन, निर्देशन तथा स्वीकृति सम्बन्धी निवेदन लगायत अन्य कागजातहरु विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सकिनेछ ।

(२) विद्युतीय स्वरुपमा उद्योगले उद्योग दर्ता गर्ने निकाय वा कार्यालय समक्ष पेश गरेका सबै प्रकारका कागजात तथा उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योगलाई पठाएका कागजातलाई सुरक्षित रुपमा विद्युतीय प्रणालीमा समेत राख्ने दायित्व उद्योग दर्ता गर्ने निकाय वा कार्यालयको हुनेछ ।

**९. अनुगमन गर्ने**

(१) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योगले पालना गर्नुपर्ने मापदण्ड तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्नेछ ।

(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**१०. उद्योग स्थानान्तरणको जानकारी दिनुपर्ने**

(१) प्रदेशको कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले प्रदेशभित्र वा बाहिर स्थानान्तरण गर्नुपर्ने भएमा त्यस्ता उद्योगले सोको लिखित जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनु पर्नेछ ।

तर वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने उद्योगले भने त्यस्तो कानून अनुसार प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरेपछि मात्र उद्योगको स्थानान्तरण गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको उद्योग स्थानान्तरण गर्ने सम्बन्धी जानकारी प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सो अभिलेख गरी अद्यावधिक गर्नुपर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३४ बमोजिमको उद्योग स्थानान्तरण गर्न पाइने छैन ।

**११. विवरण उपलब्ध गराउनु पर्ने**

(१) प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पेश गर्नु विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ ।

**१२. उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने**

यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले पन्ध्र दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनुपर्नेछ ।

**१३. उद्योगको दर्ता खारेजको जानकारी गराउनु पर्ने**

कुनै उद्योग लिक्विडेशन भएमा, दामासाहीमा परेमा वा दर्ता खारेज गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित उद्योग वा लिक्विडेटरले सोको लिखित जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ ।

**१४. दर्ता नियमन प्रक्रिया निर्धारण गर्नुपर्ने**

उद्योग दर्ता गर्ने निकायले सेवा प्रवाहमा एकरुपता तथा प्रक्रियागत पारर्शिता कायम गर्न उद्योग दर्ता प्रक्रियामा लाग्ने समय, लागत, निर्णयमा संलग्न हुने तह तथा सेवाग्राहीले प्राप्त गर्ने सेवा सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – तीन : उद्योगको वर्गीकरण तथा स्थिर पुँजी सम्बन्धी व्यवस्था

**१५. उद्योगको वर्गीकरण**

(१) यस ऐनको प्रयोजनको लागि संघीय कानुनको प्रतिकूल नहुने गरी उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरीएको छः ।

**क) लघु उद्यमः** देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः-

१. घर जग्गा वाहेक वढीमा पाँचलाख रुपैयाँसम्मको स्थिर पूँजी भएको उद्योग

२. उद्यमी स्वयंम उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

३. उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

४. वार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको र

५. इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण, वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता वीस किलोबाट वा सोभन्दा कम रहेको ।तर यस उपखण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुनले तोके बमोजिम स्वीकृति लिनुपर्ने उद्योगलाई लघु उद्यम मानिने छैन ।

**ख) घरेलु उद्योगः** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः

१. परम्परागत सीप र प्रविधिमा आधारित,

२. श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

३. इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको र

४. औद्योगिक व्यवसाय सम्बन्धि प्रचलित कानुनले तोके बमोजिमका उद्योगहरु ।

**ग) साना उद्योगः** लघु उद्यम र घरेलु उद्योग बाहेक दश करोड रुपैयाँसम्मको स्थिर पूँजी भएको उद्योग,

**घ) मझौला उद्योगः** दश करोड रुपैयाँभन्दा बढी पच्चीस करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग ।

**ङ) ठूला उद्योगः** पच्चीस करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएको उद्योग ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए भए तापनि संघीय कानुन बमोजिम नेपाल सरकारको अनुमति लिनुपर्ने जुनसुकै प्रकारका उद्योगहरुको दर्ता, प्रशासन तथा नियमन लगायतका कार्य संघीय कानुन अनुसार नै हुनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय वमोजिम वर्गीकरण गरीनेछः

**(क) ऊर्जामूलक उद्योगः** ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-१ मा उल्लिखित उद्योगहरु ।

**(ख) उत्पादनमूलक उद्योगः** कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु ।

**(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योगः** कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुन वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची-२ मा उल्लिखित उद्योगहरु ।

**(घ) खनिज उद्योगः** प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु ।

**(ङ) निर्माण उद्योगः** भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-३ मा उल्लेख गरीएका उद्योगहरु ।

**(च) पर्यटन उद्योगः** प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका पर्यटन सेवासँग सम्बन्धित अनुसूची-४ मा उल्लिखित उद्योगहरु ।

**(छ) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगः**प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-५ मा उल्लिखित उद्योगहरु ।

**(ज) सेवामूलक उद्योगः** प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-६ मा उल्लिखित उद्योगहरु ।

(४) उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै उद्योगले आफ्नो उद्देश्य परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको उद्देश्य परिवर्तन वा हेरफेरको स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम उद्योगको उद्देश्य परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग पूँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ ।

**१६. उद्योगको स्थिर पूँजीः**

(१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पूँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरीनेछः-

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खान पानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली),

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिवहनका साधन,

(ज) कार्यालयका पूँजीगत सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणका विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पूँजीको रुपमा मूल्याङ्कन गरीनेछ :-

(क) पूँजीकृत गरीने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पूँजीकृत हुने व्याज खर्च ।

**१७. प्राथमिकता प्राप्त उद्योग**

(१) यस ऐनको अनुसूची-७ मा उल्लिखित उद्योगहरुलाई प्राथमिकता प्राप्त उद्योग मानिनेछ ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-७ मा आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय औद्योगिक व्यवसाय ऐनमा उल्लेख भएको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग प्रदेशको पनि प्राथमिकता प्राप्त उद्योग हुनेछ ।

## परिच्छेद – चार : उद्योगलाई प्रदान गरीने सहुलियत सम्बन्धी व्यवस्था

**१८. राष्ट्रियकरण नगरीने**

यस ऐन बमोजिम दर्ता भएको कुनै पनि उद्योग राष्ट्रियकरण गरीने छैन ।

**१९. थप सुविधा तथा सहुलियत**

(१) उद्योगलाई प्रदान गरीने थप सुविधा तथा सहुलियत प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित सुविधा तथा सहुलियतका अलावा यस ऐनको परिधिभित्र रही, संघीयवा प्रादेशिक औद्योगिक क्षेत्र वा स्थानीय तह अन्तर्गतका औद्योगिक ग्राममा स्थापना हुने उद्योगलाइ प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

**२०. जग्गा सम्बन्धी व्यवस्था:**

यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्न वा लिजमा लिन सक्नेछ। उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्ने वा लिजमा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

**२१. औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था:**

प्रचलित कानुन बमोजिम स्थापना भएका उद्योगको लागि प्रदेश सरकारले सुरक्षा उपलब्ध गराउनेछ।

**२२. छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने:**

यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने, छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद – पाँच : औद्योगिक प्रबर्द्धन समिति सम्बन्धी व्यवस्था

**२३. औद्योगिक प्रबर्द्धन समितिको गठन**

(१) उद्योगको स्थापना, लगानी अभिवृद्धि, प्रवर्द्धन, संरक्षण र विस्तार गरी औद्योगिकीकरणलाई तीव्रता दिने सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्न देहाय बमोजिमको एक औद्योगिक प्रवर्द्धन समिति रहने छः-

| | | |
|---|---|---|
| (क) | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री | अध्यक्ष |
| (ख) | प्रमुख सचिव, गण्डकी प्रदेश | सदस्य |
| (ग) | सदस्य, नीति तथा योजना आयोग, गण्डकी प्रदेश (उद्योग हेर्ने) | सदस्य |
| (घ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (च) | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (छ) | प्रमुख, नेपाल राष्ट्र बैंकको प्रदेशस्तरको कार्यालय | सदस्य |
| (ज) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेश | सदस्य |
| (झ) | अध्यक्ष, नेपाल उद्योग परिसंघ, गण्डकी प्रदेश | सदस्य |
| (ञ) | अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ, गण्डकी प्रदेश | सदस्य |

| | | |
|---|---|---|
| (ट) | अध्यक्ष, महिला उद्यमी महासंघ, गण्डकी प्रदेश | सदस्य |
| (ठ) | उद्योग क्षेत्रका विज्ञहरु मध्येबाट कम्तीमा एक जना महिला उद्यमी सहित गण्डकी प्रदेश सरकारबाट मनोनित दुई जना | सदस्य |
| (ड) | महाशाखा प्रमुख, औद्योगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश | सदस्य-सचिव |

(२) समितिले आवश्यक देखेमा विषयसँग सम्बन्धित विशेषज्ञ वा अन्य व्यक्तिलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालय उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयमा रहनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले गरेका निर्णयहरु तथा सम्पादन गरेका कामहरुको विवरण सहितको अभिलेख सचिवालय अद्यावधिक गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको कामहरुको विवरण मासिक रुपमा सचिवालयले समितिको अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

**२४. समितिको काम, कर्तव्य र अधिकार**

(१) यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सीफारिश गर्ने,

(ख) उद्योग सम्बन्धी कानुनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि समन्वय तथा सहजीकरण गर्ने,

(ग) प्रदेशको समग्र औद्योगिकीकरण सम्बन्धी नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(घ) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सीफारिश गर्ने,

(ङ) प्रादेशिक औद्योगिक विकास तथा उद्यमशिलता विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समिक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकार समक्ष सुझाव तथासिफारिस गर्ने,

(च) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गर्न सहजीकरण र समन्वय गर्ने,

(छ) उद्योगको स्तर र वर्गीकरण तथा प्रकृतिमा थपघट वा परिवर्तन गर्नुपर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ज) औद्योगिक लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिई आवशयकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस तथा सुझाव पेश गर्ने,

(ट) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ठ) प्रदेशस्तरका औद्योगिक क्षेत्र तथा विशेष औद्योगिक करिडोर रहने क्षेत्र सिफारिस गर्ने,

(ड) प्रदेशमा औद्योगिकरणको गतिलाई तीव्रता दिन लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक समन्वय गर्ने,

(ढ) सहजीकरण, समिक्षा तथा समन्वय सम्बन्धी अन्य कार्यहरु गर्ने ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग व्यवसायमा प्रत्यक्ष असर पर्ने गरी कुनै नीति तर्जुमा गर्दा वा त्यसमा परिवर्तन गर्दा समितिसँग परामर्श लिनुपर्नेछ ।

**२५. समितिको सदस्यले निर्णय प्रक्रियामा भाग लिन नहुने**

(१) समितिको वैठकमा निर्णयको लागि पेश हुने कुनै कार्यसूचीको सम्बन्धमा समितिको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहे त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था आई परेमा सम्बन्धित सदस्यले सदस्य-सचिव मार्फत समिति लाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) विपरीत हुने गरी निर्णय भएको देखिएमा त्यस्तो निर्णय स्वतः वदर हुनेछ ।

**२६. गोपनीयता कायम राख्नुपर्ने**

(१) समितिको कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना अनाधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत समितिको अध्यक्ष, सदस्य, सदस्य-सचिव, वैठकमा आमन्त्रित व्यक्ति वा कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना नगरेको मानिनेछ ।

## परिच्छेद - छ : एकल बिन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था

**२७. एकलबिन्दु सेवाकेन्द्रको स्थापना तथा सञ्चालन**

(१) यस ऐन तथा प्रचलित कानुन बमोजिम जिल्लास्थित घरेलु तथा साना उद्योग वा घरेलु तथा साना उद्योग विकास समितिले एकल विन्दु सेवाको रुपमा काम गर्नेछन् ।

(२) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस ऐन अन्तर्गत उद्योगले पाउने छुट, सुविधा वा सहुलियत प्रदान गर्ने मन्त्रालयमा सिफारिस गरी पठाउने ।

(ख) प्रचलित प्रादेशिक कानूनले प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ग) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, दूरसञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा समयवद्ध व्यवस्था गर्न आवश्यक निर्णय गरी सोको कार्यान्वयन गर्ने, गराउने ,

(घ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - सात : जरिवाना र पुनरावेदन सम्बन्धी व्यवस्था

**२८. जरिवाना सम्बन्धी व्यवस्था**

(१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम अनुगमन, छानविन वा निरीक्षण गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा त्यस्ता उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारवाहीका लागि निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न तीस दिनको समय दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधि भित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई मन्त्रालयले देहायको कारवाही गर्न सक्नेछः-

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरेको उद्योग बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघुउद्यम स्तरको भए दश हजार देखि पच्चीस हजार रुपैयाँसम्म, घरेलु तथा साना उद्योगको स्तर भए पच्चीस हजार देखि एक लाख रुपैयाँसम्म, मझौला तथा ठूला उद्योगको स्तर भए एकलाखदेखि तीनलाख रुपैयाँसम्म जरिवाना गर्ने ।

(४) दफा ११ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्न निकायले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहायको जरिवाना गर्न सक्नेछः-

(क) लघु उद्यमलाई पाँचहजार रुपैयाँको दरले,

(ख) घरेलु उद्योगलाई दश हजार रुपैयाँको दरले,

(ग) साना उद्योगलाई वीस हजार रुपौयाँको दरले,

(घ) मझौला उद्योगलाई चालीस हजार रुपैयाँको दरले,

(ङ) ठूला उद्योगलाई पचहत्तर हजार रुपैयाँको दरले ।

(५) दफा २२ विपरीत कार्य गर्ने उद्योगलाई उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत नदिने वा त्यस्तो छुट, सुविधा वा सहुलियत प्राप्त गरीसकेको भए प्राप्त गरेको छुट, सुविधा वा सहुलियतको रकम असूल गर्ने वा सो बराबरको रकम जरिवाना गर्ने वा दुवै सजाय गर्ने,

(६) दफा ५ को उपदफा (४) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय-समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा देहायको उद्योगलाई मन्त्रालयले देहाय बमोजिमको जरिवाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पच्चीस हजारदेखि एक लाख रुपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा दुई लाखदेखि पाँच लाख रुपैयाँसम्म,

(ग) मझौला उद्योगको हकमा पाँच लाखदेखि दश लाख रुपैयाँसम्म वा

(घ) ठूला उद्योगको हकमा पन्ध्र लाखदेखि तीस लाख रुपैयाँसम्म ।

(७) उपदफा (६) बमोजम जरिवाना गर्दा समेत दफा ५ को उपदफा (४) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा त्यस्तो उद्योगलाई निश्चित अवधिका लागि उद्योग सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्तो उद्योगको दर्ता वा अनुमति खारेज गर्न आदेश दिन सक्नेछ ।

(८) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अन्य कुनै प्रावधान उल्लंघन गरेमा लघु उद्यम भए पन्ध्र हजार रुपैयाँसम्म घरेलु तथा साना उद्योग भए पन्ध्र हजारदेखि तीस हजार रुपैयाँसम्म, मझौला उद्योग भए तीस हजारदेखि पचास हजार रुपैयाँसम्म र ठूला उद्योग भए पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्ने ।

(९) यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि सजाय गर्ने अधिकार प्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सवुद पेश गर्न पन्ध्र दिनको समय दिनुपर्नेछ ।

**२९. पुनरावेदन सम्बन्धी व्यवस्था**

दफा २८ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद - आठ : विविध

**३०. करार गरी उत्पादन गर्न सक्ने**

(१) प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सव-कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहको लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी करार (कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग) वा उपकरार (सव-कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरीदिएमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई तोकिए बमोजिमको छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ ।

**३१. व्यवसायिक सामाजिक जिम्मेवारी**

मझौला वा ठूला उद्योगले वार्षिक कुल मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुटयाउन सक्नेछ । सो बमोजिम छुटयाइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नुपर्नेछ ।

**३२. औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गर्न सक्ने**

औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमका मापदण्डको अधिनमा रही प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रादेशिक औद्योगिक करिडोर, प्रादेशिक औद्योगिक ग्राम तथा प्रादेशिक औद्योगिक क्लष्टर घोषणा गरी तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

**३३. आवासीय वा अन्य भवन बनाउन वा बस्ती बसाउन नसकिने**

(१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने प्रादेशिक औद्योगिक क्षेत्र, प्रादेशिक औद्योगिक कोरिडोर, प्रादेशिक औद्योगिक ग्राम तथा प्रादेशिक औद्योगिक क्लष्टर प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दुरीभित्र कुनै पनि किसिमको आवासीय वा अन्य भवन बनाउन वा वस्ती बसाउन सकिने छैन । त्यसैगरी प्रचलित कानूनले आवास क्षेत्र एवं विशेष प्रयोजनको लागि भनी तोकिएको क्षेत्रमा उद्योग स्थापना गर्न पाइने छैन ।

(२) स्थानीय तहले भू-उपयोग योजनाको आधारमा आफ्नो कुनै क्षेत्रलाई औद्योगिक क्षेत्र भनी भू-वर्गीकरण गरेमा सोही क्षेत्रमा मात्र यो ऐन अन्तर्गतका उद्योग स्थापना गर्न सकिनेछ । तर सेवा उद्योग वा प्राविधिक दुष्टिकोणले अलग राख्नु पर्ने खास प्रकृतिका उद्योगको हकमा स्थानीय तहले तोकेका अन्य क्षेत्रमा उद्योग स्थापना गर्न बाधा पुग्ने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारबाट स्वीकृत बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको प्रतिकूल हुने वा खानी तथा भू-गर्भ विभागले भू-जोखिमका आधारमा निषेध गरेको क्षेत्रमा उद्योग स्थापना गर्न सकिने छैन ।

**३४. रुग्ण उद्योग सम्बन्धी व्यवस्था**

(१) तोकिए बमोजिमको मापदण्डका आधारमा तोकिए बमोजिमको कार्यविधि अपनाई प्रदेश

सरकारले रुग्ण उद्योगको रुपमा पहिचान गरी उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन गर्न सक्नेछ ।

तर, नेपाल सरकारले निजीकरण अवधारणा बमोजिम निजी क्षेत्रलाई विक्री गरेका उद्योगहरुको हकमा यो व्यवस्था लागु हुनेछैन ।

**३५. अधिकार प्रत्यायोजन**

(१) संघीय औद्योगिक व्यवसाय सम्बन्धी ऐन वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम स्थानीय तहको मातहत रहने गरी घोषणा भएको औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगको दर्ता, नवीकरण तथा नियमन सम्बन्धी अधिकार प्रादेशिक राजपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित स्थानीय तहलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम प्रदेश सरकारलाई प्राप्त भएको अधिकार मध्ये कुनै वा सबै अधिकारहरु प्रदेश सरकारले आवश्यकता अनुसार स्थानीय तहका उद्योगसँग सम्बन्धित कार्यालय वा प्रदेश सरकारका मातहतका कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम सम्बन्धित निर्देशनालयलाई प्राप्त भएको अधिकारमध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार कुनै कार्यालय वा नेपाल सरकारका राजपत्राङ्कितस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३६. बाधा अड्काउ फुकाउने अधिकारः**

यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**३७. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः**

प्रदेश सरकाले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

**३८. यसै ऐन बमोजिम हुनेः**

यस ऐनमा उल्लेख भएका कुरामा यसै ऐन बमोजिम र यस ऐनले नसमेटेका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३९. नियम बनाउने अधिकार**

यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**४०. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने**

मन्त्रालयले उद्योगको दर्ता, नियमन सम्बन्धी काम कारवाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

## अनुसूची – एक : ऊर्जामुलक उद्योग

(दफा १५ को उपदफा (३) को खण्ड (क) सागसम्बन्धित)

(१) जलस्रोत, वायु, सौर्यशक्ति, ग्याँस, वायोमास, फोहोर र गोबर ग्याँसबाट ऊर्जा उत्पादन गर्न उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरीने मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

(२) प्रादेशिक विद्युत वितरण प्रणाली,

(३) यस्तै प्रकृतिका अन्य उद्योगहरु ।

## अनुसूची -दुई : कृषि तथा वन पैदावारमा आधारित उद्योग

(दफा १५ को उपदफा (३) को खण्ड (ग) सँगसम्बन्धित)

१) फलफूल खेत वा फलफूल प्रशोधन

२) खाद्यवस्तु प्रशोधन

३) पशुजन्य तथा पंक्षीजन्य, पशुपालन पंक्षीपालन (अष्ट्रिच समेत) पशुपंक्षी प्रजनन र मास उत्पादन तथा प्रशोधन

४) दूध तथा दुग्धजन्य उद्योग

५) मत्स्यपालन, माछा पुरा उत्पादन प्रशोधन एवं प्याकेजिङ्ग

६) रेशम खेती तथा रेशम प्रशोधन

७) चिया वगान, चिया प्रशोधन

८) कफी खेत, कफी प्रशोधन

९) जुडिबुटी खेती, जडिबुटी प्रशोधन

१०) तरकारी बीऊ विजन उत्पादन

११) तरकारी खेती तरकारी प्रशोधन

१२) हरित गृह स्थापना र सञ्चालन

१३) मौरीपालन (मौरी प्रजनन्, मह उत्पादन र प्रशोधन)

१४) पुष्प खेत, पुष्प प्रशोधन (माला वनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ विजन उत्पान समेत)

१५) नर्सरी व्यवसाय

१६) रवर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन

१७) गीत भण्डार, कृषि बजार

१८) नगदेवालीको व्यवसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदी)

१९) वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु

२०) वनस्पति उद्यान स्थापना र व्यवस्थापन

२१) वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत)

२२) बीउबिजन प्रशोधन

२३) गैर काष्ठजन्य वन पैदावारमा आधारित उद्योग

२४) जैविक प्रविधि सम्बन्धी उद्योग

२५) फर्निचर उद्योग

२६) निजी कृषि वन उद्योग

२७) यस्तै प्रकृतिका अन्य उद्योगहरु ।

## अनुसूची – तीन : निर्माण उद्योग

(दफा १५ को उपदफा (३) को खण्ड (ङ) सँगसम्बन्धित)

१) सडक, पुल, सुरुङ्ग

२) रोपवे, ट्राम, ट्रलि बस, केवुलकार, मोनोरेल र स्लाईडिङ्ग कार

३) औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स

४) सभा सम्मेलन केन्द्र

५) ढल तथा ढल निकास

६) खानेपानी आपूर्ति तथा वितरण

७) सिँचाइ पूवाधार

८) खेलकुद गृह, रङ्गशाला

९) सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह

१०) कार्गो कम्प्लेक्स

११) दूपित पानी प्रशोधन केन्द्र

१२) घर तथा आवास भवन

१३) फिल्म स्टुडियो निर्माण

१४) व्यापारिक कम्पलेक्स

१५) एकीकृत आवास

१६) स्वीमिङ्ग पुल

१७) क्रसर, ईट्टा र ब्लक उद्योग

१८) यस्तै प्रकृतिका अन्य उद्योगहरु

## अनुसुची –चार : पर्यटन उद्योग

(दफा १५ को उपदफा (३) को खण्ड (च) सँगसम्बन्धित)

१) पर्यटक आवास, मोटेल, होटेल, रिसोर्ट तथा रेष्टुरेण्ट

२) ट्राभल एजेन्सी, टुर अपरेटर, हिलिङ्ग सेन्टर, मसाज, स्पा

३) साहसिक पर्यटनः स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर्र्याफ्टीङ्ग, हट एयर बेलुनिङ्ग, क्यानोनिङ, प्याराग्लाईडिङ्ग, घोडचढी, बन्जी जम्पिङ्ग, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा

४) ग्रामीण पर्यटन, होमस्टे तथा पर्यापर्यटन

५) साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन

६) मनोरन्जन पार्क

७) ट्राभल तथा ट्रेकिङ्ग, पर्यटकीय गाइड

८) यस्तै प्रकृतिका अन्य उद्योगहरु

## अनुसूची - पाँच : सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग

(दफा १५ को उपदफा (३) को खण्ड (६) सँगसम्बन्धित)

### खण्ड (क)

### सूचना प्रविधि उद्योग

१) टेक्नोलोजी पार्क
२) आई.टि.पार्क
३) सफ्टवेयर विकास
४) कम्प्यूटर तथा सम्बन्धित सेवाहरु
५) तथ्याङ्क प्रशोधन
६) साइबर क्याफे
७) डिजिटल म्यापिङ्ग
८) विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वि.पि.ओ.)
९) यस्तै प्रकृतिका अन्य उद्योगहरु ।

### खण्ड (ख)

### सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग

१) १०० वाट वा सो सम्मका एफ.एम. रेडियो सेवा
२) रेकडिङ्ग स्टुडियो, प्रसारण स्टुडियो
३) प्रिन्ट मिडिया उद्योग अडियो भिजुअल सामग्री उत्पादन उद्योग विज्ञापन निर्माण उद्योग
४) चलचित्र निर्माण वितारण र प्रसारण सम्बन्धी
५) सिनेमा हल
६) केवलमा आधारित टेलिभिजन
७) यस्तै प्रकृतिका अन्य उद्योगहरु

## अनुसूची -छ : सेवामुलक उद्योग

(दफा १५ को उपदफ (३) को खण्ड (ज) सँगसम्बन्धित्)

१) यान्त्रिक कार्यशाला (वर्कशप)
२) छापाखाना तथा छपाई सम्बन्धी सेवा
३) पेशागत अनुसन्धान तथा विकास व्यवस्थापन ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु
४) प्रदर्शनी सेवा
५) सांस्कृतिक तथा मनोरन्जनात्मक व्यवसाय
६) निर्माण व्यवसाय
७) सार्वजनिक यातायत व्यवसाय
८) फोटोग्राफी
९) अस्पताल
१०) नर्सिङ्ग
११) शिक्षण एवं प्रशिक्षण संस्था

१२) पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा

१३) प्रयोगशाला

१४) खेलकूद सेवा

१५) शीत भण्डार सन्जाल (गैर कृषिजन्य)

१६) हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत

१७) फोहोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनः प्रशोधन

१८) घर जग्गा खरिद गरी भूमि विकास गरी विक्री गर्ने व्यवसाय

१९) निर्माण सम्वन्धी भारी उपरकण (हेभी इक्वीपमेन्ट) भाडा मर्मत तथा सन्जाल

२०) पशु चिकित्सा सेवा

२१) ब्याट्री रिचार्जिङ्ग

२२) स्वास्थ्य परीक्षण (एक्स- रे, सिटी स्क्यान, एम.आर. आइ। अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला

२३) खाद्यन्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य

२४) कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक)

२५) कार्गो व्यवसाय

२६) प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्याँस रिफिलिङ्ग र सवारी ग्याँस रिफिलिङ्ग गर्ने स्टेशन समेत)

२७) कुरियर सेवा

२८) ड्राइलिक्लनिङ्ग व्यवसाय

२९) व्यूटी पार्लर

३०) आन्तरिक सजावट (इन्टेरियर डेकोरेशन)

३१) सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय

३२) प्रकाशन सेवा

३३) विज्ञापन सेवा

३४) विज्ञापन सामग्री तयार गर्ने सेवा

३५) टेलिभिजनबाट प्रसारण गर्न वनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलिफिल्म उत्पादन तथा प्रसारण

३६) स्वाइल टेष्टिङ्ग सेवा

३७) स्वास्थ्य (हेल्थ) क्लब

३८) पानी ढुवानी तथा वितरण सेवा

३९) जुलोजिकल पार्क सञ्चालन

४०) जियोलोजिकल पार्क सञ्चालन

४१) व्यवसाय सम्बद्धन सेवा (बिजिनेस इन्क्यूवेसन सर्भिस)

४२) व्यापारिक कम्प्लेक्स सन्चालन

४३) बायोटेक पार्क

४४) सिनेमा हल

४५) मल्टिप्लेक्स थियटर

४६) सिलाई बुनाई

४७) ढुवानी सेवा

४८) नक्सा डिजाइन सम्बन्धी सेवा

४९) अनुसन्धान तथा विकास सेवा

५०) यस्तै प्रकृतिका अन्य उद्योगहरु

## अनुसूची -सात : प्रादेशिक प्राथमिकता प्राप्त उद्योग

(दफा १७ सँगसम्बन्धित्)

१) उर्जामूलक उद्योगहरु

२) होटल तथा रेष्टुरेण्ट

३) पूर्वाधारसहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यापर्यटन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा पर्यटन, वाटर र्‍याफ्टिङ, सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन, मनोरन्जन पार्क निर्माण तथा सन्चालन, वन्यजन्तु आरक्षण

४) कृषि तथा वन पैदावरमा आधारित उद्योग

५) निर्यातमूलक उद्योग

६) निर्माण उद्योग

७) खनिज तथा खानिमा आधारित उद्योग, प्राकृतिक ग्याँस तथा इन्धान अन्वेषण तथा उत्पादन गर्ने उद्योग

८) स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायनिक मल (मिश्रणबाहेक), प्राङ्गारिक मल, धूलो दूध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरुले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्न उद्योग, कृषि यन्त्र
उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरु उत्पादन गर्ने उद्योग,

९) दुर्गम तथा अविकशिर्त क्षेत्रमा स्थापना हुने अस्पताल, नर्सिङ होम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरु।

# बर, पिपल, समी र चौतारो संरक्षण तथा व्यवस्थापन गर्न बनेको ऐन-२०७५

**प्रस्तावनाः** सार्वजनिक स्थलमा भएका प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक, पर्यावरणीय संरक्षण एवं प्राकृतिक प्रकोप न्युनिकरणका हिसाबले महत्वपुर्ण बर, पिपल, समि र चौतारो संरक्षण सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकाले, गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-एक : प्रारम्भिक

**१. सैक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "बर, पिपल, समी र चौतारो संरक्षण ऐने, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन गण्डकी प्रदेश भर लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले नेपालको संबिधान धारा ३०६ बमोजिमको स्थानीय तह सम्झनु पर्छ ।

(ग) "बर, पिपल, समी र चौतारो" भन्नाले सार्वजनिक वा निजी वा जनसुकै जग्गामा रोपिएको वा हुर्केको प्राकृतिक वा सांस्कृतिक महत्व भएका बर, पिपल, समि, लाकुरी, कदम, आँप आदी जस्ता रुख संरक्षण सम्वर्द्धन गर्दै सुस्ताउने, आराम गर्ने गाउँ वा टोलको भेला गर्ने उद्देश्यले बानाएको चौतारो सम्झनु पर्छ र सो शब्दले वर, पिपल, समि र चौतारो सँग भएका कुवा, कुण्ड, पोखरी वा यस्तै अन्य प्रकृतिक वा साँस्कृतिक वा ऐतिहासिक महत्व भएको स्थल समेतलाई जनाउँछ ।

(घ) "योजना" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सरकारको प्राथमिकता प्राप्त यो जनाको रुपमा स्वीकृत भएको सरकारी योजना निश्चित समयपछि सरकारलाई हस्तान्तरण हुने गरी निजी क्षेत्रबाट वा सार्वजनिक-निजी साझेदारीमा निर्माण भएको पूर्वाधार सम्बन्धी योजना वा सार्वजनिक उपयोगको वस्तु वा सेवा सम्बन्धी सडक, खानेपानी, विद्युत, खनिज जस्ता पूर्वाधारसम्बन्धी योजना वा राष्ट्रिय वा प्रादेशिक गौरवका योजनाको रुपमा तोकेका योजना सम्झनु पर्छ ।

## परिच्छेद-दुई : बर, पिपल, समी र चौतारो दर्ता र अभिलेख

**३. सरकारको सम्पति हुने**

(१) सार्वजनिक प्रयोगमा रहेको जुनसुकै स्थानको बर, पिपल, समी र चौतारो स्थानीय सरकारको सम्पति हुनेछ।

(२) आफ्नो क्षेत्र भित्रको सबै बर, पिपल, समी र चौतारो संरक्षण गर्ने दायित्व स्थानीय तहका हुनेछ ।

(३) सार्वजनिक प्रयोगमा रहेको निजी स्वामित्वको बर, पिपल, समी र चौतारो संरक्षण गर्न दायित्व स्थानीय तह र स्वामित्वमा रहनेको हुनेछ ।

**४. दर्ता गर्नु पर्ने**

(१) स्थानीय तहले यस ऐन बमोजिम आफ्नो क्षेत्रभित्रका बर, पिपल, समि र चौतारोको दर्ता किताब बनाई दर्ता गर्नु पर्नेछ ।

(२) दर्ता गर्दा बर, पिपल, समि र चौतारोको ऐतिहासिकता पत्ता लागेसम्म निर्माण गर्ने व्यक्ति वा संस्थाको नाम, ठेगाना बर, पिपल, समी र चौतारोको भौतिक प्रणाली बमोजिमका अवस्थिति सहितको विवरण अभिलेख राख्नु पर्नेछ ।

(३) बर, पिपल, समी र चौतारोसँगै कुण्ड, कुवा, पोखरी, माने, मौलो, देउराली, मन्दिर वा कुनै ऐतिहासिक वा पुरातात्विक महत्वको स्थल भए चारकिल्ला क्षेत्रफल खुल्ने गरी सोको अभिलेख राख्नु पर्नेछ ।

(४) दर्ता किताबको ढाँचा अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद –तीन : बर, पिपल, समि र चौतारो संरक्षण सम्बन्धी व्यवस्था

**५. संरक्षण सम्बन्धी व्यवस्था**

(१) स्थानीय तहले प्राकृतिक तथा ऐतिहासिक महत्वको कुनै बर, पिपल, समी र चौतारोलाई विगार्न वा हटाउन नपाउने गरी तोक्न सक्नेछ ।

(२) स्थानीय तहले आफ्नो क्षेत्र भित्रका बर, पिपल, समी र चौतारोको अवस्था हेरी हरेक वर्ष परीक्षण गरी काँटछाँट वा मर्मत वा वैज्ञानिक व्यवस्थापन वा अन्य आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(३) स्थानीय तहले आफ्नो क्षत्रभित्र सार्वजनिक सेवा प्रवाहमा बाधा पुगेका वा पुग्न सक्ने देखिएका वा जोखिमयुक्त अवस्थामा रहेका बर, पिपल, समी र चौतारोको आवश्यक काँटछाँट तथा व्यवसपन गर्नु पर्नेछ ।

(४) स्थानीय तहले बर, पिपल, समी र चौतारो सँगै भएका कुवा, कुण्ड, पोखरीको समेत पम्परागत शैलीमा संरक्षण गर्नु पर्नेछ ।

(५) कुनै व्यक्ति वा संस्थाले आफ्नै खर्चमा सार्वजनिक जग्गामा बर, पिपल, समी रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्न चाहेमा स्थानीय तहले सोका लागी अनुमति दिन सक्नेछ ।

(६) बर, पिपल, समि र चौतारो सँगै कुण्ड, कुवा, पोखरी, माने, मौलो, देउराली, मन्दिर वा कुन एतिहासिक वा पुरातात्विक महत्वको सम्पदाको संरक्षण सो सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

**६. बर, पिपल, समी र चौतारो नपर्ने गरी सम्भाब्यता अध्ययन गर्नुपर्ने**

(१) योजना सँग सम्बन्धित प्रस्तावक वा आयोजनाले कुनै योजनाको सम्भाव्यता अध्ययन गर्दा सम्भब भएसमम बर, पिपल, समी र चौतारो नपर्ने गरी सम्भाव्यता र विकल्पहरुको अध्ययन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा बर, पिपल, समी र चौतारो हटाउनु पर्ने भएमा अति आवश्यक र न्यूनतम बर, पिपल, समी र चौतारो हटाउनु पर्ने बिकल्पको छनौट गर्नु .पर्नेछ ।

**७. विकल्प नभए मात्र हटाउन सकिने**

(१) यस ऐन बमोजिम दर्ता भएका बर, पिपल, समी र चौतारो काट्नु, मास्नु वा हटाउनु पूर्व देहाय बमोजिमको अध्ययन तथा सिफारिस समितिको सीफरिसको आधारमा मात्र गर्नु पर्नेछ ।

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष वा निजले तोकेको वडा अध्यक्ष - संयोजक

(ख) डिभिजन वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ग) प्रमुख-अध्यक्षले तोकेको सम्बन्धित वडाको वडा अध्यक्ष-सदस्य - सदस्य
(घ) सम्बन्धित् योजनाको प्रमुख - सदस्य
(ङ) सम्बन्धित् स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) अध्यक्ष तथा सिफारिस समितिले स्थलगत निरीक्षण वा अध्ययन गरी प्रस्तावित स्थानीय तहको योजनामा कुनै कुरा परिमार्जन गर्नुपर्ने भएमा सो ब्यहोरा खुलाई पुर्नविचारका लागि सम्बन्धित आयोगमा प्रस्तावकलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसकै कुरा लेखिएको भएतापनि राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त र राष्ट्रिय तथा प्रदेशका गौरवका आयोजनामा सम्भाव्यता अध्ययन वा ड्रईङ्ग डिजाइन परिवर्तन गर्नेगरी अध्ययन तथा सिफारिस गरीने छैन ।

(४) योजना कार्यन्वयन गर्न बर, पिपल, समी र चौतारो हटाउन स्वीकृती पाए पछि आयोजनाल उक्त बर, पिपल, समी र चौतारो आफ्नै लागत खर्चमा हटाई बर, पिपल, समिको कटान, मुछान र घाटगद्दी गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(५) योजना कार्यन्वयन गर्दा बर, पिपल, समि र चौतारो हटाउनुपर्ने भएमा सम्बन्धित संस्था वा आयाजानले स्थानीय तहले ताकको स्थानमा बर, पिपल, समि र चौतारो बनाई सम्बन्धित स्थानीय तहलाई हस्तानतरण गर्नुपर्नेछ ।

(६) मुनाफा कमाउने उद्देश्यले कार्यन्वयन हुने योजनाको लागी बर, पिपल, समि हटाउनु पर्न भएमा सो को पाँच गुणाको दरले नयाँ बर, पिपल, समि लगाई पाँच वर्ष संरक्षण गरी हस्तान्तरण गर्नु पर्नेछ ।

(७) स्थानीय तहले सम्बन्धित आयोजना सँग बर, पिपल, समि र चौतारो हटाउँदा पालना गर्नुपर्ने शर्तहरु समेत उललेख गरी सम्झौता गर्नुपर्नेछ ।

(८) उपदफा (७) बमोजिमका सम्झौताका व्यवस्था सम्बन्धित आयोजनाले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(९) स्थानीय तहले सम्झौताको पालना भए नभएको सम्बन्धमा अनुगमा गर्ने वा गराउनेछ ।

(१०) बर, पिपल, समि र चौतारो हटाई नयाँ निर्माण गरे नगरेको बिषयमा मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी अनुगमन गर्न र सुधारका लागि आवश्यक सुझाव दिन सक्नेछ ।

(११) उपदफा(१०) बमोजिम दिएको सुझावको पालना गर्नु त्यस्तो आयोजनाको कर्तव्य हुनेछ ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय प्राथमिकता प्राप्त पूर्वाधा निर्माणका आयोजना कार्यन्वयन गर्न बर, पिपल, समि र चौतारो हटाउनुपर्ने भएमा आयोजनाले आफ्नै खर्चमा हटाउन सक्नेछ ।

**८. उद्यान निर्माण गर्न सकिने**

(१) स्थानीय तहले बर, पिपल, समि र चौतारोको संरक्षण र विकासका लागि सो स्थानमा उद्यान निर्माण गर्न वा उद्यान निर्माण गरी बर, पिपल, समि तथा पोखरी सहितको चौतारो को निर्माण गर्न सक्नेछ ।

(२) स्थानीय तहले उपदफा(१) अनुसारको उद्यान निर्माण गर्नका लागी इच्छुक कुनै व्यक्ति वा संस्थालाई अनुमति दिन सक्नेछ ।

(३) स्थानीय तहले यस दफा बमोजिम स्थानीय उद्यानमा सर्वसाधरण सबैले प्रवेश गर्न पाउने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

**९. बर, पिपल, समी र चौतारो संरक्षण समिति**

(१) प्रत्येक स्थानीय तहमा बर, पिपल, समि र चौतारो व्यवस्था मिलाउन एक बर, पिपल, समी र चौतारो संरक्षण समिति रहनेछ ।

(२) उपदफा(१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| क) | स्थानीय तहको प्रमुख वा अध्यक्ष | - संयोजक |
| ख) | स्थानीय तहको प्रमुख वा अध्यक्षले तोकेका एक जना महिला सहित दुइजना वडा अध्यक्ष/सदस्य | -सदस्य |
| ग) | स्थानीय समाजसेवी बाटएक जना महिला सहित दुई जना | - सदस्य |
| घ) | स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

(३) समितिले आफ्नो कार्यविधि आफै तयार गर्नेछ ।

(४) बर, पिपल, समी र चौतारो संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सार्वजनिक उद्देश्य वा पूर्वाधार निर्माणका आयोजनामा प्रयोग गर्ने बाहेक व्यक्तिगत प्रयोजनका लागि साविक देखी रहिआएका बर, पिपल, समि र चौतारो मास्न, नास्न बिगार्न नपाइने,

(ख) संरक्षणको उचित व्यवस्था मिलाउने,

(ग) बर, पिपल, समी बुढो, पुरानो भएर जोखिमपुर्ण भएमा हाँगा काट्ने, मिलाउने वा अन्य व्यवस्था मिलाउने,

(घ) बर, पिपल, समि र चौतारोको आसपसका क्षेत्रमा नियमित सरसफाईको प्रबन्ध मिलाउने,

(ङ) सार्वजनिक स्थलमा बर, पिपल, समीको रुख रोप्न वा चौतारो बनाउन प्रवर्द्धनात्मक कार्य गर्ने,

(च) संरक्षण र व्यवस्थापन सम्बन्धमा मन्त्रालयलाई राय, सल्लाह, सुझाव दिने,

(छ) बर, पिपल, समि रोप्ने तथा चौतारो पोखरी निर्माणमा महत्वपूर्ण भुमिका निर्वाह गर्न व्यक्तिको नाम उल्लेख गरी राख्न अनुमति दिने,

(ज) व्यक्ति, संस्था वा आयोजनासँग संरक्षण सम्बन्धमा आवश्यक समन्वय गर्ने,

(झ) चौतारो वा वृक्षको एतिहासिकता र बैज्ञानिक नाम सहिको विवरण सार्वजनिक गर्ने,

(ञ) मन्त्रालयले तोकेका अन्य कार्य गर्ने ।

**१०. बर, पिपल, समि र चौतारो संरक्षण कोष**

(१) बर, पिपल, समि र चौतारो तथा पोखरीको संरक्षणको लागि प्रत्येक स्थानीय तहमा एक संरक्षण कोष स्थापना गर्न सकिनेछ ।

**(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ**

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,
तर विदेशी व्यक्ति वा संघ संस्थाबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानुन बमोजिम अनुमति लिनुपर्नेछ ।

(ग) बर, पिपल, समि र चौतारोबाट प्राप्त आम्दानी ।

**(३) कोषको रकम देहायको कामको लागि उपयोग गरीनेछ :-**

(क) बर, पिल, समि रोप्न

(ख) चौतारो निर्माण गर्न

(ग) बर, पिपल, समी र चौतारो वरिपरि कुवा, कुण्ड, पोखरी निर्माण गर्न,

(घ) जीर्ण अवस्थामा रहेको चौतारो तथा कुवा, कुण्ड, पोखरी मर्मत सम्भार गर्न ।

(४) कोषको रकम उपदफा (३) मा उललेख भए बाहेक अन्य काममा उपयोग गर्न सकिने छैन ।

**११. जग्गा स्वीकार गर्न सकिने**

(१) कुनै व्यक्ति वा संस्थाले बर, पिपल, समी रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्न आफ्नो हक, भोगको जग्गा दान गर्न वा अन्य कुनै किसिमले स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा(१) बमोजिम स्थानीय तहमा प्राप्त भएको जग्गा स्थानीय तहले बर, पिपल, समी रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्ने बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाउने छैन ।

## परिच्छेद-४ : बिविध

**१२. दण्ड सजाय :**

(१) यस ऐन विपरितको काम कारवाही गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।

**१३. सूचना तथा प्रतिवेदन**

(१) यस ऐन बमोजिम दर्ता गरीएका बर, पिपल, समि र चौतारो को अधावधिक विवरण आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) मन्त्रालयले समय समयमा अधिकृत सहितको टोली खटाई एस ऐन बमोजिम दर्ता भएका बर, पिपल, समी र चौतारोको निरीक्षण तथा संरक्षणको व्यवस्था सम्बन्धमा अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा(३) बमोजिम खटिएको टोलीबाट प्राप्त प्रतिबेदनमा औंलाइएका सुझावहरु कार्यन्वयन गर्न मन्त्रालयले स्थानीय तहमा पठाउन सक्नेछ ।

**१४. करार सम्बन्धी व्यवस्था :**

स्थानीय तहले बर, पिपल,समि रोप्न वा चौतारो, पोखरी निर्माण गर्न वा बर, पिपल, समि र चौतारोको संरक्षण गर्न कुनै व्यक्ति वा संस्था संग करार गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**१५. नियम बनाउने अधिकारी :**

यो ऐनको उद्देश्य कार्यन्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

## अनुसुची-१
## दर्ता किताबको ढाँचा

(दफा ४ को उपदफ (४) सँगसम्बन्धित्)

**बर, पिपल, समि र चौतारो दर्ता किताब**

| दर्ता नं. | नाम | ठेगाना | कित्ता नं. | बर, पिपल, समि र चौतारो वर्गिकरण संकेत | | | | रोपण/ निर्माणकर्ता सम्पक | स्थापना मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आकार संकेत नं. | प्रकार संकेत नं | संस्कार संकेत नं. | रोपण/ निर्माणकर्ता सम्पर्क | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |

**नोट :**

महल १ : जिल्ला, स्थानीय तह र वडा खुल्ने गरी दर्ता नं. प्रदान गर्ने

महल २ : चलनचल्तीको नाम उल्लेख गर्ने । अन्य नाम भए सोको समेत उल्लेख गर्ने

महल ३ : जिल्ला, स्थानीय तह, वडा नं. र ठाउँको नाम उललेख गर्ने । साथै भौतिक सूचना प्रणाली अनुसार अक्षांश, देशान्तर र उचाई (मि.) उल्लेख गर्ने ।

महल ४ : सम्बन्धित जग्गाको कित्ता नं. उल्लेख गर्ने ।

महल ५ : आकारः

क) पाटो १. चारकुने चौतारी २. वृत्ताकार चौतारी ३. अन्य(उल्लेख गर्ने)

ख) पेटी १. एक पेटी २. दुई पेटी ३. तीन पेटी ४. अन्य(उल्लेख गर्ने)

महल ६ : क. बर, पिपल, समि, नारेश्वर, लाकुरी, कदम, धुपीवा वा आदी मात्र भएको

क. बर र पिपल भएको

ख. बर, पिपल र समी वा बर, पिपल र नारेश्वर वा यस्तै भएको

ग. वृक्ष, चौतारी, पोखरी र पैवा भएको

घ. अन्य(उललेख गर्ने)

महल ७ : संस्कार

क. सांस्कृतिक उद्देश्यले(कल्प/भाकल),

ख. सामाजिक उद्देश्यले(विश्राम/कचहरी)

ग. कृति स्मारक ध्येयले(चौतारी, पौवा र पोखरी)

घ. अन्य(उल्लेख गर्ने)

महल ८ :रोपण/निर्माण कर्ताः

क. एकल पारिवारिक प्रयासमा,

ख. सामाजिक प्रयासमा,

ग. राजकीय प्रयासमा

घ. अन्य(उल्लेख गर्ने)

# ताल संरक्षण तथा विकास प्राधिकरणसम्बन्धी ऐन–२०७५

**प्रस्तावना :** गण्डकी प्रदेशका ताल तथा तालको जलाधार क्षेत्रको संरक्षण तथा दिगोउपयोग गरी जैविक बिविधताको संरक्षण, वातावरणीय सेवा, पर्या-पर्यटन प्रवर्द्धन तथा स्थानीय जनताको जीविकोपार्जनमा योगदान पुर्याउनका लागि अधिकार सम्पन्न ताल संरक्षण तथा विकास प्राधिकरणको स्थापना गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५" रहेको छ ।

(२) योऐन गण्डकी प्रदेश भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्ररम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलाग्ने यस ऐनमा –**

(क) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम स्थापना भएको ताल संरक्षण तथा विकास प्राधिकरण सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको कार्यकारी समिति सम्भनु पर्छ

(ग) "अध्यक्ष" भन्नाले समिति को अध्यक्ष सम्झनु पर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले दफा ७ वमोजिम उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "कार्यकारी प्रमुख" भन्नाले दफा १४ वमोजिम कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(च) "सदस्य " भननाले भन्नाले समिति को सदस्य सम्झनु पर्छ र सो शब्द समितिको अध्यक्ष, उपाध्यक्ष, तथा सदस्य-सचिव समेतलाई जनाउने छ ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ज) "ताल" भन्नाले चारैतिरबाट जमिनले घेरिएको क्षेत्रमा जम्मा भएको पानी सो पानीले ओगटेको क्षेत्र वा चारकिल्ला भित्रको सम्पूर्ण जमिनलाई जनाउँदछ । सो शब्दले पोखरी, जलासाय, कुण्ड दह समेतलाई सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र यस अर्न्तगत तबनेको नियम र विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

**३. प्राविधिकरण स्थापना :**

(१) गण्डकी प्रदेशमा एक ताल संरक्षण तथा विकास प्राधिकरण स्थापना हुनेछ ।

(२) प्राधिकरणको कार्यालय गण्डकी प्रदेशको कार्यालय पोखरामा रहनेछ ।

**४. प्राधिकरण संगठित संस्था हुने :**

(१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशाशिर्त र संगठित संस्था हुनेछ ।

(२) प्राधिकरणको काम कारवाहिका लागी आफ्नो छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पती प्राप्त गर्न, उपभोग गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) प्राधिकरणले अचल सम्पती बेचबिखन गर्नु परेमा प्रचलित कानुन बमोजिम प्रदेश सरकारको पुर्व स्वीकृती लिनुपर्दछ ।

(५) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुरी गर्न र प्राधिकरण उपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ ।

**५. प्राधिकरणको उद्देश्य :** प्राधिकरणको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) प्रदेशमा अवस्थित ताल र तालको जलाधार क्षेत्रको संरक्षण, पुर्नस्थापन र प्रभावकारी व्यवस्थापन गरी जैविक बिविधता र वातावरण संरक्षण गर्ने,

(ख) ताल क्षेत्रको नक्शाङ्कन गर्ने, अतिक्रमण हटाउने तथा रोक्ने,

(ग) तालजन्य स्रोतहरुको दिगो तथा वुद्धिमत्तापूर्ण उपयोग गरी त्यस्ता स्रोतमा आश्रित समुदायको समृद्धिमा टेवा पुर्याउने,

(घ) ताल क्षेत्रको दिगो व्यवस्थापन, पर्यापर्यटन तथा जलपर्यटन प्रवर्द्धन एवं सरोकारवालाहरुको ज्ञान र क्षमता अभिवृद्धि गर्ने,

(ङ) ताल क्षेत्रको संरक्षण नव निर्माण र दिगो उपयोग सम्बन्धी निति निर्माण र तत्सम्बन्धी योजना तर्जुमाको लागि प्रदेश सरकारलाई आवश्यक सहयोग पुर्याउने ।

**६. प्राधिकरणको काम, कर्तव्य र अधिकार**

**(१) प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) स्थानीय राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका ताल क्षेत्रहरुको पहिचान गर्दै पर्यावरणीय, सामाजिक, साँस्कृतिक, आर्थिक तथा पर्यटकीय महत्वका आधारमा प्राथमिकिकरण गरी त्यस्ता क्षेत्रहरुको संरक्षण, पुर्नस्थापन गर्ने,

(ख) ताल क्षेत्रको अतिक्रमण हटाई ताल क्षेत्र पुर्नस्थापन गर्ने,

(ग) तालले ओगटेको क्षेत्र तथा तालको जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्नका लागि मापदण्ड तयार गरी लागू गर्ने र सो सम्बन्धी उत्पन्न विवादहरुको समाधान गर्ने,

(घ) आवश्यकताका आधारमा ताल पर्यावरणको संरक्षण गर्ने र घरेलु तथा औद्योगिक प्रदुषणबाट तिनको संरक्षण गर्ने,

(ङ) रैथाने जिवजन्तु तथा वनस्पतिहरुका प्रजातीलाई विस्थापित वा विनास गर्ने वा एक ठाउँबाट अर्को ठाउँमा छिटो विस्तारहुने बाह्य मिचाहा प्रजाती र अन्य हानिकारक जिवाणुहरुको प्रभावकारी नियन्त्रण गर्ने,

(च) भौतिक सूचना प्रणाली -जियोग्राफिकल इन्फरमेसन सिस्टम) मा वातावरणीय योजना र ताल क्षेत्रको नक्साङ्कन गर्ने,

(छ) अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन आवधिक योजना बनाई कार्यन्वयन गर्ने गराउने,

(ज) तालको दिगो व्यवस्थापनको लागि जलाधार व्यवस्थापनका कार्यहरु ऐकिकृत रुपमा सञ्चालन गर्ने गराउने,

(झ) तालको जलाधार क्षेत्रमा सञ्चालन भैरहेको विकास निर्माणका कार्यहरुको नियमित अनुगमन गरी ताल पुरिन र मासिनबाट जोगाउने,

(ञ) ताल तथा तालको जलाधार क्षेत्रको पर्यावरणीय प्रभावको अध्ययन गर्ने,

(ट) तालको पानीको गुणस्तर कायम गर्न नियमन र सुधार गर्ने,

(ठ) जलवायु परिवर्तनका कारणले ताल क्षेत्रमा पर्ने असर सम्बन्धी समस्याको पहिचान गरी असर न्यूनिकरण र अनुकुलनका लागि आवश्यक काम गर्ने,

(ड) तालको पानीलाई पिउने पानी , पर्यापर्यटन तथा जलपर्यटन विकास , व्यवसायिक मत्स्य पालन, सिंचाइ, जलविद्युत, अध्ययन, अनुसन्धान, जल यातायात, जल मनोरञ्जन र अन्य प्रयोजनका लगि प्रयोग गर्न अनुमति दिने,

(ढ) ताल तथा तालको जलाधार क्षेत्रसँग सम्बन्धित जल तथा भू-उपयोग योजना निर्माण, संरक्षण, सदुपयोग तथा व्यवस्थापनमा सहयोग पुर्याउन राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ निकाय,

विश्वबिद्यालयसँग सहकार्य र समन्वय गरी अध्ययन अनुसन्धान गर्ने,

(ण) ताल क्षेत्रमा रहेका वा आगन्तुक जिवजन्तु र वनस्पतिका प्रजातीको संरक्षण गर्न सम्बद्ध निकायहरुबीच सूचना आदान-प्रदान, साझेदारी र समन्वय गर्ने,

तर अन्तराष्ट्रिय निकाय सँग सहकार्य गर्दा प्रदेश सरकारको अनुमति लिनुपर्ने ।

(२) प्राधिकरणले ताल संरक्षणसँग सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्नुपर्नेछ ।

**७. कार्यकारी समिति**

(१) यस ऐन बमोजिम प्रधिकरणलाई तोकिएको काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गर्न गराउन एक कार्यकारी समिति रहनेछ ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| (क) | मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| (ख) | गण्डकी प्रदेश भित्र रहेका स्थानीय तहका प्रमुखहरु मध्येबाट प्रदेश सरकारले मनोनित गरेको एक जना | उपाध्यक्ष |
| (ग) | सचिव मुख्यमन्त्री तथा मन्त्रिपरिसदको कार्यालय | सदस्य |
| (घ) | सचिव उद्योग, पर्यटन, वन तथा वातावाण मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| (च) | सचिव, भौतिक पुर्वाधार विकास मन्त्रालय | सदस्य |
| (छ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ज) | प्रमुख, नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको सम्बन्धित महाशाखा | सदस्य |
| (झ) | निर्देशक, वन निर्देशनालय, गण्डकी प्रदेश | सदस्य |
| (ञ) | ताल क्षेत्रमा आश्रित भई जिविकोपार्जन गर्ने समुदाय वा सरोकारवाला संघ संस्थाका प्रतिनिधि कम्तीमा एक जना महिला सहित दुईजना प्रदेश सरकारबाट मनोनित | सदस्य |
| (ट) | वन-वातावरण, भू तथा जलाधार र पर्यटनका विषय विज्ञ कम्तिमा एक महिला सहित तीन जना प्रदेश सरकारबाट मनोनित | सदस्य |
| (ठ) | कार्यकारी प्रमुख, प्राधिकरण | सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (ञ) र (ट) बमोजिमका सदस्यको पदावधि दुई बर्षको हुनेछ ।

(४) सम्बन्धित स्थानीय तहको प्रमुख र कुनै बिषय विज्ञ वा पदाधिकारीको आवश्यकता परेका आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ ।

**८. समितिको बैठक**

१. समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

२. समितिको सम्पूर्ण सदस्य संस्थाको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

३. समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरीनेछ ।

४. समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. उप–समिति गठन गर्न सक्ने**

१. समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उप समिति गठन गर्न सक्नेछ ।

२. उप समितिको काम कर्तव्य अधिकार कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**१०. स्थानीय ताल संरक्षण समिति :**

१. आवश्यकता अनुसार स्थानीय तहमा ताल क्षेत्रको संरक्षण र विकासको लागि स्थानीय ताल संरक्षण समिति गठन गर्न सकिने छ ।

२. उपदफा १ बमोजिम समितिको गठन काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११ प्राधिकरणको कोष**

१. प्राधिकरणको छुट्टै कोष हुनेछ ।

२. प्राधिकरणको कोषमा दहायका रकमहरु रहने छन ।

(क) संघ, प्रदेश र स्थानीय सरकारबाट प्राप्त अनुदान रकम

(ख) विभिन्न दातृ संस्थाहरुबाट प्राप्त हुने अनुदान रकम

(ग) अन्य स्रोत बाट प्राप्त रकम

३. विदेशी सरकार वा अन्तराष्ट्रिय संस्थाहरुबाट अनुदान वा ऋण लिदा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

४. प्राधिकरणलाई प्राप्त हुने सबै रकम प्रदेश भित्रको कुनै बैकमा खाता खोली जम्मा गरीनेछ ।

५. प्राधिरण द्धारा गर्नु पर्ने सबै खर्चहरु उपदफा १ बमोजिमको कोष बाट व्यहोरिनेछ ।

६. ताल संरक्षण तथा विकास प्राधिकरण कोषको संञ्चालन तोकिए बमोजिम हुनेछ ।

**१२. लेखा र लेखा परीक्षण**

१. प्राधिकरणको आय व्ययको लेखा प्रदेश सरकारले अपनायको लेखा प्रणाली बमोजिम रहनेछ ।

२. प्राधिकरणको लेखा परीक्षण, महालेखा परीक्षण वा महालेखा परीक्षक बाट अनुमति प्राप्त रजिष्ट्रर अडिटरबाट हुनेछ ।

**१३. अधिकार प्रत्यायोजना**

समितिले यस ऐन बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार प्राधिकरणको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. कार्यकारी प्रमुख**

१. प्राधिकरणको दैनिक प्रशासन सञ्चालन र प्राधिकरणको कार्य सम्पादन गर्न प्राधिकरणमा एक कार्यकारी प्रमुख रहनेछ ।

२. कार्यकारी प्रमुख प्राधिकरणमा पुरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ निजको पारिश्रमिक र अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

३. देहायको योग्यता पुगेको नेपाली नागरीक कार्यकारी प्रमुख पदमा प्रतिस्पर्धाको आधारमा नियुक्त हुन सक्ने छ :-

क) मान्यता प्राप्त शिक्षण सस्था बाट वन वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन, प्राणि शास्त्र, बनस्पती शास्त्र वा वातावरण विषयमा स्नातकोत्तर गरी सम्बन्धित् क्षेत्रमा कम्तीमा १० बर्षको अनुभव भएको वा सोही बिषयमा विद्यावारिधी उपाधि हासिल गरी सम्बन्धित् क्षत्र मा कम्तीमा ५ बर्षको अनुभव भएको ।

(ख) पचपन्न बर्ष उमेर ननाघेको ।

४. कार्यकारी प्रमुखको नियुक्तिका लागि प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यलयका सचिव र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव सदस्य रहेको एक छनौट समितिको गठन गर्नेछ

र त्यस्तो समितिले प्रतिष्पर्धाको आधारमा तोकि बमोजिमको कार्यविधि पूरा गरी कार्यकारी प्रमुखको नियुक्तीका लागि तीन जना व्यक्तिको नाम प्रदेश सरकारमा सिफारिस गर्नेछ ।

५. उपदफा ४ बमोजिम सिफारिस भएका व्यक्तिहरु मध्ये एक जनालाई प्रदेश सरकारले कार्यकारी प्रमुख पदमा नियुक्त गर्नेछ ।

६. कार्यकारी प्रमुखको पदावधि ४ बर्षको हुनेछ र निज अर्को १ अवधिका लागि पुन नियुक्त हुन सक्नेछ ।

७. देहायका अवस्थामा कार्यकारी प्रमुखको पद रिक्त हुनेछ ।

क. निजले आफ्नो पदवाट प्राधिकरण समक्ष राजिनामा दिएमा,

ख. निजको मृत्यु भएमा,

ग. निजको कार्यसम्पादनको स्तर सन्तोषजनक नभई प्रदेश सरकारले हटाएमा,

घ. निजको पदावधि पूरा भएमा

८. उपदफा ७ को खण्ड (ग) बमोजिम प्रदेश सरकारले कार्यकारी प्रमुखलाई निजको पदबाट हटाउनु अघि सफाईको उचित मौका दिनुपर्नेछ ।

**१५. कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार**

१. कार्यकारी प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. प्राधिकरणको बैठकमा पेश गरीने प्रस्तावहरुको सूची तयार गर्ने

ख. प्राधिकरणमा प्राप्त भएका प्रस्तावहरुको सूची तयार गरी मूल्याङ्कन सहित प्राधिकरण समक्ष पेश गने ।

ग. प्राधिकरण बाट भएका निर्णय तथा निर्देशन कार्यन्वयन गर्ने,

घ. प्राधिकरण तथा कार्यलयको वार्षिक बजेट र कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि प्राधिकरण समक्ष पेश गर्ने,

ङ. प्राधिकरणबाट कार्यान्वयनका लागि स्वीकृत परियोजनाहरुको कार्यान्वयनको अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने वा गराउने ।

२. कार्यकारी प्रमुखको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१६. प्राधिकरणको कर्मचारी** : प्राधिकरणको कार्य संञ्चालनको निमित्त आवश्यक कर्मचारी प्रदेश सरकारल व्यवस्था गर्नेछ ।

**१७. प्रतिवेदन पेस गर्नुपर्ने** : प्राधिकरणले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक बर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ ।

**१८. यसै ऐन बमोजिम हुने** : यस ऐनमा उल्लेख भएका कुरामा यसै ऐन वमोजिम र ऐनले नसमेटेका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१९. निर्देशन दिन सक्ने** : प्रदेश सरकारले प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनका पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

**२०. प्रदेश सरकारसंग सम्पर्क** : प्राधिकरणले प्रदेश सरकार संग सम्पर्क राख्दा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

**२१. प्राधिकरणको विघटन**

१. कुनै मनासिव माफिकको कारणबाट प्राधिकरणलाई खारेज गर्नेगरी प्रदेश सरकारले निर्णय गरेमा प्राधिकरण बिघटन हुनेछ ।

२. उपदफा १ बमोजिम प्राधिकरण विघटन भएमा प्राधिकरणको सबै सम्पत्ति हक र दायित्व प्रदेश सरकारमा सर्नेछ ।

**२२. नियम, विनियम र कार्यविधि बनाउने अधिकार**

१. यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२. यस ऐन र यस ऐन अर्न्तगत बनेको नियमको अधिनमा रही प्राधिकरणले आवश्यक विनियम र कार्यविधि बनाउन सक्नेछ ।

# उद्योग दर्ता पुँजीगत सीमा, बौद्धिक सम्पत्ति र अनुमति लिनुपर्ने उद्योगको IEE/EIA गर्ने प्रक्रिया तथा मार्गदर्शन

**१. भूमिका**

उद्योग विभागको च.न. २४२ मिति २०७५।६।१८ को पत्रसाथ नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७५।६।१२ च.न. ७१६ को पत्रानुसार सो मन्त्रालयको मिति २०७५।६।९ को नेपाल सरकार सचिवस्तर निर्णय बमोजिमल साविक घरेलु तथा साना उद्योग विभागले सम्पादन गरीएका कार्यहरु अबदेखि प्रदेशस्तरीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा अन्तर्गतको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मार्फत गर्न गराउन भनी जानकारी प्राप्त भएको । यसरी साविक घरेलु तथा साना उद्योग विभागले गर्नुपर्न कार्यहरुमध्ये उद्योग प्रशासनसम्बन्धी कार्यहरु पनि पर्ने र उद्योग प्रशासन कार्यमा उद्यमीहरुले गर्ने उद्योग दर्ता, नवीकरण, ठाँउसारी, नामसारी, खारेजी, पूँजीबृद्धि लगायतका कार्यहरु पर्दछन् । सो काम अन्तर्गत अनुमति लिनुपर्ने कतिपय उद्योगहरुको हकमा औद्योगिक व्यवसाय ऐन २०७३ को दफा ५(२) अनुसार उद्योग दर्ता गरीसके पछि नियमानुसार प्रारम्भिक वातवरणको परीक्षण (InitialEnviromental Examinatoin – IEE ) तथा  वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment - EIA) गर्नुपर्नेअवस्था रहन्छ । साथै सोही ऐनको को दफा १५ अनुसार उद्योगलाई लघु, घरेलु, साना, मझौला र ठूला उद्योग गरी ५ प्रकारमा वर्गीकरण गरीए बमोजिम लघु उद्योगको उद्योग प्रशासनसम्बन्धी कार्य र साना उद्योगको हकमा रु. ५ करोडसम्म स्थिर पूँजी कायम भएका उद्योगको उद्योग प्रशासन सम्बन्धी कार्य उद्याग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय अन्तर्गतका कार्यालयहरुबाट सम्पादन हुँदै आएको छ भने मझौला र ठूला उद्योगको उद्योग प्रशासन सम्बन्धी कार्य तथा बौद्धिक सम्पतिमध्ये पेटेण्ट, डिजाइन तथा ट्रेडमार्क संरक्षण सम्बन्धी कार्य हालसम्म नेपाल सरकार उद्योग विभागमार्फत सम्पादन हुँदै आएको छ। यसरी माथि उल्लेखित कार्यहरुमध्ये सबै प्रकारका उद्योगको उद्योग प्रशासन कार्य र बौद्धिक सम्पत्तिमध्ये पेटेण्ट, डिजाइन तथा ट्रेडमार्क संरक्षण सम्बन्धी तथा IEE/ EIA  गर्नुपर्ने उद्योगको हकमा देहाय बमोजिम गर्नु उपयुक्त देखिएकोले यस प्रदेशको सो सम्बधी प्रदेश ऐन/नियमावली आए पछि सोही अनुसार हुने गरी हाललाई यो मार्गदर्शन तयार गरीएको छ ।

**२. परिभाषा** :  विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

१. “कार्यालय” भन्नाले घरेलु तथा साना उद्योग कार्यालय सम्झनुपर्छ। जुन शब्दले घरेलु तथा साना उद्योग विकास समिति समेतलाई बुझाउँछ ।

२. “निर्देशनालय” भन्नाले उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनुपर्छ ।

३. “मन्त्रालय” भन्नाले उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

४. “नियमावली” भन्नाले वातावरण संरक्षण नियमावली, २०५४ (संशोधन समेत) लाई  सम्झनुपर्छ ।

५. "IEE" भन्नाले Initial Environmental Examination (प्रारम्भिक वातावरणीय परीक्षण) सम्झनुपर्छ ।

६. "EIA" भन्नाले Enviromental Impact Assessment (वातावरणीय प्रभाव मूल्यांकन) सम्झनुपर्छ ।

७. "IEE स्वीकृत तथा EIA क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिवेदन तयारी समिति” भन्नाले यसै मार्गदर्शनको बुदाँ नं. ८(१) अनुसार गठित समितिलाई सम्झनुपर्छ ।

८. "IEE स्वीकृत सिफारिस समिति” भन्नाले यसै मार्गदर्शनको बुदाँ नं. ८(२)  अनुसार गठित समितिलाई सम्झनुपर्छ ।

**३. लघु, घरेलु तथा साना उद्योगको उद्योग प्रशासन र पुँजीगत सीमा सम्बन्धमा :**

लघु तथा घरेलु उद्योगको उद्योग प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु र साना उद्योगको हकमा ५ करोड रुपैयाँसम्म स्थिर पूँजी कायम भएका उद्योगहरुको उद्योग प्रशासन सम्बन्धी तोकिएका सम्पूर्ण कार्यहरु कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने । सो भन्दा माथि ८ करोड रुपैयाँसम्म स्थिर पूँजी कायम भएका साना उद्योगको हकमा कार्यालयले उद्योग दर्ता गर्नु अघि निर्देशनालयको र ८ करोडभन्दा माथि रु. १० करोडसम्म मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने ।

**४. मझौला तथा ठूला उद्योगको उद्योग प्रशासन तथा बौद्धिक सम्पत्ति (पेटेण्ट, डिजाइन तथा ट्रेडमार्क) संरक्षण सम्बन्धमा**

मझौला तथा ठूला उद्योगको उद्योग प्रशासन तथा बौद्धिक सम्पति (पेटेण्ट, डिजाइन तथा ट्रेडमार्क) संरक्षण दर्ता सम्बन्धमा निर्देशनालयले मन्त्रालय वा प्रदेश सरकारको स्वीकृतिमा छुट्टै कार्यविधि बनाई कार्य सम्पादन गर्न सक्नेछ ।

**५. IEE / EIA स्वीकृत गर्ने निकाय**

IEE /EIA स्वीकृत गर्ने सम्बन्धमा तत्कालिन उद्योग मन्त्रालयको प.स. वाता -/०५५/५६/१०२ च.न. ३६८१ मिति ०५५।१२।२९ को पत्रानुसार वातावरण संरक्षण नियमावली २०५४ (संशोधनसमेत) को नियम ५२(१) मा भएको प्रावधान बमोजिम मिति ०५५।१२।२६ को नेपाल सरकार मन्त्रिस्तरीय निर्णयलाई आधार मानी IEE स्वीकृत गर्ने निकाय निर्देशनालय र EIA स्वीकृत गर्ने निकाय मन्त्रालयको सिफारिसमा संघीय वन तथा वातावरण मन्त्रालय हुनेछ ।

**६. IEE गराउनु पर्ने उद्योगको IEE प्रतिबेदन तयार गर्ने तथा स्वीकृत गर्ने प्रकृया**

IEE गर्नुपर्ने उद्योगहरुको हकमा नियमावलीको अनुसुची १ मा उल्लिखित प्रस्ताव कार्यान्वयन गर्नु अघि नियमावलीको अनुसूची ५ मा उल्लेखित ढाँचामा तयार गरी नियम ५ बमोजिम कार्यसूची (TOR) स्वीकृत गराई सो कार्यसूचीको आधारमा सोही नियमावलीको नियम ७ बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा IEE गर्नुपर्ने प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने सम्बन्धित् स्थानीय तह, जिल्ला समन्वय समिति वा सरोकार राख्ने व्यक्ति वा संस्थालाई प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा पन्ध्र दिन भित्र लिखित राय सुझाव दिनको लागि सम्बन्धित स्थानीय तह वा जिल्ला समन्वय समितिको कार्यालय, विद्यालय, अस्पताल र स्वास्थ्य केन्द्रमा सूचना टाँस गरी मुचुल्का तयार गर्नेछ र सोही बमोजिमको पन्ध्र दिने सूचना प्रदेश वा राष्ट्रियस्तरको कुनै एक दैनिक समाचार पत्रमा समेत प्रकाशन गर्नु पर्ने र सो सूचना प्रकाशन भए पछि सो सम्बन्धमा कुनै राय सुझाव प्राप्त हुन आएमा सो राय सुझाव समेतलाई प्रतिवेदनमा समाबेश गरी वातावरण संरक्षण नियमावलीको अनुसूची ५ बमोजिमका कुराहरुसमेत खुलाई IEE प्रतिबेदन तयार गर्नुपर्ने र सोही नियमावलीको नियम १० बमोजिम प्रतिवेदनको १५ प्रति र सम्बन्धित स्थानीय तहको सिफारिस समेत संलग्न गरी उक्त प्रस्ताव स्वीकृतिका लागि उद्योगको स्किम, "ख" फारम, सर्जमिन मुचुल्का, नागरीकताको प्रमाणित प्रतिलिपि आदि समेत संलग्न गरी कार्यालयमा पेश गर्नुपर्ने यसरी प्राप्त प्रतिबेदन माथि कार्यालयले आफ्नो राय सहित यसै मार्गदर्शनको बुदाँ नं. ८.२ बमोजिम IEE स्वीकृतिका लागि गठित IEE सिफारिस समिति समक्ष पेश गर्नुपर्ने र सो समितिले आवश्यक देखे प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत अध्ययन / निरीक्षण समेत गरी स्वीकृत दिन मनासिब देखिए स्वीकृतीको लागि निर्देशनालयमा सिफारिस सहित पठाउनु पर्नेछ । यसरी प्राप्त भएको IEE प्रतिवेदनलाई निर्देशनालयले यसै मार्ग निर्देशनको बुदाँ न. ८.१ बमोजिम गठित समिति समन्वय पेश गरी नियमावलीको नियम ११ को उपनियम (१) बमोजिम स्वीकृती प्रदान गरीने छ । तर, स्वीकृत दिन नमिल्ने भए दिन नमिल्ने आधार र कारणसमेत देखाई सम्बन्धित उद्यमी/प्रस्तावकलाई जानकारी दिने । हाल IEE / EIA गर्नु पर्ने तर साविकमा नपर्ने उद्योगको क्षमता बृद्धि,

उद्देश्य थप, ठाँउसारी गर्ने सम्बन्धमा कार्यालयको राय सहित निर्देशनालयमा पठाउनु पर्ने र वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची १ को (आ) को (ख) अनुसारका मेशिन ,औजार उपकरणमा रु १० लाखभन्दा बढी (कम्पनीको मूल्यमा) लगानी हुने उद्योगको हकमा IEE गर्नुपर्ने छ। साविकमा दर्ता भएका उद्योगहरुको मेशिन, औजार, उपकरणमा रु. १० लाख नाघ्ने गरी पुँजी बृद्धि, क्षमता बुद्धि, ठाँउसारी, उद्देश्य थप गर्नुपर्ने भएमा वातावरण संरक्षण नियमावलीको नियम ७(२) प्रकृया अनुसार IEE गर्नुपर्ने।

तर, सोही नियमावलीको अनुसूची १ को खण्ड (अ), (इ), (उ), (ऊ) (ए), (ए),(ओ, (औ) मा उल्लिखित प्रस्तावको सम्बन्धमा निर्देशनालयबाट IEE प्रतिबेदन स्वीकृत भै आए पछि मात्र तत्सम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न लगाउनु पर्नेछ।

**७. EIA गराउनु पर्ने उद्योगको EIA प्रतिबेदन तयार गर्ने तथा स्वीकृत गर्ने प्रकृया**

EIA गर्नु पर्ने नियमावलीको अनुसूची २ मा उल्लिखित उद्योग दर्ता र प्रस्ताव कार्यान्वयन गर्नु अघि प्रस्तावकले नियमावलीको नियम ४ बमोजिम क्षेत्र निर्धारण (स्कोपिङ्ग) स्वीकृतिको लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गरी सोको आधारमा क्षेत्र निर्धारणको स्वीकृति लिनु पर्ने र सोही नियमावलीको नियम ५ बमोजिम अनुसूची ४ मा उल्लेखित ढाँचामा तयार गरी कार्यसूची स्वीकृत गराई सो स्वीकृत कार्यसूचीको आधारमा सोही नियमावलीको नियम ७ बमोजिम सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्ने र सोही बमोजिमको १५ दिने सूचना प्रदेश वा राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचार पत्रमा समेत प्रकाशन गर्नु पर्नेछ। यसरी सूचना प्रकाशित भए पछि कुनै राय सुझाव प्राप्त भएमा सो समेतलाई प्रतिबेदनमा समाबेश गर्नुपर्ने र प्रस्ताव कार्यान्वयन हुने स्थानीय तहमा एक पटक प्रस्तावका बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नुपर्ने र सो प्राप्त राय सुझाव र नियमावलीको अनुसूची ६ बमोजिमका कुराहरु समेत खुलाई EIA प्रतिबेदनमा समाबेश गर्न लगाउनु पर्नेछ।

यसरी प्रतिबेदन तयार भए पछि सोही नियमावलीको नियम १० बमोजिम प्रतिबेदनको १५ प्रति र सम्बन्धित स्थानीय तहको सिफारिस समेत संलग्न गरी उक्त प्रस्ताव स्वीकृतिका लागि कार्यालयमा पेश गर्नुपर्ने कार्यालयले प्राप्त प्रतिबेदनलाई आवश्यक परे अध्ययन र निरीक्षण गरी निर्देशनालयमा पठाउनु पर्नेछ। निर्देशनालयले सो प्रतिवेदन IEE स्वीकृत गर्ने र EIA सम्बन्धमा क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिबेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ। सो प्रतिबेदन माथि मन्त्रालयले आवश्यक परे अध्ययन निरीक्षण समेत गरी आफ्नो राय सहित EIA स्वीकृतीका लागि संघीय वन तथा वातावरण मन्त्रालयमा पेश गर्नु पर्नेछ। यसरी प्राप्त भएको प्रतिबेदनमा सोही नियमावलीको नियम १० बमोजिमको प्रक्रिया पुऱ्याई प्राप्त प्रस्तावलाई मन्त्रालयले आवश्यक देखिएमा अध्ययन तथा स्थलगत निरीक्षणसमेत गरी स्वीकृतिको लागि संघीय वन तथा वातावरण मन्त्रालयमा पठाउनु पर्ने र वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत प्राप्त भएपछि EIA प्रस्ताव कार्यान्वयनमा आउनेछ।

**८. IEE स्वीकृत तथा EIA क्षेत्र निर्धारण (Scoping), कार्यसूची (TOR) प्रतिबेदन तयारी समिति, IEE स्वीकृत तथा EIA सिफारिस समिति :- देहाय बमोजिम हुने छन्।**

**१. IEE स्वीकृत तथा EIA क्षेत्र निर्धारण (Scoping), कार्यसूची (TOR) प्रतिबेदन तयारी समिति :**

| | | |
|---|---|---|
| १. | निर्देशक, निर्देशनालय | - संयोजक |
| २. | प्रतिनिधि, वातावरण शाखा, मन्त्रालय | - सदस्य |
| ३. | प्राविधिक शाखा अधिकृत (तह ६/७), निर्देशनालय | - सदस्य |
| ४. | प्रमुख प्रतिनिधि दर्ता ईजाजत शाखा, निर्देशनालय | - सदस्य |
| ५. | शाखा प्रमुख, वातावरण शाखा, निर्देशनालय | - सदस्य सचिव |

**२. IEE सिफारिस समिति :**

१. कार्यालय प्रमुख कार्यालय - संयोजक
२. अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य
३. प्रमुख वातावरण शाखा सदरमुकाम स्थित स्थानीय तह - सदस्य
४. प्रमुख/प्रतिनिधि जिल्ला स्थित वातावरण सम्बन्धी काम गर्ने सरकारी तथा गैर सरकारी निकाय (सयोजकले तोक्ने) -सदस्य
५. प्रमुख उद्योग प्रशासन शाखा कार्यालय - सदस्य सचिव

# औद्योगिक ग्राम सम्बन्धी मापदण्ड एवम् स्थापना तथा विकास कार्यविधि–२०७५

**प्रस्तावना:**

औद्योगिक व्यवसाय ऐन २०७३ मा औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको देशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमको मापदण्डका अधिनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक कोरिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गरी तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्ने व्यवस्था छ। साथै गण्डकी प्रदेशको आर्थिक बर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम र बजेटमा संघ र स्थानीय तहसंगको सहकार्यमा एक स्थानीय तह एक उद्योग ग्राम स्थापनाको लागि सम्भावना अध्ययन, बिस्तृत परियोजना प्रतिवेदन तयारी र पूर्वाधार निर्माण गर्ने उल्लेख भएको छ।

उपरोक्त पृष्ठभूमिमा स्थानीय स्रोत साधन, कच्चापदार्थ, प्रविधि र सीपको परिचालन गरी स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योग स्थापना, विकास र प्रवर्द्धनमा लगानी वृद्धि गरी रोजगारी सिर्जना गर्न साथै उद्योग स्थापनाका लागि स्थान अभाव तथा आवश्यक सेवा सुविधा अभाव लगायत विभिन्न वाधा अवरोधलाई सम्बोधन गर्न पर्याप्त सम्भावना र अवसर उपलब्ध भएका स्थानीय तहमा औद्योगिक ग्रामको स्थापना, सञ्चालन तथा व्यवस्थापन र प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद –एक : प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "औद्योगिक ग्राम संबन्धी मापदण्ड एवम् स्थापना तथा विकास कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि गण्डकी प्रदेश सरकारले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "औद्योगिक ग्राम" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुन बमोजिम उद्योग स्थापनाको लागि आवश्यक न्यूनतम् सामान्य सुविधा तथा पूर्वाधार सुबिधा उपलव्ध विकशिर्त प्लट तथा प्लटहरु भएको क्षेत्र सम्झनु पर्छ।

(ख) "औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुन" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी ऐन, २०७३ वा सोमा भएको संशोधन तथा प्रदेश स्तरमा जारी हुने प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धी कानून सम्झनु पर्छ।

(ग) "लघु उद्यम" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १५ (क) बमोजिम स्थापित उद्योगलाई सम्झनु पर्छ।

(घ) "घरेलु उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १५ (ख) बमोजिम स्थापित उद्योगलाई सम्झनु पर्छ।

(घ) "साना उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १५ (ग) बमोजिम स्थापित उद्योगलाई सम्झनु पर्छ।

(ङ) "उद्योग" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून अनुसार दर्ता भई औद्योगिक ग्रामभित्र स्थापना तथा सञ्चालन हुने लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योग सम्झनु पर्छ ।

(च) "स्थानीय तह" भन्नाले महानगरपालिका, उप महानगरपालिका, नगरपालिका तथा गाउँपालिका सम्झनुपर्छ ।

(छ) "कार्यालय" भन्नाले औद्योगिक ग्रामको सञ्चालन र व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी भएको स्थानीय तह मातहत रहने औद्योगिक ग्राम व्यवस्थापन ईकाइ सम्झनु पर्छ ।

(ज) "सामान्य सुविधा" भन्नाले औद्योगिक ग्राम भित्रका सम्पूर्ण उद्योग तथा निकायहरुले सामुहिक रुपमा प्रयोग गर्ने सभाहल, क्यान्टिन, अग्नि नियन्त्रण, आदि सुबिधा समेत सम्झनु पर्छ ।

(झ) "पूर्वाधार सुविधा" भन्नाले औद्योगिक ग्राम स्थापना, विकास, सञ्चालन र संरक्षण तथा संवर्द्धन गर्न आवश्यक सडक, पानी, विद्युत प्रसारण लाईन, आदि जस्ता सुबिधासमेत सम्झनु पर्छ ।

(ञ) "संघिय मन्त्रालय" भन्नाले नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनु पर्छ ।

(ठ) "दुर्गम पहाडी क्षेत्र" भन्नाले प्रचलित कानुन अनुसार नेपाल सरकारले तोकेका दुर्गम क्षेत्रलाई सम्झनु पर्छ ।

(ड) "घना मानव वस्ती" भन्नाले १००० घरधुरी वा सो भन्दा वढी बस्ती भएको क्षेत्रलाई सम्झनु पर्छ।

(ढ) "विशेष वस्तु उत्पादन क्षेत्र" भन्नाले एकै प्रकृतिका उद्योगहरु मात्र रहने गरी स्थापना भएको औद्योगिक ग्राम सम्झनु पर्छ।

(ण) "विकास" भन्नाले औद्योगिक ग्रामको विस्तृत परियोजना प्रस्ताव अनुसार भौतिक पूर्वाधार लगायतका सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी उद्योग स्थापना र सञ्चालन गर्न सकिने अवस्था समेत सम्झनु पर्छ ।

## परिच्छेद –दुई : औद्योगिक ग्राम स्थापनाको मापदण्ड

### ३. औद्योगिक ग्रामको लागि मापदण्ड निर्धारण

(१) औद्योगिक ग्राम स्थापनाका लागि उपयुक्त जग्गाको छनोट गर्दा देहायका मापदण्ड पूरा भएको स्थान छनोट गर्नु पर्नेछ। मापदण्डको आधार निम्न हुनेछन् :

**(क) औद्योगिक ग्रामको स्थापनाको लागि जग्गाको न्यूनतम क्षेत्रफल**

(१) हिमाली तथा विकट पहाडी क्षेत्रमा ७५ रोपनी

(२) पहाडी क्षेत्रमा १५० रोपनी

(३) तराई क्षेत्रमा २० विगाहा

**(ख) मानव वस्तिदेखिको दूरी**

(१) घना मानब बस्तीदेखि न्यूनतम एक किलोमिटर दूरी हुनुपर्ने,

(२) औद्योगिक ग्रामको २०० मिटरको वरिपरि भित्र मानब बस्ती विकास नहुने व्यबस्था गर्ने ।

**(ग) पूर्वाधार विकास**

(१) राजमार्ग संग जोड्ने पहुंचमार्गको (Approach Road) न्यूनतम चौडाई १० मिटर

(२) औद्योगिक ग्रामका लागि ११ के.भि.ए. को विद्युत प्रसारण लाइन

(३) आन्तरिक विद्युत वितरण लाइन

(४) दूर संचार सेवा

(५) खानेपानी - स्रोत

(६) ढल निकास

(७) औद्योगिक फोहोर व्यवस्थापन

(घ) अन्तर्राष्ट्रिय सीमादेखि न्यूनतम दुई किलोमिटर दूरी हुनुपर्नेछ ।

(ङ.) आर्थिक तथा भौगोलिक दृष्टिकोणबाट उपयुक्त हुनुपर्ने ।

(च) न्यून वातावरणीय असर भएको हुनुपर्ने ।

(छ) आवश्यकता अनुसार नेपाल सरकारले निर्धारण गरेको अन्य मापदण्ड ।

(२) उपदफा (१) मा जुनसुकै व्यहोरा लेखिएको भए तापनि भौगोलिक बनोट, जग्गाको उपलब्धता तथा भौतिक पूर्बाधारको सम्भावना आदि मनासिब माफिकको कारणले न्यनूतम क्षेत्रफल तथा दूरीमा सामान्य परिवर्तन गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (१) (क) मा जुनसुकै व्यहोरा लेखिएको भएतापनि निजी क्षेत्रको लगानीकर्ता (Developer) आफैले जग्गा ब्यवस्था गरी विकास, सञ्चालन तथा व्यवस्थापन समेत आफै गर्ने गरी स्थापना हुने औद्योगिक ग्रामको हकमा जग्गाको न्यनूतम क्षेत्रफल देहाय बमोजिम हुनुपर्नेछ :

(१) हिमाली तथा बिकट पहाडी क्षेत्रमा ४० रोपनी

(२) पहाडी क्षेत्रमा ६० रोपनी

(३) तराई क्षेत्रमा १२ विगाहा

तर, एकल व्यक्ति वा समूहवाट संचालित एकल नामबाट स्थापित हुने औद्योगिक ग्रामलाई सरकारी क्षेत्रबाट प्राप्त हुने सुविधा उपलब्ध हुने छैन ।

**(४) औद्योगिक ग्रामको निर्माण तथा विकासका लागि मापदण्ड**

औद्योगिक ग्रामको निर्माण तथा विकासका लागि देहायको मापदण्ड पूरा भएको हुनुपर्नेछ ।

**(क) औद्योगिक ग्राम भित्रको जग्गाको उपयोग निम्नानुसार हुनेछ**

| | | |
|---|---|---|
| (१) | उद्योग स्थापनाको लागि प्लट कुल जग्गाको | ६० देखि ७० प्रतिशर्त |
| (२) | प्रशासनिक तथा सेवा केन्द्र | २ देखि ५ प्रतिशर्त |
| (३) | हरियाली क्षेत्र | ७ देखि १० प्रतिशर्त |
| (४) | मुल सडक तथा सहायक सडक क्षेत्र | १२ देखि १५ प्रतिशर्त |
| (५) | खाली जग्गा बिपद व्यबश्थापनका लागि | ३ देखि ५ प्रतिशर्त |
| (६) | कामदार मजदुरका लागि बसोबास गृह | २ देखि ४ प्रतिशर्त |
| (७) | अन्य सेवा क्षेत्र<br>(पार्किङ.,लोड/अनलोड, स्वास्थ्य केन्द्र आदि) | ५ देखि ८ प्रतिशर्त |

**(ख) ग्रामभित्रको सडकको मापदण्ड**

(१) ग्रामभित्रको मुख्य सडकको न्यूनतम चौडाई १० मिटरको हुनुपर्नेछ ।

(२) ग्रामभित्रको सहायक सडकको न्यूनतम चौडाई ७ मिटरको हुनुपर्नेछ ।
(३) ग्रामभित्रको मुख्य सडकको कम्तिमा एक साइडमा फुटपाथ हुनुपर्नेछ ।

**५. औद्योगिक ग्राममा उपलब्ध हुने सामान्य सेवा सुविधा र पूर्वाधार विकास**

औद्योगिक ग्रामभित्र उद्योग सञ्चालन गर्न देहाय बमोजिमको सामान्य सेवा सुविधा उपलब्ध र पूर्वाधारका विकास भएको हुनेछ ।

**(क) सामान्य सेवा सुविधा**

(१) औद्योगिक ग्राम प्रशासनिक भवन
(२) बैंक तथा वित्तीय संस्था
(३) दिवा शिशु स्याहार केन्द्र
(४) प्राथमिक स्वास्थ्य उपचार केन्द्र
(५) अग्नि नियन्त्रणको व्यवस्था
(६) सामान प्रदर्शनी तथा बिक्री कक्ष
(७) शौचालय तथा स्नान गृह : महिला/पुरुष
(८) पार्किङ स्थल तथा विश्राम स्थल
(९) खुला मैदान तथा पार्क,
(१०) क्यान्टिन

**(ख) पूर्वाधार विकास**

(१) औद्योगिक ग्रामको प्रवेशद्वारसहितको सीमा पर्खाल वा तारबार
(२) पहुँच मार्ग र ग्रामभित्रको मुख्य तथा सहायक मार्ग
(३) ग्रामभित्रको मुख्य मार्गको साइडमा पैदलमार्ग
(४) उद्योग स्थापनाका लागि विभिन्न प्लट
(५) विद्युत प्रसारण लाइन, आवश्यकता अनुसार विद्युत सब स्टेसन तथा ट्रान्सफर्मरको व्यवस्था
(६) सम्भव भएसम्म बैकल्पिक उर्जाको प्रयोग
(७) गोदाम घरको व्यवस्था
(८) पानी आपूर्ति व्यवस्था
(९) भूमिगत र शर्तह ढल निकासको व्यवस्था
(१०) फोहोर व्यवस्थापन, औद्योगिक फोहोर व्यवस्थापन (फोहोर मैला सङ्कलन तथा विस्थापन)
(११) आवश्यकता अनुसार प्रदुषित पानी उपचार संयन्त्रको (Waste Water Treatment Plan व्यबस्था
(१२) संचार सुविधाको व्यबस्था : टेलिफोन, इन्टरनेट, कुरियर (सम्भव भएसम्म)
(१३) पहुँच मार्ग र ग्रामभित्रको मुख्य तथा सहायक मार्गको दुबै साइडमा रुख, बिरुवा ।
(१४) औद्योगिक ग्रामको २०० मिटरको वरिपरि मानब बस्ती विकाश नहुने व्यबश्था मिलाउने । यस्ता व्यवस्था २०० मिटरका वरीपरी हरियाली क्षेत्र विकाश गरी गर्न सकिने छ ।
(१५) सडक बत्तीको व्यबस्था

## परिच्छेद -तीन : स्थान छनोट, जग्गा प्राप्ति र औद्योगिक ग्राम घोषणा

**६. स्थानीय तहले भू-उपयोग योजना बमोजिम छनोट गर्ने**

स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ (२) को व्यवस्था तथा राष्ट्रिय भू-उपयोग नीतिको प्रावधान अनुरुप आफ्नो सम्पूर्ण क्षेत्रलाई कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, वन क्षेत्र, सार्बजनिक उपयोग क्षेत्र तथा आवश्यकता अनुसार अन्य क्षेत्रमा वर्गीकरण गरी तयार गरेको भू-उपयोग योजनामा तोकिएको औद्योगिक क्षेत्रको भू-भागमा औद्योगिक ग्राम स्थापनाको लागि स्थान छनोट गर्नुपर्नेछ ।

तर, भू-उपयोग योजना तयार नभईसकेको अवस्थामा औद्योगिक ग्राम स्थापनाको लागि सम्भाव्य जग्गा छनोट गर्न, जग्गा प्राप्ति गर्न र औद्योगिक ग्राम घोषण गर्न यो दफाले वाधा पुर्याएको मानिने छैन ।

**७. औद्योगिक ग्रामको लागि जग्गाको लगत तयार गर्ने**

स्थानीय तहले देहाय अनुसार औद्योगिक ग्राम स्थापनाको लागि सम्भाब्य जग्गाको लगत तयार गर्ने :

(१) स्थानीय तह अन्तर्गतका सबै वडा कार्यालयहरुले भू-उपयोग योजना अनुसार आ-आफ्ना वडामा रहेका सम्भाव्य जग्गाको लगत संकलन तथा रेकर्ड राख्न सक्नेछन् ।

(२) सम्बन्धित् वडाले उपदफा (१) अनुसार राखिएको लगत बिवरण स्थानीय तहमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) अनुसारका सबै वडाबाट प्राप्त लगतको आधारमा सम्बन्धित् स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका भू-उपयोग योजनामा औद्योगिक क्षेत्रको लागि तोकिएको स्थानको सार्वजनिक पर्ती खाली जग्गाको लगत तयार गर्न सक्नेछन् ।

**८. औद्योगिक ग्रामको लागि स्थान छनोट**

**(१)** दफा ७ अनुसार जग्गाको लगत तयार भएकोमासो लागत मध्येबाट वा लगत तयार नभएकोमा सम्भाव्य जग्गा मध्येबाट औद्योगिक ग्राम स्थापनाको लागि तोकिएको मापदण्ड पूरा हुने, न्यूनतम क्षेत्रफल पुग्ने जग्गाको उपलब्धता, कच्चापदार्थ तथा कामदारको उपलब्धता, लगानीको सम्भावना, बजारको सम्भाब्यता, आर्थिक तथा भौगोलिक अवस्था समेतलाई आधार बनाई औद्योगिक ग्राम स्थापनाको लागि जग्गा छनोट गर्नुपर्नेछ । तर, जग्गा छनौट गर्दा सिंचाई सुविधा उपलब्ध उर्बरभूमी, घना बन जंगल, तथा भौगोलिक रुपमा जोखिमयुक्त स्थानलाई छनोट गर्न सकिने छैन ।

**(२) उपयुक्त जग्गा छनोटको लागि प्राथमिकता**

(क) स्थानीय तहको स्वामित्वमा रहेको खाली जग्गा ।

(ख) नदी तथा खोलाले धार परिवर्तन गरी छोडेको वा अन्य सार्वजनिक पर्ती जग्गा ।

(ग) सामुदायिक बनले ओगटेको पर्ति जग्गा ।

(घ) नेपाल सरकारको नाममा रहेको जग्गा (नेपाल सरकारको पूर्व सहमतिमा) ।

(ङ.) खरिद वा अधिग्रहण गर्नुपर्ने निजी जग्गा ।

**(३) पूर्व सम्भाव्यता अध्ययन**

(क) जग्गा छनोट गर्नु अघि स्थानीय तहले सम्भावित जग्गाको पूर्व सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

(ख) स्थानीय तहले पूर्व सम्भाव्यता अध्ययन गर्न निजी क्षेत्रको प्रतिनिधि, बन प्राविधिक, तथा अन्य सम्बन्धित विषय विज्ञबाट गराउन सक्नेछ ।

(ग) पूर्व सम्भाव्यता अध्ययनवाट चारकिल्ला समेत खोली प्रतिवेदन तयार गरी स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

(घ) पूर्व सम्भाव्यता अध्ययन गर्दा अनुसूची १ बमोजिमको परिक्षण सूची (Check List) अनुसार अध्ययन गर्नु पर्नेछ ।

**(४) स्थानीय तहको सहमति हुनुपर्ने**

पूर्व सम्भाव्यता प्रतिवेदनबाट उपयुक्त हुने भई पहिचान गरीएको जग्गामा औद्योगिक ग्राम स्थापना गर्न सम्बन्धित स्थानीय तहको निर्णयसहितको सहमति हुनुपर्नेछ ।

**(५) कुनै दुई वा दुईभन्दा वढि स्थानीय तहको भौगोलिक क्षेत्रमा पर्ने औद्योगिक ग्राम**

कुनै औद्योगिक ग्राम दुई वा दुई भन्दा बढी स्थानीय तहको भौगोलिक क्षेत्रमा पर्ने रहेछ भने औद्योगिक ग्राम स्थापना गर्न सम्बन्धित् सबै स्थानीय तहको सहमति हुनुपर्नेछ ।

**९ औद्योगिक ग्रामको घोषणा**

**(क) स्थानीय तहले मन्त्रालयमा अनुरोध  गर्ने**

स्थानीय तहले पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा औद्योगिक ग्राम स्थापना  गर्न सहमतिपत्र, चार किल्लासहित जग्गाको विवरण तथा देहायका कागजात समेत संलग्न गरी प्रदेश मन्त्रालयमा औद्योगिक ग्राम घोषणा गर्ने प्रकृया अगाडि बढाउन सिफारिस तथा समन्वयको लागि पत्र पठाउनु पर्नेछ :

(१) प्रस्तावित औद्योगिक ग्रामको चार किल्ला खुलेको नक्सा

(२) हालको जग्गाको स्वामित्व खुलेको प्रमाणित कागजात (सम्बन्धित मालपोत र नापी कार्यालयबाट प्राप्त गरी)

(३) औद्योगिक ग्राममा स्थापना हुनसक्ने सम्भावित उद्योगहरु

(४) सम्भावित लगानी

(५) सम्भावित बजार व्यवस्था

(६) सिर्जना हुनसक्ने सम्भावित रोजगारी

(७) अन्य आवश्यक कागजात

**(ख) सम्भाव्यता अध्ययन गर्ने, गराउने**

(क) स्थानीय तहबाट प्राप्त कागजात र पत्रको आधारमा मन्त्रालयले औद्योगिक ग्राम घोषणाको उपयुक्तताको विषयमा निर्णय लिने सन्दर्भमा प्रबिधिक विशेषज्ञहरुबाट सम्भाव्यता अध्ययन गर्नु गराउनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम सम्भाब्यता अध्ययन गर्दा देहाय अनुसारको प्रबिधिक विशेषज्ञहरु अध्ययनमा समावेश हुनु पर्नेछ :

(१) उपलव्ध भएसम्म भूगर्भ सम्बन्धी प्राविधिक,

(२) वातावरण विज्ञ,

(३) सिभिल/आर्किटेक्चर प्राविधिक,

(४) सम्बन्धित बिषयको विज्ञ

(ग) उपदफा (ख) अनुसारका विशेषज्ञहरुले स्थलगत तथा आवश्यक प्राविधिक विषयमा समेत अध्ययन गरी सो स्थानमा औद्योगिक ग्राम स्थापना गर्न उपयुक्त भए, नभएको राय सहितको सम्भाब्यता अध्ययन प्रतिवेदन सम्बन्धित मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

**(ग) सिफारिस गर्नु पर्ने**

मन्त्रालयले प्राविधिक प्रतिवेदन समेतको आधारमा प्रस्तावित स्थानमा औद्योगिक ग्राम स्थापना गर्न उपयुक्त देखेमा औद्योगिक ग्राम स्थापना गर्न  निर्णय गरी स्थानीय तहबाट प्राप्त प्रमाण कागजात समेत संलग्न

गरी सिफारिस सहित संघीय मन्त्रालयमा औद्योगिक ग्राम घोषणा गर्न अनुरोध गर्नु पर्नेछ । सो को जानकारी सम्बन्धित स्थानीय तह समेतलाई दिनुपर्नेछ ।

**(घ) औद्योगिक ग्राम घोषणा**

औद्योगिक ग्राम घोषणाको लागि मन्त्रालयबाट सिफारिस सहित आवश्यक कागजात प्राप्त भएपछि संघिय मन्त्रालयले आवश्यक प्रकृया पूरा गरी नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट औद्योगिक ग्राम घोषणा हुनेछ ।

(५) औद्योगिक ग्राम घोषणा भएको सूचना नेपाल राजपत्रमा प्रकाशित भएको मितिबाट लागू तथा कार्यान्वयन हुनेछ ।

(६) औद्योगिक ग्राम स्थापना गर्ने सिलसिलामा निजी जग्गा प्राप्त गर्नु पर्ने अवस्था आएमा जग्गा प्राप्ति ऐन, २०३४ तथा अन्य प्रचलित कानुन बमोजिम जग्गा प्राप्त गर्न सकिनेछ ।

**१०. औद्योगिक ग्रामको लागि जग्गाको स्वामित्व, नियन्त्रण र संरक्षण**

(१) नेपाल सरकारले अन्यथा निर्णय गरेकोमा बाहेक घोषणा भएको औद्योगिक ग्रामको जग्गा जमिन, भवन लगायतको सम्पूर्ण सम्पत्तिको स्वामित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

(२) औद्योगिक ग्रामको नियन्त्रण र संरक्षण गर्ने जिम्मेवारी समेत सम्बन्धित स्थानीय तहको हुनेछ ।

## परिच्छेद -चार : औद्योगिक ग्रामको स्थापना र विकास

**११. औद्योगिक ग्रामको स्थापना र विकासका लागि समझदारी कायम गर्न सकिने**

औद्योगिक ग्रामको स्थापना र विकासका लागि आवश्यकता अनुसार विभिन्न निकाय वीच समन्वय र सहमतिमा कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

(१) औद्योगिक ग्राम घोषणा भई स्वामित्व कायम भईसके पछि सो क्षेत्रमा गर्नुपर्ने योजना, पूर्वाधार निर्माण, लगानी, प्राविधिक सहयोग, जनशक्ति विकाश तथा औद्योगिक ग्रामको सञ्चालन व्यवस्थापनमा सहयोग र सहकार्य गर्न आवश्यक देखिएमा विभिन्न सरकारी निकाय बीच समन्वय र सहमतिमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम देहायको बिषयमा देहायका निकायहरु वीच समन्वय र सहमतिमा कार्यक्रम कार्यन्वयन गर्न सकिने छ :

| | |
|---|---|
| (क) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | बित्तिय तथा प्राविधिक सहयोग र समन्वय |
| (ख) भौतिक पूर्वाधार तथा विकास मन्त्रालयः | प्राविधिक सहयोग |
| (ग)प्राविधिक तथा व्यवसायिक तालिम परिषद | औद्योगिक ग्राममा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने । |
| (घ) औद्योगिक क्षेत्र ब्यवस्थापन लिमिटेड | प्राविधिक तथा अन्य सहयोग |
| (ङ.)औद्योगिक व्यवसाय विकास प्रतिष्ठान : | उद्यमशिलता सम्बन्धी तालिम कार्यक्रमको माध्यमबाट उद्यमी सृजना गर्ने |
| (च)स्थानीय तह | औद्योगिक ग्रामको सञ्चालन, व्यवस्थापन साथै प्रवर्द्धन गर्ने । |
| (छ) निजी क्षेत्रको सहभागिता | समन्वय र सहकार्य |

**१२. औद्योगिक ग्रामको स्थापना, सञ्चालन, व्यबस्थापन र विकासमा मन्त्रालय तथा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ ।**

**(क) मन्त्रालयको भूमिका :**

प्राबिधिक विशेषज्ञहरुबाट औद्योगिक ग्रामको सम्भाब्यता अध्ययन, औद्योगिक ग्राम भित्रका अन्य सार्वजनिक पूर्वाधार निर्माणमा पूर्ण वा आंशिक सहयोग जस्तैः सडक, विद्युत बितरण लाईन, पर्खाल तथा तारबार निर्माण, विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने, वित्तीय तथा प्राबिधिक सहयोग,अनुगमन तथा समन्वय सम्वन्धी कार्यहरु ।

**(ख) स्थानीय तहको भूमिका :**

सम्भावित जग्गाको लगत राख्ने, जग्गा छनोट गर्ने, पूर्व सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, औद्योगिक ग्रामभित्रको अन्य सार्वजनिक पूर्वाधार जस्तैः सडक, बत्ती, पानी तथा वितरण प्रणाली, ढल, प्रशाानिक तथा सेवाकेन्द्र भवन आदि, औद्योगिक ग्रामको स्वामित्व, सञ्चालन, व्यवस्थापन र नियन्त्रण, अनुगमन तथा समन्वय  सम्वन्धी कार्यहरु ।

उपदफा (क) र (ख) मा उल्लेख भएका अतिरिक्त संघीय मन्त्रालयले औद्योगिक ग्रामको घोषणा, पूर्वाधार विकासमा सहयोग, औद्योगिक ग्रामसम्मको सार्वजनिक पहुँच मार्ग तथा विद्युत लाईन निर्माणमा पूर्ण वा आंशिक वित्तीय सहयोग, वित्तीय तथा प्राबिधिक सहयोग,अनुगमन, मूल्याङ्कन तथा समन्वयकारी भूमिका निर्वाह गर्न सक्नेछ ।

**१३. समन्वय समितिको गठन**

**(१) औद्योगिक ग्रामको घोषणा, स्थापना, विकास, प्रवर्द्धनमा नीतिगत विषयमा सहजीकरण तथा समन्वयकारी भूमिका निर्वाह गर्न प्रदेश स्तरमा देहाय बमोजिमको एक समन्वय समिति गठन  गरीनेछ ।**

(१) मा.मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअध्यक्ष

(२) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसदस्य

(३) प्रतिनिधि, अर्थ तथा योजना मन्त्रालय (उपसचिव स्तर)
सदस्य

(४) प्रतिनिधि,भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (उपसचिव स्तर)
सदस्य

(५) प्रतिनिधि, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय ( उपसचिव स्तर)
सदस्य

(६) प्रमुख, उद्योग कार्यालय
सदस्य

(७) प्रमुख, नेपाल विद्युत प्राधिकरण क्षेत्रीय कार्यालय
सदस्य

(८) प्रमुख,, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
सदस्य

(९) प्रतिनिधि, उद्योग वाणिज्य महासंघ
सदस्य

(१०) प्रतिनिधि, साना तथा घरेलु उद्योग महासंघ
सदस्य

(११) प्रतिनिधि, प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद
सदस्य

(१२) प्रमुख, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान
सदस्य

(१३) उपसचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
सदस्य सचिब

**(२) समन्वय समितिको काम, कर्तव्य र अधिकार**

क) औद्योगिक ग्राम घोषणा पश्चात ग्रामले ओगटेको जग्गा जमिनको नाप, नक्सा स्वामित्व कायम गर्नमा आवश्यक सहजीकरण र समन्वय गर्ने ।

(ख) औद्योगिक ग्रामको विकासको लागि विस्तृत परियोजना प्रस्ताव पारित गर्ने ।

(ग) विस्तृत परियोजना प्रस्ताव अनुसार निर्माण चरणमा कुन कुन कार्य कुन कुन निकायको सहयोग र जिम्मेबारीमा सम्पन्न गर्ने विषय निर्धारण तथा समन्वय गर्ने ।

(घ) समय समयमा मापदण्डमा पुनरावलोकन गरी समयानुकुल परिमार्जन गर्ने ।

(ङ.) समितिले उपयुक्त ठहर्याएका अन्य विषय ।

**(३) समितिले आफ्नो कार्य प्रकृया आफै निर्धारण गर्नेछ ।**

**(१४) विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report-DPR) तयार गर्नु पर्ने**

(१) स्थानीय तहले औद्योगिक ग्रामको स्थापना तथा पूर्वाधार निर्माणको लागि आफ्नो क्षेत्रभित्रको प्रत्येक भू-भागको उपयोग र उद्योग स्थापनाका लागि प्लटिंग क्षेत्र, सेवाकेन्द्र, प्रशासनिक इकाई, बाटो, ढल, विद्युत लाइन, खुलाक्षेत्र आदिका लागि विस्तृत रुपमा अध्ययन, अनुसन्धान गरी कार्यान्वयन गर्न सकिने आधार सहितको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) स्थानीय तहले विस्तृत परियोजना प्रतिवेदन सम्बन्धित विशेषज्ञहरु वीच छलफल गराई उपयुक्त देखेमा आवश्यक संशोधनसहित प्रदेश मन्त्रालय मार्फत मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ ।

(३) मन्त्रालयले विशेषज्ञहरुको राय सुझाव लिई उपयुक्त देखेमा आवश्यक संशोधनसहित स्वीकृत गर्न सक्नेछ । स्वीकृत गरेको प्रतिवेदन जानकारी तथा कार्यान्वयनको लागि स्थानीय तहमा पठाउनु पर्नेछ ।

**१५. औद्योगिक ग्रामको विकासको लागि वित्तीय ब्यवस्थापन**

(१) स्थानीय तहले आफ्नै स्रोतबाट वित्तीय व्यवस्था गर्न सक्नेछ ।

(२) औद्योगिक ग्रामको विकासको लागि स्थानीय तहले संघीय र प्रदेश सरकारको वित्तीय र प्राविधिक सहयोग लिन सक्नेछ ।

(३) संघीय मन्त्रालयले औद्योगिक ग्रामसम्म पुग्ने पहुचमार्ग तथा विद्युत लाईन निर्माणमा पूर्ण वा आंशिक रुपमा वित्तीय सहयोग गर्न सक्नेछ ।

(४) मन्त्रालयले सम्भाव्यता अध्ययन, औद्योगिक ग्रामको अन्य सार्वजनिक पूर्वाधार निर्माणमा सडक, विद्युत बितरण लाईन, पर्खाल तथा तारबार निर्माणमा पूर्ण वा आंशिक रुपमा वित्तीय सहयोग गर्न सक्नेछ ।

(५) स्थानीय तहले ग्रामभित्रका अन्य पूर्वाधार निर्माणमा लगानी गर्न सक्नेछ ।

(६) उद्योगले आफ्नो आवश्यकता अनुसार कारखाना, घर लगायतका काममा लगानी गर्नु पर्नेछ ।

**१६. औद्योगिक ग्राम विकास गर्ने तरिका**

**(१) देहायका कुनै तरिकाबाट औद्योगिक ग्रामको विकास गर्न सकिने छ :**

(क) निजी क्षेत्रको लगानीकर्ता वा Developer बाट

(१) निजी क्षेत्रको लगानीकर्ता वा Developer आफैले जग्गा व्यवस्था गरी विकास, सञ्चालन तथा व्यवस्थापनसमेत आफै गर्ने गरी औद्योगिक ग्राम स्थापना गर्न चाहेमा प्रदेश सरकारले स्थानीय तहको सिफारिसमा सोको मापदण्ड पालना गर्ने गरी निश्चित शर्त र प्रकृया निर्धारण गरी निजी क्षेत्रलाई अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट स्थापना हुने औद्योगिक ग्राममा नेपाल सरकारले सार्वजनिक पहुँच मार्ग तथा विद्युत लाईन निर्माणमा पूर्ण वा आंशिक सहयोग गर्न सक्नेछ ।

(ख) औद्योगिक ग्रामको पूर्वाधार लगायतका सम्पूर्ण विकास निर्माणका कार्य स्थानीय तह आफैले गर्न सक्ने ।

(ग) स्थानीय तह र निजी क्षेत्रको संयुक्त सहभागितामा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप विकास गर्न सकिने ।

(३) संयुक्त सहभागिताको आधारमा विकास गर्दा निम्न वैकल्पिक तरिका हुन सक्नेछन् ती मध्ये स्थानीय तहले उपयुक्त तरिका छनोट गर्न सक्नेछ ।

(क) स्थानीय तहले उपलव्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर,

(ख) स्थानीय तह र निजीक्षेत्र दुवैबाट विकासमा संयुक्त लगानी गरेर ।

(४) स्थानीय तहले निजी क्षेत्रको संयुक्त सहभागितामा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप औद्योगिक ग्राम विकास गर्ने तरिका छनोट गर्दा देहायका बिवरण खुलाउनु पर्नेछ :

(क) औद्योगिक ग्राम स्थापना गर्ने स्थान तथा क्षेत्रफल सहितको जग्गाको नाप नक्सा,

(ख) स्थानीय तह र निजीक्षेत्रको संयुक्त सहभागिताको तरिका,

(ग) औद्योगिक ग्रामको विकासका लागि स्थानीय तह र निजीक्षेत्रले गर्ने लगानीको अनुमानित कम र लगानीको अंश दर (Investment Ratio),

(घ) स्थानीय तह र निजीक्षेत्रबिच औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापनबाट हुने आयको बाँडफाँडको दर (Revenue Sharing Ratio)

(ड.) औद्योगिक ग्राममा सञ्चालन हुन सक्ने उद्योगको प्रकृति र अनुमानित उद्योगको संख्या,

(च) औद्योगिक ग्रामको सञ्चालन तथा व्यवस्थापन गर्ने तरिका,

(छ) अन्य आवश्यक विवरण

(५) उपदफा (३) बमोजिम बिवरण तथा आवश्यक कागजातको अध्ययनबाट स्थानीय तहले संयुक्त सहभागितामा विकास गर्न उपयुक्त देखेमा सोही अनुसारको निर्णय गर्न सक्नेछ ।

(६) उपदफा (४) बमोजिमको जानकारी संघिय मन्त्रलाय र सम्बन्धित् मन्त्रलायमा समेत पठाउनु पर्नेछ ।

(७) स्थानीय तह र निजी क्षेत्रको संयुक्त सहभागितामा औद्योगिक ग्राम विकास गर्ने सम्बन्धमा छुट्टै कार्यविधि बनाई लागू गरीने छ ।

**(७) विशेष बस्तु उत्पादन सम्बन्धी औद्योगिक ग्राम**

(१) स्थानीय तहले आफैले वा नीजि क्षेत्रसँग सहकार्य गरी तुलनात्मक लाभको आधारमा विशेष बस्तु मात्र उत्पादन हुने औद्योगिक ग्राम स्थापना गरी यस कार्यविधिको प्रावधान अनुरुप सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

(२) नीजि क्षेत्रले आफ्नै लगानी र स्वामित्वमा विशेष बस्तु उत्पादन सम्बन्धी औद्योगिक ग्राम स्थापना गर्न चाहेमा यस कार्यविधिको प्रावधान अनुरुप स्थापना गरी सञ्चालन र व्यवस्थापन गर्न प्रदेश सरकारले स्वीकृति दिन सक्नेछ।

**(८) महिला उद्यमी विशेष औद्योगिक ग्राम**

(१) महिला उद्यमीहरुलाई उद्योग तर्फ आकर्षित र प्रोत्साहन गर्न महिला उद्यमीले मात्र उद्योग स्थापना गर्न पाउने गरी नेपाल सरकारले यस कार्यविधिको प्रावधान अनुरुप महिला उद्यमी विशेष औद्योगिक ग्राम घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको औद्योगिक ग्राम स्थानीय तहले आफैले वा नीजि क्षेत्रका महिला उद्यमीसँग सहकाय गरी यस कार्यविधिको प्रावधान अनुरुप सञ्चालन र व्यबश्थापन गर्न सक्नेछ ।

**(९) औद्योगिक ग्राममा (Zoning) गर्न सक्ने**

औद्योगिक ग्राम विकास गर्ने क्रममा उद्योगको प्रकृति अनुसार समान प्रकृतिका उद्योगलाई औद्योगिक ग्रामभित्रको एकै क्षेत्रमा सञ्चालन हुने गरी जग्गा तथा संरचना विभाजन (Zoning) गर्न सक्नेछ ।

**१७. औद्योगिक ग्रामको सञ्चालन व्यवस्थापन**

औद्योगिक ग्रामको सञ्चालन र व्यवस्थापन देहाय बमोजिम हुनेछ :

(१) नेपाल सरकारले जग्गा उपलब्ध गराई औद्योगिक ग्राम घोषणा तथा विकास गरी स्थानीय तहलाई व्यवस्थापन गर्न जिम्मेबारी दिन सक्नेछ ।

(२) स्थानीय तह आफ्नो स्वामित्वमा रहेको वा खरिद गरी प्राप्त जग्गालाई आफैले औद्योगिक ग्रामको रूपमा विकास गरी सञ्चालन/व्यवस्थापन गर्न सक्नेछ ।

(३) निजी क्षेत्रको सहभागितामा औद्योगिक ग्राम विकास गरी सार्वजनिक-निजी साझेदारीमा सञ्चालन र व्यवस्थापन गर्न सकिनेछ ।

(४) औद्योगिक ग्रामको सञ्चालन व्यवस्थापनको जिम्मा निश्चित शर्त र प्रकृया निर्धारण गरी स्थानीय तहल सम्पूर्ण जिम्मा निजी क्षेत्रलाई दिन सक्नेछ ।

**१८. औद्योगिक ग्रामको विकासका लागि संस्थागत व्यवस्था**

(१) औद्योगिक ग्राम स्थापना गरी पूर्वाधार विकास लगायतका निर्माण कार्य गर्न संस्थागत संरचना स्वरुप स्थानीय तह अन्तर्गत रहने गरी आयोजना कार्यान्वयन ईकाइ गठन गरीनेछ ।

(२) पूर्वाधार विकास लगायतका निर्माण कार्य गर्न आवश्यक पर्ने खरिद प्रकृया सम्बन्धमा छुट्टै कार्यविधि बनाई लागु गर्न सकिनेछ ।

**१९. औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगको प्राथमिकता**

(१) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम उद्योगको वर्गीकरणमा परेको लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योग मात्र औद्योगिक ग्राममा स्थापना तथा सञ्चालन गर्न पाइनेछ । तर औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्ने उपदफा (१) बमोजिमका उद्योग औद्योगिक ग्रामभित्र स्थापना तथा सञ्चालन गर्न पाइने छैन ।

(२) औद्योगिक ग्रामभित्र उद्योग स्थापनाका लागि सामान्यतया देहायका आधारमा प्राथमिकता दिइनेछ :

(क) स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थ, अर्धप्रशोधित कच्चा पदार्थ वा खेर गएको वस्तु प्रयोग गरी वा प्रशोधन गरी उत्पादन गर्ने उत्पादनमूलक उद्योग,

(ख) कृषि तथा वन पैदावरमा आधारित उद्योग,

(१) डेरी (२) मह प्रशोधन
(३) चिया, कफी प्रशोधन (४) फलफूल प्रशोधन
(५) जडीबुटीमा आधारित (६) काठ तथा बेतबाँसजन्य फर्निचर उद्योग
(७) प्राकृतिक रेशा उत्पादन वा प्राकृतिक रेशामा आधारित उद्योग

(ग) स्थानीय स्तरको मागमा आधारित साना तथा घरेलु उद्योग,

(घ) खानी तथा खनिजमा आधारित उद्योग : धातु वा खनिज प्रशोधन गर्ने उद्योग,

(ङ) ऊर्जामूलक उद्योगः सौर्य ऊर्जा, नवीकरणीय ऊर्जा उत्पादन गर्न मेसिन उपकरण निर्माण सँग सम्बन्धित उद्योग बायोग्यास प्लान्ट आदि,

(च) सेवामूलक उद्योगः छापाखाना, यान्त्रिक कार्यशाला, पानी प्रशोधन, प्राविधिक प्रशिक्षण, सीप विकास, सफ्टवेयर विकास आदि,

(छ) प्रतिस्पर्धात्मक क्षमता भएका अन्य उद्योग,

(ज) स्थानीय तहले उपयुक्त ठानेका अन्य उद्योग,

(३) उपदफा (२) मा उल्लेख भएका उद्योग सञ्चालन गर्नका लगि महिला उद्यमी वा तीस वर्ष वा सो भन्दा कम उमेरका युवा उद्यमीले निवेदन दिएमा त्यस्ता उद्यमीलाई पहिलो प्राथमिकता दिईनेछ ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि सम्बन्धित् स्थानीय तहले चाहेमा एकै प्रकृतिको उद्योगहरु मात्र स्थापना गर्न पाउने गरी विशेष वस्तु उत्पादन क्षेत्र स्थापना तथा सञ्चालन गर्न, गाउन सक्नेछ ।

## परिच्छेद -पाँच : उद्योगलाई उपलब्ध गराइने सेवा तथा सुविधासम्बन्धी व्यवस्था

**२०. कर्जा लिन सक्ने**

उद्योगले आफ्नो स्वामित्वमा रहेको मेसिनरी तथा अन्य जायजेथा बैंक तथा वित्तीय संस्थामा धितो बन्धक राखी कर्जा लिन सक्नेछ । तर भवन तथा जग्गा भने धितोबन्धकमा राख्न पाइने छैन ।

**२१. जग्गा भाडा दरमा छुट**

(१) औद्योगिक ग्राममा सञ्चालन हुने उद्योगलाई प्रचलित कानुनको अधिनमा रहि स्थानीय तहल देहाय बमोजिमको छुट दिन सक्नेछ :

(क) कम्तीमा पचास प्रतिशत महिला उद्यमी वा अपाङ्ग उद्यमी वा तीस वर्ष वा सोभन्दा कम उमेरको

उद्यमीको लगानी रहने गरी औद्योगिक ग्राममा स्थापना तथा सञ्चालन हुने उद्योगलाई यस कार्यविधिमा तोकिएको भाडादरमा पहिलो दश वर्षका लागि पैतीस प्रतिशत सम्म छुट दिन सकिने ।

(ख) स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई यस कार्यविधिमा तोकिएको भाडादरमा पहिलो दश वर्षका लागि तीस प्रतिशत छुट दिन सकिने ।

(ग) सीप विकास, आई.टी., सफ्टवेयर विकास, सृजनशीलता विकास सम्बन्धी उद्योगलाई यस कार्यविधिमा तोकिएको भाडादरमा पहिलो दश वर्षका लागि बीस प्रतिशत सम्म छुट दिन सकिने ।

(२) स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक ग्राम भित्र स्थापना हुने विशेष प्रकृतिका उद्योगलाई प्रोत्साहन गर्न जग्गा भाडादरमा कुनै निश्चित समय तोकी आंशिक वा पूर्ण रुपमा छुट दिन सकिने ।

**२२. उद्योगलाइ प्रदान गरीने छुट, सुविधा वा सहुलियत**

(१) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुन तथा अन्य प्रचलित कानुनले प्रदान गरेका आयकर सम्बन्धी, मूल्य अभिबृध्दि कर र भन्सार सम्बन्धी छुट, सुविधा वा सहुलियत, लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियत तथा महिला उद्यमीका लागि थप सुविधा प्रदान गर्न नेपाल सरकारले गर्ने विशेष व्यवस्था औद्योगिक ग्राममा स्थापना हुने उद्योगले पनि प्राप्त गर्न सक्नेछन् ।

(२) प्रदेश सरकारले प्रचलित कानुन बमोजिम आफ्नो क्षेत्राधिकार भित्र पर्ने करका सम्बन्धमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक ग्रामभित्र सञ्चालन हुने विशेष प्रकृतिका उद्योगलाई आवश्यक छुट दिन सक्नेछ ।

(३) स्थानीय तहले प्रचलित कानुन बमोजिम आफ्नो क्षेत्राधिकार भित्र पर्ने करका सम्बन्धमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक ग्रामभित्र सञ्चालन हुने विशेष प्रकृतिका उद्योगलाई आवश्यक छुट दिन सक्नेछ ।

**२३. गोदामघरको सुविधा**

कार्यालयले उद्योगको प्रकृतिका आधारमा उद्योगलाई आवश्यक पर्ने गोदामघरको सुविधा उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद –छ : विविध

**२४. वातावरण सम्बन्धी व्यवस्था**

(१) औद्योगिक ग्राम स्थापना तथा विकास गर्न वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुन बमोजिम गर्नु पर्ने प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरेपछि मात्र औद्योगिक ग्राम स्थापना तथा विकासको कार्य प्रारम्भ गर्नु पर्नेछ ।

(२) औद्योगिक ग्राम स्थापना तथा विकास गर्न गरीएको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनले उद्योग स्थापना, सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पूर्व प्रचलित कानुन बमोजिम गर्नुपर्ने प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन लाई सिमित गरेको मानिने छैन ।

(३) औद्योगिक ग्राममा स्थापना हुने उद्योगले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुन बमाजिमका दायित्व पालना गर्नु पर्नेछ ।

**२५. भाडामा लिएको जग्गा प्रयोग गर्नुपर्ने**

(१) उद्योग सञ्चालनका लागि सम्झौता बमोजिम भाडामा लिएको जग्गा पूर्णतः प्रयोगमा आएको नदेखिएमा प्रयोगमा नआएको जति जग्गा कार्यालयले आफ्नो नियन्त्रणमा लिने सक्नेछ ।

(२) औद्योगिक ग्राम भित्रका प्लटलाई उद्यमीले जुन उद्योग स्थापना गर्न भाडामा लिएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्न सक्नेछ ।

(३) औद्योगिक ग्राम भित्रका प्लटलाई उद्यमीले खण्डिकृत गर्न वा अर्को उद्योग राख्न वा अरु कसैलाई उद्योग सञ्चालन गर्न दिन सकिने छैन । यस प्रावधान विपरीत देखिएमा स्थानीय तहले उक्त उद्योगलाई औद्योगिक ग्राम भित्रबाट हटाउन सक्नेछ ।

**२६. पुनः भाडामा दिन नहुने**

(१) सम्झौता अनुसार जग्गा भवन भाडामा लिएकोमा त्यस्तो उद्योगीले आफूले भाडामा लिएको जग्गा अन्य कसैलाई पुनः भाडामा दिन सक्ने छैन ।

(२) पुनः भाडामा दिएको पाइएमा उद्योगलाई गल्ती सुधार गर्न सात दिनको समय दिइनेछ । सो समयभित्र पनि सुधार नगरेमा सम्झौता रद्द गरी कार्यालयले औद्योगिक ग्रामबाट त्यस्तो उद्योगलाई हटाउनेछ ।

**२७. गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था**

(१) गुनासो व्यवस्थापनका लागि स्थानीय तहले गुनासो सुन्ने अधिकारी तोकी त्यसको सूचना वा जानकारी सरोकारवालालाई  दिने व्यवस्था गर्नुपर्नेछ ।

(२) आयोजना कार्यान्वयन ईकाइ कार्यालयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा  त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्नको लागि सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएका पेटिकामा जोसुकैले गुनासो पेश गर्न सक्नेछ। उक्त गुनासो प्रस्तुत गर्दा आफुलाई मर्का परेको विषय र गुनासो गर्नु पर्नाको कारण र आफ्नो ठेगाना स्पष्ट खुलाई शिष्ट भाषामा प्रस्तुत गर्नु पर्नेछ । गुनासो प्रस्तुतकर्ताले चाहेमा यस दफा बमोजिमको गुनासो सोझै स्थानीय तहको कार्यालयमा पेश गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै गुनासो प्राप्त हुन आएमा स्थानीय तहले दश दिन भित्र आवश्यक कारबाही गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम गरीएको कारबाहीको जानकारी सम्बन्धित गुनासो प्रस्तुतकर्तालाई उपदफा (३) बमोजिमको गुनासोमा उल्लिखित ठेगानामा पठाउनु पर्नेछ साथै कार्यालयको सूचना पाटीमा समेत टाँस्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम स्थानीय तहले निर्णय गर्दा त्यस्तो निर्णयमा चित्त नबुझेमा पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सकिने कुरा निर्णय उल्लेख गर्नु पर्नेछ ।

**२८. विवाद समाधानसम्बन्धी व्यवस्था**

कार्यालय र साझेदार वा ठेकदारबीच सम्झौताको कार्यान्वयन वा सम्झौताको प्राबधान कार्यान्वयनमा कुनै विवाद भएमा त्यस्तो विवाद सम्झौतामा व्यवस्था भए बमोजिम समाधान गर्नुपर्नेछ ।

**२९. विद्युतीय माध्यमको प्रयोग _**

(१) औद्योगिक ग्रामको व्यवस्थापन प्रक्रियालाई सरल र पारदर्शी गराउन क्रमिक रूपमा प्रशासनिक प्रणालीलाई अटोमेसन र अनलाइन पद्धति मार्फत विकास गरीनेछ ।

(२) कार्यालयबाट जारी हुने कागजातहरु प्रमाणीकरण गर्दा विद्युतीय हस्ताक्षर समेत मान्य हुनेछ र त्यस्ता कागजातहरु विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सकिनेछ ।

(३) औद्योगिक ग्रामको कार्यलयबाट विद्युतीय स्वरुपमा पेश गरेका सबै प्रकारका कागजात सुरक्षित रुपमा कम्प्यूटर प्रणालीमा राख्ने दायित्व कार्यलयको हुनेछ ।

(४) क्रमिक रूपमा विद्युतीय सेवा Integrated Online Service र Online Payment लाई व्यवहार मा ल्याईनेछ ।

(५) औद्योगिक ग्रामको तत्थ्यांकको लागि कम्प्युटर प्रणाली अपनाईनेछ ।

(६) औद्योगिक ग्रामको लागि तालिमप्राप्त IT Staff, आवश्यक मात्रामा हार्डवेयर र सफ्टवेयरको व्यबस्था गरीनेछ ।

(७) औद्योगिक ग्राम भित्र स्थापित लघु, घरेलु तथा साना उद्योगको उत्पादन तथा बजारीकरणका लागि क्रमिक रूपमा उपयुक्त सूचना प्रविधि (Information Technology) को प्रयोग गरीनेछ ।

**३०. अनुगमन तथा सहजीकरण**

(१) औद्योगिक ग्राम स्थापना तथा विकासका लागि सम्पादन हुने काम कारबाही र कार्यान्वयनलाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा योजना तथा कार्यक्रम अधिकृत, प्राविधिक अधिकृत तथा शाखा प्रमुख रहेको अनुगमन तथा सहजीकरण समिति गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले कार्यान्वयन लगायत सम्पूर्ण चरणमा अनुगमन गर्ने र अनुगमन गर्ने क्रममा देखा परेका चुनौतिलाई समाधान गरी सरल र सहज रूपमा सहजीकरण सेवा प्रदान गर्नेछ ।

(३) औद्योगिक ग्राम स्थापना तथा विकास निर्माणको विभिन्न चरणमा मन्त्रालय तथा प्रदेश मन्त्रालयले आवश्यकता अनुसार अनुगमन तथा सहजीकरण गर्न सक्नेछ ।

**३१. यसै कार्यविधि अनुसार हुने**

यस कार्यविधिमा उल्लेख गरीएका व्यवस्थाहरु यसै कार्यविधि अनुसार हुनेछन् । यस कार्यविधिमा रहेका कुनै प्रावधानहरु प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुनमा उल्लेख भएका व्यवस्था लागू हुनेछ ।

**३२. व्याख्या गर्ने अधिकार**

यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै दुबिधा उत्पन्न भएमा मन्त्रालयलाई त्यस्तो दुबिधा परेको विषयको वाधा अडकाउ फुकाउने वा कार्यविधिमा उल्लेख भएका प्रावधानहरुको व्याख्या गर्ने अधिकार हुनेछ ।

**३३. कार्यविधिको संशोधन**

प्रदेश सरकारले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन वा थपघट गर्न सक्नेछ ।

**३४. कार्यविधि खारेज गर्न सक्ने**

यस कार्यविधिको औचित्य र आवश्यकता नदेखिएमा प्रदेश सरकारले जुनसुकै बखत यो कार्यविधि खारेज गर्न सक्नेछ ।

## अनुसूची : १

## औद्योगिक ग्रामको पूर्व सम्भाव्यता अध्ययनको लागि परिक्षण सूची (Check List)

| सि.नं. | परीक्षण शीर्षक | परीक्षणको विवरण |
|---|---|---|
| १ | जग्गाको अवस्थिती (**Location**)<br>● प्रदेशको नाम<br>● जिल्ला<br>● महा/उपमहा/नगरपालिका/ गाउँपालिका<br>● वडा नं<br>● स्थानको नाम<br>● नजिकको बस्तिको नाम | |
| २ | जमिनको हालको स्वामित्व | |
| ३ | जमिनको चारकिल्ला<br>पूर्व<br>दक्षिण<br>पश्चिम<br>उत्तर | |
| ४ | जमिनको क्षेत्रफल<br>● वर्ग मिटर/रोपनी/विगाहा | |
| ५ | जमिनको बनोट **(Topography)**<br>समथर/भिरालो /अन्य<br>● पहिरो जाने संभावना छ/छैन | |
| ६ | हालमा जमिनको प्रयोग केमा भएको छ<br>● सिचाई सुविधा उपलब्ध छ/छैन<br>● घना बन जंगल छ/छैन | |
| ७ | जमिनमा कुनै बिवाद भए/नभएको | |
| ८ | नजिकको मुख्य खोला वा नदीको नाम र दूरी | |
| ९ | पहुंच मार्ग<br>● सबभन्दा नजिकको राजमार्ग<br>● राजमार्ग सम्मको दुरी<br>● राजमार्ग जोड्ने सडक छ/छैन<br>● राजमार्ग जोड्ने सडकको संभावना | |
| १० | खानेपानी उपलब्ध छ/छैन<br>खानेपानीको सम्भाव्य स्रोत वा मुहान | |

| | | |
|---|---|---|
| ११ | विद्युत प्रसारण लाइन<br>● छ/छैन<br>● छैन भने नजिकको विद्युत स्टेसन र दूरी | |
| १२ | नजिकमा रहेका उद्योगहरु | |
| १३ | नजिकको बजार वा व्यापारिक केन्द्रको नाम र दुरी | |
| १४ | दूर संचार सेवा उपलब्ध छ/छैन<br><br>उपलब्ध नभएमा नजिकको स्टेसन र दूरी | |
| १५ | फोहोर तथा औद्योगिक फोहोर व्यवस्थापनको लागि सम्भाव्य क्षेत्र | |
| १६ | प्रदुषित पानी व्यवस्थापनको लागि सम्भाव्य क्षेत्र | |
| १७ | ढल निकासको व्यबस्था छ/छैन | |
| १८ | अन्तर्राष्ट्रिय सीमा सम्मको दूरी | |
| १९ | औद्योगिक ग्रामबाट पर्नसक्ने वातावरणीय असरको आंकलन | |
| २० | औद्योगिक ग्राम बिस्तारको सम्भावना छ/छैन | |

# उद्यमशीलता विकास तालिम कार्यक्रम सञ्चालन कार्यविधि-२०७५

**प्रस्तावना :**

गण्डकी प्रदेश सरकार ,उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगत उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशानलय मातहतका निकायहरुबाट उद्यमशीलताको माध्यमद्धारा स्थानीय श्रोत साधनको उपयोग गर्दै रोजगारी सृजना गर्ने उद्देश्यले सञ्चालन गरीने उद्यमशीलता विकास तालिम सम्बन्धी कार्यलाई व्यवस्थित तथा पारदर्शी बनाउन बाञ्छनीय भएको उद्योग , पर्यटन , वन तथा वातावरण मन्त्रालयले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०१२ को दफा २ ले दिएको अधिकार प्रयोग गरी यो "उद्यमशीलता विकास तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" तयार गरीएको छ ।

## परिच्छेद -एक : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "उद्यमशील विकास तालिम सञ्चालन कार्यविधि" रहको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखी लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "प्रदेश भन्नाले" भन्नाले गण्डकी प्रदेशलाई सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय भन्नाले" उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ग) "निर्देशानलय" भन्नाले मन्त्रालय अन्तरगतको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशानलायलाई सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले निर्देशनालय मातहत जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यलय तथा घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरुलाई समेत जनाउने छ ।

(ङ) "उद्योमशीलता विकास कार्यक्रम तालिम" भन्नाले स्थानीय श्रोत साधनको उपयोग गर्दै लघु, घरेलु तथा साना उद्यम व्यावसाय, पेशा वा रोजगारलाई कुशलतापूर्वक सञ्चालन गर्न वा उत्प्रेरित गर्न आवश्यक पर्ने ज्ञान , सीप , कला वा धारणको विकास गर्न तालिमलाई सम्झनुपर्छ । जसलाई अङग्रजीमा Enterpreneurship Development Programe Training भनिन्छ ।

(ङ) "प्रशिक्षार्थी छनौट समिति" भन्नाले यस कार्यविधिको नियम २.६ अनुसार गठित प्रदेश र जिल्लास्तरको छनौट समितिलाई सम्झनुपर्छ ।

(च) सहजककर्ता छनौट समिति भन्नाले यस कार्यविधिको नियम २(८) को (ख) अनुसारको समितिलाई सम्झनुपर्छ ।

(छ) "सहजकार्ता "भन्नाले १० दिने उद्यमशीलता विकास कार्यक्रम तालिम दिने प्रशिक्षकलाई सम्झनु पर्छ ।

(ज) "प्रशिक्षार्थी" भन्नाले यस निर्देशन वमोजिम सञ्चालन हुने कार्यक्रक मार्फत प्रशिक्षण लिने उद्यमशील व्यक्तिहरुलाई सम्झनुपर्छ ।

(झ) "पाठयपुस्तक" भन्नाले उद्यमशीलता विकास तालिमको लागि तयार पारिएको पाठ यपुस्तकलाई सम्झनु पर्छ ।

(म) "अनुदेशक" भन्नाले कार्यलयमा कार्यरत अनुदेशक अधिकृत जसले उद्यमशीलता विकास तालिम प्रमुख प्रशिक्षक भै कार्य गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

## परिच्छेद–दुई : लक्षित वर्ग तालिमको आवश्यकता पहिचान

**३. लक्षित वर्ग :** उद्योग व्यवसायमा सरिक हुन इच्छुक भए तापनि प्रक्रियागत जानकारी र उद्यमशीलताको अभावले गर्दा उद्यम व्यावसायमा सरिक हुन नसकेका महिला, उद्यमशीलता कोष, युवा उद्यमशीलता कोर्षबाट कर्जा स्वीकृत भएका, घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालन, विविधिकारण तथा विस्तार गर्न चाहना भएका, वेरोजगार बाट केही ज्ञान सीप प्राप्त गरी स्वदेशमा नै उद्योग व्यवसाय गर्न इच्छुक उद्यमशील व्यक्तिहरु ।

**४. तालिम स्थानको छनोट :** जिल्लाका सदरमुकामहरुमा नै उद्योग व्यवसायको लागि आवश्यक पूर्वधारहरु जस्तै बजार, यातायत, जनशक्ति आदि पाईने हुदा उद्यमशीलता विकास तालिम सदरमुकाममा सञ्चालन गर्नु पर्नेछ । तर, सदरमुकाम बाहिरका अन्य स्थानहरुमा पनि निम्न पूर्वधारहरु भएमा तालिम सञ्चालन गर्न सकिनेछ । कुनै किसिमको सीप विकास, तालिम सञ्चालन गर्न पूर्व दिइने यस्तो तालिम, तालिम सञ्चालन हुने जुनसुकै तालिम स्थान क्षेत्रहरु हुन सक्नेछन् । साधारणतया तालिम सञ्चालन स्थलका लागी निम्न अनुसारको पूर्वाधार भएको हुनु पर्नेछ।

(क) वित्तीय संध संस्था भएको ।

(ख) बाटो, बिजुली, पानी आदि औद्योगिक व्यावसायिक पूर्वधार भएको ।

(ग) व्यवसायमूलक सरकारी र गैर सरकारी संथाहरु भएको ।

(घ) उपयुक्त बजार व्यवस्था भएको ,

(ङ) विगतमा उद्यमशीलता विकास तालिम सञ्चालन भई जनमानसमा राम्रो प्रभाव परी पुनः आवश्यक ठहरिन गएको ।

**५. सूचना प्रकाश र आवेदन संकलन**

(१) कार्यक्रममा सहभागिताको लागि स्थानीय सञ्चार माध्यमबाट प्रचार प्रसार गरीनेछ । बजेटको परिधि भित्र रही प्रदेशको हकमा प्रदेश स्तरीय तथा जिल्लाको हकमा स्थानीय पत्र पत्रिका मार्फत १५ दिन सार्वजनिक सूचना प्रकाशन गरीनेछ । आवश्यकता अनुसार अन्य संचार माध्यमबाट समेत सूचना गरीनेछ । बढि जनसम्पर्क हुने सम्बन्धित कार्यलयमा समेत सूचना टाँस गरीने छ । तर सीप विकास तालिम दिनका लागि छनौट हुने प्रशिक्षार्थीहरुको लागि प्रक्रिया शुरु गर्नु पर्ने छन् ।

(२) उपदफा (१) बमोजिमको सूचना बमोजिम लक्षित वर्गको सहभागिताको लागी तोकिएको अवधिभित्र इच्छुक उद्यमशील व्यक्तिहरुले कार्यालयमा अनुसूची १ बमोजिमको ढाँचा आवेदन दिनु पर्नेछ ।

**६. तालिम अवधि**

(१) तालिम अवधि १० कार्य दिन (बिदाको दिन बाहेक ) को हुनेछ ।

(२) तालिम प्रति कक्षा १:३० घण्टाको दरले दैनिक ३ कक्षा ४:३० घण्टाको हुनेछ ।

**७. प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता :** उद्यमशीलता तालिममा देहायका व्यक्तिहरु छनौट हुन सक्नेछन् ।

(क) नेपाली नागरीक ।

(ख) १६वर्ष पुरा गरेको ।

(ग) साधारण लेखपढ गर्न सक्ने ।

(घ) उद्योग व्यवसाय गर्न इच्छुक वा चलिरहेको वा रुग्ण उद्योगको उद्यमी वा विस्तार तथा विविधिकारण गर्न चाहने उद्यमी व्यवसायी ।

**८. प्रथमिकता दिनु पर्ने :** (१) उद्यमशीलता तालिममा देहायका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ :

(क) महिला उद्यमशीलता विकास कोष तथा युवा लक्षित चुनौति कोष मार्फत ऋण स्वीकृत भएका उद्यमशील व्यक्ति ।

(ख) उद्योग व्यवसाय गर्न इच्छुक व्यक्ति वा आफ्नो व्यावसायलाई सफलताका साथ सञ्चालन गर्न चाहने व्यक्ति ।

(ग) स-साना उद्यमी व्यवसायीकहरुलाई सहयोग पुऱ्याउने , स्थानीय बेरोजगारलाई आय वृद्धि गर्ने कार्यमा संलग्न गराउने , गैर सरकारी संघ संस्थाको सहभागितामा व्यवसाय सञ्चालन गर्न इच्छुक व्यक्ति ।

(घ) विगतमा घरेलु तथा साना उद्योग विकास समिति वा घरेलु तथा साना उद्योग विभागबाट सीप विकास तालिम प्राप्त गरेका व्यक्तिहरु ।

(ङ) बैदेशिक रोजगारबाट ज्ञान सीप प्राप्त गरी स्वदेशमै काम गर्न चाहने उद्यमशील व्यक्ति ।

**९. प्रशिक्षार्थी छनौट समिति** : (१) प्रशिक्षार्थी छनौटकालागी देहाय बमोजीमका समिति रहनेछन् ।

**(क) प्रदेश स्तर** :

(क) प्रमुख निर्देशनालय - संयोजक

(ख) प्रतिनिधि उद्योग शाखा , मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, स्थानीय निकाय - सदस्य

(घ) विषय सम्बन्धी ज्ञान भएका व्यक्ति मध्य बाट मन्त्रालयले विज्ञ - सदस्य

(ङ) प्रशिक्षण तथा प्रवर्द्धन शाखा प्रमुख, निर्देशनालय - सदस्य सचिव

(२) समितिको बैठकमा दूई जनासम्म अन्य विज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

**(ख) जिल्ला स्तर** :

(क) कार्यालय प्रमुख - संयोजक

(ख) प्रतिनिधि, जिल्ला समन्वय समिति/स्थानीय तह - सदस्य

(ग) प्रतिनिधि उद्योग वाणिज्य संघ वा घरेलु तथा साना उद्योग महासंघ - सदस्य

(घ) प्रतिनिधि नेपाल सरकारको स्वामित्व प्राप्त बैक
(महिला उद्यमशीलता विकास कोष/युवा उद्यमशीलतम विकास कोष हेर्ने बैक) - सदस्य

(ङ) प्रशिक्षण तथा प्रवर्धन शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

(२) समितिको बैठक दूई जनासम्म अन्य विज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

**१०. प्रशिक्षार्थी छनौटका आधारहरु** : उद्यमशीलता विकास तालिममा सहभागी हुने प्रशिक्षार्थीहरुको छनोट आधार प्रदेशस्तरीय लघु , घरेलु तथा साना उद्योग विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम गरीनेछ ।

**११. सहजकर्तासम्बन्धी व्यवस्था** : (१) निर्देशानलय/ कार्यलयबाट प्रदान गरीने जुनसुकै सीप विकास तालिम दिनु भन्दा अगाडि वा उद्यमशीलता विकास तालिम कार्य उद्योग व्यवसाय सञ्चालनका लागि विधिवत रुपमा महिला उद्यमशीलता विकास कोष/युवा उद्यमशीलता लगानी चुनौति कोष मार्फत कर्जा स्वीकृत भएका उद्यमशिल व्यक्तिहरुलाई अनिवार्य रुपमा १० दिने उद्यमशीलता तालिम प्रदान गर्नुपर्ने प्रावधान भए बमोजिम चालु आ.व.को स्वीकृत कार्यक्रम कै बजेट खर्चबाट व्यवस्थापन हुने गरी त्यस्ता तालिम दिने दक्ष जनशक्ति उत्पादन गर्नका लागि तोकिएको योग्यता पुगेका नेपाली नागरीकहरुलाई निर्देशानलयबाट सार्वजनिक सूचना प्रकाशन गरी चालु आ.व. सम्मका लागि खुल्ला प्रतिस्पर्धाका आधारमा अन्तरवर्ता विधिद्धारा अनुसुचि ६,७,र८ बमोजिम उच्चतम अकं प्राप्त गर्ने व्यक्तिलाई ना.सु(तह,५) सरहको सेवा सुविधा दिने गरी अनुसूची ५ अनुसारको दरखस्त फारम भर्न लगाई करार सेवामा उपदफा (२) अनुसारको समितिको सिफारिसमा कार्यलयबाट नियुक्ति

गरी दक्ष प्रशिक्षक सहजकर्ताको व्यवस्था गरीनेछ । नियुक्ति भएको सहजकर्ताको कार्य सन्तोष जनक नभएमा निज सहज कर्तालाई कार्यलयको सिफारिसमा निर्देशनालयको हटाउन सक्नेछ वा कार्य अवधिमै सहजकर्ताले स्वीच्छाले छोडेमा बाँकी अवधिको लागि निर्देशनालयले हटाउन सक्नेछ वा कार्य अवधिमै सहजकर्ता नियुक्ति गर्न सक्नेछ । सहजकर्ताको कार्य सन्तोष जनक भएमा र अर्को आ.व. मा पनि कार्यक्रम बजेट व्यवस्था भए मन्त्रालय/निर्देशनालयको पूर्व स्वीकृति लिई कार्यलयले अर्को आ.व.मा पनि निजलाई नै निरन्तरता दिन सक्नेछ ।

(२) सहजकर्ता छनौटका लागि देहाय अनुसारको छनोट समिति रहनेछ

| | |
|---|---|
| (क) प्रमुख, निर्देशनालय | - संयोजक |
| (ख) प्रतिनिधि, उद्योग शाखा, मन्त्रालय | - सदस्य |
| (ग) प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (घ) विज्ञ -विषय सम्बन्धी ज्ञान प्राप्त, मन्त्रालयले तोक्ने) | - सदस्य |
| (ङ) प्रशिक्षण तथा प्रवर्द्धन शाखा प्रमुख, निर्देशानलय | - सदस्य सचिव |

(३) समितिको बैठक दुई जनासम्म अन्य विज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

**१.२ सहजकर्ताको योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ वा सो सरह उत्तिर्ण गरीदिन उद्यमशीलता विकास कार्यक्रम प्रशिक्षण तालिम प्राप्त नेपाली नागरीक हुनु पर्नेछ ।

**१.३ सहजकर्ताको काम कतर्व्य अधिकार :** सहजकर्ताको काम कतर्व्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) उद्यमशील व्यक्तिहरुलाई उद्यमशील विकास तालिम प्रदान गर्ने ।

(ख) प्रत्येक प्रशिक्षार्थीको घर दैलोमा  निरन्तर पुगी उद्योग व्यवसाय गर्न प्रेरित गर्ने ।

(ग) प्रशिक्षार्थीहरुलाई उद्योग स्थापनार्थ आवश्यक पर्ने सहयोग जुटाउने माध्यमको रुपमा भूमिका निर्वाह गर्ने ।

(घ) उद्योग सुचारु राख्न आवश्यक पर्ने सहयोग  जुटाउने माध्यमको रुपमा भूमिका निर्वाह गर्ने ।

ख) कार्यालय प्रमुख, बुद्धिजिवी, जनसाधारणसँग सौहाद्रपूर्ण व्यवहार गरी तालिमका उद्देश्यहरु पूर्ति गराउन कार्यमा सहयोग गर्ने ।

ग) तालिम समाप्त भएपछि तालिमको प्रभावकारिता, प्रत्येक प्रशिक्षार्थीले रोजेको उद्योग व्यवसाय तालिम अगाव व्यवसायमा सरिक भए सो को प्रगति र तालिम समाप्त भएपछि दिनुपर्ने सहयोगबारे प्रष्ट हुने गरी अनुसूची ३ बमोजिमको ढाँचामा कार्यालयमा तालिम प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१९. कार्यक्रमको अनुगमन र मूल्याङकन सम्बन्धी व्यवस्था**

(१) राष्ट्रिय योजना आयोगको नतिजामा आधारित अनुगमन तथा मूल्याङन निर्देशिका बमोजिम प्रस्तुत् कार्यक्रमको अनुगमन र मूल्याङन गर्न नतिजामा आधारित अनुसूची ४ बमोजिम अनुगमन तथा मूल्याङन पद्दतिको व्यवस्था गरीनेछ ।

(२) कार्यक्रम सञ्चालन तथा उद्योग स्थापना प्रवर्द्धन गरीएको स्थलमै गएर मन्त्रालय वा निर्देशनालयबाट अनुगमन निरीक्षण गर्ने र आवश्यक सुझाव परामर्श दिइनेछ ।

## परिच्छेद-तीन : विविध व्यवस्था

**२०. स्वीकृत बजेट अनुरुप तालिम सञ्चालन गर्नुपर्ने :** तालिमको लागि विनियोजित बजेटभित्र रहि कार्यक्रम स्वीकृत गराई तालिमको लागि यस कार्यविधि बमोजिम खर्च गर्नुपर्नेछ ।

**२१. यस कार्यविधि बमोजिम गर्ने :** यस कार्यविधिमा उल्लेखित विषयको हकमा सोही अनुसार र नलेखिएका

हकमा नेपाल सरकार अर्थ मन्त्रालयको कार्यक्रम सञ्चालन निर्देशिका अनुरुप गरी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको सो सम्बन्धी निर्देशिका तयार भएपछि सोही अनुसार हुनेछ।

**२२. बाझिएमा गर्ने :** यस कार्यविधिमा उल्लेखित विषयहरु प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**२३. बाधा अड्काउ फुकाउन :** यस कार्यविधिमा उल्लेखित विषयमा कुनै बाधा अड्काउ वा दुविधा परेमा मन्त्रालयले आवश्यक व्याख्या गर्नेछ मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

**अनुसूची १**

**प्रदेश सरकार**

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**उद्यमशीलता विकास तालिम आवदेन फारम**

श्री.......................................

महोदय,

तहाँ कार्यालयबाट..........................मा मिति.............देखि ...............सम्म सञ्चालन हुने उद्यमशीलता विकास तालिममा सहभागी भई तालिम पश्चात् उद्योग व्यवसाय गर्ने इच्छा भएकोले नेपाली नागरीकताको प्रतिलिपी सहित यो आवेदन पेश गरेको छु ।

१. निवेदकको नाम, थर : २. बाबुको नाम

३. पति वा पत्नीको नाम :

५. योग्यता

क) स्थायी : ग) सम्पर्क टेलिफोन नं.

ख) अस्थायी :

६. उमेर : ७. लिङ्ग : पुरुष/महिला

८. विवाहित/अविवाहित/एकल : ९. पेशा :

१०. परिवार संख्या : ११. परिवारको पेशा :

१२. जाती :

१३. तालिम पछि व्यवसायमा लगानी गर्न सक्ने/नसक्ने

१४. यस अघि कुनै तालिम लिनु भएको छ/छैन

लिएको भए

१४.१ तालिम दिने संस्था/कार्यालयको नाम :

१४.२ तालिम विषय : १४.३ तालिम अवधि :

१४.४ तालिम प्राप्त सीपको सदुपयोग भएको छ/छैन ? १४.५ तालिम प्रमाणपत्रको प्रतिलिपी:

१५. तालिम बिना कुनै सीप जानेको भए उल्लेख गर्ने ?

१६. यो तालिम आवश्यक पर्नुको कारण :

तालिम पश्चात तालिम लिएको विषय अनुसारको व्यवसाय सञ्चालन गर्ने दृढ निश्चय गरेको छु ।

माथि उल्लेखित विवरणहरु ठीक दुरुस्त छन् ।

नाम :

दस्तखत :

ठेगाना :

सम्पर्क नं. :

मिति :

## अनुसुची २

## उद्यमशीलता विकास तालिम सञ्चालन (१० कार्य दिने) तालिमको पाठयोजना

प्रतिकक्षा १:३० घण्टाको समय हुनेछ ।    प्रतिदिन ३ वटा कक्षा सञ्चालन हुनेछ ।

क) उद्यमशील व्यक्तित्व विकास :-

| | | | |
|---|---|---|---|
| **क** | **उद्यमशील व्यक्तित्व विकास** | | |
| **दिन** | **विषय** | **विषय** | **विषय** |
| १ | परिचयात्मक कार्यक्रम (कार्यक्रमको उद्देश्य) | आशा अपेक्षा संकलन (तालिमका नियमहरु ) | म को हुँ ? (हु एम आई) आत्मविश्लेषण अभ्यास |
| २ | आत्मविकास (जोहोरी झ्याल अभ्यास) | जोखिम बहन अभ्यास | |
| ३ | वातावरण अनुकुल व्यवहार अभ्यास | प्रतिस्पर्धा र समन्वय अभ्यास | win-win अभ्यास |
| ४ | लक्ष्य निर्धारण अभ्यास (टावर विल्डिङ्ग) | सफल उद्यमीका अनुभव आदान प्रदान गेष्ट कक्षा | सफल उद्यमीका विशेषता/ए.एम.टी. समष्टिकरण |
| **ख** | **परियोजना पहिचान तथा छनौट :-** | | |
| ५ | सिर्जनशीलता : क्रियटिभीटि | व्यवसायिक अवसरको पहिचान | मस्तिष्क मन्थन |
| ६ | वासलात (व्यक्तिगत सम्पत्ति र दायित्व विश्लेषण) | परियोजनाको प्रारम्भिक छनौट | उद्योग/वाणिज्य दर्ता प्रकृया : गेष्ट कक्ष |
| ७ | सम्भाव्य उद्योग बारे बैंकसँग छलफल गेष्ट कक्षा | परियोजना सुक्ष्म छनौट | व्यवसायको खु.क.अ.भ विश्लेषण-सोट एनालाईसेस |
| ग. | व्यवस्थापन : | | |
| ८ | व्यवसाय व्यवस्थापनको अवधारणा | बजार, बजारीकरण र समिश्रण | |
| ९ | बजार रणनीति | व्यवसायिक योजना | |
| १० | व्यवसायिक योजनाको प्रस्तुतीकरण | लेखा तथा लेखापालनको महत्व र खाताहरु | व्यवसायिक कार्ययोजना तयारी, तालिम मूल्याङ्कन र तालिम समापन |

## अनुसूची ३
## उद्यमशीलता विकास तालिम प्रतिवेदन

१. तालिम सञ्चालन भएको जिल्ला :
२. तालिम सञ्चालन भएको स्थान :
३. तालिम शुरु मिति :
४. तालिम समापन मिति :
५. सहभागि संख्या :
६. तालिम सम्पन्न गर्ने संख्या :

| समावेशिता | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|
| दलित | | | | |
| आदिवासी/जनजाती | | | | |
| मधेशी | | | | |
| अपाङ्ग | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

७. तालिम मूल्याङ्कनका आधारमा सहभागीको धारणा :..................................................................
......................................................................................................................................
८. तालिमको प्रभावकारिता सम्बन्धमा अनुदेशकको धारणा :...........................................................
......................................................................................................................................
९. उद्यमशीलता विकास तालिमका सहभागीहरुको कार्ययोजना सहितको विवरण :

| क्र.सं. | सहभागिको नाम | ठेगाना | उमेर | हालको पेशा | चाहेको व्यवसाय (प्रस्तावित व्यवसाय) | | | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | व्यवसायको नाम | सञ्चालन स्थान | लगानी रु. | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**प्रतिवेदन पेश गर्ने**

१. अनुदेशक ............................
दस्तखत :................................
मिति :....................................

२. अनुदेशक.........................................
दस्तखतः.............................................
मिति :....................................

## अनुसूची ४
## उद्यमशीलता विकास तालिम मूल्यांकन फारम
## (सहभागीहरुले भर्ने)

१. यो तालिम तपाईलाई कस्तो लाग्यो ?

धेरै उपयोगी उपयोगी ठिकै

२. यो तालिमको कुन विषयवस्तु तपाईलाई धेरै उपयोगी भयो र के कारणले लेख्नुहोस् ।

उद्यमशिल व्यक्तित्व विकास

परियोजना पहिचान तथा छनौट

औद्योगिक परियोजना

व्यवस्थापन

कार्ययोजना

कारण :...............................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

३. यो तालिमलाई भविष्यमा अझबढी प्रभावकारी बनाउन तपाईका सुझावहरु क-के छन् ?

.......................................................................................................................

.......................................................................................................................

| | | | |
|---|---|---|---|
| ४. प्रशिक्षकको प्रस्तुति | धेरै राम्रो ☐ | राम्रो ☐ | ठिकै ☐ |
| ५. तालिम अवधि | लामो ☐ | ठिकै ☐ | छिटो ☐ |
| ६. प्रशिक्षण विधि | धेरै राम्रो ☐ | राम्रो ☐ | ठिकै ☐ |

प्रतिफल : पृष्ठपोषणको आधारमा भविष्यमा सुधार गर्न सहयोग पुग्ने ।

**अनुसुची ५**
**(उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय/ घरेलु तथा साना उद्योग कार्यालय/ विकास समिति)**
**सहजकर्ताको लागि दरखास्त फारम**
**कार्यालय प्रयोजनका लागि**

पद : दरखास्त दर्ता नं. :
दर्ता मिति :

विज्ञापनमा उल्लेखित पूर्ण विवरण स्पष्ट बुझिने अक्षरमा लेख्नुहोस् :

पद :-

उम्मेदवारको पुरा नाम, थर देवनारीमा :.............................................................................

अंग्रेजी ठूलो अक्षरमा :.......................................................................................................

लिङ्ग :.............................. जाति :...................................

जन्म मिति :.......................साल........................महिना.......................गते ।

नागरीकता नं. र जिल्ला .........................................न.पा./गा.पा...........................वडा नं. ..........

मोवाइल नं. :..................................इमेल :......................................फोन नं..............................

बाबुको नाम, थर :.....................................बाजेको नाम, थर :.................................................

विवाहिताका हकमा पति/पत्नीको पूरा नाम, थर :........................................................................

पारिवारिक पेशा :.............................................................

आफु संलग्न भएर कुनै उद्योग व्यवसाय सञ्चालन गरे/नगरेको ? ..................................................
..

उद्योग व्यवसाय गरेको भए व्यवसायको नाम :..........................................................................

शैक्षिक योग्यता :

| क्र.सं. | अध्ययन गरेको संस्थानको नाम | उत्तीर्ण गरेको परीक्षा | परीक्षा उत्तीर्ण गरेको मिति | श्रेणी | मुख्य विषयहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

तालिमको विवरण :

| क्र.सं. | तालिम लिएको संस्थाको नाम | तालिमको नाम | तालिम लिएको वर्ष | तालिम अवधि | तालिममा सिकेका मुख्य विषयहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुभव :

| काम गरेको संस्था | पद | काम गरेको अवधि | सो पदमा रहेर गरेको कामको विवरण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**दरखास्त साथ निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ :**

क) उमेर खुलेको प्रमाणको प्रतिलिपी ।

ख) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ग) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको तथा तालिम प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

नागरीकतामा उल्लेखित भए भन्दा हालको ठेगाना फरक भएमा बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी सहित अर्न्तवार्ता दिन उम्मेदवार आफ्नो सबै सक्कल प्रमाणपत्र सहित उपस्थित हुनुपर्नेछ ।

मैले यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु शर्तय छन् । प्रचलित कानुन बमोजिम भविष्यमा नोकरीका निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त भएको छैन र मेरो नियुक्तिको सम्बन्धमा असर पर्न सक्ने कुनै कुरा लुकाएको छैन । उम्मेदवारलाई दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती शर्तहरु पालन गर्न मञ्जुर गर्दछु ।

ल्याप्चे सहीछाप

| | |
|---|---|
| | |

मिति :..........................

..........................

उम्मेदवारको सही

## अनुसुची ६

### (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय/घरेलु तथा साना उद्योग कार्यालय/ विकास समिति)

### दरखास्त फाराममा उल्लेखित व्यक्तिगत विवरणका आधारमा तयार गरीएको मूल्याङ्कन तालिका

| क.सं. | दर्ता/रोल नं. | उम्मेदवारको नाम, थर | भौगोलिक क्षेत्र<br>५ | शैक्षिक योग्यता<br>१५ | अनुभव<br>१० | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अर्न्तवार्ताको अङ्क दिंदा चालिस प्रतिशतभन्दा कम र सत्तरी प्रतिशतभन्दा बढी दिएको अवस्थामा पुष्टाई उल्लेख गर्नुपर्नेछ ।

<u>तयार गर्नेको</u>

दस्तखत

नाम, थर :

पद :

<u>प्रमाणित गर्नेको</u>

दस्तखत :

नाम, थर :

पद :

कार्यालय :

## अनुसुची ७

### उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/उद्योग, वाणिज्य उपभोक्ता हित संरक्षण निर्देशनालय/घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति

### अन्तर्वार्ता फाराम

| क्र.सं. | दर्ता/रोल नं. | उम्मेदवारको नाम, थर | विषयवस्तुको ज्ञान | कामप्रतिको अभिरुची उत्साह | व्यक्तितव | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | ८ | ६ | ६ | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अन्तर्वार्ताको अङ्क दिंदा चालिस प्रतिशतभन्दा कम र सत्तरी प्रतिशतभन्दा बढी दिएको अवस्थामा पुष्टाई उल्लेख गर्नुपर्नेछ ।

अन्तर्वार्ताकारको

दस्तखत :

नाम, थर :

पद :

कार्यालय :

## अनुसुची ८

**(उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षित निर्देशनालय/घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति)**

**अन्तिम नतिजाका लागि तयार गरीएको मूल्याङ्कन तालिका :**

| क.सं. | दर्ता/रोल नं. | उम्मेदवारको नाम, थर | दरखास्त फाराममा उल्लेखित व्यक्तिगत विवरणका आधारमा प्राप्त अङ्क | अन्तर्वार्ता वापत प्राप्त अङ्क | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ३० | २० | अङ्कमा | अक्षरमा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अन्तर्वार्ताको अङ्क दिंदा चालिस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशतभन्दा बढी दिएको अवस्थामा पुष्टाई उल्लेख गर्नुपर्नेछ ।

तयार गर्नेको
दस्तखत
नाम, थर :
पद :

प्रमाणित गर्नेको
दस्तखत :
नाम, थर :
पद :
कार्यालय :

# २. उद्यमशीलताका लागि युवा लक्षित चुनौति कोष (सञ्चालन) कार्यविधि–२०७५

**प्रस्तावना :**

राष्ट्रिय युवा नीति २०६६ को भावना बमोजिम स्वदेशमा नै उद्योग व्यवसाय गरी रहेका वा गर्ने हेतुले कुनै तालिम गरी वा नगरी उद्योग व्यवसाय सञ्चालन गर्न खोजेका वा बैदेशिक रोजगारबाट कुनै सीप ज्ञान प्राप्त गरी फर्किएका युवाहरुले स्वदेशमा कुनै उद्योग व्यवसाय गरी रहेका वा गर्न चाहेका युवाहरुको उनीहरुको माग र आवश्यकताको आधारमा उद्योग व्यवसाय सञ्चालनका लागि युवा लक्षित चुनौति कोष मार्फत आवश्यकीय उद्यमशीलता विकास तालिम तथा उपयुक्त सीप विकास तालिमको समेत व्यवस्थापन गरी युवा उद्यमशीलताको प्रवर्द्धन, विकास र विस्तार गराई राष्ट्रिय विकासको अभियानमा युवाहरुलाई उद्योग व्यवसाय सञ्चालनका लागि विना धितो कर्जा प्रवाहमा सघाउ पुऱ्याउने उद्देश्यले प्रशासकीय कार्य विधि नियमित गर्ने ऐन २०१३ को दफा २ ले दिएको अधिकार उपयोग गरी गण्डकी प्रदेश सरकार (मन्त्रीस्तर) को स्वीकृतिबाट यो कार्यविधि तयार गरीएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : १. संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम “युवा उद्यमशीलता विकास कोष (सञ्चालन) कार्यविधि २०७५” रहेको छ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) कोष भन्नाले दफा ३ बमोजिम स्थापना गरीएको कोष सम्झनुपर्दछ ।

ख) मन्त्रालय भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनुपर्दछ ।

ग) निर्देशनालय भन्नाले मन्त्रालय अन्तर्गत उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्दछ ।

घ) युवा भन्नाले १६ वर्ष देखि ४० वर्ष भित्र उमेर समूहका नेपाली नागरीकतालाई सम्झनुपर्दछ ।

ङ) कार्यालय भन्नाले निर्देशनालय मातहत जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय तथा घरेलु तथा साना उद्योग विकास समिति सम्झनु पर्दछ ।

च) संस्था भन्नाले प्रलचित कानुन बमोजिम युवाहरुको नाममा दर्ता भई स्थापना भएको युवाहरुद्वारा संचालित उद्योग वा उद्यम वा व्यवसाय सम्झनु पर्नेछ ।

छ) समिति भन्नाले दफा ७ र दफा ९ बमोजिमका प्रदेश र जिल्लास्तरीय कोष सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्दछ ।

**३. कोषको स्थापना**

१. युवा उद्यमशीलता विकास कोषको नामले एक कोषको स्थापना गरीएको छ

२. कोषमा देहाय बमोजिमको रकम रहनेछ

क. नेपाल सरकारबाट प्राप्त रकम

ख. प्रदेश सरकारबाट प्राप्त रकम

ग. कोषको कर्जा प्रवाह तथा असुलीबाट प्राप्त हुने साँवा व्याजको रकम

घ. कुनै स्वदेशी विदेशी, सरकारी वा गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम

ङ. कुनै विदेशी सरकार वा संस्था अन्तराष्ट्रिय संस्था वा निकाय वा व्यक्तिबाट अनुदान चन्दा सहयोग स्वरुप प्राप्त रकम

३. विदेशी सरकार वा संस्था वा अन्तराष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्तिसँग आर्थिक स्रोत, सहयोग लिनु अघि नेपाल सरकार अर्थ मन्त्रालय र प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

**४. कोषको उद्देश्य**

१. लघु, घरेलु तथा साना उद्योग/व्यवसाय सञ्चालनका लागि युवाहरुलाई सरल र सहज ढंगले विनो धितो कर्जा प्रवाह गर्न ।

२. युवाहरुलाई उद्यमशीलताको विकास विस्तार एवं स्थापना तथा सञ्चालन सम्बन्धी प्रवर्द्धन गर्न सहयोग पुऱ्याउन

३. युवाहरुलाई कर्जा प्रवाह गरी उद्यमशीलतााको माध्यमबाट उनीहरुको आर्थिक तथा सामाजिक स्तर उकास्नका लागि सहयोग पुऱ्याउन ।

४. लघु, घरेलु तथा साना उद्योगको माध्यमद्वारा युवाहरुलाई स्वदेशमा नै उद्योग व्यवसाय सञ्चालन प्रक्रियामा संलग्न गराई वैदेशिक रोजगारमा निरुत्साहन गर्न ।

५. युवा जनशक्तिलाई उद्यमशीलताको मार्फत सीप अनुशाशिर्त, नैतिवान्, चरित्रवान् र क्षमतावान बनाउन

**५. कोषको रकम वृद्धि गर्न सक्ने :** प्रदेश सरकारले बार्षिक बजेट वा समय समयमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कोषको रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ ।

**६. कोषको प्रयोग**

१. युवाहरुलाई स्वदेशमा नै उद्योग व्यवसाय सञ्चालन तथा आधुनिक प्रविधि विकास तथा हस्तान्तरणका लागि कार्यमा सरल र सुलभ तरिकाबाट विना धितो कर्जा प्रवाह गर्ने ।

२. युवाहरुलाई उद्योग व्यवसाय सञ्चालन गर्नको लागि कर्जा प्रवाह स्वीकृत भैसकेपछि उद्योग व्यवसाय शुरु गर्नु भन्दा अगाडी उद्यमशीलता विकासका लागि अनिवार्य रुपमा उद्यमशीलता विकास तालिम प्रदान गर्न ।

३. कोषको खातामा रहेको रकम आर्थिक वर्षको अन्तमा फ्रिज हुनेछैन ।

४. कोषको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त नेपाल सरकारको स्वामित्व प्राप्त बैंक मध्ये कुन एक बैंकमा खाता खोली जम्मा गरीनेछ ।

५. कोषको रकम युवा उद्यमी मार्फत लगानी गरीनेछ ।

६. कोषको रकम बैंकले लगानी तथा असुली गरे बापत लगानी गरेको रकमको तीन प्रतिशत कम सम्बन्धित बैंकलाई सञ्चालन एवं प्रशासनिक खर्चको रुपमा दिइनेछ ।

७. लगानी गर्न लगानी तथा असुलीको निरीक्षण अनुगमन तथा मूल्याङ्कन र व्यवस्थापन कार्यका लागि कोषमा जम्मा भएको रकमको पाँच प्रतिशतसम्म मात्र समिति मार्फत खर्च गर्न सक्नेछ ।

८. कोषको खाता सञ्चालन दफा ७ बमोजिमको समितिको संयोजक र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**७. कोष सञ्चालन :** १) कोष सञ्चालनका लागि प्रदेश स्तरमा देहाय बमोजिमको एक प्रदेश कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

क) निर्देशक : उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय - संयोजक

ख) विषय विज्ञ, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट तोकिएका - सदस्य

ग) शा.अ.- उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको उद्योग शाखा - सदस्य

घ) प्रतिनिधि अधिकृत स्तर : सामाजिक विकास मन्त्रालयको कर्मचारी - सदस्य

ङ) प्रतिनिधि अधिकृत स्तर : आर्थिक मामिला तथा योजना मन्त्रालयको - सदस्य

च) प्रतिनिधि अधिकृत स्तर : नेपाल राष्ट्र बैंक -सदस्य

छ) प्रतिनिधि उद्योग वाणिज्य संघ प्रदेश स्तर - सदस्य

ज) प्रतिनिधि नेपाल घरेलु तथा साना उद्योग महासंघ प्रदेशस्तर - सदस्य

झ) निर्देशनालयका उद्योग हेर्ने कर्मचारी - सदस्य

२. प्रदेश समितिले आवश्यकता अनुसार विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३. प्रदेश समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

४ प्रदेश समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

**८. प्रदेश कोष सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

१. कोषको अधिकतम् र प्रभावकारी उपयोग गर्नको लागि प्रदेश स्तरका सम्बद्ध निकायहरु वीच आवश्यक समन्वय सञ्चालन र व्यवस्थापन गर्न ।

२. युवाहरुलाई उद्यम स्थापना विकास विस्तार तथा प्रवर्द्धन गर्ने तर्फ आकर्षित गर्न आवश्यकतानुसा प्रचार प्रसार गर्न ।

३. कर्जा मागको लागि जिल्लाबाट प्राप्त निवेदनहरुको छानविन गरी उपयुक्त देखिएका संस्थालाई कर्जा उपलब्ध गराउन स्वीकृत दिने

४. कर्जा प्रवाह तथा असुलीको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने वा गर्न लगाउने र प्राप्त निवेदनको आधारमा आवश्यकतानुसार मन्त्रालयलाई सुझाव सल्लाह दिने ।

५. कर्जा प्रवाह तथा असुली सन्तोषजनक नदेखिएको जिल्लाका कर्जा प्रवाह गर्न पुनरालोवन गर्ने, रोक्का गर्ने, बन्द गर्ने वा अन्य आवश्यक कारबाही गर्ने

६. कर्जा प्रवाहाको लागि अनुसुची-१ को आधारमा जिल्ला छनौट गर्ने ।

७. कोषको वार्षिक लेखापरीक्षण गराउने ।

८. कोषबाट भएको कर्जा प्रवाह तथा असुली लगायतका अन्य काम कारवाहीको सम्बन्धमा बार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्ने ।

९. कोषबाट कर्जा प्रवाह गर्ने रकमको सीमा बढाउने वा घटाउन सिफारिस गर्ने ।

१०. कोष सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्ने ।

११. कोष व्यवस्थापन जिल्ला समितिलाई आवश्यकता अनुसार सुझाव तथा निर्देशन दिने ।

१२. कर्जा लगानी तथा असुली गर्नको लागि बैंकसँग सम्झौता गर्ने ।

१३. कर्जा प्रवाह गर्ने अनुमति पाएको बैंकले सम्झौता बमोजिम काम गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने र आवश्यकतानुसार बैंकलाई सुझाव दिने ।

**९. कोष व्यवस्थापन जिल्ला समिति :**

१. उद्यमशील युवाहरुलाई सहज, सरल र प्रभावकारी रुपमा कर्जा प्रवाह गरी कोषको समुचित प्रयोग गर्न तथा सघाउन पुऱ्याउनको लागि जिल्लास्तरमा देहाय बमोजिमको जिल्ला समिति रहनेछ :

क) कार्यालयको प्रमुख - संयोजक

ख) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रण कार्यालय - सदस्य

ग) प्रतिनिधि, जिल्ला स्थित कर्जा प्रवाह गर्ने अनुमति पाएको बैंक - सदस्य

घ) प्रतिनिधि, जिल्ला स्थित उद्योग वाणिज्य संघ - सदस्य

ङ) प्रतिनिधि, जिल्ला स्थित नेपाल घरेलु तथा साना उद्योग महासंघ वा जिल्ला स्थित लघु उद्यमी संघ नेपाल - सदस्य

च) प्रतिनिधि जिल्लास्थित सामाजिक विकास मन्त्रालय - सदस्य

छ) कार्यालय प्रमुखले तोकेको कार्यालयको कर्मचारी - सदस्य-सचिव

२. जिल्ला समितिले आवश्यकता अनुसार विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

३. जिल्ला समितिको बैठक महिनाको एक पटक बस्नेछ ।

४. जिल्ला समितिले प्रदेश समितिको निर्देशनको अधिनमा रही आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

**१०. कोष व्यवस्थापन जिल्ला समितिको काम, कर्तव्य र अधिकार**

१. कोषको उपयोग गरी युवालाई उद्यम स्थापना, विकास, विस्तार तथा प्रवर्द्धन गर्ने तर्फ आकर्षित गर्न प्रचार प्रसार गर्ने ।

२. कोषबाट कर्जा लिन चाहने उद्यमीको निवेदन लिने ।

३. कर्जा मागको लागि प्राप्त भएका आवेदन प्रस्ताव अनुसूची २ को आधारमा मूल्याङ्कन गरी सिफारिस सहित आवश्यक कारबाहीको लागि प्रदेश समितिमा पठाउने, यसरी सिफारिस गर्दा कर्जाको लागि प्रप्त भएका निवेदनहरुमध्ये द्वन्द पीडित अपाङ्ग, एकल महिला, सीमान्कृत, अल्पसंख्यक युवाद्धारा सञ्चालन गरीने उद्यमलाई प्राथमिकता दिनुपर्नेछ ।

४. कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुली सन्तोषजनक नदेखिएमा प्रदेश समितिमा जानकारी गराउने ।

५. कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुलीको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

६. जिल्लाको लागि आवश्यक पर्ने कर्जा सीमा तथा अन्य विषयमा प्रदेश समितिलाई सुझाव दिने ।

७. कर्जा प्रवाह भएका संस्थाको निरीक्षण गरी आवश्यकतानुसार युवा उद्यमीलाई परामर्श दिने ।

८. जिल्लामा भएका कर्जा लगानी तथा असुलीको प्रगति विवरण चौमासिकको अन्तिम दिन छिटो साधनद्वारा प्रदेश समितिमा पठाउने ।

९. प्रदेश समितिबाट कर्जा स्वीकृत भएका जानकारी सम्बन्धित व्यक्तिलाई तत्काल दिने ।

१०. उद्योग व्यवसाय सञ्चालनका लागि कर्जा प्रवाह माग गर्ने युवा उद्यमशील कर्जा माग फारम निवेदन भर्न, व्यवसायिक परियोजना (स्कीम), व्यवसायिक योजना (Business Plan) बनाउनमा सहयोग पुऱ्याउने ।

**११. कर्जा आवेदन र कर्जा प्रवाह सम्बन्धी कार्यविधि**

१. कोषबाट कर्जा लिन चाहने युवाहरुले अनुसूची ३ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजातहरु संलग्न राखी सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ ।

क) आफुले गर्न चाहेको व्यवसाय वा उद्यमको विवरण

ख) कर्जा लगानी गर्ने प्रस्तावित उद्योग व्यवसाय वा उद्यमको योजना (स्किम) तथा व्यवसायिक योजना (Business Plan)

ग) कर्जा लगानी गर्न माग गरेको रकम

घ) नागरीकता प्रमाणपत्रको प्रतिलिपी

ङ) जुन उद्योग व्यवसाय वा उद्यममा दर्ता लगानी गर्न चाहेको हो सो संस्था प्रचलित कानुन बमाजिम दर्ता, नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी

२. उपदफा १ बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित कार्यालयले प्राप्त निवेदन रीतपूर्वक भए नभएको हेरी रित नपुगेको भएमा रित पुऱ्याई ल्याउन सम्बन्धित निवेदनकर्तालाई जानकारी गराउनु पर्नेछ।

३. कार्यालयमा प्राप्त निवेदनहरुको जिल्ला समितिले आवश्यक छानविन गरी उपयुक्त देखिएका निवेदन प्रदेश समितिमा सिफारिस सहित पठाउनुपर्नेछ ।
४. कर्जा मागको सम्बन्धमा जिल्ला समितिले निर्णय गरेको मितिले तीन दिन भित्र आवश्यक कागजात सहित प्रदेश समिति सहित पठाउनुपर्नेछ ।
५. प्रदेश समितिलाई प्राप्त भएका निवेदनहरु मध्ये स्वीकृत भएका निवेदन प्रदेश समितिले स्वीकृत गरेको सात दिन भित्र सम्बन्धित जिल्ला समिति र सम्बन्धित जिल्लाको कर्जा लगानी गर्ने बैंकमा पठाउनु पर्नेछ ।
६. सम्बन्धित संस्थाले कर्जा स्वीकृत गरेको जानकारी जिल्ला समितिबाट प्राप्त गरेको एक महिना भित्रमा कार्यालयको पत्रसाथ सम्बन्धित बैंकमा स्वीकृत कर्जाको रकम भुक्तानीको लागि माग गर्नुपर्नेछ । ताकिएको समय भित्र माग नगरेमा कर्जा प्रवाह गर्न बैंक बाध्य हुनेछैन । यसरी माग गरेका तीन दिनभित्र सम्बन्धित बैंकले सम्बन्धित उद्योग व्यवसायका आधिकारिक व्यक्तिलाई कर्जा लगानीको रकम भुक्तानी दिनुपर्नेछ ।
७. कोषबाट लगानी हुने कर्जाको व्याज ५ प्रतिशत हुनेछ ।
८. कोषबाट कर्जा लगानी भएको रकमको साँवा, व्याज भुक्तानी गर्ने अवधि ३ वर्षको हुनेछ ।
९. कोषबाट लिएको कर्जा लगानीको भुक्तानी तरिका र तालिका सम्बन्धित बैंकले तोके बमोजिम हुनेछ ।
१०. कोषबाट कर्जा लगानी गर्दा सम्बन्धित उद्योगले सिर्जना गर्न सक्ने रोजगारीको संख्यालाई आधार मानिनेछ ।

**१२. लेखा परीक्षण सम्बन्धी व्यवस्था**

कोषको लेखापरीक्षण प्रचलित कानून बमोजिम महालेखापरीक्षक वा महालेखापरिक्षकले तोकेको लेखापरीक्षकबाट गराउनुपर्नेछ ।

**१३. अनुगमन तथा निरीक्षण**

१. कर्जा लगानीको अनुगमन तथा निरीक्षण निर्देशनालय, वा कार्यालय वा तोकिएको अन्य निकायले संयुक्त रुपमा वा छुट्टा छुट्टै रुपमा गर्न सक्नेछ ।
२. उपदफा (१) बमोजिम भएको अनुगमन तथा निरीक्षणको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।
३. उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कर्जा लिएको उद्योग व्यवसायले कुनै सुधार गर्नुपर्ने भनी सुझाव दिएमा सुझाव उपयुक्त देखिएमा त्यस्तो सुझाव पालना गर्नु सम्बन्धित उद्योग व्यवसायको कर्तव्य हुनेछ ।
४. कर्जा प्रवाहलाई पारदर्शी बनाउनको लागि सम्बन्धित कार्यालयले आफ्नो कार्यालयमा कर्जाप्रवाह भएका उद्यमी व्यवसायीको नाम र अन्य विवरण टाँस गर्नुपर्नेछ ।

**१४. बार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था**

१. कोष व्यवस्थापन जिल्ला समितिले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र अघिल्लो आर्थिक वर्षमा कोषको लगानी भएको कर्जा रकम, कर्जा फिर्ता भएको रकम, कर्जा लगानी भएका उद्योगहरुको वस्तुस्थिति सहितको बार्षिक प्रतिवेदन तयार गरी प्रदेश कोष सञ्चालन तथा व्यवस्थापन समितिमा पठाउनुपर्नेछ ।
२. प्रदेश कोष सञ्चालन तथा व्यवस्थापन समितिले आर्थिक वर्षमा कोषबाट लगानी भएको कर्जा र कम, कर्जा फिर्ता भएको रकम, कर्जा लगानी भएका उद्योगहरुको वस्तुस्थिति समस्या र सुझाव सहितको बार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनुपर्नेछ ।

**१५. प्रोत्साहन दिन सकिने**

कोषबाट कर्जा लिएको रकम सम्बन्धित संस्थाले निर्धारित समय भित्र कर्जाको साँवा व्याज भुक्तानी गरेमा त्यस्ता युवा उद्यमीलाई व्याजको २० प्रतिशत रकम छुट दिइनेछ ।

**१६. बैंकको दायित्व**

१. कार्यालयको पत्रसाथ कर्जा भुक्तानी माग गर्ने सम्बन्धित संस्थाको आधिकारिक व्यक्तिलाई कर्जा रकमको वीमा गर्न आफैंले सहजीकरण गरेर बीमा गराई स्वीकृत कर्जाको रकम भुक्तानी दिने ।

२. कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुलीको सम्बन्धमा समय समयमा अनुगमन तथा निरीक्षण गरी कर्जा लिएका संस्थालाई आवश्यकता अनुसार सुझाव दिने ।

३. कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुली सन्तोषजनक नदेखिएमा जिल्ला समितिमा जानकारी गराउने

४. कोषबाट लिएको कर्जाको भुक्तानी तरिका र तालिका बनाई कर्जा लगानी तथा असुल उपर गर्ने,

**१७. तालिम प्रदान गर्नुपर्ने**

यस कोषबाट ऋण स्वीकृत भएका उद्योग व्यवसायीहरुलाई उद्योग सञ्चालन प्रक्रियामा आउनु भन्दा अगाडी मन्त्रालय वा निर्देशनालय वा कार्यालयको अनिवार्य रुपमा १० दिने उद्यमशीलता विकास इन्टरप्रेनरसीप डेभलपमेन्ट प्रोग्राम (EDP) तालिम प्रदान गर्नुपर्नेछ । EDP तालिम दिने जनशक्ति बजारमा पर्याप्त मात्रामा उपलब्ध नहुने हुँदा त्यस्तो उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण इन्टरप्रेनरसीप डेभलपमेन्ट प्रोग्राम ट्रेनिङ अफ ट्रेनर्स (EDP-TOT) तालिम प्राप्त जनशक्ति उत्पादनको लागि मन्त्रालय वा निर्देशनालयमा छुट्टै बजेटको व्यवस्था भए सोही बजेटमा नभए शुरु आर्थिक वर्ष आ.व. ०७५/०७६ का लागि कोषमा भएको रकमको १० % मा नबढाई EDP-TOT/EDP तालिम कार्यक्रम सञ्चालन गर्नेछ भने कार्यलयले जिल्लामा स्वीकृत भएको उद्यमशीलता विकास तालिम कार्यक्रम बजेटबाट EDP तालिम सञ्चालन गर्नुपर्नेछ ।

१८. कर्जा चुक्ता अवधि ३ वर्षको हुनेछ । एक पटक कर्जा लिई सकेपछि ३ वर्षसम्म थप कर्जा उपलब्ध गराईने छैन ।

**१८. विविध**

१. कोषले उपलब्ध गराएको कर्जा रकम तोकेको समयमा नतिरेमा सम्बन्धित संस्थाको प्रमुखबाट सरकारी बाँकी सरह असुल उपर गरीनेछ ।

२. कुनै जिल्लामा विमा गर्न सक्ने अवस्था नभएमा कोष व्यवस्थापन जिल्ला समितिले सम्बन्धित बैंकलाई बीमा आवश्यक नपर्ने व्यहोरा खुलाई कर्जाका लागि सिफारिस गर्नुपर्नेछ ।

३. यस कार्यविधि बमोजिम कोषबाट उद्यमीलाई एक पटकमा १ लाख देखि ५ लाख रुपैयाँसम्म कर्जा प्रवाह गरीनेछ ।

**१९. अनुसूचीमा संशोधन**

प्रदेश समितिले आवश्यकता अनुसार अनुसुचीमा संशोधन गर्न सक्नेछ ।

**२०. बाधा अड्काउ फुकाउने वा व्यवस्था गर्ने अधिकार**

यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा परेमा बाधा अड्काउ फुकाउने वा व्यवस्था गर्ने अधिकार मन्त्रालयलाई हुनेछ । यस कार्यविधिको सम्बन्धमा मन्त्रालयले गरेको व्याख्या अन्तिम नै हुनेछ ।

## अनुसुची १

दफा ९ सँग सम्बन्धित

**जिल्ला छनौटको आधार**

**कोषको रकम कर्जाप्रवाह गर्नको लागि देहाय बमोजिमका आधारमा केन्द्रिय समितिले एक वा एक भन्दा बढी जिल्ला छनौट गर्नेछ :**

१. प्राथमिकता प्राप्त उद्योग
२. पिछडिएको भौगोलिक क्षेत्र
३. स्थानीय उपभोग
४. कार्यालयबाट सञ्चालित वस्तु विकास सेवा केन्द्रसँगको सम्बन्ध
५. कार्यालयबाट प्रदान गरीने सेवासँगको सम्बन्ध
६. कार्यालयबाट तथा घरेलु साना उद्योग प्रशिक्षण केन्द्रबाट उपलब्ध गराउने सेवासँग सम्बन्ध

## अनुसूची २

**उद्यम छनौटको आधार**

(दफा १० सँग सम्बन्धित)

| **विषय** | प्राप्ताङ्क |
|---|---|
| १. स्थानीय स्रोत साधनको उपयोग | २० अंक |
| २. तालिम प्राप्त उद्यमी | १० अंक |
| ३. कृषिमा आधारित राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग | २० अंक |
| ४. द्धन्द्धपीडित, अपाङ्ग एकल महिला, सीमान्तकृत अल्पसंख्यक | २० अंक |
| ५. दिगोपना | १० अंक |
| ६. रोजगारी सिर्जना | १० अंक |
| ७. प्रदुषण नियन्त्रण | १० अंक |
| **जम्मा** | **१०० अंक** |

## अनुसूची ३

**कर्जा मागको निवेदनको ढाँचा**

(दफा ११ सँग सम्बन्धित)

**(यो फाराम भर्न कार्यालयका कर्मचारीले सहयोग गर्नेछन्)**

श्री कार्यालय प्रमुखज्यू,
घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति
...............................जिल्ला

विषय : कर्जा माग सम्बन्धमा ।

महोदय,

निम्न लिखित विवरण बमोजिमको उद्योग स्थापना/सञ्चालन/विस्तार गर्न कर्जाको लागि यो निवेदन गरेको छु/छौं । पेश गरीएको विवरण ठिक छ । झुट्टा ठहरेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

१. उद्योगको नाम :

२. उद्देश्य :

३. उद्योग रहेको स्थान :

क. अञ्चल :

ख. जिल्ला :

ग. नगर/गाउँ :

घ. वडा नं./कि.नं.

४. उद्योगको स्तर : (चिन्ह लगाउने)

क. लघु ( ) ख. घरेलु ( ) ग. साना ( )

५. उद्योगको वर्ग (चिन्ह लगाउने)

क. निजी ( ) ख. साझेदारी ( ) ग. प्रा.लि. ( )

६. उद्योगको वर्ग (चिन्ह लगाउने)

क. उत्पादनमूलक ( ) ख. उर्जामूलक ( ) ग. कृषि तथा वनजन्य ( )

घ. खनिज ( ) ङ. पर्यटन ( ) च. सेवा ( ) छ. निर्माण ( ) ज. अन्य ( )

७. ऋण माग गर्ने निवेदकको पुरा नाम, थर : ठेगाना : दस्तखतः

८. पूँजी लगानी :

| क. स्थिर पूँजी | मूल्य | कैफियत |
|---|---|---|
| जमिन ...................... | .......................... | ............................ |
| भवन ....................... | .......................... | ............................ |
| मेसिन औजार................. | ......................... | .............................. |
| फर्निचर फिक्चर............. | ......................... | ............................. |
| अन्य............................ | ......................... | .............................. |
| **जम्मा :** | | |
| ख. चालु पूँजी.............. | ....................... | ............................... |
| ग. कूल पूँजी................ | ....................... | ............................... |

९. उद्योग दर्ता नं. ........................ मिति ..........................

नवीकरणको अवधि .........................नवीकरण भएको मिति .......................

१०. माग गरीएको कर्जा रकम

| | | |
|---|---|---|
| क. स्थिर पूँजी ........................... | ............................ | ...................... |
| ख. चालु पूँजी........................... | .......................... | ...................... |
| ग. कुल पूँजी............................ | ........................... | ...................... |

११. कर्जाको उपयोग गरीने क्षेत्रहरु

११.१ पूँजी तथा क्षमता वृद्धि भए (पूँजी बृद्धिको लागि)

| स्थिर पूँजी कच्चा पदार्थ | मेसिन औजार | अन्य | जम्मा |
|---|---|---|---|
| साविक................ | ................. | .............. | ............ |
| प्रस्तावित.................... | ................ | .............. | ............ |

कुल पुँजी रु. ............ १. स्थिर पूँजी रु. ................२. चालु पूँजी रु. ..................

११.२ उद्योगबाट हुने उत्पादन/सेवाको विवरण

| त्रवस्तु उत्पादन/सेवा | इकाई | बार्षिक क्षमता | मूल्य |
|---|---|---|---|
| १)..................... | ................. | ................. | ......................... |
| २)..................... | ................. | ................. | ......................... |
| ३)..................... | .................. | ................. | ......................... |
| ४).................... | ................. | ................ | .......................... |

११.३ उद्योगबाट हुने उत्पादन सेवाको विवरण (बार्षिक) (क्षमता बृद्धिको लागि)

साविक/प्रस्तावित कायम गर्ने

| वस्तु/सेवा इकाई | बार्षिक क्षमता | वस्तु/सेवा | इकाई | बार्षिक क्षमता |
|---|---|---|---|---|
| १. | | १. | | |
| २. | | २. | | |
| ३. | | ३. | | |
| ४. | | ४. | | |

११.४ पूँजी वृद्धि/क्षमता वृद्धिको कारण

१.

२.

३.

४.

| १२. कच्चा पदार्थको विवरण | बार्षिक परिमाण | मूल्य |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

१३. मेसिन उपकरण

| क्र.सं. | विवरण | संख्या | प्रति इकाई | मूल्य | जम्मा मूल्य | विद्युत शक्ति (कि.वा.) स्रोत |
|---|---|---|---|---|---|---|
| १. | .......... | ........ | ............. | ............... | .............. | ..................... |
| २ | .......... | ........ | ............. | ............... | .............. | ..................... |
| ३ | .......... | ........ | ............. | ............... | .............. | ..................... |
| ४ | .......... | ........ | ............. | ............... | .............. | ..................... |
| ५ | .......... | ........ | ............. | ............... | .............. | ..................... |
| **जम्मा** | | | | | | |

१४. जनशक्ति प्राविधिक : अप्राविधिक अन्य जम्मा संख्या

१५. सिफारिस गर्ने संस्था (संघ वा महासंघ)

निवेदकको पत्राचारको ठेगाना :

जिल्ला : न.पा./गा.वि.स. :

वडा नं. : ब्लक नं. :

फोन नं. : फ्याक्स : इमेल :

१५. सम्पर्क व्यक्तिको नाम, ठेगाना र फोन नं. :

१६. लोकेसन म्याप :

१७. शर्त पालना बारे :

१. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुने दिने छैन ।
२. कार्यालयले माग गरेको विवरण र तथ्यांकहरु मागेको बखत उपलब्ध गराउनेछु ।
३. उद्योग सञ्चालन किटान गरीएको स्थानमा उद्योग सञ्चालन गर्नेछु ।
४. उद्योग दर्ता सञ्चालन किटान गरीएको उद्देश्य विपरित काम गर्ने छैन ।
५. अन्य निकायबाट समेत अनुमति लिनु पर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु ।
६. उद्योग सञ्चालन गर्दा बाल मजदुर प्रयोग गर्ने छैन ।
७. घर तथा जग्गा खरिदको लागि कर्जा गरीनेछैन ।

अभिभावकको नाम : निवेदकको नाम :

ठेगाना : नाता : ठेगाना :

औठाको छाप : औठाको छाप :

| दा. | बा. | दा. | बा. |
|---|---|---|---|
| | | | |

मिति :............................

नोट :

१. कुनै महलमा विवरण नअटाएमा छुटै कागजमा लेखि संलग्न गर्नुहोला ।

२. यो निवेदनसाथ निम्न कागजहरु संलग्न गर्नुपर्नेछ ।

क. सम्बन्धित व्यक्तिको नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
ख. साझेदारी फर्मको हकमा साझेदारी कबुलियतनामा
ग. प्रा.लि. वा पब्लिक प्रा.लि. को हकमा प्रबन्ध पत्र, नियमावली, कम्पनी दर्ताको प्रमाणपत्र, कम्पनी दर्ता पत्रको प्रमाणित प्रतिलिपी ।
घ. उद्योग आफ्नै घर/जग्गामा स्थापना हुने भए जग्गाधनी पुर्जा, भाडामा भए रितपूर्वक भाडा सम्झौतापत्र
ङ. उद्योगको उद्देश्य र प्रकृति हेरी अन्य आवश्यक कुराहरु ।
च कुनै सीप विकास तालिमसँग वा बैदेशिक रोजगारबाट ज्ञान र सीपको आधारमा सम्बन्धित उद्योग व्यवसाय गर्ने हो भने सो को पठ्याई विवरण ।

# ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्ग र विक्रीवितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि-२०७५

**प्रस्तावना** : ढुंगा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्न बान्छनीय भएकोले कर तथा गैह्र कर राजश्व सम्बन्धी ऐन २०७५ को दफा १५ को उपदफा ५ ले दिएका अधिकार प्रयोग गरी गण्डकी प्रदेश, प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "ढुंगा, गिट्टी, वालुवा, माटो, दहत्तर बहत्तर लगायतका प्राकृतिक स्रोतको उत्खनन, संकलन, प्रशोधन, विक्रीवितरण तथा क्रसर उद्योग व्यवस्थापन र सञ्चालन कार्यविधि २०७५" रहेको छ ।

२) यो कार्यविधि गण्डकी प्रदेश भर लागु हुनेछ ।

३) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषद्को स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

ख) "ढुंगा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तर" भन्नाले नदी, खोला, खोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा संकलन गरीने बहुमूल्य पत्थर, ऐतिहासिक र सांस्कृतिक महत्वका शालीग्राम, शिला र अति मूल्यवान वस्तु बाहेकका ढुंगा, गिट्टी, बालुवा/रोडा, गेग्रान, चट्टान,माटो, चुनढुंगा, स्लेट ढुंगा जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदी तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनुपर्दछ ।

ग) "मापदण्ड" भन्नाले दफा ११ बमोजिमको मापदण्ड सम्झनुपर्छ ।

घ) "अनुगमन समिति" भन्नाले दफा १२ बमोजिमको प्रादेशिक वा जिल्ला वा स्थानीय तहको अनुगमन समिति सम्झनुपर्दछ ।

ङ) "प्रारम्भिक वातावरणीय परिक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण भन्ने सम्झनुपर्दछ ।

च) "वातावरणीय प्रभाव मूल्यांकन" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको वातावरणीय प्रभाव मूल्यांकन भन्ने सम्झनुपर्दछ ।

छ) "उद्योग" भन्नाले ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर संकलन गरी टुक्रयाउने, फुटाउने वा पेल्ने वा कम्तिमा एक तह प्रशोधन गर्ने मेशिन औजार जडित उद्योगलाई सम्झनुपर्दछ र सो शब्दले क्रसर उद्योग/फिरफिरे, रिफाईनरी गर्ने उद्योग समेतलाई जनाउनेछ ।

ज) "घाटगद्दी" भन्नाले ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर संकलन वा उत्खनन वा प्रशोधन गरी नाप पैमाईस गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनुपर्दछ ।

झ) "राजश्व" भन्नाले ढुंगा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तर आदि संकलन गरे बापत प्रदेश सरकारलाई बुझाउनु पर्ने सरकारी राजश्व सम्झनुपर्छ ।

ञ) "स्थानीय तह" भन्नाले संविधानको धारा ३०६ बमोजिमको स्थानीय तह सम्झनुपर्दछ ।

**३. अनुमति लिनु पर्ने** : १) क्रसर उद्योग सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा अनुमतिका लागि दरखास्त दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई सम्बन्धित स्थानीय तहले अनुसूची-२

बमोजिमको ढाँचामा क्रसर उद्योग सञ्चालन अनुमति पत्र दिनेछ ।

३) उपदफा (१) बमोजिम अनुमतिका लागि दरखास्त दिंदा प्रचलित नेपाल कानूनका तोकिएका शर्त बन्देजका अतिरिक्त देहायका मापदण्ड र शर्तहरु पुरा गरेको हुनुपर्दछ ।

क) उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानून बमोजिम उद्योगको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षण स्वीकृत भएको प्रमाण संलग्न हुनुपर्ने ।

ख) उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई त्यस्ता स्रोत धनीको कच्चा पदार्थ उपलब्ध गाउने स्वीकृति लिएको प्रमाण संलग्न हुनुपर्ने ।

ग) क्रसर उद्योग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति GPS Point निर्दिष्ट गरेको हुनुपर्ने ।

४) साबिकमा स्थानीयय निकायबाट अनुमति लिई वा स्थानीय निकायले आफै ठेक्का बन्दोबस्त गरी सञ्चालनमा रहेका उद्योगहरुले २०७५ साल श्रावण १ गतेदेखि स्थानीय निकायको पुनसंरचना भै कायम भएको स्थानीय तहको सहमति लिनुपर्नेछ ।

५) यस कार्यविधि बमोजिम ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर आदि उत्खनन, संकलन, भण्डार गर्दा स्थानीय तहले आफ्नो भू-उपयोग नीति अनुसार यस प्रयोजनको लागि छुट्टाइएको जग्गामा मात्र उत्खनन गर्ने अनुमति दिन सक्नेछन् ।

**४. कार्ययोजना बनाउने** : (१) प्रत्येक स्थानीय तहले देहायका कुराहरु समावेश गरी ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र संकलन सम्बन्धी बार्षिक रुपमा कार्ययोजना बनाउनुपर्नेछ ।

क) उत्खनन र संकलन गर्न हुने र नहुने क्षेत्र ।

ख) पुर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता ।

ग) भण्डारण वा घाटगद्दी स्थल ।

घ) संकलनको विधि र उपयोग हुने मेशिन औजार ।

ङ) स्थानीय तहले प्राप्त गर्ने अनुमानित आर्थिक लाभ ।

२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना सम्बन्धित स्थानीय तहको सभामा पेश गर्नुपर्नेछ ।

३) ढुंगा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र संकलन सम्बन्धमा स्थानीय तहबाट तयार पारीएको बार्षिक कार्ययोजनालाई सम्बन्धित स्थानीय तहको सभाले स्वीकृत गर्नेछ ।

**५. वातावरणीय प्रभाव अध्ययन :**

(१) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन र संकलन गर्ने स्थानीय तहले त्यसरी उत्खनन संकलन गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गराउनुपर्नेछ ।

(२) ढुंगा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन/प्रशोधन र बिक्रीवितरण गर्ने क्रसर उद्योगको सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम प्रारम्भिक/वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गराउनु पर्नेछ ।

(३) सम्बन्धित स्थानीय तह र ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, प्रशोधन र बिक्रीवितरण गर्ने क्रसर उद्योगले ढुंगा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन र संकलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा औल्याईएका सुधारात्मक र प्रभाव न्यूनीकरण गर्ने उपायको कार्यान्वयन गर्नुपर्नेछ ।

(४) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत नगरी सञ्चालन भएका क्रसर उद्योगलाई प्रदेश सरकारले सञ्चालनमा रोक लगाई एक पटकको लागि निश्चित अवधि

ताकि त्यस्तो वातावरणीय अध्ययन गराई स्वीकृति पाएमा पुनः सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

**६. ढुंगा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन र संकलन**

(१) राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्र भित्रबाट ढुंगा, गिट्टी, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता नदिजन्य पदार्थका उत्खनन र संकलन गर्न पाईनेछैन ।

(२) निकुञ्ज वा आरक्ष क्षेत्रको मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्त उत्खनन तथा संकलन गर्नुपर्ने भएमा सम्बन्धित निकुञ्ज वा आरक्ष वा संरक्षण क्षेत्र कार्यालयको बार्षिक योजना र प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत गराई उत्खनन संकलन गर्न सक्नेछ ।

३) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा चुरे श्रृंखला र अन्य संवेदनशील क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन गर्दा डोजर, स्क्साभेटर, लोडर जस्ता हेभी इक्यूपमेन्ट प्रयोग गर्न पाईनेछैन । अन्य क्षेत्रको हकमा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख भए बमोजिमका मेशिन औजार मात्र प्रयोग गर्नुपर्नेछ ।

४) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, स्कुल, कलेज, मानववस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी प्रदेशभित्रको कुनै नदी  वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि संवेदनशील क्षेत्र घोषणा गरी ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र संकलनमा रोक लगाउन सक्नेछ ।

५) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन तथा संकलन कार्य असार १ गते देखि भादं १५ गतेसम्म गर्न पाईनेछैन ।

६) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन तथा संकलन कार्य सुर्यास्त देखि सुर्योदय नहुँदासम्म गर्न पाईनेछैन ।

७) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बाढी, पहिरो, डुवानले राजमार्ग, खेतबारी, गाउँ, बस्ती, शहर बजार, पक्की पुल जस्ता क्षेत्रमा थुपारेको ढुंगा, गिट्टी, बालुवा, माटोचट्टान,दहत्तर बहत्तर हटाउनुपर्ने भएमा स्थानीय तहले हटाउन सक्नेछ ।

**७. भण्डारण, घाटगद्दीको व्यवस्था**

(१) ढुंगा, माटो, बालुवा, चट्टान, दहत्तर बहत्तर उत्खनन र संकलन पश्चात स्थानीय तहले उपयुक्त भण्डारण तथा घाटगद्दीको स्थान तोक्नुपर्नेछ ।

२) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक कोही कसैले भण्डारण वा घाटगद्दी गर्नु हुँदैन ।

३) स्थानीय तहले वर्षको प्रत्येक तीन महिनामा एक पटक घाटगद्दी स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनुपर्नेछ ।

**८. ढुङ्गा, गिट्टी, बालुवाको उपयोग**

(१) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उपयोगमा स्थानीय आवश्यकता र स्थानीय तहका माग र प्रदेशको विकास निर्माणलाई चाहिने मागको आपूर्तिलाई पहिला प्राथमिकता दिइनेछ ।

(२) स्थानीय तहले राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजना तथा अन्य सार्वजनिक निर्माण कार्यका लागि आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता निर्माण सामाग्री प्रचलित दर रेट अनुसारको कर तथा शुल्क लिई सहज र सरल रुपले उपलब्ध गराउन सक्नेछ ।

३) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उपलब्धतताका आधारमा अन्तर प्रदेश निकासीको व्यवस्थालाई बाधा पुग्नेछैन ।

४) ढुंगा, गिट्टी, बालुवा, मोटा, चट्टान, दहत्तर बहत्तरको विदेशी निकासी सम्बन्धी व्यवस्था नेपाल सरकारले तोक बमोजिम हुनेछ ।

**९. ढुंगा, गिट्टी, बालुवाको राजश्व दररेट र बाँडफाँड**

(१) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बृहत्तरको बिक्री गर्दा लाग्ने राजश्व दररेट प्रदेश सरकारले तोकबमोजिम हुनेछ । अन्य शुल्कहरु प्रदेश कर तथा गैह्रकर सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछन् ।

२) खानी तथा खनिज पदार्थ बाहेकका निर्माणजन्य ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको राजश्वका बाँडफाँड कर तथा गैह्र कर राजश्व सम्बन्धी ऐन २०७५ बमोजिम सम्बन्धित स्थानीय तह र प्रदेश सरकारका बीच हुनेछ ।

३) स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त कुल राजश्वको १०% त्यस्तो ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर संकलन, उत्खनन गर्दा प्रभावित हुने क्षेत्रका समुदाय वा वातावरण संरक्षणका काममा खर्च गर्नुपर्नेछ ।

**१०. ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्था**

१) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको ओसारपसार गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

क) पानीले भिजेको र पानी चुहिने ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर बोकेर ढुवानीका साधन पक्की सडकमा गुडाउन पाईनेछैन ।

ख) ढुवानीका साधनले वहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्यून विलकारी ढुवानीका साधन सडकमा गुडाउन र नछोपी खुल्ला रुपले ढुवानी गर्न पाईनेछैन ।

ग) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सिमा र मापदण्ड भित्रको क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर लगायत कुनै पनि सामाग्री संकलन गर्न वा संचय गरीराख पाईनेछैन । ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर आदि बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ्ग गर्न पाईनेछैन ।

घ) ढुवानी गर्दा सडकको मापदण्ड, भारबहन क्षमता हेरी शहरी क्षेत्रमा ढुवानी गर्ने सम्बन्धमा प्रदेश सरकारल विशेष व्यवस्था गर्न सक्नेछ ।

२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले भण्डारण वा घाटगद्दी क्षेत्र आवश्यकता अनुसार अन्य क्षेत्रमा भारबहन क्षमता मापन मेशिन राखी कार्यान्वयन गर्न सक्नेछ ।

३) अन्तर स्थानीय तह वा अन्तर प्रदेशमा ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा

दस्तुर लिन पाईनेछैन ।

४) ओसारपसार तथा ढुवानी सम्बन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

## ११. क्रसर उद्योग स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

१) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तरको उत्खनन, संकलन, प्रशोधन, भण्डारण कार्य गर्दा तथा क्रसर उद्योग स्थापना र सञ्चालन गर्दा दुरी सम्बन्धी मापदण्ड अनुसूची ३ र ४ बमोजिम हुनेछ ।

२) यस दफा बमोजिमको मापदण्ड कायम गर्ने वा पालना गर्ने गराउने सम्बन्धमा नेपाल सरकारले निर्देशन पालना गर्नुपर्नेछ ।

३) क्रसर उद्योग दर्ता र सञ्चालन सम्बन्धी अन्य विषय प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

४) हाल सञ्चालनमा रहेका यस कार्यविधि अनुरुपको मापदण्ड पूरा नगरेका उद्योगले तीन महिना भित्र यस मापदण्ड अनुसार स्थानान्तरण वा व्यवस्थापन गरी सञ्चालन गर्नुपर्नेछ ।

## १२. अनुगमन सम्बन्धी व्यवस्था

१) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण, ओसारपसार र बिक्रीवितरण तथा क्रसर उद्योगको अनुगमन, नियमन तथा व्यवस्थित गर्न गराउनका लागि एक प्रादेशिक अनुगमन समिति गठन गरीनेछ ।

२) उपदफा (१) बमोजिमको प्रादेशिक अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी हनेछन् ।

क) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -संयोजक

ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

घ) वातावरण गर्ने महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

३) प्रादेशिक अनुगमन समितिको कार्य विवरण देहाय बमोजम हुनेछ ।

क) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण, प्रशोधन बिक्रीवितरण सम्बन्धमा अनुगमन गरी प्रदेश सरकारलाई सुझाव दिने साथै अन्तर-प्रदेश, मन्त्रालय, तहहरुबीच समन्वय गर्ने ।

ख) यस सम्बन्धी प्रादेशिक नीति, नियम, मापदण्ड तर्जुमा, नियमन र संशोधनका लागि प्रदेश सरकारलाई सुझाव दिने ।

ग) यस सम्बन्धी अन्तर स्थानीय तहमा कुनै विवाद भए समन्वय गरी निरुपण गर्ने ।

घ) अन्तरप्रदेश विवाद भएमा मन्त्रालय मार्फत मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा विवादको विषय पेश गर्ने ।

ङ) आवश्यकता अनुसार समितिले थप कार्यविवरण आफै बनाई लागु गर्ने ।

च) आवश्यकता अनुसार समितिले विज्ञ वा अन्य आवश्यक देखिएका व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

४) जिल्ला स्तरका अर्को व्यवस्था नहुँदा सम्मको लागि हाल विद्यमान जिल्ला अनुगमन तथा समन्वय समितिबाट अनुगमन गर्ने गराउने ।

५) जिल्ला अनुगमन तथा समन्वय समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

क) जिल्ला अनुगमन तथा समन्वय समितिले जिल्लामा उत्खनन, संकलन भण्डारण, प्रशोधन,

ओसारपसार र बिक्री वितरण हुने हुँदा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको ठेक्का पट्टा कार्यान्वयनका स्थिति र सो ले वातावरण, कृषि प्रणाली, स्रोत सम्पदा, मानव बस्ती, भौतिक पुर्वाधार संरचना लगायतमा पारेको असर बारे अनुगमन गरी मन्त्रालयलाई सुझाव दिने ।

ख) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण र प्रशाधनको कार्य कानूनसम्मत कार्यान्वयन भए नभएको हेरी नियमन गर्नका लागि मन्त्रालयलाई सिफारिस गर्ने ।

ग) सडकको भारबहन क्षमता भन्दा बढी ओसारपसार भएमा वा तोकिएको अधिकतम मूल्य भन्दा बढी लिएमा वा स्वीकृत मापदण्ड वा स्थानीय तहसँग भएको सम्झौता विपरित संकलन, उत्खनन र प्रशोधन वा बिक्री भएमा नियमन गर्ने गराउने ।

घ) अन्तर स्थानीय तह वा अन्तर जिल्ला क्षेत्राधिकार वा यस सम्बन्धी अन्य कुनै विषयमा कुनै विवाद भए समाधानका लागि समन्वयन गर्ने । आफ्नो तहबाट हुन नसक्ने भए प्रदेश अनुगमन समितिमा प्रतिवेदन पेश गर्ने ।

ङ) स्वीकृत कार्ययोजना र प्रचलित कानून विपरित गर्नेलाई कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

६) स्थानीय तहले स्थानीय स्तरमा उत्खनन, संकलन, भण्डारण, क्रसिङ र बिक्रीवितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन गर्न एवं स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवं गुणस्तर सुनिश्चित गर्न अनुगमन  गर्नुपर्नेछ ।

७) स्थानीय अनुगमन समितिको कार्यविवरण स्थानीय तहको सभाले तोके बमोजिम हुनेछ ।

**१३. वातावरणीय पुनस्थापना**

(१) उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भईसकेपछि हरियाली प्रवर्धन, तटबन्ध निर्माण, थिग्रयाउने पोखरी निर्माण, खोलाको बहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू-तथा जलाधार संरक्षण जस्ता पुनस्थापनाका कार्यहरु गर्न सम्बन्धित स्थानीय तहले योजना बनाउनु पर्नेछ।

(२) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र संकलन कार्यबाट वातावरण, गाउँबस्ती, कृषिभूमि, बनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला, नदी र आसपासका क्षेत्रको भू-बनौट, प्राकृतिक सुन्दरता, वन जंगल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न स्थानीय तहले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानको कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**१४. निषेधित कार्यहरु** : (१) यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरीएको छ ।

क) प्रचलित कानून बमोजिम दर्ता नगरी अवैध रुपमा ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्त उत्खनन, संकलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्ने ।

ख) प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत नगरी ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

ग) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव

मूल्यांकनको शर्त उल्लघंन गर्न ।

घ) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

ङ) तोकिएको स्थान बाहेक अन्य स्थानमा स्थानान्तरण र उद्योग सञ्चालन गर्न ।

च) कुनै एक विषयमा संकलन गर्न वा उद्योग दर्ता गरी अनुमति लिएका उद्योगले अर्को उद्देश्य वा प्रयोजनको उद्योग सञ्चालन गर्न पाउनेछैन । त्यसरी फरक फरक कामको लागि उद्योग सञ्चालन गर्नुपर्ने भए फरक फरक विषयको छुट्टाछुट्टै अनुमति पत्र लिनुपर्नेछ ।

छ) अनुमति विपरित सञ्चालन गर्न र स्वीकृत प्राप्त भएको भन्दा बढी उत्खनन, संकलन र प्रशोधन गर्न ।

ज) पुरातात्विक, धार्मिक तथा सौन्दर्यीकरण महत्वका बहुमूल्य ढुंगा पत्थरको उत्खनन, संकलन तथा बिक्री वितरण गर्न ।

झ) कार्यविधिमा विपरित उत्खनन, संकलन/ओसारपसार, बिक्रीवितरण तथा उद्योग सञ्चालन गर्न ।

२) उल्लेखित निषेधित कार्य गरेको पाइएमा त्यस्ता उद्योगहरुलाई विद्युत, खानेपानी, संचार, सुविधा विच्छेद गर्न आदेश दिइनेछ । यस्तो आदेश पालना गर्न सहयोग गर्नु सम्बन्धित निकायको दायित्व हुनेछ ।

**१५. दण्ड सजायको व्यवस्था :** (१) दफा १४ को उपदफा (१) बमोजिमका निषेधित कार्य गरेमा प्रचलित कानूनमा व्यवस्था भए अनुसार दण्ड सजाय हुनेछ ।

**१६. विविध**

(१) यो कार्यविधि लागू भएको मितिले एक महिनाभित्र क्रसर उद्योगले आफ्नो क्रसर उद्योगमा रहेको कच्चा वा प्रशोधित ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको परिमाण सहितको विवरण, संकलन, उत्खननको स्रोत, चालु आ.व. को बिक्रीवितरणको परिमाण र भावी योजना सहितको प्रतिवेदन स्थानीय तह र मन्त्रालयमा पेश गर्नुपर्नेछ । तत्पश्चात् उत्खनन, संकलन तथा घाटगद्दीमा भएको मौज्दातको विवरण मासिक रुपमा सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

२) स्लेट ढुंगा उत्खनन स्थल सम्बन्धित स्थानीय तहबाट अनुमति लिई बातावरणीय पक्षलाई ध्यान दिई व्यवस्थित ढंगले प्रचलित कानुन बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

३) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टानखानीको रुपमा सञ्चालन गर्नुपर्ने भएमा नेपाल सरकारले व्यवस्था गरे अनुसार हुनेछ ।

४) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, बिक्रीवितरण तथा क्रसर उद्योगलाई व्यवस्थित गर्ने कार्यमा स्थानीय तह, जिल्ला र प्रादेशिक अनुगमन समितिलाई स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नुपर्नेछ ।

५) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, बिक्रीवितरण तथा क्रसर उद्योगमा काम गर्ने मजदुरको विमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामाग्री सम्बन्धी व्यवस्था सम्बन्धित व्यवसायीले गर्नुपर्नेछ ।

**१७. थपघट तथा हेरफेर :** (१) यो कार्यविधि आवश्यकता अनुसार प्रदेश सरकारले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१८. बाधा अड्काउ, फुकाउ :** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा प्रदेश सरकारले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

**१९. खारेजी र बचाउ :** यो कार्यविधि लागु भए पश्चात ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान दहत्तर बहत्त को उत्खनन, संकलन, बिक्रीवितरण तथा क्रसर उद्योग सञ्चालन सम्बन्धी नेपाल सरकारले बनाई साविकमा प्रचलनमा रहेका सबै कार्यविधि मापदण्ड खारेज गरीएको छ।

**अनुसूची–१**

**ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, बिक्रीवितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढाँचा**

(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

श्री अध्यक्ष/प्रमुखज्यू,

.......................................गा.पा./न.पा.म.न.पा.

.........................................

विषय : अनुमति पत्र पाउँ भन्ने बारे।

महोदय,

देहाय बमोजिमको उद्योग सञ्चालन गर्न इच्छुक भएकोले मेरो हाम्रो फर्म/कम्पनीलाई अनुमतिपत्र प्रदान गरीदिनु हुन आवश्यक कागजात सहित यो निवेदनपत्र पेश गरेको छु/छौं। लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे प्रचलित नेपाल कानुन बमोजिम सहुँला बुझाउँला।

१. फर्मको पूरा नाम :

२. फर्मको पूरा ठेगाना :

३. उद्योग सञ्चालन गर्ने स्थान GPS लोकेशन समेत :

४. उद्देश्य :

५. पूँजी :

६. कारोबार गर्ने चीज तथा कामको विवरण :

७. संलग्न कागजातहरु : (फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरीकताको प्रमाणपत्र, नवीकरण गरेको प्रमाण, स्वघोषणा सम्बन्धी कागज)

दस्तखास्तवालाको नाम :

सही :

नागरीकता नम्बर :

सम्पर्क नं. :

इति सम्वत् २०............साल...........गते रोज ................शुभम्।

## अनुसुची-२
## ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, बिक्रिवितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनको अनुमति पत्रको ढाँचा

(दफा ३ को उपदफा २ सँग सम्बन्धित)

............................म.न.पा. /न.पा. /गा.पा.को कार्यालय

..................................................

**अनुमति पत्र**

श्री..............................................

...................................................

महाशय,

तपाईको फर्म र कम्पनीले..........................................सम्बन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नुभएको निवेदन र संलग्न कागजात उपर कारबाही हुँदा मिति .............................को निर्णयानुसार .............................कार्य गर्ने गरी यो अनुमति पत्र दिइएको छ। प्रचलित कानुन बमोजिम गर्नु गराउन होला ।

१. अनुमति प्राप्त गर्ने फर्म कम्पनीको नाम:
२. फर्म/कम्पनी संचालकको नाम:
३. ठेगाना :
४. फर्म कम्पनी सञ्चालन हुने स्थान :
५. चार किल्ला :

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको
नाम :
दर्जा :
दस्तखत :
मिति :

द्रस्टव्य : यो अनुमतिपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाण पत्र लिन नियमानुसार दस्तुर लाग्नेछ ।

## अनुसूची–३

## ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र संकलन सम्बन्धी मापदण्ड

(दफा ११ सँग सम्बन्धित)

| क्र.सं. | विवरण | तराई भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| क) | तालतलैया र धार्मिक महत्वका पोखरी | १ कि.मी. बाहिर | ५०० मि. बाहिर |
| ख) | हाईटेन्सन लाईनबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| ग) | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | १ कि.मी. बाहिर | ५०० मि. बाहिर |
| घ) | निकुञ्ज, आरक्ष क्षेत्र | १ कि.मी. बाहिर | ५०० मि. बाहिर |
| ङ) | घनाबस्तीबाट | १ कि.मी. बाहिर | ५०० मि. बाहिर |
| च) | बन क्षेत्रबाट | १ कि.मी. बाहिर | ५०० मि. बाहिर |
| छ) | पक्की एवम् झोलुङ्गे पुलबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| ज) | राजमार्गबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| झ) | अन्तराष्ट्रिय सिमानभित्र | कम्तिमा १ कि.मि. बाहिर | कम्तिमा १ कि.मी. बाहिर |

## अनुसूची–४

## क्रसर उद्योग स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

(दफा ११ दफासँग सम्बन्धित)

| क्र.सं. | विवरण | तराई भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| क. | नदी, खोलाको वर्षातको प्रवाह सीमा किनार | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| ख. | तालतलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्र | १५०० मि. बाहिर | १५०० मि. बाहिर |
| ग. | हाइटेन्सन लाईनबाट | ५०० मि. | ५०० मि. |
| घ. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २ कि.मी. बाहिर | २ कि.मी. बाहिर |
| ङ. | निकुञ्ज, आरक्ष क्षेत्र | २ कि.मी. बाहिर | १ कि.मी. बाहिर |
| च. | घनाबस्तीबाट | २ कि.मी. बाहिर | १ कि.मी. बाहिर |
| छ. | वन क्षेत्रबाट | २ कि.मी. बाहिर | १ कि.मी. बाहिर |
| ज. | पक्की एवं झोलुंगे पुलबाट | ५०० कि.मी बाहिर | ५०० कि.मी. बाहिर |
| झ. | राजमार्गबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| ञ. | अन्तराष्ट्रिय | कम्तिमा १ कि.मी. बाहिर | कम्तीमा १ कि.मी. बाहिर |

# प्रदेशस्तरमा धार्मिक पर्यटकीय स्थलहरुको सुधार तथा संरक्षण कार्यक्रम कार्यन्वयन कार्यविधि–२०७५

## १. पृष्ठभूमी

गण्डकी प्रदेशका पर्यटकीय महत्व बोकेका धार्मिक स्थलहरु स्थलहरुको मर्मत, तथा संरक्षण गर्नको लागि आर्थिक वर्ष २०७५-०७६ मा आवश्यक रु. ६०,००,०००। -अक्षरुपी रु. साठी लाख मात्र) बजेट विनियोजन गरीएको छ । स्वीकृत कार्यक्रम र विनियोजित बजेटको प्रभावकारी कार्यन्वयन, सञ्चालन र व्यवस्थापन गर्नका लागि उपलब्धी मुलक सूचक लगायतका विस्तृत कार्यन्वयन कार्ययोजना तयार गर्ने कार्यमा आवश्यक सहयोग गरी प्रत्येक कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पन्न गरी गुणस्तरीय प्रतिफल प्रप्त गर्न गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम कार्यान्वयन कार्यविधि जारी गरेकोछ ।

## २. कार्यक्रम कार्यन्वयन संयन्त्रहरु

गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयल, र स्थानीय तहहरु : महानगर पालिका, नगरपालिकाहरु र गउँपालिकाहरुले आफ्ना क्षेत्रभित्र भएका स्रोत साधनहरुको परिचालन गर्नु गराउनु पर्नेछ।

## ३. बजेट विनियोजन गर्न सकिने कार्यक्रमहरुको विवरण

पर्यटकीय महत्व बोकेका सबै धर्मसँग सम्बन्धित धार्मिक स्थलहरुको भवन तथा मन्दिर निर्माण, पार्क, सिंढी, कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत मूर्ति, घण्टी, गजुर, त्रिशुल, पानस, घैला जस्ता धार्मिक महत्व झल्कने खालका वस्तुहरुको निर्माण तथा खरिद गर्न यो कार्यक्रमको निर्माण भएको हो । यो कार्यक्रम सम्पन्न गर्न बजेटको सिमाभित्र रही प्रविधिकबाट Design तथा Estimate तरी स्वीकृत Design तथा Estimate का आधारमा प्रचलित सार्वजनिक खरीद ऐन नियम बमोजिम कार्यक्रम सम्पन्न गर्नुपर्ने छ ।

## ४. धार्मिक पर्यटकीय स्थलहरु छनौटका आधारहरु

स्थानीय तहको सिफारिस, माग रकम, जस्ता तपशिल बमोजिमका बुँदाहरुलाई आधार बनाई धार्मिक पर्यटकीय स्थलहरु छनौट गरीने छ ।

| सि.नं. | कागजातको विवरण | अंक |
|---|---|---|
| १ | स्थानीय तहको सिफारिस | २० |
| २ | माग रकम (२ लाख भन्दा बढिको लागी १० अंक, २ लाख भन्दा कम, १ लाख भन्दा बढिको लागी २० अंक र १ लाख सम्मको लागी ३० अंक) | ३० |
| ३ | अन्य क्षेत्रबाट गत र चालु आ.व. मा सो स्थानमा आर्थिक सहयोग नलिएको स्व-घोषित पत्र | २० |
| ४ | अघिल्लो बर्षमा आएका दर्शनार्थी तथा पर्यटकको संख्याको मूल्याङ्कन | १० |
| ५ | पर्यटकीय, धार्मिक, ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्व झल्किने विवरण को मूल्याङ्कन | २० |
| | **जम्मा** | **१००** |

**५. मद्रल्याङ्कन समिति**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको पर्यटन हेर्ने महाशाखा प्रमुखको संयोजकत्वमा तपशिल बमोजिमको पाँच सदस्यीय कार्यक्रम छनौट मूल्याङ्कन समिति हुनेछ। सो समितिले मन्त्रालयमा प्राप्त निवेदनहरुको अध्ययन गरी धार्मिक पर्यटकीय स्थलहरु छनौट गरी रकम निकासाको लागि सीफरिस गर्नेछ।

**तपसिल**

| | |
|---|---|
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको पर्यटन हेर्ने महाशाखा प्रमुख | - संयोजक |
| आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत प्रतिनिधि | - सदस्य |
| भौतिक योजना विकास मन्त्रालयको अधिकृत प्रतिनिधि | - सदस्य |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको लेखा हेर्ने अधिकृत | - सदस्य |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको पर्यटन हेर्ने अधिकृत | - सदस्य सचिव |

**६. जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम कार्यान्वयनका लागि पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी डिजाइन तथा लागत इष्टमेट स्थानीय तहको प्राविधिकले गर्नेछ। साथै कार्य प्रगतिको अनुगमन पनि स्थानीय निकायको कार्यालयले गर्नेछ। प्राविधिकले कार्य सम्पन्न भई पेश भएको जाँचपास तथा work completion report का आधारमा अन्तिम भुक्तानी हुनेछ।

**७. कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ**

- स्वीकृत Design तथा Estimate
- कार्य सम्पन्न प्रतिवेदन (Work completion report)
- कार्य सम्पन्न गर्न लागेको जम्मा खर्चको विवरण
- कार्य सञ्चालन अघि र सम्पन्न पछिको फोटो

**८. अपेक्षित उपलब्धी**

- गण्डकी प्रदेशका पर्यटकीय महत्व बोकेका धार्मिक स्थलहरुको मर्मत, सुधार तथा संरक्षण हुनेछ।
- गण्डकी प्रदेशमा आउने धार्मिक पर्यटकहरुको संख्यामा वृद्धि गर्न टेवा पुग्नेछ।

# प्रदेश व्यवसाय मञ्च (गठन आदेश)–२०७६

मन्त्रिपरिषदबाट स्वीकृत मिति : २०७६।०१।२२

प्रदेशको दिगो आर्थिक विकासका लागि उद्योग, व्यापार तथा व्यवसाय सञ्चालन एवं लगानीमैत्री वातावरण सृजना गरी आर्थिक विकासलाई तीव्रता दिन सार्वजनिक-निजी संवाद र सहकार्यलाई एक सशक्त माध्यमको रुपमा विकास गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस आदेशको नाम "प्रदेश व्यवसाय मञ्च (गठन आदेश), २०७६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "प्रदेश व्यवसाय मञ्च" भन्नाले दफा ३ बमोजिम गठित मञ्चलाई सम्झनु पर्छ ।

(ख) "मञ्च" भन्नाले प्रदेश व्यवसाय मञ्च सम्झनु पर्छ ।

(ग) "मञ्चको सचिवालय" भन्नाले दफा ८ बमोजिमको मञ्चको सचिवालय सम्झनु पर्छ ।

(घ) "मञ्च संयोजक" भन्नाले दफा १० बमोजिमको मञ्च संयोजक सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

( च) "सञ्चालक समिति" भन्नाले दफा ६ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्छ ।

(छ) "व्यवसाय" भन्नाले प्रदेशभित्र स्थापना भई सञ्चालित उद्योग, व्यापार र अन्य पेशा व्यायलाई सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रुपमा स्थापित उद्योग, वाणिज्य र व्यापार सम्बन्धी निकायलाई समेत जनाउँछ ।

**३. प्रदेश व्यवसाय मञ्चको गठन**

(१) प्रदेश स्तरमा औद्योगिक तथा व्यवसायिक लगानीका लागि सबल र सहयोगी वातावरण निर्माणका लागि समन्वय र सामञ्जस्यता कायम गर्न, प्रदेश स्तरीय व्यवसायसँग सम्बन्धित नीति एवं कानुनको प्रभावकारी कार्यान्वयन तथा मूल्यांकनका सम्बद्ध बिषयमा सार्वजनिक र निजी क्षेत्रबीच नियमित संवाद र सहकार्यलाई अभिप्रेरित गर्न, व्यवसाय स्थापना, सञ्चालन र लगानी अभिवृद्धिमा आईपर्ने बाधा, अवरोध तथा समस्याको पहिचान गर्न, व्यवसाय सञ्चालन र लगानी अभिबृद्धि एवं विकासका लागि प्रदेश सरकारलाई आवश्यक सुझाव र सिफारिस गर्न, त्यस्ता सिफारिसहरुको कार्यान्वयन र अनुगमन गर्न सघाउनका साथै सार्वजनिक एवं निजी क्षेत्रबीच नियमित परिणाममुखी र पारदर्शी संवादका लागि संस्थागत आधार प्रदान गर्ने उद्देश्यले गण्डकी प्रदेश व्यवसाय मञ्च रहनेछ ।

(२) मञ्चको गठन देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| (क) | मुख्य मन्त्री, गण्डकी प्रदेश | अध्यक्ष |
| (ख) | मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (ग) | प्रदेश सरकारका विभागीय मन्त्रीहरु र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्री | सदस्य |
| (घ) | उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| (ङ) | प्रमुख सचिव, गण्डकी प्रदेश | सदस्य |
| (च) | सदस्यहरु, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| (छ) | प्रदेश सरकारका सचिवहरु (मुख्य मन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, प्रदेश सभा, प्रदेश नीति तथा योजना आयोगका सचिव बाहेक) | सदस्य |
| (ज) | प्रदेशस्थित विश्वविद्यालयका उपकुलपतिहरु | सदस्य |
| (झ) | मन्त्रालयले तोकेका प्रदेशस्तरीय उद्योग, व्यापार, व्यवसाय, वित्तीय क्षेत्र, पेशागत संघसंस्था, नागरीक समाज र पत्रकार महासंघको प्रतिनिधित्व हुने गरी कम्तीमा एक तिहाई महिला सहित मन्त्रालयबाट मनोनित २५ जना | सदस्य |
| (ञ) | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, | सदस्य-सचिव |

(३) निजि क्षेत्रका प्रतिनिधि, सम्बन्धित मन्त्रालय तथा निकाय, अन्तर्राष्ट्रिय विकास साझेदारहरु, अनुसन्धान संस्थाका प्रतिनिधिका साथै सम्बन्धित विशेषज्ञहरु र पेशाविद्हरुलाई प्रदेश व्यवसाय मञ्चको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(४) व्यवसाय मञ्च एक स्वायत्त संगठित संस्थाको रुपमा रहनेछ र यसको आफ्नो छुट्टै छाप हुनेछ ।

(५) उपदफा (२) को खण्ड (झ) बमोजिमका सदस्यको पदावधि २ वर्षको हुनेछ । निजहरुको पुनर्नियुक्ति हुन सक्नेछ ।

**४. प्रदेश व्यवसाय मञ्चको काम, कर्तव्य र अधिकार :** **गण्डकी प्रदेश व्यवसाय मञ्चको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) प्रदेशको उद्योग, व्यापार तथा व्यवसाय विकास र प्रबर्द्धन एवं आर्थिक विकासका क्षेत्रमा गर्नुपर्ने सुधारका सम्बन्धमा प्रदेश सरकारसमक्ष सीफारिश गर्ने,

(ख) प्रभावकारी सार्वजनिक-निजी संवाद र सहकार्यका लागि संस्थागत तथा व्यवस्थापकीय विषयमा सुधारका लागि प्रदेश सरकारसमक्ष सीफारिश गर्ने,

(ग) प्रदेशको औद्योगिक, आर्थिक, वाणिज्य र संगठित सुशासन (Corporate Governance) का क्षेत्रमा नीतिगत सुधारका विषयमा सीफारिश गर्ने,

(घ) प्रदेशमा औद्योगिक तथा व्यवसायिक लगानीका लागि सबल र सहयोगी वातावरण निर्माणका लागि

समन्वय र सामञ्जस्यता कायम गर्ने,

(ङ) औद्योगिक तथा श्रम सम्बन्धका विषयमा नीतिगत सुधार गर्न सीफारिश गर्ने,

(च) प्रदेश सरकारले तोके बमोजिमका अन्य काम गर्ने ।

**५. प्रदेश व्यवसाय मञ्चको सञ्चालन सम्बन्धी व्यवस्था**

(१) प्रदेश व्यवसाय मञ्च यसको उद्देश्य प्राप्तिका लागि गरीने नीति निर्माण तथा नीतिगत निर्णयको उच्चतम अंगको रुपमा रहनेछ ।

(२) प्रदेश व्यवसाय मञ्चको बैठक कम्तीमा वर्षको एक पटक बस्नेछ ।

(३) मञ्चको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(४) मञ्चको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) मञ्चमा तत्काल कायम रहेका कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) मञ्चको बैठकमा बहुमतको निर्णय मञ्चको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) मञ्चको निर्णय मञ्चका सदस्य सचिवद्वारा प्रमाणित गरीनेछ ।

(८) मञ्चको सञ्चालन सम्बन्धी अन्य कार्यविधि मञ्च स्वयंले निर्धारण गरेबमोजिम हुनेछ ।

**६. सञ्चालक समितिको गठन र सञ्चालन सम्बन्धी व्यवस्था**

(१) प्रदेश व्यवसाय मञ्चको कार्यकारी अंगको रुपमा एक सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| (क) | मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ग) | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (घ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेश | सदस्य |
| (ङ) | अध्यक्ष, नेपाल उद्योग परिसंघ, गण्डकी प्रदेश | सदस्य |
| (च) | अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श, गण्डकी प्रदेश | सदस्य |
| (छ) | सम्बन्धित् महाशाखा प्रमुख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, | सदस्य सचिव |

(३) निजी क्षेत्रका प्रतिनिधि, सम्बन्धित मन्त्रालय तथा निकाय, अन्तर्राष्ट्रिय विकास साझेदारहरु, अनुसन्धान संस्थाका प्रतिनिधिका साथै सम्बन्धित विशेषज्ञहरु र पेशाविद्हरुलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(६) समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित

भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(७) समितिको बैठकमा बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(८) समितिको निर्णय समितिका सदस्य सचिवद्वारा प्रमाणित गरीनेछ ।

(९) सञ्चालक समितिमा सबै कार्यसम्पादन समूहका सह–अध्यक्ष तथा विभिन्न व्यवसायिक क्षेत्रको प्रतिनिधित्व हुने गरी सदस्यहरु रहनेछन् ।

(१०) सञ्चालक समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(११) समितिको सञ्चालन सम्बन्धी अन्य कार्यविधि समिति स्वयंले निर्धारण गरेबमोजिम हुनेछ ।

**७. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) प्रदेश व्यवसाय मञ्चको बैठकमा पेश हुने प्रस्ताव तय गर्नुका साथै सचिवालय एवं कार्य सम्पादन–समूहको सुपरीवेक्षण र अनुगमन गर्ने,

(२) आवश्यकतानुसार कार्य सम्पादन समूहको संख्या, नाम, कार्यक्षेत्र र सदस्य संख्यामा पुनरावलोकन गर्न मञ्चसमक्ष सिफारिस गर्ने,

(३) कार्य सम्पादन–समूहहरुबाट पेश हुने सिफारिसहरुका लागि आवश्यक मापदण्डहरु निर्धारण गर्ने,

(४) मञ्चको सचिवालयको लागि प्रशासनिक र वित्तीय कार्यविधि तय गर्नुका साथै मञ्चको योजना, कार्यक्रम र बजेट प्रस्ताव गर्ने,

(५) कार्यसम्पादन समूहबाट प्राप्त सुझावहरु उपयुक्त लागेमा कार्यान्वयनका लागि मञ्चसमक्ष पेश गर्ने ।

(६) प्रदेश स्तरबाट सम्वोधन गर्नु पर्ने क्षेत्रगत नीति तथा सैद्धान्तिक विषयमा सुधारका सम्बन्धमा मञ्चमा सुझाब पेश गर्ने,

(७) मञ्चबाट कार्यान्वयनका लागि प्राप्त निर्देशन तथा कार्यहरु सम्पादन गर्ने गराउने,

(८) मञ्चको सचिवालयको बार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(९) सचिवालय सञ्चालनका लागि आवश्यक कर्मचारीहरुको सम्बन्धित निकायमा माग गरी व्यवस्थापन गर्ने,

(१०) प्रतिवेदन नियमित रुपमा मञ्च समक्ष पेश गर्ने,

(११) मञ्चले तोकेका अन्य कार्यहरु गर्ने/गराउने

**८. मञ्चको सचिवालय**

(१) प्रदेश व्यवसाय मञ्चको निर्णय कार्यान्वयन, अभिलेख व्यवस्थापन, सूचना प्रवाह तथा मञ्चका विभिन्न क्रियाकलापमा सहयोग पुऱ्याउने मञ्चको एक सचिवालय रहनेछ ।

(२) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सञ्चालक समिति र कार्य सम्पादन समूहहरुबीच सूचना प्रवाह गर्ने तथा अन्तरक्रियामा सहयोग पुर्याउने,

(ख) सञ्चालक समिति र कार्यसम्पादन समूहको कार्यमा सहजता र गुणात्मकता ल्याउन सहयोग पुर्याउनुका साथै निर्णय कार्यान्वयनको अभिलेखाङ्कन गर्ने,

(ग) कार्यसम्पादन समूह र सञ्चालक समितिबाट गरीएका निर्णयको कार्यान्वयन गराउने र कार्यान्वयनको प्रगति स्थितिको विवरण तयार गरी अनुगमन सम्बन्धी व्यवस्था मिलाउने,

(घ) मञ्चको सचिवालयलाई प्रभावकारी तुल्याउन सरकारी तथा निजी दुवै क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याईनेछ ।

**९. कार्यसम्पादन समूह (Working Group) को व्यवस्था**

(१) मञ्चको गतिविधिमा सहयोग पुऱ्याउन देहाय बमोजिमका कार्यसम्पादन समूह गठन गर्न सकिनेछ :

(क) औद्योगिक लगानी प्रबर्द्धन कार्यसम्पादन समूह

(ख) व्यापार सहजीकरण प्रवर्द्धन कार्यसम्पादन समूह

(ग) पूर्वाधार संरचना कार्यसम्पादन समूह

(घ) वित्तीय, बीमा विषय कार्यसम्पादन समूह

(ङ) महिला उद्यमी विकास कार्यसम्पादन समूह

(च) व्यवसायिक वातावरण, श्रम सम्बन्ध तथा औद्योगिक सुरक्षा कार्यसम्पादन समूह

**(२) विषयगचत कार्यसम्पादन समूह, त्यसका सह-अध्यक्ष र सदस्यहरु देहायबमोजिम हुनेछन्**

**(क) औद्योगिक लगानी प्रबर्द्धन कार्यसम्पादन समूह**

सहअध्यक्षहरु- सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सभापति, नेपाल उद्योग परिसंघ तथा प्रदेश सरकारबाट प्रतिनिधित्व हुने उपसचिवस्तरका प्रतिनिधिहरु सदस्य- आर्थिक मामिला तथा योजना मन्त्रलय, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट रहने छन् ।

**(ख) व्यापार सहजिकरण प्रबर्द्धन कार्यसम्पादन समूह**

सह-अध्यक्षहरु- सचिव, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र अध्यक्ष-नेपाल चेम्बर अफ कमर्श तथा प्रदेश सरकारबाट प्रतिनिधित्व हुने उपसचिवस्तरका सदस्यहरु-आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयबाट रहनेछन् ।

**(ग) पूर्वाधार संरचना कार्यसम्पादन समूह**

सह-अध्यक्षहरु- सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय र अध्यक्ष-इण्डिपेन्डेन्ट पावर प्रोड्युसर्स एशोसियसन नेपाल तथा प्रदेश सरकारबाट प्रतिनिधितव हुने उपसचिवस्त का प्रतिनिधि सदस्यहरु-आन्तरिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगबाट हनेछन् ।

**(घ) वित्तीय, बीमा विषय कार्यसम्पादन समूह**

सह-अध्यक्षहरु-निर्देशक, नेपाल राष्ट्र बैंक, पोखरा र अध्यक्ष,नेपाल बैंकर्स एशोसियसन-गण्डकी प्रदेश तथा प्रदेश सरकारबाट प्रतिनिधित्व हुने उपसचिवस्तरका सदस्यहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट रहनेछन् ।

**(ङ) महिला उद्यमी विकास कार्यसम्पादन समूह**

सह-अध्यक्षहरु-सचिव, सामाजिक विकास मन्त्रालय, सभापति-नेपाल महिला उद्यमी महासंघ तथा प्रदेश सरकार बाट प्रतिनिधित्व हुने उपसचिवस्तरका सदस्यहरु-उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालयबाट रहनेछन् ।

**(च) व्यवसायिक वातावरण, श्रम सम्बन्ध तथा औद्योगिक सुरक्षा कार्यसम्पादन समूह**

सह-अध्यक्षहरु-सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय र अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ तथा प्रदेश सरकारबाट प्र्रीनिधित्व हुने उपसचिवस्तरका सदस्यहरु-आन्तरिक मामिला तथा कानुन मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट रहनेछन् ।

**(३) कार्यसम्पादन समूहका काम, कर्तव्य र अधिकारहरु**

कार्यसम्पादन समूहका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) प्रदेशमा औद्योगिक प्रवर्द्धनका लागि लगानी वृद्धि गर्न र विभिन्न पेशा व्यवसाय सहज तथा बिना अवरोध नियमित रुपमा सञ्चालन हुने वातावरण सृजना गर्ने, सम्बन्धित नियमन गर्नुपर्ने विषय तथा तत्सम्बन्धी समस्याहरुको पहिचान गर्ने र त्यस्ता समस्याको समाधानका लागि सुधारात्मक एवं कार्यान्वयन गर्न सकिने उपायको सिफारिस गर्न आवश्यक तयारी गर्ने ।

ख) कार्यसम्पादन समूहले आफ्नो तहमा आवश्यक निर्णय लिन र सुझाव सिफारिस गर्न सक्नेछन् ।

ग) कुनै विषयमा अन्तर–मन्त्रालय वा अन्तरनिकाय समन्वय गर्न वा मन्त्रिपरिषद्को निर्णय आवश्यक पर्न भई कार्यसम्पादन समूह तहमा निर्णय लिन नसकिने भएमा समूहले आफ्नो सिफारिस सहित सञ्चालक समितिमा प्रस्तुत गर्नेछन् ।

घ) सञ्चालक समितिले समूहबाट प्रस्तुत सिफारिसमा पुनरावलोकन गरी सिफारिस उपयुक्त देखिएमा कार्यावयनका लागि सम्बन्धित् मन्त्रालयमा पठाउनेछ ।

(ड.) कार्यसम्पादन समूहले आफ्नो जिम्मेवारीका क्षेत्र समेट्ने गरी आ-आफ्नो कार्यक्षेत्रगत शर्त (Terms of Reference) तयार गर्नेछन् ।

(च) कार्यसम्पादन समूहले निजी क्षेत्रका उद्योगी, व्यापारी, व्यवसायी, पेशाकर्मी, विशेषज्ञ र अन्तर्राष्ट्रिय विकास साझेदारका प्रतिनिधिसँग नेपाल सरकारको सहमतिमा आवश्यकता अनुसार सल्लाह लिन सक्नेछन् ।

(छ) प्रदेश व्यवसाय मञ्च र सञ्चालक समितिले उपयुक्त ठहऱ्याएका अन्य गतिविधिमा समेत कार्यसम्पादन समूह संलग्न हुनेछन् ।

**१०.मञ्च संयोजक**

(१) सचिवालयको दैनिक प्रशासन सञ्चालन गर्न सचिवालय प्रमुखका रुपमा एक मञ्च संयोजक र हनेछ ।

(२) मञ्च संयोजकको नियुक्ति मन्त्रालयले उपदफा (५) बमोजिमको छनौट समितिको सिफारिसमा मञ्चको अध्यक्षले गर्नेछ ।

(३) मञ्च संयोजक सचिवालयमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक र अन्य सुविधा मञ्चको निर्णय बमोजिम हुनेछ ।

(४) देहायको योग्यता पुगेको नेपाली नागरीक मञ्च संयोजकमा नियुक्त हुन सक्नेछ :

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, प्रशासन, व्यवस्थापन, वाणिज्य वा कानुन बिषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त भई सार्वजनिक र निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्न सक्ने क्षमता भएको,

ख) पैंतीस वर्ष उमेर पूरा भई पचास वर्ष ननाघेको ।

(५) मञ्च संयोजकको नियुक्तिका लागि देहाय बमोजिमको छनौट समिति रहनेछ :

क) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, अध्यक्ष

ख) उद्योग मन्त्रालयले तोकेको निजी क्षेत्रको एक जना महिला सहित दुई जना प्रतिनिधि, सदस्य

ग) महाशाखा प्रमुख, सम्बन्धित् महाशाखा, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सदस्य सचिव

(६) मञ्च संयोजकको छनौट सम्बन्धी कार्यविधि मञ्चले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) मञ्च संयोजकको पदावधि चार वर्षको हुनेछ ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि मञ्च संयोजकले आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा वा निजको काम सन्तोषजनक नभएमा उपदफा (५) बमोजिमको छनौट समितिका सिफारिसका आधारमा निजलाई जुनसुकै बखत मञ्च संयोजकको पदबाट मञ्चका अध्यक्षले हटाउन सक्नेछ ।तर त्यसरी मञ्च संयोजकको पदबाट हटाउनु अघि निजलाई आफ्ना सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

**११. जनशक्ति सम्बन्धी ब्यबस्था**

(१) मञ्चको काममा सहयोग गर्न सञ्चालक समितिको माग बमोजिम प्रदेश सरकारले आवश्यक संख्यामा कर्मचारीको ब्यबस्था गर्नेछ ।

**१२. बाधा अड्चन फुकाउने**

यो गठन आदेश कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्चन आइपरेमा मञ्चको सिफारिसमा प्रदेश सरकारले बाधा अड्चन फुकाउन सक्नेछ ।

**१३. प्रदेश सरकारसँग सम्पर्क**

मञ्चले प्रदेश सरकारसँग सम्पर्क राख्दा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

**१४. वित्तीय साधन स्रोतको व्यवस्था**

(१) सचिवालयको कार्य सञ्चालनका लागि एउटा छुट्टै कोषको व्यवस्था हुनेछ ।

(२) कोषमा प्रदेश सरकार, दातृ संस्था, नीजि क्षेत्र र विभिन्न सरोकारवालाबाट मञ्चले निर्धारण गरे बमोजिमको रकम जम्मा हुनेछ ।

(३) विदेशी दातृ संस्था तथा संघसंस्थाबाट सहयोग प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

(४) कोष सञ्चालनका लागि एउटा छुट्टै कोष सञ्चालन कार्यविधि बनाई लागु गरीनेछ ।

(५) कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट स्वीकृति प्राप्त लेखापरीक्षकबाट हुनेछ ।

**१५. कार्यविधि निर्देशिका लागू गर्ने अधिकार**

प्रदेश सरकारले मञ्चको कार्य सञ्चालन प्रक्रियालाई सरलीकृत गर्न आवश्यक कार्यविधि, निर्देशिका बनाई लागु गर्न गराउन सक्नेछ ।

**१६. अनुगमन तथा सहजीकरण**

(१) मञ्चबाट सम्पादन हुने काम कारबाही र कार्यान्वयनलाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन सञ्चालक समितिले सरकारी तथा निजी क्षेत्रको बराबर संख्यामा सहभागिता हुने गरी अनुगमन तथा सहजीकरण समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले कार्यान्वयन लगायत सम्पूर्ण चरणमा अनुगमन गर्ने अनुगमनका क्रममा देखा परेका चुनौतिलाई समाधान गर्न सहजीकरण गर्नेछ ।

(३) प्रदेश व्यवसाय मञ्च, सञ्चालक समिति तथा कार्यसम्पादन समूहहरुले कार्यसम्पादनको विभिन्न चरणमा आवश्यकता अनुसार अनुगमन तथा सहजीकरण गर्न सक्नेछन् ।

**१७. अधिकार प्रत्यायोजन**

मञ्चले आफ्नो अधिकार यस अन्तर्गतका सचिवालय, कार्यसम्पादन समूह, प्रदेश सरकार मातहतका सम्बन्धित अन्य निकाय वा पदाधिकारीलाई प्रचलित कानून बमोजिम प्रत्यायोजन गर्न सक्नेछ ।

**१८. मञ्चको विघटन र दायित्व हस्तान्तरण**

(१) मञ्चको आवश्यकता नभएमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयबाट कुनै पनि बखत मञ्चको विघटन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मञ्च विघटन भएमा मञ्चको सम्पत्ति प्रदेश सरकारमा सर्नेछ ।

# प्राइभेट फर्म नवीकरण सम्बन्धी मार्गदर्शन–२०७५

**१. परिचय :**

नेपाल सरकारद्वारा जारी औद्योगिक व्यवसाय ऐन २०७३ तथा प्राइभेट फर्म ऐन २०१४र प्राइभेट फर्म नियमावली २०३४ को परिधि भित्र रही लघु, घरेलु तथा साना उद्योग दर्ता नवीकरण लगायत उद्योग प्रशासन सम्बन्धी कार्यहरु उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय अन्तरगतको घरेलु तथा साना उद्योग विभागले अधिकार प्रत्यायोजन गरी मातहतका जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति मार्फत सम्पादन हुँदै आएको थियो । देशमा राजनैतिक परिवर्तन सँगसँगै संघ प्रदेश र स्थानीय सरकारहरु स्थापना भै कार्य सञ्चालन भैरहेको अवस्था छ । नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (सचिव स्तर) को मिति २०७५।०६।१६ को निर्णयअनुसार साविक घरेलु तथा साना उद्योग विभागले सम्पादन गरीरहेको कार्यहरु प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा अन्तरगतका उद्योग, वाणिज्य तथा उपभोक्ता हित निर्देशनालयबाट नै गर्न गराउन हुन भनी निर्णय भएको थियो । यस परिप्रेक्ष्यमा विगतमा भैरहेका उद्योग प्रशासन सम्बन्धी कार्यहरु कसरी गर्ने भन्ने अन्यौलता रहेको छ । जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय/विकास समितिमा दर्ता भै सञ्चालनमा आएका म्याद गुज्रेका फर्महरु नवीकरण प्रक्रियाका लागी प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ र प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ को प्रावधान भित्र रही तोकिएको दस्तुर, दण्ड जरिवाना तिरी २०७६ आषाढ मसान्तसम्म एक पटकका लागि (वा गण्डकी प्रदेशको प्राईभेट फर्म रजिष्ट्रेशन ऐन/नियमावली/कार्यविधि आएमा सोही अनुसार हुने गरी) यो मार्गदर्शन तयार गरीएको छ ।

**२. मापदण्ड**

**क. प्राईभेट फर्म नवीकरण सम्बन्धी कानुनी व्यवस्था**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ बमोजिम तोकिएको दस्तुर बुझाई दर्ता भएका उद्योग/व्यवसायिक फर्महरु दर्ता भएको मितिले ५ वर्षसम्मको लागि बहाल रहने व्यवस्था छ । उक्त म्याद समाप्त भएको मितिले ३५ दिनभित्र सम्बन्धित कार्यालयमा गई नवीकरण नगराएमा प्राइभेट फर्म रजिष्ट्रन नियमावली २०३४ को नवौं संशोधनको नियम ७ (५) को (क) र (ख) मा उल्लेख भए अनुसार दस्तुर लिई नवीकरण गरीदिने र यस्तो नवीकरण अवधि २ वर्षको हुनेछ ।

**ख. प्राइभेट फर्म नवीकरण सम्बन्धी विशेष व्यवस्था**

प्राइभेट फर्महरुको नवीकरण सम्बन्धमा प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ नियम ७ (४) र (५) अनुसार पनि नवीकरण नगराई म्याद गुज्रेका प्राइभेट फर्महरुको नवीकरण सम्बन्धमा सो नियमावलीको दशौं संशोधनले नियम १० (१) मा देहाय बमोजिम व्यवस्था गरेको छ ।

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो उपनियम प्रारम्भ हुँदाका बखत् प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राईभेट फर्मको धनीले नविरकण गराउन नसकेको मनासिव कारण खुलाई सम्वत् २०७४ साल असार मसान्तसम्म नवीकरण गराउनको लागि दरखास्त दिएमा र यस्तो दरखास्त जाँझबुझ गर्दा कारण मनासिव देखिएमा सम्बन्धित कार्यालयको नियम ७ को उपनियम ४ बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको तेब्बर दस्तुर नवीकरण गराउन नसकेको बीस लाखसम्म पूँजी भएको प्राइभेट फर्मको हकमा त्यस्ता प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि २,५००।- रुपैयाँका दरले र बीस लाख भन्दा बढी पूँजी भएका प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि ५,०००।- रुपैयाँका दरले जरिवाना लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरीदिनुपर्नेछ ।

**ग. नवीकरण सम्बन्धी निर्णय हुनुपर्ने विषय :**

प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम १० (१) अनुसार तोकिएको अवधिभित्र नवीकरण गराउन नसकेका प्राइभेट फर्मका धनीले नवीकरण गराउन नसकेको मनासिब कारण खुलाई सम्वत् २०७६ आषाढ मसान्तसम्म (वा गण्डकी प्रदेशको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन/नियमावली/कार्यविधि आएमा सोही अनुसार हुने गरी) नवीकरण गराउनका लागि दरखास्त दिएमा प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४ दशौं संशोधनको नियम १० (१) बमोजिम नवीकरण गरीदिने । त्यस्ता प्राइभेट फर्महरुले सो अवधिभित्र नवीकरण नगराएमा स्वतः खारेजीमा पर्ने तर खारेजीमा परेको कारणले नेपाल सरकार/प्रदेश सरकारलाई तिर्नुपर्ने कर दायित्वबाट उन्मुक्ति हुने छैन भनी निर्णय गर्नुपर्ने अवस्था रहेको छ ।

# आ.व. २०७५/०७६ मा संचालित हुने कार्यक्रमहरुको कार्यक्रम कार्यान्वयन निर्देशिका–२०७५

**पृष्ठभूमि**

गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वन निर्देशनालय र ११ जिल्लाका डिभिजन वन कार्यालयहरु र दुई जिल्लाका भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत वन, वातावरण र जलाधार क्षेत्र संरक्षण एवं व्यवस्थापन सम्वन्धी कार्यहरु गर्नको लागि आर्थिक वर्ष २०७५।०७६ मा आवश्यक कार्यक्रम तथा वजेट विनियोजन गरीएको छ । स्वीकृत कार्यक्रम र विनियोजित वजेटको प्रभावकारी कार्यान्वयन, सञ्चालन र व्यवस्थापन गर्नका लागि उपलब्धी सूचक लगायतका विस्ततृ कार्यान्वयन कार्ययोजना तयार गर्ने कार्यमा आवश्यक सहयोग गरी प्रत्येक कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पन्न गरी गुणस्तरीय प्रतिफल प्राप्त गर्न यो कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ जारी गरीएको छ ।

कार्यक्रम कार्यान्वयन संयन्त्रहरुः गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, स्वीकृत वार्षिक कार्यक्रमहरु जिल्ला स्थित डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयले आफू अधिनस्त स्रोत साधनहरुको परिचालन गरी गर्नु गराउनु पर्नेछ ।

## खण्ड १

## वन तथा वातावरण संरक्षण एवं व्यवस्थापन कार्यक्रम कार्यान्वयन निर्देशिका

### १. प्रदेश स्तरीय संगठन संरचनाको पूर्वाधार निर्माण तथा सुधार कार्यक्रम (ख.शि.नं.३११११२)

देशमा संघियताको कार्यान्वयनसंगै मौजुदा वन संगठनको पुर्नसंरचना भई हाल कायम हुन आएका प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जलाधार ब्यवस्थापन कार्यालय, डिभिजन वन कार्यालय तथा सो अन्तर्गत रहने सव डिभिजन वन कार्यालयहरुको कार्यालय भवन नयां निर्माण गर्न, तला थप्न, नयाँ कोठा थप गर्न, कम्पाउण्ड वाल निर्माण गर्न आदि नयाँ सुधारका कार्यहरु सम्पन्न गर्न यो कार्यकमको व्यवस्था भएको हो । यो कार्यकम सम्पन्न गर्न तत्कालिन वन विभागले तोकेको डिजाइन अनुसार वा बजेटको सिमाभित्र रही प्राविधिकवाट Design तथा Estimate गरी स्वीकृत Design तथा Estimate का आधारमा आर्थिक निर्देशिका वमोजिम कार्यकम सम्पन्न गर्नु पर्ने छ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यकम कार्यान्वयनका लागि डिभिजन तथा सव डिभिजन वन कार्यालयको पूर्वाधार निर्माण तथा मर्मत सम्वन्धी डिजाइन तथा लागत इष्टमेट इन्जिनियरिङ प्राविधिकले गर्नेछ । कार्य प्रगतिको अनुगमन डिभिजन वन कार्यालयले गर्नेछ । इन्जिनियरिङ प्राविधिकले कार्य सम्पन्न भई पेश भएको जाँचपास तथा Work Completion Report का आधारमा अन्तिम भुक्तानी हुनेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ :-**

- स्वीकृत मभकष्नल तथा *Estimate*
- कार्य सम्पन्न प्रतिवेदन *(Work Completion Report)*
- निर्माण तथा सुधार कार्यमा लागेको जम्मा खर्चको विवरण

- ❖ कार्य सञ्चालन अघि र सम्पन्न पछिको फोटो

**अपेक्षित उपलव्धी**

- ❖ प्रदेश उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तर्गतका वन र जलाधार व्यवस्थापनसँगसम्बन्धित कार्यालयहरुको भवन निर्माण तथा सुधार हुनेछन् ।
- ❖ भौतिक संरचनाको निर्माण तथा सुधारवाट कार्यालयद्धारा प्रदान हुने सेवामा प्रभावकारीता वढ्नेछ ।

**२. उच्च प्रविधियुक्त बहुवर्षिय नर्सरी स्थापना तथा सञ्चालन (ख.शि.नं. २२५२२)**

स्थानीय उपभोक्तावाट बढी माग गरीएका, Commercial Species, बीऊँ सजिलै उपलब्ध हुन नसक्ने, धार्मिक तथा साँकृतिक महत्व वोकेका बीऊँबाट वेर्ना उमार्न कठिन हुने, बीऊको वाच्न सक्ने क्षमता र अंकुरण प्रतिशत कम भएका प्रजातीहरुको उच्च प्रविधि प्रयोग गरी Large Scale मा स्थायी नर्सरीमा विरुवा उत्पादन गरी छिमेकी जिल्लाहरुमा समेत विरुवा वितरण गर्ने श्रोत केन्द्र (Seedling Resouce Centre) को रुपमा विकास गर्दै लैजाने अभिप्रायले यो कार्यक्रमको व्यवस्था भएको हो । यसमा Multi Year Seedling उत्पादन समेत गर्न सकिने छ । सोको सञ्चालनका लागि वन तथा वातावरण मन्त्रालयको Norms अनुसार प्राविधिकवाट मभकष्नल तथा भकतषबतभ गरी स्वीकृत Design तथा Estimate का आधारमा प्रचलित खरिद ऐन नियम वमोजिम स्थापना तथा सञ्चालन कार्य सम्पन्न गर्नु पर्ने छ । यस शीर्षकमा विनियोजित रकम उच्च प्रविधियूक्त वहुवर्षिय नर्सरी स्थापनाका लागि आवश्यक तालिम, पूर्वाधार निर्माण, विरुवा उत्पादनका लागि आवश्यक उच्च प्रविधि सम्बन्धी मेशिन तथा उपकरण खरिद तथा जडान, सञ्चालन तथा अनुगमन मूल्याङ्कन सम्वन्धी खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम कार्यान्वयनका लागि उच्च प्रविधियुक्त बहुवर्षिय नर्सरी स्थापना तथा सञ्चालनका विभिन्न कृयाकलापको सञ्चालन डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारीवाट गरीनेछ । यसका अलवा विरुवा उत्पादन सम्वन्धी उच्च प्रविधिको विशेषज्ञता परामर्श सेवा समेत खरिद गर्न सकिनेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ**

- ❖ स्वीकृत Design तथा Estimate
- ❖ खरिद भई जडान गरीएका उच्च प्रविधि सम्वन्धी मेशिन तथा उपकरणको विवरण
- ❖ कार्य सम्पन्न प्रतिवेदन (Work Completion Report)
- ❖ स्थापन तथा मर्मतमा लागेको जम्मा खर्चको विवरण
- ❖ विस्तृत विवरण सहितको नर्सरी रजिष्टर
- ❖ उत्पादित विरुवाको जात र संख्या
- ❖ विरुवा वितरणको विस्तृत विवरण
- ❖ कार्य सञ्चालन अघि र सम्पन्न पछिको फोटो

**अपेक्षित उपलव्धी**

- ❖ डिभिजन क्षेत्रभित्र उच्च प्रविधियुक्त स्थायी प्रकृतिको बहुवर्षिय नर्सरी स्थापना हुनेछ ।
- ❖ Seedling Resource Centre को रुपमा विकास हुनेछ ।
- ❖ ठूला साइजका विरुवा वृक्षारोपणको लागि उपलव्ध हुने र वृक्षारोपणमा विरुवा मृत्यूदर न्यून हुनेछन् ।

**३. वन पैदावारमा आधारित उद्योग स्थापनाका लागि सहयोग पूंजिगत अनुदान (ख.शि.नं २२५२२)**

वन श्रोतमा आधारित उद्योग स्थापना तथा सञ्चालन गरी गरीव तथा विपन्न घरधुरीहरुको आयआर्जनमा समेत टेवा पुऱ्याउन यो कार्यक्रमको प्रस्ताव भएको हो । यस शीर्षकमा विनियोजित रकमबाट सामुदायिक वन उपभोक्ता समूह वा कवुलियती वन समूहले आफै वा दूई वा दुई भन्दा वढी वन समूहद्वारा वा समुह र निजी साझेदारीमा जडिवुटी प्रशोधन, फर्निचर उद्योग, वेतवाँस, अल्लो, लोक्ता, लप्सी, अमला प्रशोधन जस्ता उद्योगको स्थापना तथा सञ्चालन गर्न आवश्यक उपकरण, सामाग्रीहरु खरिद तथा व्यवस्थापन खर्चका लागि अनुदान सहयोग उपलव्ध गराईने छ । यस शीर्षकमा विनियोजित रकम वन पैदावारमा आधारित उद्योग स्थापनाका लागि आवश्यक सहजीकरण तथा प्राविधिक सहयोगको लागि भ्रमण खर्च, इन्धनमा समेत खर्च गर्न सकिनेछ ।

**समूह, संस्था वा व्यक्ति छनौटका आधारहरु**

समूह, संस्था वा व्यक्तिको सक्रियता, विगतको अनुभव, महिला सहभागिता, उद्योगको कच्चा पदार्थको उपलव्धता, विवाद रहित वातावरण, माग र औचित्य जस्ता वुँदाहरुलाई आधार वनाई उद्योग वा उद्योगीको छनौट गरीने छ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ**

- ❖ स्वीकृत लागत इष्टमेट
- ❖ कार्यक्रम सम्पन्नका लागि तयारी गरीएको संझौता
- ❖ उद्यम स्थापनाका लागि सहयोग गरीएका मेशिन तथा उपकरणको विवरण
- ❖ कार्य सम्पन्न प्रतिवेदन (Work Completion Report)
- ❖ कार्यक्रम सम्पन्नमा लागेको जम्मा खर्चको विवरण
- ❖ कार्य सञ्चालन अघि र सम्पन्न पछिको फोटो
- ❖ प्राप्त रोजगारीका विवरण ।

**अपेक्षित उपलव्धी**

- ❖ पुंजिगत अनुदान सहयोगले वन पैदावारमा आधारित उद्योग स्थापना हुनेछ ।
- ❖ वन पैदावारमा आधारित उद्योग स्थापनाले रोजगारी सिर्जना भई आयआर्जनमा टेवा पुग्नेछ ।

**४. शहरी वन प्रवर्धन तथा उद्यान पार्क निर्माण (ख.शि.नं २२५२२)**

बढ्दो शहरीकरणसंगै नगर क्षेत्रको वायु तथा ध्वनी प्रदूषण वढ्दै गईरहेकोले शहरी वातावरण स्वच्छ वनाउन अति नै अपरिहार्य रहेको देखिन्छ । तसर्थ शहरी वातावरण स्वच्छ तथा हरियाली प्रवर्धनका लागि नगर तथा शहरी क्षेत्रका सडक क्षेत्र, खाली पर्ति क्षेत्रमा सदावहार तथा सौन्दर्यवर्धक वोट विरुवाहरु लगाउने, उद्यान, मनोरञ्जन पार्क तथा पारिस्थितिकीय ज्ञान/सूचना केन्द्र लगायतका कार्यहरु गर्न यो कार्यक्रमको व्यवस्था भएको हो । यो कार्यक्रम सम्बन्धित् नगरपालिका तथा गाउंपालिकासंगको समन्वय तथा सहकार्यमा स्थानीय युवा क्लव, आमा समूह, सामुदायिक वन उपभोक्ता समूह, टोल विकास संस्था, सार्वजनिक स्कुल जस्ता समुदायमा आधारित निकाय मार्फत गरीनेछ । डिभिजन वन कार्यालय वा अन्तर्गतका प्राविधिक

कर्मचारीको सहयोग र सहजीकरणमा कार्यक्रम सम्पन्न गरीनेछ । यस कार्यक्रम शीर्षकमा व्यवस्था भएको बजेट उद्यान निर्माण तथा ब्यवस्थापनका लागि आवश्यक कार्यहरु जस्तै वृक्षारोपणका लागि विरुवा खरिद, ढुवानी, जग्गा तयारी, खाडल खन्ने, विरुवा रोपण, घेरवार एवं संरक्षण, डस विन, टिकट घर, फुलको क्यारी, विश्राम स्थल, चौतरी, शौचालय, वाल मनोरन्जनका संरचना जस्ता सरचना निर्माण र कार्यक्रमको अनूगमन तथा मूल्याङ्कन आदी कार्यहरुमा खर्च गर्न सकिनेछ ।

**स्थान छनौटका आधारहरु**

लागत सहभागिता, स्थानीय तह समुदाय वा संस्था को साझेदारी, जग्गाको उपलब्धता, दिगोपना, विवाद रहित वातावरण आदि ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम कार्यान्वयनका लागि उद्यान पार्क निर्माण सम्वन्धी डिजाइन तथा लागत ईष्टिमेट सम्बन्धित स्थानीय तहका इन्जिनियरिङ्ग प्राविधिकले गर्नेछ र हरियाली प्रवर्द्धन सम्वन्धी लागत इन्टमेट डिभिजन वन कार्यालय अन्तर्गतका प्राविधिकले गर्नेछ। कार्यकम्रको कार्यान्वयन डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी वा उपभोक्ता व्यवस्थापन समिति मार्फत सञ्चालन गरीनेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ :-**

- स्वीकृत लागत इष्टमेट
- कार्यक्रम सम्पन्नका लागि तयारी गरीएको संझौता
- हरियाली वन प्रवर्धन तथा उद्यान पार्क निर्माण सम्वन्धी विस्तृत विवरण
- कार्य सम्पन्न प्रतिवेदन (Work Completion Report)
- कार्यक्रम सम्पन्नमा लागेको जम्मा खर्चको विवरण
- कार्य सञ्चालन अघि र सम्पन्न पछिको फोटो

**अपेक्षित उपलव्धी**

- शहरी क्षेत्रमा हरियाली प्रर्वधन भई वातावरण स्वच्छ हुनेछ ।
- शहरी वासिन्दाको लागि आमोद प्रमोद तथा मनोरन्जनको सुविधा प्राप्त हुने छ ।
- शहरी क्षेत्रका जोखिममा परेका सार्वजनिक जग्गाहरुको संरक्षण र व्यवस्थापन हुनेछ ।

**५. सामुदायिक तथा कवुलियती वन सुधार कार्यक्रम (ख.शि.नं. २२५२२)**

हालका दिनहरुमा जिल्लामा रहेका सामुदायिक तथा कवुलियती वन उपभोक्ता समूहहरुको सकृयता वढाउनु पर्ने देखिएको छ । ती समूहहरुको संस्थागत विकास तथा सम्बन्धित वन क्षेत्रको सकृय वन व्यवस्थापनका कृयाकलाप मार्फत स्थानीय उपभोक्ताको आर्य-आर्जनमा वृद्धि गरी स्थानीय समृद्धी हासिल गर्न सहयोग पुऱ्याउनु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ। यस कार्यक्रम अन्तर्गत कार्यक्रमको परिमाण तोकिएको तर कृयाकलापहरुको किसिम र किसिम अनुसारको वजेटको सट्टा एकमुष्ठ वजेट विनियोजित गरीएको छ । उक्त वजेटबाट जिल्लामा संचालित सामुदायिक वन विकास तथा कवुलियती वन विकास दुवैलाई समेट्ने गरी स्वीकृत कार्यक्रमले तोकेको परिमाण अनुसारकै संख्यामा विभिन्न उपयुक्त कार्यहरु तय गर्नु पर्दछ ।

**उदाहरण स्वरुप यस शीर्षक अन्तरगत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छः**

**कार्यक्रमहरु**

(१) सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, सरकारद्धारा व्यवस्थित वन, निजी वनहरुको अनुगमन तथा निरीक्षण, (सव डिभिजन तथा जिल्ला स्तरमा वन पैदावार उत्पादन तथा विक्री वितरण, वन पैदावारमा आधारित उद्योग, रोजगारी जस्ता तथ्यांक अद्यावधिक सहितको

विश्लेषणात्मक प्रतिवेदन तयारी र वितरण) र कार्यक्रम कार्यान्वयनको लागि भ्रमण ।

(२) सामुदायिक वन व्यवस्थापन सम्वन्धी आर्थिक कार्यविधि निर्देशिका, वन पैदावार संकलन तथा विक्री वितरण लगायतका संघीय र प्रदेश सरकारबाट जारी गरीएका निर्देशिकाहरुको स्थलगत गोष्ठी, अन्तर्क्रिया, प्रशिक्षण ।

(३) सामुदायिक वन र कवुलियती वन सम्वन्धी प्रचार प्रसार सामाग्री प्रकाशन तथा वितरण, वन संरक्षणको लागि मेडिया परिचालन क्रियाकलापहरु ।

(४) वन व्यवस्थापनको लागि आवश्यक उपकरण तथा श्रमिकको लागि सुरक्षा सामाग्री खरीद तथा वितरण, वार्षिक योजना तर्जुमा, समिक्षा, स्थानीय तहसंग संयुक्त अनुगमन ।

(५) सामुदायिक वन तथा कबुलियति वनमा वन सम्वर्द्धन कार्यान्वयन ।

(६) वन पैदावार प्रशोधन तथा उद्यम स्थापना र सञ्चालन ।

(७) वन डढेलो नियन्त्रण तथा वहुवक्षीय उपयोगको लागि सामुदायिक वनमा पानी संकलन पोखरी (Conservation pond) निर्माण ।

(८) सामुदायिक वन कार्य योजना पूनरावलोकनको लागि IEE तथा EIA

(९) पूराना र निष्कृय वन समूहहरुको सशक्तिकरण हुने क्रियाकलापहरु

(१०) गरीवी न्यूनिकरणका लागि कवुलियती वन कार्यक्रमसंग सम्बन्धित् सामाजिक परिचालन, कवुलियती वन सहजकर्ताहरुलाई उपलव्ध गराईने फिल्ड गियर ।

(११) भूईघाँस, डालेघाँसको वीउ, विरुवा खरीद तथा वितरण व्यवस्थापन

(१२) सामुदायिक वन, कवुलियती वन र निजी वनका उत्कृष्ठ समूह, व्यक्ति छनौट र पुरस्कार वितरण

(१३) स्थानीय निकायहरुको माग सम्वोधन हुने सम्बन्धित् कार्यक्रमहरु समावेश हुनु पर्नेछ ।

सामुदायिक तथा कवुलियती वन उपभोक्ता समूहको संस्थागत विकास, वन सम्वर्द्धन तथा व्यवस्थापन, कार्यक्रम अनुगमन, सीप, विकास जस्ता कार्यलाई प्रमुख प्राथमिकता दिई गर्नु पर्नेछ । उल्लेखित कार्य सम्पन्न गर्दा लाग्ने दैनिक भत्ता, यातायात, इन्धन, खाजा, संचार समेत यस शीर्षक अन्तर्गत खर्च गर्न सकिनेछ । कार्यक्रम विभाजन गर्दा संघीय सरकारको सशर्त कार्यक्रम र प्रदेश सरकारको कार्यक्रम एक आपसमा दोहोरो नपर्ने गरी विभाजन गर्नु पर्नेछ र विभाजित उक्त कार्यक्रमहरु एक तह माथिको निकायबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ**

- स्वीकृत लागत इष्टमेट
- कार्यकम सम्पन्न गरीएका समूहहरुको विवरण
- कार्य सम्पन्नको विस्तृत प्रतिवेदन
- कार्यकम सम्पन्नमा लागेको जम्मा खर्चको विवरण
- सान्दर्भिकता अनुसारका कार्य सञ्चालन अघि र सम्पन्न पछिको फोटो
- कार्यक्रमबाट सिर्जित रोजगारी (कार्यक्रम सञ्चालन हुनु अघि र पछि) ।

**अपेक्षित उपलव्धी**

- कम सक्रिय सामुदायिक तथा कवुलियती वन उपभोक्ता समूहको संस्थागत सुधार हुनेछ ।
- वन संवर्धन तथा व्यवस्थापनका क्रियाकलापवाट वनको सुधार हुनेछ ।

- ❖ नवीकरण नभएका कार्ययोजनाहरु नविकरण हुनेछन् ।

**६. सामुदायिक तथा कवुलियती वन समूह परिचालन तथा क्षमता अभिवृद्धि (ख.शि.नं. २२५२२)**

समूहहरुको संस्थागत विकास तथा व्यवस्थापन गर्ने क्षमता अभिवृद्धिका लागि यस शीर्षकमा विनियोजित रकम खर्च गर्नु पर्नेछ । यस अन्तर्गत नेतृत्व विकास, लेखा तथा अभिलेख व्यवस्थापन, वन सम्वर्धन तथा व्यवस्थापन सम्वन्धी आवश्यक ज्ञान तथा सीप अभिवृद्धि गर्न तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण जस्ता कृयाकलाप सञ्चालन गरीनेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ**

- ❖ स्वीकृत लागत इष्टमेट
- ❖ कार्यक्रम सम्पन्न गरीएका समूहहरुको विवरण तथा लाभान्वित घरधुरी
- ❖ कार्य सम्पन्न प्रतिवेदन
- ❖ कार्यक्रम सम्पन्न गर्दा लागेको जम्मा खर्चको विवरण
- ❖ कार्य सञ्चालन अघि र सम्पन्न पछिको फोटो

**अपेक्षित उपलव्धी**

- ❖ सामुदायिक/कवुलियती वन उपभोक्ता समूहका सदस्यहरुको क्षमता अभिवृद्धि भई समूह सक्रिय हुनेछन् ।

**७. कृषि वन प्रवर्धन कार्यक्रम (ख.शि.नं. २२५२२)**

ग्रामिण भेगका वस्तीहरुवाट शहरतिर वसाई सर्ने क्रम तीव्र रुपमा भई रहेको र हाल ग्रामिण भेगका वस्तीहरुमा मानिसहरुको चाप कम भई कृषि श्रमिकको अभावमा खेती योग्य निजी आवादी क्षेत्रहरु खाली रहन गएको देखिन्छ । निजी क्षेत्रका किसानहरुलाई छिटो वढ्ने तथा चाँडै प्रतिफल दिने, आयमूलक प्रजातिका, वजारको माग अनुसारका तथा रोजगारमुलक प्रजातीहरुको वृक्षारोपण, संरक्षण र ब्यवस्थापन जस्ता कार्यमा यस शीर्षक अन्तर्गतको रकम खर्च गर्न सकिनेछ । गरीवी न्यूनिकरणका लागि हस्तान्तरण गरीएका कवुलियती वन क्षेत्र र सामुदायिक वन भित्रका कवुलियती वनमा सम्बन्धित् समूहलाई उल्लेखित प्रजातिको व्यवसायिक खेती विस्तारका लागि समेत खर्च गर्न सकिनेछ। यस कार्यक्रम अन्तर्गत कृषि वन प्रवर्धनका लागि आवश्यक कृषि तथा वन सम्वन्धी बीऊ वेर्ना खरिद, सामागी ढुवानी तथा रोपण, अनुगमन जस्ता कार्यहरु गरीनेछ ।

यस किसिमका कार्यक्रम सञ्चालन गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको कृषि वन प्रवर्धन कार्यक्रमको निर्देशिका अनुसारका पकेट क्षेत्र पहिचान, इच्छुक किसानको छनौट, कृषि वन प्रवर्धन सम्बन्धी अन्तरक्रिया, अध्ययन अवलोकन भ्रमण, छनौट भएका प्रजाति अनुसार खती विस्तार तालिम समेत गर्न सकिनेछ। वन तथा वातावरण मन्त्रालयबाट कृषि वन सम्वन्धी प्राप्त हुने अवधारणा सहितको कार्य विधिहरु समेत कार्यान्वयन गरीने छ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ**

- ❖ स्वीकृत लागत इष्टमेट
- ❖ कार्यक्रम सम्पन्न गरीएका समूहहरुको विवरण
- ❖ जम्मा खर्च विवरण सहितको कार्य सम्पन्न विस्तृत प्रतिवेदन
- ❖ कार्य सञ्चालन अघि र सम्पन्न पछिको फोटो
- ❖ कार्यक्रम सञ्चालन भएको स्थानको जि.पि.यस विन्दु वा Google earth Map
- ❖ कार्यक्रम पश्चात आम्दानी हुन लाग्ने समय र अपेक्षित आम्दानी

**अपेक्षित उपलव्धी**

- ❖ स्थानीय उपभोक्ताको निजी जग्गाहरुमा कृषि र वनको विकास भई जिल्लामा कृषि वनको प्रवर्धन हुनेछ ।
- ❖ खाली रहेका निजी आवादी क्षेत्रहरुमा वृक्षारोपण भई हरियालीमा वृद्धि हुनेछ ।
- ❖ कवुलियती वन (गरीवी न्यूनिकरण) मा वहुउपयोगी आयमूलक फलफूल खेती भएको हुनेछ ।
- ❖ सामुदायिक वन भित्र कवुलियती वनहरु स्थापना भै क्षतीग्रस्त वनमा Horti-silvi-pasture प्रवर्द्धन भएको हुनेछ ।
- ❖ रोजगारीका थप अवसरहरु सृजना हुनेछन् ।

**८. धार्मिक वन संरक्षण कार्यक्रम (ख.शि.नं. २२५२२)**

जिल्लाका महत्वपुर्ण धार्मिक स्थल वरपर रहेका वन क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापनका लागि त्यस्ता क्षेत्रहरुको पहिचान गर्ने, धार्मिक समूह, समुदाय वा संस्थाहरु मार्फत संरक्षण तथा व्यवस्थापनका लागि धार्मिक वन हस्तान्तरण तथा ब्यवस्थापनका कार्यहरु गरीनेछ । साथै मौजुदा धार्मिक वनहरुमा हरियाली प्रवर्धनका कार्यहरु समेत गर्न सकिनेछ । यस शीर्षकवाट बिनियोजित रकम धार्मिक समूह/समुदाय गठन गर्न, कार्ययोजना निर्माण, टाइपिङ, प्रिन्टिङ तथा वाइन्डिङ, भेला वैठकमा हुने चियापान, वृक्षारोपणका लागि ठाउंको छनौट, जग्गा तयारी, वेर्ना खरिद तथा ढुवानी, रोपण तथा संरक्षण, अनुगमन, धार्मिक वन प्रचारप्रसारमा खर्च गर्न सकिनेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ**

- ❖ कार्यक्रम सम्पन्न गरीएका धार्मिक क्षेत्रहरुको विवरण
- ❖ कार्य सम्पन्न प्रतिदेन
- ❖ कार्यक्रम सम्पन्न गर्दा भएको खर्चको विवरण
- ❖ कार्य सञ्चालन अघि र सम्पन्न पछिको फोटो

यस कार्यक्रम अन्तर्गत धार्मिक, साँस्कृतिक तथा पौराणिक महत्वका क्षेत्रको पारिस्थिकीय उक्षुण्यता कायम राखी प्रकृतिमैत्री संरचना निर्माण गर्न खर्च गर्न सकिनेछ । कंक्रिटजन्य संरचना निर्माण गरी धार्मिक वन क्षेत्रको भू-उपयोग परिवर्तन गरीने छैन ।

- अपेक्षित उपलव्धी
  - ❖ जिल्लाका धार्मिक स्थल वरपर रहेका वनको संरक्षण तथा व्यवस्थापनका लागि केही सम्भाव्य क्षेत्रहरु धार्मिक वनको रुपमा हस्तान्तरण हुनेछन् ।
  - ❖ स्थानीय मठ, मन्दिर वरपर वृक्षारोपण भई हरियाली प्रवर्धन हुनेछ ।
  - ❖ धार्मिक पर्यटनको प्रवर्धन हुनेछ ।

**९. निजी वन विकासका लागि प्रोत्साहन (ख.शि.नं. २२५२२)**

निजी हकभोगका आवादी जग्गामा रहेका रुख विरुवाहरुको संरक्षण तथा व्यवस्थापनमा प्रभावकारीता वृद्धि गराउन र सदुपयोगमा सहजता ल्याउन त्यस्ता क्षेत्रहरुलाई निजी वनको रुपमा दर्ता गरी निजी वनको विकास गर्ने यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रममा विनियोजित रकम निजी वन दर्ताका लागि माग भई आएका क्षेत्रको जग्गाको सिमाना पहिचान गर्न, अमिन खटिए वापतको नापी कार्यालयमा लाग्ने राजश्व, रुख विरुवाको नाप जांच गर्ने, ब्यावसायिक योजना निर्माण गरी निजी वन दर्ताका लागि आवश्यक सहयोग पुराउने कृयाकलापहरु गर्न सकिने छ । साथै आवश्यक प्राविधिक सहयोग, व्यवस्थापन औजार सहयोग, व्यवस्थापन तालिम र प्रोत्साहन पुरस्कारको व्यवस्था जस्ता कार्यहरुमा समेत सहयोग गर्न सकिनेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ**

- ❖ कार्यक्रम सम्पन्न गरीएका निजी वनहरुको विवरण
- ❖ निजी वन विकासका लागि गरीएका कृयाकलापहरुको विस्तृत विवरण
- ❖ कार्यक्रम सम्पन्न गर्दा भएको खर्चको विवरण
- ❖ निजी वन तथा दर्ता प्रमाण पत्रको फाटो ।
- ❖ कार्यक्रम सञ्चालन भएको स्थानको जि.पि.यस विन्दु वा Google earth Map

**अपेक्षित उपलव्धी**

- ❖ जिल्लामा निजी वनको विकासका लागि थप टेवा पुग्ने र थप निजी वनहरु दर्ता हुनेछन् ।
- ❖ निजी वनको विकास तथा व्यस्थापनमा निजी वन धनीहरु प्रोत्साहित हुने ।
- ❖ निजी जग्गाको वन पैदावारको वजारीकरणमा वढोत्तरी आउने ।

**१०. पंचासे संरक्षित वन कार्यक्रम (ख.शि.नं. २२५२२)**

वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभागवाट स्वीकृत कार्यक्रम कार्यान्वन निर्देशिकाको दफा १.४ संरक्षित वन प्रवर्धन तथा कार्ययोजना कार्यान्वयन वमोजिम गर्ने । यसका अलावा प्राथमिकता प्राप्त रोजगारीमूलक, उत्पादनमुलक एवं संरक्षणमुखी कार्यक्रमहरुलाई प्राथमिकता दिई बजेट विभाजन गरी यस अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ । पारिस्थिकीय प्रणालीमा प्रतिकुल प्रभाव पर्ने गरी अप्राकृतिक तथा कंक्रिटजन्य संरचना निर्माण, वन क्षेत्रको भू-उपयोग परिवर्तन नियन्त्रण जस्ता कार्यमा विशेष प्राथमिकता दिनु पर्नेछ ।

**११. मानव र वन्यजन्तु द्वन्द व्यवस्थापन सहयोग (ख.शि.नं. २२५२२)**

वनक्षेत्रको संरक्षण र व्यवस्थापन कार्य व्यापक हुदै गर्दा वन्यजन्तुको संख्या समेतमा वृद्धि भै ग्रामीण क्षेत्रमा वाघ, हात्ति, चितुवा, वाँदर, वँदेल जस्ता जनावरवाट मानव, पशुधन, खेतीपाती र भौतीक सम्पत्तिको क्षती हुन पुगेको छ । यसरी दिन प्रतिदिन वढ्दै गएको मानव र वन्यजन्तु विचको द्वन्दलाई व्यवस्थापन तथा न्यूनिकरण आजको टड्कारो आवश्यकता देखिएको छ । तसर्थ यस शीर्षकमा विनियोजित रकमवाट मानव वन्यजन्तु द्वन्द व्यवस्थापन सम्बन्धी कार्यहरु जस्तै जनचेतनामुलक कार्यक्रम, गोष्ठी, अर्न्तकृया कार्यक्रम सञ्चालन गर्न गर्नु पर्नेछ । साथै रेडियो तथा पत्र पत्रिका, होडिङ्ग वोर्ड, पर्चा आदिवाट समेत प्रचारप्रसार गर्न सकिनेछ । वन्यजन्तुवाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०६९ (दोस्रो संशोधन २०७४) वमोजिमको खर्च वाहेक जिल्लामा मानव वन्यजन्तु द्वन्दका कारण सृजित समस्या समाधानका लागि आवश्यक पर्ने भैपरी आउने क्रियाकलापहरुमा लाग्ने खर्च जस्तै यातायात, खाजा, इन्धन, प्राविधिको खर्च, औषधि उपचार, उद्धार सामाग्री, वन्यजन्तुहरुलाई आवादी क्षेत्रमा आउन विकर्षण गर्ने खालका (Wildlife repellent) क्रियाकलापहरु जस्तै वन्यजन्तुलाई मन नपर्ने खालका बाली, सौर्य वत्ती समेत यस शीर्षकवाट रकम खर्च गर्न सकिनेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ** :–

- ❖ स्वीकृत लागत इष्टमेट
- ❖ कार्यक्रम सम्पन्नका लागि तयारी गरीएको संझौता
- ❖ कार्य सम्पन्न प्रतिवेदन (Work completion report)
- ❖ कार्यक्रम सम्पन्नमा लागेको जम्मा खर्चको विवरण तथा फोटोहरु

**अपेक्षित उपलव्धि**

- ❖ वन्यजन्तुवाट प्रभावित क्षेत्रमा मानव र वन्यजन्तु विचको द्वन्द व्यवस्थापन तथा न्युनिकरणमा सहयोग पुग्नेछ ।

- ❖ सह अस्थित्वको भावना विकास भै वन तथा वन्यजन्तु संरक्षणमा उल्लेख्य टेवा पुगेको हुनेछ ।

## १२. राष्ट्रिय वन विकास कार्यकम (ख.शि.नं. २२५२२)

नेपालको वन क्षेत्रको वैज्ञानिक ढंगवाट संरक्षण, विकास र व्यवस्थापन गर्दै काष्ठ तथा गैरकाष्ठ वन पैदावारको उत्पादन तथा उत्पादकत्व वढाई स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्‍याउन सकिन्छ । वन संरक्षण र व्यवस्थापनमा जनसहभागिता अभिवृद्धि गरी संरक्षण र विकासलाई प्रभावकारी वनाउनुका साथै यसवाट स्थानीय जनतालाई रोजगारीको अवसरहरु सृजना गरी जिविकोपार्जनमा सुधार ल्याउन सकिन्छ । यिनै सम्भावनाहरुलाई मध्यनजर गर्दै मुख्य गरी सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन, जैविक विविधताको संरक्षण, जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन योजना तयारी, वन सम्वर्धन, सदुपयोग तथा आपूर्तीका कार्यकमहरु समेत यस कार्यकम अन्तर्गत गर्न सकिनेछ । अन्य प्रकारका वन तथा कार्यक्रमले नसमेटेको क्षेत्रमा वन सम्बन्धी प्रचार प्रसार कार्यकम सञ्चालन एवं वन तथा वातावरण संरक्षणमा जनसहभागिता वृद्धि अभियान सञ्चालन गर्न सकिनेछ । कार्य क्षेत्र भित्रको राष्ट्रिय वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन, चोरी शिकारी तथा अतिकमण नियन्त्रण कार्यका लागि कर्मचारी परिचालन गर्दा लाग्ने दैनिक भत्ता, यातायात खर्च, इन्धन, संचार, अनुगमन, सवारी सधान मर्मत संभार, कार्यालय सञ्चालन सम्वन्धी खर्चका साथै अन्य सरोकारवालाहरुलाई खटाएको अवस्थामा लाग्ने खर्च समेत यसै शीर्षकवाट गर्न सकिनेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ**

- ❖ स्वीकृत लागत इष्टमेट
- ❖ कार्यकम सम्पन्नका लागि तयारी गरीएको संझौता
- ❖ फोटो समेतको कार्य सम्पन्न प्रतिवेदन (Work completion report)
- ❖ कार्यकम सम्पन्नमा लागेको जम्मा खर्चको विवरण

**अपेक्षित उपलव्धि**

- ❖ राष्ट्रिय वनको दिगो संरक्षण तथा विकासमा टेवा पुग्ने ।
- ❖ सरकारद्वारा व्यवस्थित वनबाट काठ दाउरा उत्पादनमा वढोत्तरी भएको हुनेछ ।

## १३. वन अतिकमण नियन्त्रण (ख.शि.नं. २२५२२)

नेपालको वन क्षेत्र अतिकमण भै अन्य प्रयोजनमा प्रयोग भैरहेको कार्यालयका अभिलेख र संचार माध्यमवाट जानकारी प्राप्त भैरहेको छ । विगतमा वन अतिकमण सम्वन्धी तथ्यांक अद्यावधिक राख्ने प्रयास गरीएको भएतापनि कतिपय डिभिजन वन कार्यालयहरुमा अतिकमणको नक्सा सहितको व्यवस्थित विवरण राख्न सकिएको छैन । तसर्थ वनक्षेत्र अतिकमणको अवस्था र क्षेत्रफल पहिचान तथा नक्सांकन गर्ने, अतिकमण हटाउने, अतिक्रमित वन क्षेत्रलाई पुनः वन क्षेत्र कायम गर्ने जस्ता कार्य गर्न आवश्यक साधन, श्रोत, जनशक्ति परिचालन गर्न यो शीर्षकमा विनियोजित रकम खर्च गर्नू पर्नेछ । अतिकमण हटाई नियन्त्रणमा लिइएको खाली जग्गामा सकभर सहभागितामुलक ढंगले संरक्षण गर्न तथा पुनः अतिकमण हुन नदिने उपायहरु समेत गर्नुपर्दछ । तसर्थ यस शीर्षकमा विनियोजन भएको वजेट रकम अतिकमण नियन्त्रण योजना तयारी, समन्वय वैठक, जनचेतनामुलक सन्देश प्रशारण, अन्तरकिया कार्यकम, अतिकमित जग्गा छुट्टयाई हटाउने कार्य, तारवार लगाउने, वृक्षारोपण गर्ने, आवश्यकतानुसार रोपिएका विरुवाको संरक्षणका लागि हेरालुको समेत व्यवस्था गर्न सकिनेछ । अतिकमण हटाउनको लागि जनशक्ति (कर्मचारी, सुरक्षाकर्मी तथा अन्य समुदाय) परिचालन गर्न दीर्घकालिन संरक्षणको लागि हटाइएको अतिक्रमित क्षेत्र जोडिएको सामुदायिक वनमा समावेश गर्ने गरी कार्य योजना पूनरावलोकन जस्ता कार्यहरुको लागि आवश्यकतानुसार दैनिक भत्ता, खाना, खाजा, यातायात, इन्धन, संचार, सवारी साधन मर्मत, उपचार खर्चको लागि समेत

खर्च गर्न सकिनेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ**

- ❖ अतिक्रमण हटाईएको मिति, क्षेत्रफल, तुलनात्मक फोटो, GIS नक्सा समेत राखि तयार पारिएको प्रतिवेदन
- ❖ अतिक्रमण हटाईए पछि गरीएको कार्यको फोटो सहितको प्रतिवेदन
- ❖ कार्यक्रम सम्पन्न गर्दा भएको खर्चको विवरण

**अपेक्षित उपलब्धि**

- ❖ अतिक्रमित वन क्षेत्र राष्ट्रिय वनमा समाहित भई उचित व्यवस्थापन हुनेछ ।
- ❖ वन क्षेत्रको कानून कार्यान्वयनमा जन सहभागिता बढेको हुनेछ ।

**१४. वन अपराध नियन्त्रण (ख.शि.नं. २२५२२)**

यस शीर्षकमा विनियोजित रकम जिल्लास्तरमा हुने विभिन्न वन अपराध जस्तै वन अतिक्रमण, चोरी शिकार, चोरी निकासी रोकथाम, नियन्त्रण र त्यस्ता कार्यमा संलग्न अपराधीहरुको सूचना संकलनका लागि प्रयोग गर्नुपर्नेछ । यस अन्तर्गत टुर गस्ती गर्ने, आवश्यकतानुसार दैनिक भत्ता, इन्धन, खाजा, यातायात खर्च, संचार खर्च, सुराकी खर्च, सूचना खरिद, सुरक्षा निकायसँग समन्वय, सूचना प्रवाह र अन्य श्रोतबाट इन्टिलिजेन्स सूचना प्राप्ति, आवश्यक तालिम, गोष्ठी, अन्तरक्रिया, वन अपराध नियन्त्रणमा उत्कृष्ट सहयोग पुर्‍याउने संघ संस्था ब्यक्तिलाई पुरस्कार, वन अपराध नियन्त्रणका लागि प्रयोग हुने सरकारी सवारी मर्मत आदि कार्यमा खर्च गर्न सकिनेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ**

- ❖ कार्य आदेश तथा कार्य सम्पन्न प्रतिवेदन ।
- ❖ कार्यक्रम सम्पन्न गर्दा लागेको जम्मा खर्चको विवरण ।

**अपेक्षित उपलब्धि**

जिल्लामा वन अपराधका घटनाहरु नियन्त्रण भै वन तथा वन्यजन्तुको संरक्षण हुनेछ ।

**१५. वन डढेलो नियन्त्रण तथा रोकथाम (ख.शि.नं. २२५२२)**

सुख्खा तथा गर्मी समयमा वनजंगल क्षेत्रमा विभिन्न कारणवाट आगलागी एवं डढेलोवाट वनको नोक्सान हुँदै आएको छ । कतिपय अवस्थामा मानिसको नियन्त्रणभन्दा वाहिर गई ठुलो धन जनको क्षत्ति समेत हुने गरेको छ । तसर्थ वनको साथै अन्य मानवीय एवं भौतिक सम्पत्तिको समेत सुरक्षाको लागि वन डढेलोको रोकथाम तथा नियन्त्रण प्रभावकारी ढंगले गर्नुपर्ने आवश्यकता देखिएको छ । यसका लागि विनियोजन भएको रकम नियन्त्रित डढेलो लगाउने, अग्नि नियन्त्रण संजाल गठन तथा परिचालन, वन क्षेत्रमा भएको प्रज्वलनशिल सुख्खा पदार्थ व्यवस्थापन जोखिमयुक्त वनमा पानी पोखरी निर्माण आदि कार्यहरुमा खर्च गरीनेछ । अग्निरेखा निर्माण तथा सुधार कार्य, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (भत्ता, ईन्धन, खाजा, पानी आदि ) खर्च, प्राथमिक उपचार, दमकल परिचालन, वन डढेलो सम्बन्धी सूचना प्रसारण, अग्नि नियन्त्रण सम्बन्धीा सामाग्री, उपकरण खरिद तथा वितरण, अग्नि समन टोली (Fire fighting team) परिचालन कार्यका लागि पनि यसै शीर्षकवाट खर्च गर्न सकिन्छ । त्यसै गरी वन डढेलो न्यूनिकरणका लागि स्थलगत सहजिकरण, अभिमुखिकरण, अन्तरक्रिया, तथ्यांक संकलन लगायतका कार्यमा समेत खर्च गर्न सकिनेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ :-**

- सञ्चालन भएको कार्यक्रमहरुको सम्पन्न प्रतिवेदन, फोटो समेत
- लागत तथा खर्चको विवरण,
- वन डढेलो नियन्त्रणको प्रभावकारीता (बचाइएको अनुमानित वनको क्षेत्रफल) संलग्न व्यक्ति तथा संघसंस्था, क्षतिको विवरण, भविष्यमा अपनाउनुपर्ने रणनीती आदि

**अपेक्षित उपलब्धि**

- वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार भई कार्यान्वयन हुनेछ ।
- वन डढेलोबाट हुने क्षतीमा न्यून भएको हुनेछ ।

**१६. वन बीऊ वगैंचा (seed stand तथा seed orchard) संरक्षण तथा सुधार कार्यकम निरन्तरता (ख.शि.नं. २२५२२)**

विगतमा वन सम्वर्धन महाशाखा अन्तर्गत रहेका क्षेत्रीयस्तरका कार्यालय (TISC)हरुवाट नेपालका विभिन्न जिल्लामा seed stand तथा seed orchard स्थापना भएका थिए । नेपालमा मूख्य गरी वनजन्य रुख एवं वहुउपयोगी प्रजातिको गुणस्तरयुक्त बीऊ उत्पादन गर्न र त्यस्ता बीऊको श्रोतको संरक्षण गर्न स्थापना गरीएका seed stand तथा seed orchard को संरक्षण तथा सुधार कार्य जरुरी रहेको छ । तसर्थ यस शीर्षक अन्तर्गत विनियोजित रकम उक्त seed stand तथा seed orchard को संरक्षणका लागि हेरालु, तारवार, झाडी सुधार, अभिलेखिकरण, Name tagging जस्ता कार्यको साथ बीऊ बँगैचाको स्तरोन्नती गर्न गरीने कृयाकलापमा खर्च गरीने छ । यसको लागि जनशक्ति परिचालन गर्दा लाग्ने भत्ता, खाजा, यातायात खर्च, ज्याला, संचार तथा आवश्यक सामाग्रीमा समेत खर्च गर्न सकिने छ । वन बीऊ वगैंचा नभएको हकमा स्थानीय तथा रैथाने तथा वहुउपयोगी प्रजातिलाई प्राथमिकता दिई seed stand स्थापना, वन बीऊ वगैंचा स्थापनाका लागि पूर्वाधार तयारी, प्रजाती तथा माउ रुख छनौट, अभिलेखिकरण, बीऊ संकलन  जस्ता कार्य समेत गर्न सकिनेछ । उक्त प्रयोजनका लागि आवश्यक सवारी ईन्धन तथा फिल्डमा खटिने कर्मचारीहरुको दैनिक भ्रमण भत्ता समेतको खर्च यसै शीर्षकवाट ब्यहोरिने छ । पूराना स्थापित तथा नयाँ स्थापना हुने वन वीउ वगैंचा सामुदायिक वन भित्र पर्ने भएमा सम्बन्धित् सामुदायिक वन कार्ययोजनामा समावेश गरी डिभिजन वन अधिकृतबाट स्वीकृत लिनु पर्नेछ । यस किसिमका वीउ वगैंचा व्यवस्थापन कार्य सम्बन्धित् उपभोक्ता समूह मार्फत गराउनु पर्नेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ**

- सञ्चालन भएको कार्यक्रमहरुको फोटो समेत सम्पन्न प्रतिवेदन,
- लागत तथा खर्चको विवरण
- seed stand तथा seed orchard भएको स्थानको GIS नक्शा

**अपेक्षित उपलब्धि**

डिभिजन कार्यालय अन्तर्गत रहेका वन बीऊ वगैंचाको संरक्षण, सुधार एवं नयाँ बीऊ बँगैचा समेत स्थापना हुनेछन् ।  साथै भएका बीऊ वगैंचाको अभिलेखिकरण भएको हुनेछ ।

## १७. बाह्य मिचाहा प्रजातीको नियन्त्रण (ख.शि.नं. २२५२२)

जिल्लामा व्याप्त रुपमा रहेका मुख्य बाह्य मिचहा प्रजातीहरु (वनमारा, निलो गन्धे, गाजरेझार, जलकुम्भी, माइकेनिया, पार्थेनियम, लहरे झार आदि) र यसबाट बढि प्रभावित भएको क्षेत्रको पहिचान तथा नक्सांकन गर्न, यसको नियन्त्रणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ जस्तै मिचाहा प्रजातीबाट बढी प्रभावित भएको क्षेत्रको पहिचान, विश्लेषण, स्थानीय समुदायसंग अन्तरक्रिया कार्यक्रम, जनचेतनाका कार्यक्रम, प्रचार प्रसार सामाग्री प्रकाशन तथा वितरण, मिचहा प्रजाती हटाउने कुनै प्रविधि सम्बन्धी स्थलगत अभ्यास, औषधी तथा औजार खरिद, भन्सार कार्यालय, प्रहरी नाका, कृषि, पशु विकास कार्यालय, स्थानीय तह, कृषक आदिसँग अन्तरकृया, अनुसन्धान तथा यस्ता प्रजातीको बैकल्पिक प्रयोग आदि ।

**कार्यक्रम सम्पन्न भए पश्चात प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नु पर्नेछ ।**

- ❖ मुख्य मिचाहा प्रजातीको नाम
- ❖ कार्यक्रम सञ्चालन भएको क्षेत्रको नाम र ठेगाना
- ❖ नियन्त्रणका लागि अपनाईएको मुख्य विधि
- ❖ सञ्चालन गरीएका मुख्य कार्यक्रमहरुको विवरण

**अपेक्षित उपलब्धि**

सामुदायिक वन, निजी वन, कवुलियती वन लगायत सम्पूर्ण राष्ट्रिय वन क्षेत्रमा व्याप्त रहेका वाह्य मिचाहा प्रजातीहरुको नियन्त्रण गरी स्थानीय प्रजातीहरुको संरक्षण गर्न टेवा पुगेको हुनेछ ।

## १८. संकटापन्न तथा लोपन्मुख वन्यजन्तु संरक्षण कार्यक्रम (हिउँचितुवा, शालक, रेडपान्डा आदी) (ख.शि.नं. २२५२२)

सम्बन्धित कार्यालयले जिल्लाको जैविक विविधताको पकेट क्षेत्रमा पाईने सकंटापन्न र लोपोन्मुख अवस्थामा पुगेका वन्यजन्तु प्रजाति (हिउंचितुवा, शालक, रेडपान्डा आदी) को पहिचान गरी सो को संरक्षण (In-situ conservation) सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिने । यसको लागि प्रमुख लोपोन्मुख प्रजातिहरु छनौट गरी सो पकेट क्षेत्र नक्सांकन गर्ने, लोपोन्मुख प्रजातिका वन्यजन्तुहरु संरक्षणको लागि अध्ययन अनुसन्धान गर्ने संरक्षणका लागि आवश्यक कार्यहरु सम्बन्धित कार्यालय वा परामर्शदाताबाट गर्ने कार्यमा खर्च गर्न सकिने छ । साथै यस्ता प्रजातिहरुको संरक्षणका लागि समुदायस्तरमा संरक्षण समूह, समुदायमा आधारित चोरी शिकारी नियन्त्रण (CBAPO) ईकाइ मार्फत वासस्थान संरक्षण तथा चोरी शिकार रोकथाम सम्बन्धि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ । यस्ता लोपन्मुख वन्यजन्तुहरु सामुदायिक वनक्षेत्र भित्र पर्ने भएमा सम्बन्धित समुहहरुसँग सम्झौता गरी संरक्षणमा प्रतिस्पर्धा गराई संर क्षणको कार्य सम्पादनको आधारमा यस शीर्षकमा विनियोजित रकमबाट समेत भुक्तानी दिन सकिनेछ । यस कार्यक्रम अन्तर्गत जनचेतनमुलक तालिम,गोष्ठी, प्रचार प्रसार, केज निर्माण, वासस्थान सुधार, टुहुरा वन्यजन्तु उद्धार एवं व्यवस्थापन, पुरस्कार आदि आवश्यकता अनुसार विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ ।

- कार्यक्रम सम्पन्न भए पश्चात प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नु पर्नेछ ।
- ❖ संरक्षणमा भएको उपलब्धि (सूचक सहित) र कार्यक्मको प्रभावकारिता उल्लेख गर्नु पर्नेछ ।
- अपेक्षित उपलब्धि

❖ संकटापन्न तथा लोपोन्मुख अवस्थामा रहेका विभिन्न वन्यजन्तुहरुको संरक्षण टेवा पुग्नेछ।

**१९. सामुदायिक वन कार्ययोजना नवीकरण (ख.शि.नं. २२५२२)**

वन ऐन २०४९, वन नियमावली २०५१ तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पुरा गरेर सम्पन्न गर्ने। कार्ययोजना पुनरावलोकन कार्यको सहजीकरण सव डिभिजन वन कार्यालयका कर्मचारीबाट तथा स्वीकृतिको लागि सिफारिस गर्न काम कम्तीमा रेन्जर तहका वन प्राबिधिकबाट हुनु पर्नेछ। यसका लागि सामुदायिक वन श्रोत सर्भेक्षण मार्गदर्शन, २०६१ अनुसार वन श्रोत सर्भेक्षण गर्ने तथा GPS बाट सीमा सर्भेक्षण तथा Sample plot layout गरी सामुदायिक वनको बिस्तृत नक्सा समेत पेश गर्नु पर्नेछ। कार्य योजना नवीकरण गर्दा जैविक विविधता तथा वातावरणीय सेवा संरक्षण तथा विस्तार गर्ने कार्य र सम्बन्धित् समूहले भोग गरीराखेको वन क्षेत्र (विगतमा समावेश हुन छुट भएको भएमा मात्र) थप गर्ने कार्य समेत गर्नु पर्नेछ। यसमा प्रति समूह रु.१०,०००।- (रु. दश हजार मात्र) सम्म दरले खर्च गर्न सकिनेछ। सो उपलब्ध बजेटबाट वन श्रोत सर्भेक्षण, नक्शा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार र कार्ययोजना तयारीको लागि टाइपिङ, प्रिन्टिङ र बाईन्डिङमा खर्च गर्नुपर्नेछ। साथै कार्ययोजना नवीकरण कार्य सेवा प्रदायक मार्फत गर्नु परेमा रु. २५०००।- सम्म खर्च गर्न सकिनेछ।

**कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समाबेश गर्नुपर्नेछ।**

❖ नवीकरण गरीएको सामुदायिक वनको नाम र ठेगाना
❖ नवीकरण गरीएको सामुदायिक वनको क्षेत्रफल
❖ सामाजिक समूह अनुसारको लाभान्वित घरधुरी संख्या र जनसंख्या
❖ नविकरण गर्दा थपघट भएका मूख्य मूख्य बुँदाहरु

**अपेक्षित उपलब्धि**

❖ सामुदायिक वनको कार्ययोजना नवीकरण भई समूहद्वारा वनको शर्तत रुपमा ब्यवस्थापन भएका हुनेछ।
❖ सामुदायिक वनबाट काठ दाउरा उत्पादनमा वढोत्तरी भएको हुनेछ।

**२०. सामुदायिक वन विधान कार्ययोजना निर्माण (ख.शि.नं. २२५२२)**

वन ऐन २०४९, वन नियमावली २०५१ तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पुरा गरेर सम्पन्न गर्नु पर्नेछ। विधान तयारी, कार्ययोजना तयारी तथा पुनरावलोकन कार्यको सहजीकरण सव डिभिजन वन कार्यालयका कर्मचारीबाट तथा सिफारिस गर्ने काम कम्तीमा रेन्जर तहका वन प्राबिधिकबाट हुनुपर्नेछ। यसका लागि सामुदायिक वन श्रोत सर्भेक्षण मार्गदर्शन, २०६१ अनुसार वन श्रोत सर्भेक्षण गर्ने तथा GPS बाट सीमा सर्भेक्षण तथा Permanent sample plot layout (GPS point समेत राखी) गरी सामुदायिक वनको बिस्तृत नक्शा समेत पेश गर्नुपर्नेछ। यसमा उपलब्ध बजेटबाट वन श्रोत सर्भेक्षण, नक्शा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार र बिधान तथा कार्ययोजना तयारीको लागि टाईपिङ, प्रिन्टिङ र बाईन्डिङमा खर्च गर्नु पर्नेछ।

- कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ।
  ❖ हस्तान्तरण गरीएको क्षेत्रफल हस्तान्तरित सामुदायिक वनको नाम र ठेगाना
  ❖ समूह अनुसारको लाभान्वित घरधुरी संख्या र जनसंख्या
  ❖ कार्य समितिको स्वरुप (संख्या तथा समावेशी प्रतिनिधित्व)

**अपेक्षित उपलब्धि**

- ❖ यो कार्यक्रम सञ्चालनवाट सामुदायिक वन उपभोक्ता समूहको विधान र कार्ययोजना निर्माणमा सहयोग भई वनको स्थानीय समूहद्वारा दिगो ब्यवस्थापन भएको हुनेछ ।
- ❖ थप राष्ट्रिय वन क्षेत्र समुदायबाट व्यवस्थित भएको हुनेछ ।

**२१. पकेट क्षेत्रमा जडिबुटी खेती विकास तथा प्रवर्द्धन (ख.शि.नं. २२५२२)**

जिल्ला भित्र पाईने प्राथमिकता प्राप्त जडिबुटीहरुको पकेट क्षेत्र पहिचान गरी सो क्षेत्र वरपर रहेका सामुदायिक वन, राष्ट्रिय वन तथा नीजि वनबाट आयआर्जन तथा रोजगारी बढाउन तथा समूहमा रहेका सदस्यहरुको गरीबी न्यूनीकरणमा योगदान पुऱ्याउने अभिप्रायले यो क्रियाकलाप सञ्चालन गर्न लागिएको हो । यसका लागि नियमानुसार उपभोक्ता समूह, ब्यक्ति, संघ संस्था संग सम्झौता गरी जडिबुटीको खती विस्तार, विकास र प्रवर्धन सम्बन्धी विविध कार्यहरु सञ्चालन गर्नका लागि पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालय र पकेट क्षेत्रका वडा कार्यालयहरुमा कम्तिमा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्ने । इच्छुक उद्यमी, सामुदायिक तथा कवुलियती वन समूह वा किसानले प्रकाशित सूचना वमोजिम प्रस्ताव प्राप्त गर्ने । व्यावसायिकता उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुंच, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्किएका युवा र अनुभव लगायतका विषयलाई ध्यान दिई यस्ता मापदण्डका आधार मा उत्कृष्ट प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालयले खेती विस्तारका लागि सम्झौता गर्ने । कार्य सञ्चालन गर्न प्रथम किस्ता स्वरुप ७५ प्रतिशत र अन्तिम प्रतिवेदन प्राप्त भएपश्चात वांकि २५ प्रतिशत रकम भुक्तानी गर्ने । यस कार्यक्रममा क्षमता अभिवृद्धि, जडिबुटी विरुवा खरिद तथा उत्पादन, रोपण कार्य, उद्यम स्थापना तथा बजारीकरण, अनुगमन लगायतका कार्यक्रम सञ्चालन सकिनेछ । जडिबुटी रोपण गरीएको क्षेत्रमा तल उल्लेखित विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ ।

**कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ ।**

- ❖ क्रियाकलाप सञ्चालन भएको क्षेत्र वा समूहको नाम, ठेगाना
- ❖ जग्गाको कित्ता नं., फिल्डबुक, नक्सा, क्षेत्रफल, GPS Waypoints
- ❖ लाभान्वित घरधुरी, लागत
- ❖ खेती विस्तार गरीएको जडिबुटीको प्रजाती र संख्या
- ❖ कार्यस्थलको फोटो र वित्तीय प्रगति
- ❖ कार्यक्रम सञ्चालन गर्दा देखापरेका समस्याहरु

**छनौटका आधारहरु**

समूह, संस्था वा व्यक्तिको सक्रियता, विगतको अनुभव, महिला सहभागिता, विवाद रहित वातावरण, माग र औचित्य जस्ता वुँदाहरुको आधारमा निश्चित कार्यसूची विवरण (TOR) वनाई छनौट गरीने छ ।

**अपेक्षित उपलब्धि**

- ❖ जडिवुटीको विकास र विस्तार भई आय आर्जनमा टेवा पुग्ने छ ।
- ❖ स्थानीय क्षेत्रमा रोजगारीको सृजना हुने ।
- ❖ खेर गएको जग्गाको सदुपयोग हुने ।

**२२. सामुदायिक तथा नीजि नर्सरीलाई शोभनिय वनस्पति उत्पादन कार्यक्रम ( ख.शि.न.२२५२२)**

शहर बजार, सडक किनार क्षेत्रलाई सुन्दर हरियाली क्षेत्रको रुपमा विस्तार गर्ने उद्देश्यले स्थानीय वन उपभोक्ता समूह वा निजी नर्सरी संचालकलाई शोभनिय बिरुवा उत्पादन गर्न यस कार्यक्रमवाट अनुदान

उपलब्ध गराइनेछ । बिरुवा उत्पादन गर्नु भन्दा पहिला नै डिभिजन वन कार्यालयबाट इच्छुक समूह वा निजी नर्सरी संचालकहरुसंग प्रस्ताव आव्हान गर्ने, इच्छुक समूह वा निजी नर्सरी संचालक छनौट गर्ने र सम्बन्धित स्थानीय समूह वा व्यक्तिसँग सम्भौता गरीनेछ । सम्भौता अनुसार दुई किस्तामा बस्तुगत वा नगद भुक्तानी गर्न सकिनेछ । यसरी उत्पादित विरुवा सम्बन्धित् उत्पादनकर्ताले स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्नेछन् ।

- कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।
    - ❖ बिरुवा उत्पादन गर्ने समूह, व्यक्ति, संघ संस्थाको नाम र ठेगाना
    - ❖ उत्पादित बिरुवाहरुको जात र संख्या
    - ❖ विक्री वितरणको लगत

**छनौटका आधारहरु**

समूह, संस्था वा व्यक्तिको सक्रियता, विगतको अनुभव, महिला सहभागिता, विवाद रहित वातावरण, माग र औचित्य जस्ता वुँदाहरुको आधारमा निश्चित कार्यसूची विवरण (TOR) वनाई समूह छनौट गरीने छ ।

**अपेक्षित उपलब्धि**

- ❖ स्थानीय रुपमा उत्पादित गुणस्तरिय शोभनिय विरुवा उत्पादन भई सर्वसुलभ रुपमा उपलब्ध हुनेछ । साथै गांउ शहरका खाली जग्गामा वृक्षारोपण भई हरियाली प्रवर्द्धनमा समेत टेवा पुग्नेछ ।
- ❖ निजी नर्सरी संचालक तथा समूहलाई थप आम्दानी तथा रोजगारीको सृजना भएको हुनेछ ।

**२३. सामुदायिक वनमा पर्यापर्यटन विकास सहयोग कार्यक्रम (ख.शि.न.२२५२२)**

सूचना मार्फत प्रस्ताव आव्हान गरी जिल्ला भित्र पर्यापर्यटनका विकास लागि सम्भावना भएका सामुदायिक वनहरुको पहिचान गर्नु पर्नेछ । पर्यापर्यटनमा आवश्यकता अनुसार शहरी वन प्रवर्द्धन तथा उद्यान पार्क निर्माण अनुसारका क्रियाकलाप गर्न, सामुदायिक वन उपभोक्ता समूहका गरीव, विपन्न तथा महिलाहरुको जीविकोपार्जनमा टेवा पुर्‍याउने हेतुले स्थानीय रुपमा होमस्टेको विकास समेत गर्न र उक्त कार्यको लागि तालिम सञ्चालन गर्न सकिनेछ । यो कार्यक्रम सञ्चालन गर्दा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन निर्देशिका, २०७५ अनुसार गर्नु पर्नेछ ।

- कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न वुंदाहरु समावेश गर्नुपर्नेछ ।
    - ❖ सम्भौता गरेको स्थानीय वन उपभोक्ता समूहको नाम र ठेगाना
    - ❖ सम्भौतामा उल्लेख भए बमोजिमका कार्यहरुको प्रगति विवरण
    - ❖ प्राप्त रोजगारी र आय आर्जन

**छनौटका आधारहरु**

समूह वा संस्थाको सक्रियता, विगतको अनुभव, महिला सहभागिता, विवाद रहित वातावरण, माग र औचित्य जस्ता वुँदाहरुको आधारमा निश्चित कार्यसूची विवरण (TOR) वनाई छनौट गरीने छ ।

**अपेक्षित उपलब्धि**

- ❖ अव्यवस्थित रुपमा सञ्चालन भै रहेका पर्यापर्यटन गतिविधि व्यवस्थित हुनेछन् । ।
- ❖ सामुदायिक वनबाट पर्यापर्यटनमा उल्लेख्य योगदान पुगेको हुनेछ ।
- ❖ सामुदायिक वनको आय वृद्धि हुनेछ ।

**२४. सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन (कार्ययोजना तयारी तथा कार्यान्वयन) (ख.शि.न.२२५२२)**

सामुदायिक वनको वैज्ञानिक ब्यवस्थापनको कार्ययोजना निर्माण/पुनरावलोकन गर्न वा निर्माण भएका कार्ययोजना कार्यान्वयनमा यो शीर्षकको रकम खर्च गर्न सकिनेछ। यस अन्तर्गतको विनियोजित बजेटको वढिमा रु. चार लाख वैज्ञानिक वन व्यवस्थापन कार्य योजना तयारीमा खर्च गर्न सकिनेछ। कार्य योजना कार्यान्वयनको लागि आवश्यक आधुनिक औजार, उपकरण, कार्यस्थलमा प्रयोग गरीने सुरक्षा सामाग्रीहरु खरीद र व्यवस्थापन कार्यमा खटिने श्रमिक तथा कर्मचारीहरु परिचालन लगायतको कार्यमा थप बढीमा रु.चार लाखसम्म खर्च गर्न सकिनेछ। यस शीर्षकको रकम विशेषतः वैज्ञानिक वन व्यवस्थापन कार्यमा सम्बन्धित् उपभोक्ता समूहले समेत प्राथमिकताको साथ लगानी गर्नु पर्ने हुदाँ कोषको अवस्था कमजोर भएका समूहलाई अनुदान उपलब्ध गराउन प्राथमिकता दिनु पर्नेछ। कार्यान्वयन निर्देशिका वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत वन तथा भू-संरक्षण विभागको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ अनुसार समेत गर्न सकिनेछ।

**क. सामुदायिक वन क्षेत्र छनौट**

वुढा रुखहरु धेरै भएको, घना वन, सामान्यतया १०० हे. वा सो भन्दा बढी क्षेत्रफलमा पुनरुत्पादनको सूनिश्चित हुने गरी, वन सम्वर्धन प्रणालीमा आधारित रहेर सामुदायिक वन तथा संरक्षित वन क्षेत्रको कुनै भाग समेत वैज्ञानिक वन ब्यवस्थापनको लागि छनौट गर्न सकिन्छ। आवश्यकता अनुसार एक भन्दा वढी सामुदायिक वनहरु समेत समेटी, लाभ वितरणको न्यायोचित ब्यवस्था गरी एउटै व्लकमा पनि वन ब्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सकिन्छ। यसको लागि डिभिजनल वन अधिकृतले समन्वयकारी भूमिका खेलि समावेस हुने सामुदायिक वन उपभोक्ता समूहहरुको (साधारण सभाबाट सहमति लिएर वन कार्ययोजना परिमार्जन गर्नु पर्नेछ। उत्पादनमूलक व्यवस्थापन गर्ने र व्यवस्थापनका गतिविधिहरु संघन हुने भएकोले वातावरणिय वा भू-क्षयको दृष्टिकोणले संवेदनशील क्षेत्र छनौट गर्नु हुंदैन। तर ठूलो व्लकहरुमा मात्र नभएर अन्य प्रकृतिको स-सानो प्रदर्शनमुखी कार्यक्रमहरु पनि सामुदायिक वनमा वैज्ञानिक वन ब्यवस्थापनको लागि स्वीकृत गरीएको हुदा कुनै क्षेत्रको लागि विशेष स्थान क्षेत्रको प्रकृति तथा विशेषता अनुसार क्षेत्र एकिन गर्नु पर्दछ। यस्तो क्षेत्र पहिचानको कार्य डिभिजन वन कार्यालयले एक प्राविधिक समिति बनाएर आवश्यक परेमा स्थानीय सरोकारवालाहरुको समेत सल्लाह सुझावमा निर्णय गर्नु पर्दछ।

**ख. सामुदायिक वन ब्यवस्थापन कार्य योजना तयारी (परिमार्जन), स्वीकृति तथा कार्यान्वयन**

(१) सामुदायिक वन भित्र वैज्ञानिक वन व्यवस्थापनका लागि समावेस कियाकलापहरु सञ्चालन गर्नको लागि सर्बप्रथम वन कर्मचारीहरुलाई प्रशिक्षण दिने, छनौटमा परेका सामुदायिक वनका सक्रिय पदाधिकारीहरु, उपभोक्ताहरुलाई समावेस गरी सम्बन्धित् वन क्षेत्रमै तालिम दिने गर्नु पर्नेछ। यस्तो तालिम वैज्ञानिक वन व्यवस्थापन लागु भैसकेका वन क्षेत्रमा नै लगेर पनि सञ्चालन गर्न सकिनेछ। यस्तो अनुशिक्षण, तालिम तथा योजना तयारीमा निम्न बमोजिम विषयहरु समावेस गर्नु पर्नेछ

❖ वन ब्यवस्थापनको औचित्य।

❖ वन ब्यवस्थापनको तरिकाहरु खण्ड विभाजन, सहभागितात्मक वन स्रोत सर्वेक्षण, वन

❖ सर्वेक्षणको नतिजाहरुबाट सिकाई, वनको उत्पादन वृद्धि गर्ने तरिकाहरुको सिफारिस गर्ने तरिकाहरु, वन संवर्धन पद्धतिको विवरण।

❖ वन ब्यवस्थापनबाट प्राप्त हुने वन पैदावारको वितरण तरिका तथा लाभको बाँडफाँड।

❖ आर्थिक ब्यवस्थापन आदि।

(२) सामुदायिक वनहरुको कार्य योजना तयारी कार्यमा प्राविधिक सहायता डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ। तर डिभिजन वन कार्यालयको जनशक्तिले नभ्याउने भएको अवस्था तथा उपयुक्त प्राविधिक क्षमता नभएको अवस्थामा वाह्य स्रोत तथा परामर्श सेवाबाट समेत कार्य योजनाहरु तयार गर्न सकिनेछ।

(३) वन व्यवस्थापन योजना कार्यान्वयनको लागि प्राप्त रकम वन पैदावारहरु कटान, मुछान, ढुवानी तथा संकलन एवं वनको संरक्षणको लागि जन सहभागिता परिचालन हुन नसक्ने क्रियाकलापहरुमा खर्च गर्नु पर्नेछ। वन व्यवस्थापन गर्दा कायम गरीएको चक्र मध्ये एक चक्रको लागि दिएको सहयोग घुम्ती कोषको रुपमा परिचालन गर्ने गरी सम्बन्धित उपभोक्ता समूहको वन कार्ययोजनामा समावेस गर्ने। यस्तो सहयोग दिइ सकिएको समूहहरुलाइ पुनः कार्यान्वयन सहयोग उपलब्ध नगराउने।

(४) वन व्यवस्थापनको लागि आवश्यक पर्ने वन संवर्धनको लागि उपयोगी सामग्रि औजारहरु खरिद गर्दा सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली, २०६४ वा सकभर नेपाली सेवा प्रदायक वा विक्रि कर्ताबाट खरिद गर्ने। यस्तो खरिद गर्ने सामग्रिहरु नेपाल गुणस्तर चिन्ह प्राप्त वा ISO प्रमाण पत्र प्राप्त कम्पनि वा संस्थाहरुबाट खरिद गर्नु पर्नेछ। यस्तो औजारहरुको सूची तयार गर्ने र सो सूचीहरुको लिष्ट सामुदायिक वन उपभोक्ता समुहको वन कार्ययोजना तथा कार्यालयमा पनि राख्न लगाउने।

**ग. अनुगमन तथा प्रगति प्रतिवेदन**

सामुदायिक वनहरुको वैज्ञानिक वन व्यवस्थापनको प्रत्यक्ष अनुगमनको कार्य डिभिजनल वन अधिकृतले सम्बन्धित सब डिभिजन वन कार्यालयका अधिकृतस्तरको कर्मचारीलाई तोक्ने तथा डिभिजनल वन अधिकृत स्वयम्ले कम्तिमा दुई महिनाको एक पटक स्थलगत अनुगमन गरी निर्देशनालय नियमित पठाउने प्रगतिमा समावेस गर्ने। सो प्रतिवेदनमा भएका कृयाकलापहरु तथा उपलब्धिहरु (संरक्षण तथा व्यवस्थापन भएको वनको क्षेत्रफल, उत्पादन परिमाण, भएका सुधारहरु, सृजित रोजगारी, आय आदि) उल्लेख गर्नु पर्नेछ। यस्तो अनुगमन कार्यमा स्थानीय सरोकारवालाहरुको सहभागिता परिचालन गर्ने।

**घ. लागत अनुमान तथा खर्च गर्ने तरिका**

वैज्ञानिक वन व्यवस्थापन लगायत यससंग सम्बन्धित शीर्षकको सबै क्रियाकलापहरु वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको नर्मस अनुसार सञ्चालन गर्नु पर्दछ। सो नर्मसमा उल्लेख नभएको क्रियाकलापहरु जस्तै काठको ढुवानी, सवारी साधनको भाडा दर, खनजोत लगायत अन्य कार्यको लागि भाडामा लिने वुल्डोजर आदिको भाडा दर, स्थानीय ज्यामीको ज्याला दर आदि जिल्लाको स्वीकृत दर रेट अनुसार सञ्चालन गनु पर्नेछ। नेपाल सरकार र जिल्ला दररेटमा समेत नभएका कार्यहरु सम्पन्न गर्नु परेमा तत्काल उपभोक्ता समितिको वैठकबाट निर्णय गराई खर्च गर्ने र जिल्ला दररेटमा समावेश गर्न डिभिजन वन कार्यालयमा पठाउनु पर्दछ। सामुदायिक वन उपभोक्ता समूह लगायत सबैले प्रत्येक महिनामा भएको काम तथा खर्चको विवरण सार्वजनिक गर्ने र कार्यक्रम सम्पन्न गरीसके पछि सार्वजनिक लेखा परीक्षणको पद्धति अवलम्बन गर्ने।

**जनशक्ति व्यवस्थापन**

❖ डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, सामुदायिक वन उपभोक्ता समूह/समिति, स्थानीय तह लगायत अन्य सरोकारवालाहरुसंगको समन्वय र सहजिकरणमा गरीने। यो कार्य सेवा खरीद गरी पनि सञ्चालन गर्न सकिनेछ।

- अपेक्षित उपलब्धि

❖ सामुदायिक वनहरुमा वैज्ञानिक वन व्यवस्थापन भई गुणस्तरीय काठदाउराको उत्पादन

तथा स्थानीय रोजगारीको सृजना गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्ने ।

- ❖ सामुदायिक वन उपभोक्ता समूहको आम्दानी वढोत्तरी भै वनको अवस्थामा गुणात्मक सुधार भएको हुनेछ।

**२५. प्रदेशस्तरमा जलवायू परिवर्तन अनुकुलन कार्य योजना निर्माण (ख.शि.नं. २२५२२)**

प्रदेश स्तरमा जलवायू परिवर्तनको कारणबाट वन तथा वातावरण क्षेत्रमा परेको प्रभावलाई सामना गरी अनुकुलित हुन प्रदेश अन्तर्गत हालसम्म तयार भएका अनुकुलन योजनाहरुलाई समेत मध्यनजर गरी गण्डकी प्रदेश स्तरीय अनुकुलन योजना तयार पार्न यस कार्यक्रममा रकम विनियोजन गरीएको छ । यस क्रियाकलाप अन्तर्गत निम्न कुराहरु समावेश गर्नु पर्नेछ ।

- ❖ कार्य विवरण सूची तयार गरी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराउने ।
- ❖ प्रचलित आर्थिक प्रशासन निर्देशिका र सार्वजनिक खरीद ऐन नियमको प्रक्रिया पूरा गरी सेवा प्रदायक संस्थाको छनौट गरी कायर्य पूरा गरीने छ ।
- ❖ यस शीर्षकमा विनियोजन भएको रकमबाट कार्यक्रम सञ्चालन एवं व्यवस्थापनमा लाग्ने खर्च लागत अनुमानमा समावेश गरीनेछ ।

**अपेक्षित उपलब्धि**

- ❖ प्रदेशस्तरीय जलवायू परिवर्तन अनुकुलन योजना मार्फत जलवायू परिवर्तनसंग सम्बन्धित् सबै कार्यक्रमहरु प्रदेश कार्यक्रममा मूल प्रवाहिकरण भएको हुनेछ ।

**२६. वन्यजन्तु उद्दार केन्द्र स्थापना (ख.शि.नं. २२५२२)**

गण्डकी प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरुमा असहाय घाइते, वस्तीमा पसी समातिएका तथा मुद्दाको सिलसिलामा प्राप्त हुने वन्यजन्तुहरुको यथासमयमा उद्दार गर्ने उद्देश्य राखी विगत वर्षहरुमा कास्की जिल्ला स्थित पचभैया सामुदायिक वन क्षेत्रमा स्थानीय समूहले वन्यजन्तु उद्दार केन्द्र सञ्चालन गरीरहेको अवस्था छ । यसको निरन्तरता र क्षमता विस्तारको लागि सम्बन्धित् समूहले प्रतिवद्धता समेत जनाउदै आएको र यो कार्य आवश्यक समेत भएको हुदाँ यस शीर्षकमा विनियोजित रकमबाट उल्लेखित समूहले सञ्चालन गर्दै आएको उद्दार केन्द्रमा आवश्यक पूर्वाधारका संरचनाहरु निर्माण, विस्तार र व्यवस्थापन लगायतको क्रियाकलापहरु सञ्चालन गरीने छ । विनियोजित रकम उद्दार केन्द्रमा विविध संरचनाहरु निर्माण गर्न तथा उद्दार केन्द्र व्यवस्थापन गर्न चाहिने लागत अनुमान र पचभैया सामुदायिक वनमा स्थानीय समूहको संजाल मार्फत उक्त कार्य गर्न प्रदेश मन्त्रालयबाट स्वीकृती लिई सञ्चालन गरीने छ । नेपाल सरकार वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत सामुदायिक वनमा पर्यापर्यटन विकास निर्देशिका समेत सम्बन्धित् समूहले परिपालना गरेको हुनु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

- ❖ पचभैया सामुदायिक वन उपभोक्ता समूहका इच्छुक युवाहरुलाई सदर चिडियाखानामा On the job training मा पठाउन समन्वय गरीने छ र उनीहरुद्वारा नै उद्दार केन्द्र व्यवस्थापन गरीने छ ।
- ❖ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग र सदर चिडियाखानाबाट आवश्यक प्राविधिक सहयोग लिइने ।
- ❖ डिभिजन वन कार्यालयबाट सामान्य रेखदेख, सहजीकरण र अनुगमन हुने ।

**अपेक्षित उपलब्धि**

- ❖ असहाय वन्यजन्तुको उद्दार भएको हुने ।
- ❖ संरक्षण सूचना प्रणाली मार्फत जनचेतना जागरण भएको हुने ।
- ❖ पर्यटनमा उल्लेख्य टेवा पुगी थप युवा रोजगार हुने ।

**२७. महत्वपूर्ण रैथाने वनस्पती र वन्यजन्तुको सर्वेक्षण तथा अभिलेखीकरण**

प्रदेश क्षेत्रभित्र महत्वपूर्ण मानिएका रैथाने वनस्पती र वन्यजन्तुको पहिचान गरी तिनीहरुको अभिलेखीकरण समेत गर्ने उद्देश्य राखी यस कार्यक्रममा रकम विनियोजन गरीएको हो । यस शीर्षकमा विनियोजन भएको रकमबाट कार्यक्रम सञ्चालन एवं व्यवस्थापनमा लाग्ने खर्च लागत अनुमानमा समावे श गरीनेछ ।

**यस कार्यक्रम सम्पन्न गर्न निम्न कुराहरु पूरा गरीने छ ।**

- ❖ कार्य विवरण सूची तयार गरी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराउने ।
- ❖ प्रचलित आर्थिक प्रशासन निर्देशिका र सार्वजनिक खरीद ऐन नियमको प्रक्रिया पूरा गरी सेवा प्रदायक संस्थाको छनौट गरी कार्य पूरा गरीने छ ।

**अपेक्षित उपलब्धि**

- ❖ महत्वपूर्ण रैथाने वनस्पती तथा वन्यजन्तुको नेपाली नाम, वैज्ञानिक नाम, स्थानीय नाम, सम्भव भएसम्म फोटो र उपयोगिता सहितको तथ्यांकीय जानकारी पुस्तिका प्रकाशन भएको हुने तथा ती प्रजातीहरुको संरक्षणका विधि र कार्यहरु वारे जानकारी हुनेछ ।

## खण्ड २
## भू-तथा जलाधार संरक्षण कार्यक्रम कार्यान्वयन निर्देशिका

प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, अन्तर्गतको वन निर्देशनालय अन्तर्गत रहेको जलाधार व्यवस्थापन तथा समन्वय शाखासँग सम्बन्धित् रही भू तथा जलाधार व्यवस्थापनमा कार्य गर्नको लागि तनहुँ र पर्वत गरी जम्मा २ वटा कार्यालयहरु स्थापना गरीएको छ । भू–उत्पादकत्व संरक्षणको साथ साथै वातावरण र जलवायु परिवर्तनका असरहरु न्युनीकरण गर्न विभिन्न कार्यक्रमहरु व्यवस्था गरीएको छ ।

**१) कुवा पोखरी संरक्षण (खर्च शीर्षक नं. २२५२२)**

प्राथमिकता प्राप्त जलाधार क्षेत्रमा प्राकृतिक रुपमा रहेका महत्वपूर्ण, उपयोगी, ऐतिहासिक र लोपोन्मुख हुन लागेका पानीका श्रोत तथा पोखरीको पहिचान र बस्तुस्थितिको विश्लेषण गरी प्राथमिकताका आधारमा स्थानीय तहसँग समेत आवश्यक सहकार्य गरी पानीका श्रोतहरुको जलाधार क्षेत्रलाई (Catchment Area) दिगो रुपमा संरक्षण तथा व्यवस्थापन गरीनेछ । यस अन्तर्गत तालतलैया, सिमसार, पानी कुवा, पोखरी, जलभरण संरचना, रन अफ हार्भेस्टिङ ड्याम, पानी मूहान संरक्षण, जलाधार क्षेत्र पुनरुत्थान क्रियाकलाप (Catchment Restoration Work) र पानीको बहुआयामिक प्रयोग जस्ता क्रियाकलापहरु गर्न सकिने छ ।

**उद्देश्य**

- स्थानीय स्तरमा बढदो पानीको मागलाई परिपूर्ती गर्ने ।
- पानी श्रोतको पुनभरण गराई दिगो प्रयोगमा वृदि गर्ने ।

- पानीको घरायसी प्रयोजनमा वृद्धि गर्ने ।
- जलाधार क्षेत्रमा जलभरण पोखरी, ट्रेन्चिङ्ग तथा संरक्षण वृक्षारोपण जस्ता कृयाकलाप मार्फत जलभरण क्षमता बढाई सुख्खायाममा पानीको उपलब्धता वढाउने ।

**कार्यान्वयन प्रक्रिया**

- कार्य इकाई भित्र भू–क्षय नियन्त्रणका वानस्पतीक तथा सिभिल (Engineering Structure) संरचनात्मक प्रविधिहरु एकिकृत प्याकेजको रुपमा प्रयोग गर्नुपर्ने छ ।
- घरायसी प्रयोजनलाई पहिलो प्राथमिकतामा राखी मात्र सिंचाई तथा अन्य प्रयोजनको लागि कुवा तथा पोखरीहरु संरक्षण गर्नु पर्ने छ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढि भन्दा बढी जनसहभागिता सुनिश्चत गर्नु पर्ने छ ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संन्चालन गर्नु पर्दछ ।
- कुवा तथा पोखरी संरक्षण गर्दा जलाधार पुनरुत्थान (Catchment Restorstion) कार्य र सिभिल संरचना (Civil Engineering Structure) हरुको क्रियाकलाप छुट्टाछुट्टै प्याकेज बनाई वा एउट्टै प्याकेजमा लागत अनुमान गरी गर्न सकिने छ ।
- यदि कुवा तथा पोखरी संरक्षण कार्य संन्चालन गर्दा कुवाको हकमा खानेपानी प्रयोजनको लागि कम्तिमा १५ घरधुरी लाभान्वीत हुने र पोखरीको हकमा सिंचाई प्रयोजनको लागि २ हेक्टर सम्म सिंचीत क्षेत्र भएमा कार्यक्षेत्र भित्र वितरण प्रणालीको व्यवस्था गर्नु पर्ने छ ।
- स्थल छनौट (जि.पि.एस. स्थलगत विन्दु निर्धारण)
- बस्तुस्थितिको विश्लेषण : संभाव्यता अध्ययन तथा सरोकारवालाहरुसंगको अन्तरक्रिया
- सर्भे, डिजाईन स्थलगत नक्सा (फाराम १), संरचनागत नक्सा (फाराम २) तथा लागत अनुमान तयारी (लागत अनुमान तयार गर्दा अनुसूचीमा रहेको फारमहरु EST-1, EST-2, EST-3, EST-4, EST-छ प्रयोग गर्ने ) ।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली तयार गर्ने ।
- कार्यान्वयन चरण : उपभोक्ता समिति गठन, सम्झौता (फाराम ३), कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन, सम्पन्न प्रतिवेदन तथा सार्वजनिकीकरण
- नापीकिताव (फाराम ४) जांचपास, भुक्तानी विल (फाराम ५), कार्यसम्पन्न प्रतिवेदन (फाराम ६)
- स्थानीय समुदायलाई हस्तान्तरण

- अनुगमन प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन (फाराम ७)
- अनुगमन

**अपेक्षित उपलब्धि**

महत्वपूर्ण र लोपोन्मुख हुन लागेका पानीका श्रोतहरुको पहिचान हुनेछ। घरायसी र कृषि तथा पशुपालन व्यवसायको लागि पानीको सहज उपलब्धता हुनेछ। जमिनमा चिस्यानको मात्रामा वृद्धि भै हरियालीमा प्रवर्धनमा टेवा पुग्नेछ।

**२) विद्युतीय आयोजनाहरुको जलाधार क्षेत्र (Hydro-catchment) संरक्षण कार्यक्रम (ख.शि.नं.२२५२२)**

नेपालमा उर्जा क्षेत्रको एक महत्वपूर्ण श्रोतको रुपमा जल विद्युतलाई मानिन्छ। यस क्षेत्रको विकासका लागि अन्य सरोकारवाला निकायहरुको भूमिका महत्वपूर्ण हुँदा हुँदै पनि जलाशय क्षेत्रको जलाधार व्यवस्थापनमा भू तथा जलाधार व्यवस्थापनको भूमिका महत्वपूर्णका साथै प्रमुख हिस्साको रुपमा हेरिएको छ। यसले मूलभूत रुपमा जलाशयको जलाधार क्षेत्रमा हुने वातावरणीय असरहरु जस्तै भू-स्खलन (गल्छी पहिरो), असंतुलित मानविय क्रियाकलापहरु (भू–उपयोग, कृषि प्रणाली) लाई व्यवस्थित र संतुलित गर्दै जलविद्युतको लागि पानीको मात्रा र गुणस्तरमा अभिवृद्धि गर्नुका साथै जलाशय क्षेत्रको थिग्रिकरण समस्यालाई न्यूनीकरण गर्ने अपेक्षा राखिएको छ। यस कार्यक्रमले एकीकृत जलाधार व्यवस्थापनका मूलभूत सिद्धान्तलाई आत्मसाथ गर्दै उर्जा क्षेत्रको व्यवस्थापनलाई टेवा पुऱ्याउने छ। गण्डकी प्रदेशमा आ.व. २०७५/७६ मा भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत नमुनाको रुपमा कार्यसञ्चालन गरीनेछ। कार्यसञ्चालन गर्दा जिल्ला समन्वय समिति र स्थानीय तहहरुसंग समन्वय गरी प्राथमिकता प्राप्त विधुतीय आयोजनाहरुको जलाधार क्षेत्र पहिचान गरी उल्लेखित क्षेत्रहरुमा सालवसाली रुपमा कार्यक्रम सञ्चालन गरीनेछ।

**कार्यक्रमको लक्ष्य र उद्देश्य**

**क) लक्ष्य**

यस प्रदेशमा रहेका महत्वपूर्ण विद्युतीय जलाशयको जलाधार क्षेत्रको प्राकृतिक स्रोतहरुको उचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरी भू–क्षय, बाढी, पहिरोजन्य प्रकोपबाट जलविद्युत आयोजनाहरुको बाताबरणीय संरक्षणमा सहयोग पुर्याउने

**ख) उद्देश्यहरु**

१) जलाधार क्षेत्रमा हुने भू–क्षय, बाढी, पहिरोजन्य प्रकोप र त्यसबाट जलविद्युतको जलाशयमा हुन सक्ने गेग्रान वहाव एवं जलविद्युत गृहहरुमा पर्ने असर न्यूनीकरण गर्ने

२) जलाधार क्षेत्रमा रहेका पानीका स्रोतहरु र नदीखोलाको जल वहावमा स्वच्छता अभिवृद्धिमा टेवा पुऱ्याउने

३) जलाधार क्षेत्रका खतीयोग्य जमिन, गाँउबस्ती, विकासका पूर्वाधारमा हुन सक्ने भू–क्षय, बाढी, पहिरा लाई न्यूनीकरण गर्दै हरीयाली बढाउने तथा भूगोल र वातावरण मैत्री विकासमा जोड दिदै उत्पादकत्व वृद्धिमा सघाउ पुर्‍याउने।

४) जलाधार क्षेत्रमा एकिकृत संरक्षण तथा विकास कार्यक्रमको माध्यमबाट स्थानीय जनताको आयवृद्धिमा टेवा पुऱ्याउने।

५) जलवायु परिवर्तनका असर तथा प्राकृतिक प्रकोप न्यूनीकरणमा टेवा पुर्‍याउने।

६) विकासमा स्थानीय सरोकारवालाहरु बिच समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गर्ने।

**सम्भावित क्रियाकलापहरु**

१) जलाधार क्षेत्र पहिचान, तथ्यांक संकलन तथा जलाधार संरक्षण कार्ययोजना तयारी

२) गेग्रान छेकबाँध  संरचना निर्माण (Sediment loads Trap Structure)

३) पहिरो तथा गल्छी उपचार
४) ग्रामिण सडक संगै भू संरक्षण तथा हरियाली प्रवर्द्धन
५) मुलाधार पहिचान तथा संरक्षण प्याकेज कार्यक्रम
६) भलपानी व्यवस्थापन तथा जलाधार संरक्षण पोखरी निर्माण
७) किसानको खेतवारीमा भू संरक्षण
८) सहभागितामुलक वन तथा चरण व्यवस्थापन
९) कम खर्चिलो तथा वायो इन्जिनियरीङ्ग प्रविधिको प्रवर्द्धन
१०) संरक्षणमा स्थानीय सरोकारवालाहरु वीच समन्वय तथा साझेदारी

**कार्यक्रम सञ्चालन तथा व्यवस्थापन**

यो कार्यक्रम प्रदेश वन निर्देशनालय र सम्बन्धित् भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा अन्य सरोकारवाला निकायहरुको संयुक्त प्रयासबाट सञ्चालन गरीने छ । प्रारम्भीक अध्ययन, अनुसन्धान तथा प्राविधिक परामर्शको लागि प्रदेश वन निर्देशनालयले तोकीएको शाखा जिम्मेबार हुनेछ । स्थलगत रुपमा अध्ययनमा सहजीकरण क्रियाकलापहरुको सञ्चालन तथा गुणस्तर कायम गर्ने जिम्मेबारी सम्बन्धित् भू तथा जलाधार व्यवस्थापन कार्यालयमा हुनेछ । प्रदेश मन्त्रालय र वन निर्देशनालयको जिम्मेबार शाखाले नियमीत रुपमा अनुगमन र आवश्यक सल्लाह सुझाव र निर्देशन दिनेछ भने त्यसको पालना गर्नु जिल्लास्थीत कार्यालयहरुको दायित्व हुनेछ ।

साथै कार्यक्रम सञ्चालनको लागि बिद्युतिय जलासयको जलाधार क्षेत्रसंग सम्बन्ध रहने विभिन्न तहको सरकारी निकाय, विकास साझेदार, गैह्रसरकारी निकाय तथा स्थानीय समुदाय र संघ संस्था समेतको समन्वय र सहकार्यमा कार्यक्रमको योजना तयारी तथा कार्यान्वयन गरीनेछ ।

- बिद्युतीय जलासय क्षेत्रको जलाधार क्षेत्र पहिचान, नक्साङ्कन तथा व्यबस्थापन योजना तयारी
- स्थल छनौट (जि.पि.एस. स्थलगत विन्दु निर्धारण)
- बस्तुस्थितिको विश्लेषण : संभाव्यता अध्ययन तथा सरोकारवालाहरुसंगको अन्तरक्रिया
- सर्भे, डिजाईन स्थलगत नक्सा (फाराम १), संरचनागत नक्सा (फाराम २) तथा लागत अनुमान तयारी (लागत अनुमान तयार गर्दा अनुसूचीमा रहेको फारामहरु EST-1, EST-2, EST-3, EST-4, EST-5 प्रयोग गर्ने ) ।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली तयार गर्ने ।
- कार्यान्वयन चरण : उपभोक्ता समिति गठन, सम्झौता (फाराम ३), कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन, सम्पन्न प्रतिवेदन तथा सार्वजनिकीकरण
- नापीकिताव (फाराम ४) जांचपास, भुक्तानी विल (फाराम ५), कार्यसम्पन्न प्रतिवेदन (फाराम ६)
- स्थानीय समुदायलाई हस्तान्तरण
- अनुगमन प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन (फाराम ७)
- अनुगमन

**कार्यक्रमको प्रभाव मापन**

१)समय समयमा स्थलगत अवलोकन, आवश्यक सूचकहरुको नापजाच  तथा अभिलेखन

२) संरक्षण प्रति स्थानीय जनताको चासो र अपनत्वको स्तर सर्वेक्षण

**प्रदेश वन निर्देशनालयको भूमिका**

आवश्यक नीति, निर्देशिका, कार्यक्रम बजेट तयारी, निर्देशन तथा समय समयमा स्थलगत अबलोकन र पृष्ठपोषण रहनेछ ।

**अनुगमन तथा मूल्याङ्कन**

१. आन्तरिक

२. जिल्ला समन्वय तथा स्थानीय तहस्तरीय

३. प्रदेश मन्त्रालय स्तरीय, प्रदेश वन निर्देशनालय स्तरीय तथा सम्बन्धित् निकायहरु

**प्रतिवेदन तथा प्रकाशन**

१. प्रगति प्रतिवेदन

२. पार्श्वचित्र प्रकाशन

३. ब्रुसर, फ्लेक्श प्रिन्ट, संरक्षण पुस्तिका, सफलताका कथा आदि

**अपेक्षित उपलब्धीहरु**

१) जलाशयमा गेग्रान वहावमा कमी आउने र जलविद्युत आयोजनाहरुको दिगोपनामा वृद्धि हुने ।

२) गाँउ वस्ती र खेतवारीहरुमा  भू क्षय र पहिरोको प्रकोपमा कमी आउने ।

३) किसानको खेतवारीको उत्पादकत्व वृद्धि भई जिवन स्तर सुधार हुने ।

४) विकासका पूर्वाधारहरुको संरक्षण भई दिगोपना अभिवृद्धि हुने ।

५) जलाधार क्षेत्रमा पानीका स्रोतहरुको निरन्तरता ।

६) नदीखोलामा बाढीको मात्रमा कमी आई स्वच्छ जलप्रवाह हुने ।

७) समग्रमा जलाधार क्षेत्रको संरक्षणबाट जनताको सम्वृद्धिमा टेवा पुग्ने ।

८) स्थानीय सरोकारवालाहरु बिच विकास र संरक्षण कार्यमा समन्वय र साझेदारीमा टेवा पुग्ने ।

**३) शहरी खानेपानीको जलाधार क्षेत्र संरक्षण कार्यक्रम (खर्च शीर्षक नं. २२५२२)**

पर्याप्त र सफा पानीको उपलब्धता भनेको कुनै पनि मानववस्ती एवं शहरी विकासको आधारभुत आवश्यकता हो । भू–उपयोगको परिवर्तन, वन जंगलको फडानी, अव्यवस्थित भू-उपयोग, अनियन्त्रित पूर्वाधार विकास र शहरिकरण लगागतका कारणले पानीको मुहान, पानीको उपलब्धताको मात्रा र गुणस्तर मा कहालिलाग्दो समस्या आईरहेको पाईएको छ । यसका साथै भू–वनोट र प्रतिकुल जलचक्र र बदलिंदो जलवायु परिवर्तनको कारणले जलवायुजन्य विपद्को क्रम पनि वढ्दो रुपमा रहेको छ। शहरी क्षेत्रमा मानव समुदायले भोगिरहेको मूख्य समस्या भनेको पानीको अभाव, प्रदुशित पानी र कतिपय अवस्थामा अत्याधिक पानीबाट सिर्जित प्रकोप लगायतका समस्याहरु हुन् ।

जनसहभागितामा आधारित एकिकृत जलाधार व्यवस्थापनको माध्यमबाट माटो तथा पानीको संरक्षण, भू उत्पादकत्वमा अभिवृद्दि र सन्तुलित जलाधार कायम गर्ने कार्यमा हालसम्म छिटफुट उपलब्धी हासिल गर्न सकिएको छ । अबका दिनहरुमा समुदायको आवश्यकता, विकासको प्राथमिकता र स्रोतको उपलब्धतालाई मध्यनजर गर्दे पानी केन्द्रीत संरक्षणका कार्यक्रमहरुलाई प्राथमिकिकरण गर्दै अघि बढ्नुपर्ने चुनौति हाम्रा सामु आएको छ । सोही सन्दर्भमा शहरी क्षेत्रका समुदायको बढ्दो खानेपानीको आवश्यकता तथा सो क्षेत्रसंग जोडिएको उपल्लो तहको पानी ढलोले घेरीएको जलाधार क्षेत्रको संवेदनशिलतालाई सम्बोधन गर्ने गरी नविनतम कार्यक्रमको रुपमा यसै आर्थिक वर्ष देखी शूरुवात गरी नियमित रुपमा शहरी जलाधार क्षेत्र संरक्षणको कार्यक्रम संञ्चालन र विस्तार गर्न लागिएको छ । यस कार्यक्रमको कार्यसञ्चालन लागि

आवश्यकता अनुसार परिमार्जन गर्ने गरी प्रारम्भीक दिशानिर्देश गर्नको लागि हाल यो निर्देशिका तयार गरीएको छ ।

**कार्यक्रमको उद्देश्यहरु**

शहरी क्षेत्र भन्दा उपल्लो तटिय क्षेत्रमा माटो तथा पानीको संरक्षण गर्दै जमिनमुनी पानी संचित गर्ने क्षमता बढाउने, शहरी क्षेत्रमा उपलब्ध हुने पानीको मुहानको जलाधार एवं मुलाधार क्षेत्रको संरक्षण, पुनरुत्थान एवं एकिकृत जलाधार व्यवस्थापन मार्फत खानेपानीको उपलब्धता बढाउने मुख्य उद्देश्य रहेको छ। यस आर्थिक वर्षको सन्दर्भमा शहरी जलाधार संरक्षण कार्यक्रमको मूख्य उद्देश्यहरु निम्न बमोजिम रहेको छ ।

- शहरको उपल्लो तटीय क्षेत्र तथा शहरमा बसोबास गर्ने समुदायहरुले उपभोग गरीराखेको खाने पानी श्रोतहरुको जलाधार एवं मुलाधार क्षेत्रहरुको एकीकृत व्यवस्थापन गर्ने ।
- शहरी खानेपानीको जलाधार क्षेत्र तथा आसपासका क्षेत्रहरुमा सम्भावित प्राकृतिक प्रकोप रोकथाम तथा जलवायु जन्य नकारात्मक असरहरुको व्यवस्थापन गर्ने ।
- पानीको मुहान तथा श्रोत संरक्षण गर्ने ।
- पानीको व्यवस्थित उपयोग र पुनः उपयोगलाई बढावा दिने ।
- जलाधार अर्न्तगत मुलाधार  क्षेत्रमा जमिनमा तथा जमिनमुनी पानी संचित गर्ने क्षमतामा अभिवृद्दि गर्ने ।
- शहरी समुदाय र जलाधारको अन्तरसम्बन्धलाई थप व्याख्या गर्ने र सारोकारवालाहरुलाई सुसुचित गर्ने ।
- लैगिंक तथा सामाजिक समावेशिता लाई आत्मसात गर्दै कार्यक्रम सञ्चालन गर्ने ।

**सम्भावित क्रियाकलापहरु**

शहरी जलाधार क्षेत्रको मूख्य समस्या भनेको बढ्दो जनसंख्या अनुसार पानीको उपलब्धतामा कमी हुँदै जानु हो। यसको मूख्य कारणहरु मध्ये जमिनको पानी सोस्ने क्षमतामा कमि हुनु, पानीको मूहान सुक्नु, पानीमा प्रदुषणको मात्रा बढ्नु, पानीले ढुंगा माटो तथा गेग्रान बोकेर कुलेसोको आकार, क्षमता र दिसामा परिवर्तन हुनु, अव्यवस्थित पूर्वाधार विकासबाट पानीको ढल निकास तथा कुलेसोमा परिवर्तन लगायतका मूख्य हुन् । यस्ता प्रकृतिका समस्याहरुलाई सम्बोधन गर्न निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ ।

- शहरी जलाधार व्यवस्थापन योजना तयारी

  भू तथा जलाधार व्यावस्थापन कार्यालयहरुले प्रदेश मन्त्रालय, वन निर्देशनालय र विषय विज्ञहरुको समेत राय सुझाव र सम्बन्धित् जिल्ला समन्वय समितिको समन्वयमा स्थानीय तहहरु संग समन्वय तथा सहकार्य गरी आगामि ५ वर्षको लागि शहरी खानेपानीको जलाधार व्यवस्थापन योजना तयारी गर्ने। योजना तयारीको सिलसिलामा स्थानीय सरकार तथा सम्बन्धित् शहरी विकास संग सम्बन्धित् सरोकारवालाहरु संग समेत छलफल गरी तयार गर्नुपर्ने छ ।

- स्थानीय जनप्रतिनिधि तथा सरोकारवालहरुसंग अन्तक्रिया

  शहरी जलाधार नयां विषय भएकोले सम्बन्धित भू–तथा जलाधार व्यवस्थापन कार्यालयले स्थानीय

जनप्रतिनिधि तथा सरोकावालाहरु संग कार्यक्रमको शुरुवातमा तथा कार्यान्वयनको चरणमा छलफल र अन्तरक्रिया गर्ने । नविनतम कार्यक्रमको उद्देश्य, कार्यान्वयनको विधि र भावि योजनाबारे स्थान विशेष केन्द्रीत रहेर अन्तरक्रिया गर्नुपर्ने छ ।

- संरक्षण समूह पहिचान र सशक्तिकरण

  शहरी क्षेत्र र सोको जलाधार क्षेत्रमा वसोवास गर्ने जनसमुदायहरुबाट शहरि जलाधारको कार्यक्रमलाई टेवा पुग्ने तथा स्थानीयको अपनत्व हांसिल गर्ने रणनीति अनुसार संरक्षण समूह पहिचान गर्नुपर्ने छ र सोको लागि आवश्यक अभिमुमीकरण तथा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

- थिग्रीकरण रोकथाम संरचना निर्माण

  बाढि, पहिरो तथा भू–क्षय लगायत अनुचित भूउपयोगबाट माटो, बालुवा तथा गेग्रान लगायतका वस्तुहरुको कारणले जलाधारको अवस्थालाई विग्रन नदिन थिग्रीकरण रोकथामका स्थान अनुकुल हुने गरी संरचना निर्माण गर्नुपर्ने छ। संरचना निर्माण गर्दा कृयाकलापहरुलाई प्राथमिकिकरण गरी एकिकृत र क्रमबद्ध तवरवाट योजना मुताविक सञ्चालन गर्नुपर्ने छ ।

- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास

  पानीको सञ्चय, जमिनको पानी संचय गर्ने क्षमता, वहाव नियन्त्रण र पानी मुहानको श्रोत संरक्षण तथा पानी मुहान संरक्षणका साथै पानीको व्यवस्थित निकास र समग्र जलाधारको विकासलाई टेवा पुग्ने गरी कम खर्चिलो, वायो ईन्जीनियरिंग तथा अन्य हरित प्रविधीको विकास र विस्तार गर्ने ।

- पानी श्रोतको अवस्था सर्वेक्षण अध्ययन तथा पानीभरण क्षमता विकास

  सम्बन्धित पानीको श्रोतको उत्पत्ती, त्यसको वहावको अवस्था र जलचक्र प्रणालीको बारेमा विस्तृत अध्ययन अनुसन्धानबाट  मुलाधार क्षेत्र यकीन गरी पानीभरण क्षमता बढाउने कृयाकलापहरु (Water Augmentation Strucutres) सञ्चालन गर्ने ।

**अन्य सम्भावित कृयाकलापहरु**

- वातावरणीय अध्ययन तथा नियमीत अनुगमन/मूल्यांकन
- पानी मुहान तथा श्रोत संरक्षण
- वृक्षारोपण तथा पुन रोपण
- संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन
- पानीढल/बर्षाझरी तथा वहाव संकलन पोखरी
- गेग्रान संकलन तथा गल्छीवहाव नियन्त्रणको लागि चेकड्याम निर्माण
- क्षतीग्रस्त भूमी पुनरुत्थान

- शहरी जलाधार शिक्षा तथा तालिम कार्यक्रम
    - भू-उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम
    - प्रगति प्रतिवेदन तयारी तथा नतिजा मूल्यांकन
    - प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन यद्यपि स्थान विशेष, समुदायको आवश्यकता र पृथक परिबेश रहेको सन्दर्भमा अरु नविनतम कृयाकलाप तथा प्रविधिलाई पनि अनुशरण गरीनेछ ।
    - वातावरणीय सेवाको भुक्तानी

**कार्यक्रम सञ्चालन स्थल**

पानी संकट भएका शहरी तथा शहरोन्मूख क्षेत्रहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरीनेछ ।

**कार्यक्रम सञ्चालन तथा व्यवस्थापन**

यो कार्यक्रम प्रदेश वन निर्देशनालय र सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा अन्य सरोकारवाला निकायहरुको संयुक्त प्रयासबाट सञ्चालन गरीने छ । प्रारम्भिक अध्ययन, अनुसन्धान तथा

प्राविधिक परामर्शको लागि प्रदेश वन निर्देशनालयले तोकीएको शाखा जिम्मेबार हुनेछ । स्थलगत रुपमा अध्ययनमा सहजीकरण कृयाकलापहरुको सञ्चालन तथा गुणस्तर कायम गर्ने जिम्मेबारी सम्बन्धित् भू तथा जलाधारव्यवस्थापन कार्यालयमा हुनेछ। प्रदेश मन्त्रालय र वन निर्देशनालयको जिम्मेबार शाखाले नियमीत रुपमा अनुगमन र आवश्यक सल्लाह सुझाव र निर्देशन दिनेछ भने त्यसको पालना गर्नु जिल्लास्थीत कार्यालयहरुको दायित्व हुनेछ ।

साथै कार्यक्रम सञ्चालनको लागि शहरी जलाधारसंग सम्बन्ध रहने विभिन्न तहको सरकारी निकाय, विकास साझेदार, गैह्रसरकारी निकाय तथा स्थानीय समुदाय र संघ संस्था समेतको समन्वय र सहकार्यमा कार्यक्रमको योजना तयारी तथा कार्यान्वयन गरीनेछ ।

- जलाधार क्षेत्रको छनौट तथा योजना तयारी गरी कृयाकलाप छनौट (नएक स्थलगत विन्दु निर्धारण)
- बस्तु स्थितिको विश्लेषण : संभाव्यता अध्ययन तथा सरोकारवालाहरुसंगको अन्तरक्रिया
- सर्भे, डिजाईन स्थलगत नक्सा (फाराम १), संरचनागत नक्सा (फाराम २) तथा लागत अनुमान तयारी (लागत अनुमान तयार गर्दा अनुसूचीमा रहेको फारामहरु EST-1, EST-2, EST-3, EST-4, EST-5 प्रयोग गर्ने ) ।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली तयार गर्ने ।
- कार्यान्वयन चरण : उपभोक्ता समिति गठन, सम्झौता (फाराम ३), कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन, सम्पन्न प्रतिवेदन तथा सार्वजनिकीकरण
- नापीकिताव (फाराम ४) जांचपास, भुक्तानी विल (फाराम ५), कार्यसम्पन्न प्रतिवेदन (फाराम ६)

- सम्बन्धित् स्थानीय समुदायलाई हस्तान्तरण
- अनुगमन प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन (फाराम ७)
- अनुगमन

**अपेक्षित नतिजा**

अन्तत भावी दिनहरुमा शहरी क्षेत्रमा पर्याप्त र सफा पानीको उपलब्धता, विपद् न्यूनीकरण र व्यवस्थित जलाधारबाट प्राप्त हुने वातावरणीय सेवाको सुनिश्चीतता नै यस कार्यक्रमको अपेक्षा रहेको छ । यद्यपी अत्यन्त सम्बेदनशिल तथा बहुआयामिक विषय भएकाले छोटो समयमै सवै उपलब्धी हांसिल गर्नु चुनौतिपूर्ण देखिन्छ । यस कार्यक्रमको सञ्चालनबाट शहरी क्षेत्रमा उपलब्ध हुने पानीको श्रोत संरक्षण, पानीको मात्रामा बढोत्तरी तथा भूमिको उत्पादकत्वमा वृद्दि हुने तथा माटो र पानीको संरक्षणबाट जलाधार व्यवस्थित भएको हुने अपेक्षित नतिजा राखीएको छ ।

**४) संवेदनशिल जलाधार क्षेत्र संरक्षण कार्यक्रम (खर्च शीर्षक नं. २२५२२)**

भौतिक पूर्वाधार संरक्षण, भू–क्षयको दृष्टिकोणले अति सम्वेदनशिल जलाधार क्षेत्र, महत्वपूर्ण तालतलैया तथा पोखरी, महत्वपूर्ण पर्यटकीय क्षेत्र तथा सिमसार क्षेत्रहरुको संरक्षणको लागि विशेष संवेदनशिल मानिएका स्थानहरुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्थापन कार्ययोजना भएका जलाधार व्यवस्थापन योजना कार्यान्वयन गर्नु तथा नयां कार्ययोजना तयार गरी सो को कार्यान्वयन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहने छ । यस अन्तर्गत सम्भावित कृयाकलापहरुको स्थानहरुको पहिचान, सर्भेक्षण र विस्तृत प्रतिवेदन तयार गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

**सम्भावित क्रियाकलापहरु**

**१) जलाधार क्षेत्र पहिचान, तथ्यांक संकलन तथा जलाधार संरक्षण कार्ययोजना तयारी**

**२) प्रकोप जोखिम न्यूनीकरण र प्राकृतिक प्रकोप व्यवस्थापन**

- पहिरोको तथ्याङ्क संकलन र अभिलेखिकरण
- पहिरो तथा गल्छी उपचार
- खहरे नियन्त्रण
- हरित प्रविधिबाट खोला किनारा संरक्षण

**३) दिगो भूव्यवस्थापन**

- किसानको खेतवारीमा भू-संरक्षण
- फलफुल रोपण
- डालेघांस भुईघांस रोपण
- क्षतिग्रस्त भूमि पुनरुत्थान
- SALT एयित स्थापना र व्यवस्थापन
- वन तथा चरण क्षेत्र व्यवस्थापन

**४) पानी र थिग्रीकरण व्यवस्थापन**

- वर्षाको पानी संकलन प्रणालीको विकास
- भलपानी संकलन पोखरी निर्माण
- भूमिगत जलसेचन संरचना निर्माण

**५) विकासका पूर्वाधार संरक्षण**

- सिंचाई कुलो संरक्षण
- हरित प्रविधिबाट सडकपाखो संरक्षण

**६) जलवायु परिवर्तन अनुकुलन /समानुकुलन विकास**

- पानी मुहान संरक्षण र विकास
- जलाधार पुनर्स्थापना
- संरक्षण पोखरी निर्माण
- नदी उकास जग्गा संरक्षण र खेती विस्तार
- सिमसार संरक्षण

**७) समुदाय परिचालन, क्षमता विकास तथा जिविकोपार्जनमा सुधार**

- संरक्षण आयमुलक कार्यक्रम
- समुह परिचालन ससक्तिकरण
- संरक्षण कृषकहरुको संजाल निर्माण
- कम खर्चिलो भूसंरक्षण प्रविधि तालिम अभ्यास
- प्राकृतिक प्रकोप व्यवस्थापन तालिम
- संरक्षण प्रचार प्रसार सामाग्री उत्पादन वितरण

**८) वार्षिक प्रतिवेदन तयारी र पार्श्वचित्र प्रकाशन**

**कार्यान्वयन प्रक्रिया**

प्रदेश भित्रका पहिचान भएका संवेदनशिल जलाधार क्षेत्रहरु यस कार्यक्रमको कार्य ईकाइ हुनेछ। सोको पहिचानको लागि GIS को माध्यमवाट Vulnerability Mapping गरी वा साविकका प्राथमिकता प्राप्त उपजलाधारहरु मध्येबाट भू-क्षय, पहिरो, वाढी, नदी/खोलाको कटानीका हिसाबले उच्च जोखिमयुक्त एवं संवेदनशील उपजलाधारलाई छनौट गरी कार्यक्रम गरीने छ। पहिचान भएको संवेदनशिल जलाधार क्षेत्रमा गर ीने सम्भावित कृयाकलापहरुको स्थान, परिमाण खुलाई स्वीकृत गराई कार्य सञ्चालन गर्नु पर्नेछ।

- जलाधार क्षेत्रको छनौट तथा योजना तयारी गरी कृयाकलाप छनौट (GPS स्थलगत विन्दु निर्धारण)
- बस्तु स्थितिको विश्लेषण : संभाव्यता अध्ययन तथा सरोकारवालाहरुसंगको अन्तरक्रिया
- सर्भे, डिजाईन स्थलगत नक्सा (फाराम १), संरचनागत नक्सा (फाराम २) तथा लागत अनुमान

तयारी (लागत अनुमान तयार गर्दा अनुसूचीमा रहेको फारमहरु EST-1, EST-2, EST-3, EST-4, EST-5 प्रयोग गर्न )।

- अनुगमन तथा मूल्याङ्कन प्रणाली तयार गर्ने।
- कार्यान्वयन चरण : उपभोक्ता समिति गठन, सम्झौता (फाराम ३), कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन, सम्पन्न प्रतिवेदन तथा सार्वजनिकीकरण
- नापीकिताव (फाराम ४) जांचपास, भुक्तानी विल (फाराम ५), कार्यसम्पन्न प्रतिवेदन (फाराम ६)
- सम्बन्धित् स्थानीय समुदायलाई हस्तान्तरण
- अनुगमन प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन (फाराम ७)
- अनुगमन

**अपेक्षित उपलव्धि**

महत्वपूर्ण र संवेदनशिल क्षेत्र तथा श्रोतहरुको पहिचान हुनेछ। भौतीक संरचनाहरुको life span वढाउन सकिने। जमीनमा चिस्यानको मात्रामा वृदि भै हरियालीमा प्रवर्धनमा टेवा पुग्नेछ। एकीकृत भू तथा जलाधार व्यवस्थापनको माध्यमबाट संवेदनशिल जलाधार क्षेत्रको संरक्षण भई भूमिको उत्पादकत्वमा सुधार, जमीन र पानीको संरक्षणबाट यसको उपयोगीतामा वृदि, विकासको पुर्वाधारको संरक्षण साथै समुदायमा जलवायु परिवर्तन अनुकुलन/समयानुकुलन क्षमतामा वृद्धि भई स्थानीय स्तरमा दिगो एवं समन्ययीक जिविकोपार्जनमा सुधार हुनेछ।

**५) आकास्मिक पहिरो नियन्त्रण कार्यक्रम (खर्च शीर्षक नं. २२५२२)**

वर्षायाम तथा अन्य समयमा आकास्मिक रुपमा जान सक्ने र गएका पहिरो र यससँग सम्बन्धित नकारात्मक असरहरुको लेखाजोखा तथा विश्लेषण र पहिरोबाट हुन सक्ने सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्दै जिउधनको सुरक्षा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ।

- वर्षाको समयमा आकस्मिक रुपमा पहिरो गएका स्थानहरुकाको पहिचान गरी जिल्ला बिपदव्यबस्थापन समिति, जिल्ला समन्वय समिति र स्थानीय तहहरु संग समन्वय र सीफारीसको आधारमा रो कथामको कार्य गर्ने।
- वर्षाको समयमा आकस्मिक रुपमा जान सक्ने पहिरोलाई मध्यनजर राखी उपलब्ध वजेटबाट केही तारजाली तथा अन्य उपकरण खरिद गरी राख्ने र जिल्ला बिपद व्यबस्थापन समिति, जिल्ला समन्वय समिति र स्थानीय तहहरुसंग समन्वय र सीफारीसको आधारमा आकस्मिक (Emergency) उपलब्ध गराउने।
- तत्कालै (Immediate) नियन्त्रणको लागि जनशक्ति परिचालन, घटनास्थलमा आपतकालिन अवस्थामा जानको लागि सवारी साधन भाडामा लिन, तत्काल पहिरो सफागरी जनधनको क्षतिलाई कम गर्ने कार्य गर्न सकिने छ।

**कार्यान्वयन प्रक्रिया**

- बस्तुस्थितिको विश्लेषण : संभाव्यता अध्ययन तथा सरोकारवालाहरुसंगको अन्तरक्रिया

- सर्भे, डिजाईन स्थलगत नक्सा (फाराम १), संरचनागत नक्सा (फाराम २) तथा लागत अनुमान तयारी (लागत अनुमान तयार गर्दा अनुसूचीमा रहेको फारमहरु EST-1, EST-2, EST-3, EST-4, EST-5 प्रयोग गर्न )।

- अनुगमन तथा मूल्याङ्कन प्रणाली तयार गर्ने ।
- कार्यान्वयन चरण : उपभोक्ता समिति गठन, सम्झौता (फाराम ३), कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन, सम्पन्न प्रतिवेदन तथा सार्वजनिकीकरण
- नापीकिताव (फाराम ४) जांचपास, भुक्तानी विल (फाराम ५), कार्यसम्पन्न प्रतिवेदन (फाराम ६)
- सम्बन्धित् स्थानीय समुदायलाई हस्तान्तरण
- अनुगमन प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ( फाराम ७)
- अनुगमन

**अपेक्षित उपलब्धि**

भू-क्षय र ठुलो मात्रामा जमीन खस्ने अवस्थामा कमि आई यसबाट पहिरोको आसपास र तल्लो तटिय क्षेत्रमा हुने सम्भावित जनधनको क्षतिमा कमि आउने छ ।

**६) भ-संरक्षण प्रदर्शनी स्थल निर्माण (खर्च शीर्षक नं. २२५२२)**

भू–संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम अन्तर्गत प्रयोगात्मक प्रदशर्नीका क्रियाकलाप निकै कम भएका छन । वास्तवमा प्रदशर्नी प्रचार प्रसारको एउटा निकै सशक्त माध्यम हो । संरक्षण प्रर्दशनी स्थलहरुको विकास र बिस्तारबाट स्थानीय समुदायहरु, अवलोकनकर्ता, बिद्यार्थीहरु तथा संरक्षण कार्यमा चासो राख्नेहरुलाई संरक्षण सूचना प्रवाह तथा प्रबिधि बिस्तार गरी सम्भावीत क्षतिलाई कम तुल्याउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। यसमा भू तथा जलाधार संरक्षण कार्यमा प्रयोग गरीने धेरै क्रियाकलाप समेट्न सकिने सुक्ष्म जलाधार क्षेत्रहरुको पहिचान गरी बिबिध क्रियाकलापहरु एउटै क्षेत्रमा निर्माण गर्नु पर्दछ। प्रर्दशन स्थल सुक्षम जलाधार क्षेत्र भित्र पर्ने कृषकको जमिन वा सामुदायिक जमिन वा दुवै पनि हुन सक्ने छ। सोही क्षेत्रमा सालबसाली रुपमा कम्तीमा ३ बर्षसम्म निरन्तर कार्य संन्चालन गरीने र सो क्षेत्रको रेखदेखको लागि आवश्यक भएमा लागत अनुमानमा समावेस गरी हेरालुको समेत व्यवस्था गर्न सकिन्छ। यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ।

- जिल्ला समन्वय समितिको समन्वयमा स्थानीय तहहरुको समन्वय र सीफारीसको आधारमा निर्माण गरीने प्रदर्शन स्थलको छनौट गर्ने ।
- संम्भव भएसम्म सडकको पहुंच हुने स्थानमा निर्माण गर्नु पर्ने छ।
- सरोकारवालाहरुसँग अन्तरक्रिया
- जैबिक र इन्जिनियरिङ्ग संरचना निर्माण
- संरक्षण वृक्षारोपण
- प्रदर्शनी कक्ष

**कार्यान्वयन प्रक्रिया**

- स्थान छनौट तथा योजना तयारी गरी कृयाकलाप छनौट (जि.पि.एस. स्थलगत विन्दु निर्धारण)
- बस्तु स्थितिको विश्लेषण : संभाव्यता अध्ययन तथा सरोकारवालाहरुसंगको अन्तरक्रिया
- सर्भे, डिजाईन स्थलगत नक्सा (फाराम १), संरचनागत नक्सा (फाराम २) तथा लागत अनुमान तयारी (लागत अनुमान तयार गर्दा अनुसूचीमा रहेको फारामहरु EST-1, EST-2, EST-3, EST-4, EST-5 प्रयोग गर्न )।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली तयार गर्ने।
- कार्यान्वयन चरण : उपभोक्ता समिति गठन, सम्झौता (फाराम ३), कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन, सम्पन्न प्रतिवेदन तथा सार्वजनिकीकरण
- नापीकिताव (फाराम ४) जांचपास, भुक्तानी विल (फाराम ५), कार्यसम्पन्न प्रतिवेदन (फाराम ६)
- सम्बन्धित् स्थानीय समुदायलाई हस्तान्तरण
- अनुगमन प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन (फाराम ७)
- अनुगमन

**अपेक्षित उपलब्धि**

जलाधार व्यवस्थापन सम्बन्धी प्रचार प्रसारमा सहयोग पुग्ने छ। विषयसंग सम्बन्धित् कर्मचारीको ज्ञानलाई प्रयोगमा ल्याउन सहयोग पुग्ने देखिन्छ। सम्भावीत जोखीम सम्वन्धमा जानकारी पाउन सहज हुन्छ। अन्य क्षेत्रमा समेत मोडल अनुसरण गर्न सहयोग पुग्ने छ।

**७) नदी उकास जग्गा पुनःस्थापना र संरक्षण (खर्च शीर्षक नं. २२५२२)**

नदिले वहाव परिवर्तनसंगै छोडेको जग्गालाई संरक्षण गरी प्रयोगमा ल्याउने यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ। यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ।

- स्थानीय जनप्रतिनिधि तथा सरोकारवालहरुसंग अन्तक्रिया
- संरक्षण समूह पहिचान र सशक्तिकरण
- Revetment/protection wall construction
- Spur/Groynes construction
- थिग्रीकरण रोकथाम संरचना निर्माण /Construction of flow retarding structures
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास/Flood slope stabilization through bio-engineering /vegetative measures (Tree grass planting) on the bank
- Fencing of area for livestocks control
- भू-उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम।

**कार्यान्वयन प्रक्रिया**

- स्थान छनौट तथा योजना तयारी गरी कृयाकलाप छनौट ( GPS स्थलगत विन्दु निर्धारण)
- बस्तु स्थितिको विश्लेषण : संभाव्यता अध्ययन तथा सरोकारवालाहरुसंगको अन्तरक्रिया
- सर्भे, डिजाईन स्थलगत नक्सा (फाराम १), संरचनागत नक्सा (फाराम २) तथा लागत अनुमान तयारी (लागत अनुमान तयार गर्दा अनुसूचीमा रहेको फारामहरु EST-1, EST-2, EST-3, EST-4, EST-5 प्रयोग गर्न ) ।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली तयार गर्ने ।
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, सम्झौता (फाराम ३), कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन, सम्पन्न प्रतिवेदन तथा सार्वजनिकीकरण
- नापीकिताव (फाराम ४) जांचपास, भुक्तानी विल (फाराम ५), कार्यसम्पन्न प्रतिवेदन (फाराम ६)
- सम्बन्धित् स्थानीय समुदायलाई हस्तान्तरण
- अनुगमन प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन (फाराम ७)
- अनुगमन

**अपेक्षित उपलब्धि**

कृषिवालीको उव्वजनी बढाउने । कृषि योग्य जमिनको संरक्षण गर्ने। कृषि वन प्रविधिको विकास गर्ने । स्थानीय श्रोतको उपयोग भई आयआर्जनमा वृद्वी हुने ।

**८) सडकसंग भू-संरक्षण कार्यक्रम (खर्च शीर्षक नं. २२५२२)**

ग्रामिण क्षेत्रहरुमा तिब्रतर रुपमा ग्रामिण सडकको पूर्वाधार निर्माणका कार्यहरुले ठूलो परिमाणमा भू–स्खलन गराएको कारणले जैविक विविधता, भू–उपयोग प्रणाली तथा विविध क्षेत्रमा नकरात्मक असर बढ्दै गई राखेको सन्दर्भमा उक्त कार्यबाट हुनसक्ने क्षतीको न्यूनीकरण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेकोछ । यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ ।

- ग्रामिण सडकहरुको पहिचान
- सरोकारवालाहरुसँग अन्तरक्रिया
- ग्रामिण सडकको दायाँ वाँया हरित प्रविधिको विकास तथा संरक्षणको लागि क्रियाकलाप छनौट
- गल्छी पहिरो रोकथाम
- भलपानीको व्यवस्थापन
- एकीकृत भू तथा जलाधार संरक्षण
- स्थानीय पालीकाहरुसंग साझेदारी तथा सहकार्य गरी कार्य सञ्चालन गर्न सकिने छ ।

**कार्यान्वयन प्रक्रिया**

- स्थान छनौट तथा योजना तयारी गरी कृयाकलाप छनौट (जि.पि.एस. स्थलगत विन्दु निर्धारण)
- बस्तु स्थितिको विश्लेषण : संभाव्यता अध्ययन तथा सरोकारवालाहरुसंगको अन्तरक्रिया
- सर्भे, डिजाईन स्थलगत नक्सा (फाराम १), संरचनागत नक्सा (फाराम २) तथा लागत अनुमान तयारी (लागत अनुमान तयार गर्दा अनुसूचीमा रहेको फारामहरु EST-1, EST-2, EST-3, EST-4, EST-5 प्रयोग गर्न) ।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली तयार गर्ने ।
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, सम्झौता (फाराम ३), कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन,

सम्पन्न प्रतिवेदन तथा सार्वजनिकीकरण

- नापी किताव (फाराम ४) जांचपास, भुक्तानी विल (फाराम ५), कार्यसम्पन्न प्रतिवेदन (फाराम ६)
- सम्बन्धित् स्थानीय समुदायलाई हस्तान्तरण
- अनुगमन प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन (फाराम ७)
- अनुगमन

**अपेक्षित उपलब्धि**

सम्भावित क्षतिको न्यूनीकरणका साथै महत्वपूर्ण र संवेदनशिल क्षेत्र तथा श्रोतहरुको पहिचान भएको हुनेछ। यो कार्यक्रमवाट स्थानीयस्तरमा निमार्ण भएका, भैरहेका र हुने ग्रामीण सडकहरुमा गरीने क्रियाकलापको स्थानीय तहहरुले समेत अनुसरण गर्दै जाने हुँदा स्थानीय श्रोतको उपयोग भई रोजगारीको एवं आयआर्जनमा वृद्वी हुने ।

## खण्ड ३ : विविध

१. उपभोक्ता समूहवाट सञ्चालन गरीने सम्पूर्ण कामहरुमा कम्तिमा २० प्रतिशत (प्रचलित कार्यक्रम सञ्चालन कार्यविधि, निर्देशिकासंग नबाझिने गरी) स्थानीय समुदायको लगानी हुनु पर्नेछ साथै सम्पूर्ण बजेटको वढिमा ५ प्रतिशत रकम कन्टेन्जेन्सीको रुपमा कार्यकम व्यवस्थापन, अनुगमन तथा मूल्यांनमा खर्च गर्न सकिने छ ।

२. कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा आवश्यकता अनुसार स्थानीय समुदाय, स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रिय सरकारका विभिन्न निकायहरुसँग सहकार्य र समन्वय गर्नु पर्नेछ ।

३. कार्यक्रमसँग सम्बन्धित ज्ञान, विज्ञान तथा प्रविधिको आवश्यकता महशुस भएको अवस्थामा अन्य संघ संस्था, विज्ञ व्यक्तिहरुको सहयोग तथा परामर्श लिन सकिने छ ।

४. बिद्युतीय आयोजनाहरुको जलाधार क्षेत्र, शहरी खानेपानीका जलाधार क्षेत्र र संबेदनशिल जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरु संन्चालन गर्दा ती स्थानमा संन्चालन गर्नुपर्ने क्रियाकलापहरु के के हुन सक्छ, सो को स्थान, परिमाण र लागत उल्लेख गरी सोको प्रस्ताव एक तह माथिबाट स्वीकृत गराई सञ्चालन गर्नु पर्ने छ ।

५. उपभोक्ता समूह मार्फत सम्भव भएसम्म स्थानीय स्तरमा लाभग्राहीहरुले सञ्चालन गरीरहेका सामुदायिक वन उपभोक्ता समूह, सिंचाई, खानेपानी उपभोक्ता समूह, आमा समूह जस्ता स्थायी प्रकृतिका उपभोक्ता समुहहरु मार्फत सञ्चालन गर्नु पर्ने छ। लाभग्राहीहरुवाट नयां उपभोक्ता समुह गठन गर्दा सम्बन्धित् वडाका प्रतिनिधिको रोहवरमा प्रचलित कानुन अनुसार गठन गर्नु पर्दछ। कार्यक्रमहरु सञ्चालनको लागि माग गर्दा स्थानीय तहहरुको सिफारिस अनिवार्य गर्नुपर्नेछ ।

६. जनशक्ति व्यवस्थापन : मन्त्रालय मातहतका कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सीपको दक्षतामा न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

७. यस निर्देशिकामा उल्लेख भएका विषयहरु यसै वमोजिम र उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन, नीति, नियम, निर्देशिका, विधि, नर्मस (Norms) र प्रकृया वमोजिम गर्नु पर्नेछ ।

८. कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरुको विस्तृत पार्श्वचित्र विवरण (Activity Profile) तयार गरी माथिल्लो निकायमा पेश गर्नु पर्नेछ ।

९. अपेक्षित उपलव्धीहरुलाई आधार तथ्यांक (Database)को रुपमा प्रयोग गरीने छ ।

१०. केहि बाधा अडकाउ परेको अवस्थामा मन्त्रीस्तर र संघीय मन्त्रालयको राय सुझाव लिइनेछ ।

# वाणिज्य तथा आपूर्तिसम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन–२०७५

गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतकस वाणिज्य तथा आपूर्ति क्षेत्रमा परेका चालू आ.व.मा सञ्चालन गर्नुपर्ने स्वीकृत वार्षिक कार्यक्रम सञ्चालनमा स्पष्टता र एकरुपता ल्याउन एवं कार्यक्रम सञ्चालनलाई सहज एवं गुणस्तरीय बनाउन आवश्यक भएकोले प्रचलित नीति र संघीय कानूनका समेतको अधीनमा रही गण्डमी प्रदेश मं. प. को मिति २०७५/८/ को निर्णय बमोजिम तत्कालै लागू हुने गरी यो मार्गदर्शन जारी गरीएको छ ।

(१) चालू आर्थिक वर्षको प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम अन्तर्गत वाणिज्य तथा आपूर्ति क्षेत्रमा परेको “अपभोक्ता जागरण अभियान” मा रु. २२,००,०००/- रकम विनियोजन भएको छ । संयुक्त राष्ट्रसंघबाट सन् १९८५ मा जारी भएको UN Guidelines for Consumer protection, उपभोक्ता हित संरक्षण ऐन २०७५, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३, र उपभोक्ता हित संरक्षण सम्बन्धी अन्य कानूनहरु समेतबाट प्राप्त उपभोक्ता अधिकार, नेपालमा उपभोक्ता अधिकारको संबैधानिक मान्यता, उपभोक्ता अधिकारको उपयोग, अधिकार हनन भएमा उजुरी गरी पीडकलाई सजायँ र पीडितलाई क्षतिपूर्ति दिलाउने र सिण्डिकेट, कार्टेलिंग, कालोबजारी जस्ता गैरकानूनी गतिविधि नियन्त्रण सम्बन्धी प्रावधानको जानकारी समेतको ज्ञान आम उपभोक्ता र सरोकारवाला संस्था समक्ष अभियानकै रुपमा पुऱ्याउने अद्देश्यले यो कार्यक्रम र बजेट स्वीकृत भएकोले मूलतः उपभोक्ता जागरण कार्यक्रमलाई प्रदेश अन्तर्गतका जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरुलाई जिम्मेवारी दिई कार्यक्रम सञ्चालन गर्ने र केन्द्रीय स्तरबाट सञ्चालन गर्नुपर्ने प्रकृतिका कार्यक्रमहरुको लागि प्रदेश मन्त्रालयमा समेत केही कार्यक्रम र बजेट विनियोजन गर्ने ।

**कार्यक्रम**

**जिल्लास्तरमा**

१. उपभोक्ता शिक्षा र जागरण

१.१ उपभोक्ता हक हित सम्बन्धी मान्यता प्राप्त संस्थासाग सहकार्य गरी उपभोक्ता सचेतना सम्बन्धी १ दिने तालीम र अन्तरक्रिया ।

१.२ स्थानीय रेडियो, टेलिभिजन तथा छापा माध्यमबाट उपभोक्ता हक हित सम्बन्धी सूचना प्रसारण एवं प्रकाशन गर्ने ।

१.३ माध्यमिक स्तरका सबै विद्यालयमा उपभोक्ता शिक्षा सम्बन्धी कम्तीमा एक कक्षा सञ्चालन ।

१.४ उपभोक्ता जागरण सम्बन्धी जिल्लाका माध्यमिक विद्यालयस्तरीय निबन्ध प्रतियोगिताको आयोजना ।

१.५ उपभोक्ता जागरण सम्बन्धी सडक नाटक, दोहोरी लोकगीत आदि तयार गरी प्रदर्शन र प्रसारण गर्ने

१.५ मार्च १५ मा विविध कार्यक्रम गरी विश्व उपभोक्ता दिवस मनाउने ।

**प्रदेश स्तर (प्रदेश मन्त्रालय)**

१.१ प्रदेश मन्त्रालयबाट “प्रदेश वाणिज्य तथा आपूर्ति” वार्षिक पत्रिका प्रकाशन ।

१.२ पोखरा औद्योगिक क्षेत्रमा “उपभोक्ता अधिकार संरक्षणमा उपभोक्ता संरक्षण ऐन, २०७५” बारे एक दिने अन्तरकृया ।

१.३ विश्व उपभोक्ता दिवस सम्बन्धी कार्यक्रम, मार्च १५

**बजेट बाँडफाँड**

१.१ प्रदेश अन्तर्गत ११ जिल्लाका लागि प्रति जिल्ला रु. १,५०,०००/- ले रु. १८,००,०००/-

१.२ प्रदेश मन्त्रालयमा रु. ४,००,०००/-

**जम्मा रु. २२,००,०००/-**

**अपेक्षित उपलब्धि–**

प्रदेशका उपभोक्ताहरु जागरुक र सचेत भै नेपालको संविधान र प्रचलित कानून बमोजिमका उपभोक्ता अधिकारको उपयोग गर्नेछन् ।

**अन्य निर्देशन**

१.१ उक्त कार्यक्रमहरु सञ्चालन गर्दा प्रचलित संघीय आर्थिक ऐन नियमको परिधिभित्र रही सञ्चालन गर्नुपर्नेछ ।

१.२ कार्यक्रम सञ्चालन सम्बन्धमा अस्पष्टता या द्धिविधा परेमा प्रदेश मन्त्रालय/निर्देशनालयमा सम्पर्क राख्न सकिने छ ।

(२) उपभोक्ता हकहित संरक्षणका लागि कालोबजारी तथा मिलेमतो नियन्त्रण कार्यक्रममा रु. २०,००,०००/- रकम विनियोजन भएको छ । यो कार्यक्रमको उद्देश्य बस्तु तथा सेवा सम्बन्धी बजारमा ब्यास कार्टेलिंग, सिण्डिकेट, सामान लुकाएर मूल्य बुद्धि गर्ने- कालोबजारी, मिसाबटयुक्त पदार्थ बिक्री, उपभोक्ताका अधिकार बिपरीतका व्यापारिक क्रियाकलाप, स्वच्छ, प्रतिास्पर्धा बिरुद्धका क्रियाकलापहरु जस्ता अनुचित व्यापारिक गतिविधि (Unfair trade practice) लाई नियन्त्रण गर्न बजार अनुगमन गरी दोषी उपर उपभोक्ता संरक्षण ऐन २०७५, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३, मुलुकी संहिता २०७५ र अन्य क्षेत्रगत कानुन समेतका आधारमा सक्षम न्यायिक निकायमा मुद्दा दायर गरी दोषी उपर कानून बमोजिमको दण्ड सजाय दिलाउने, पीडितलाई क्षतिपूर्ति समेत दिलाउने समेत हो । यसका निम्ति जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिका जिल्लास्तरीय कार्यालयलाई जिम्मेवार निकाय बनाई जिल्ला प्रशासन, प्रहरी, उपभोक्ताका मान्यताप्राप्त प्रतिनिधिमूलक संस्था र सम्बन्धित सरकारी कार्यालय जस्तै गुणस्तर तथा नापतौल सम्बन्धी कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, स्थानीय निकाय समेतका प्रतिनिधिहरुको सहभागितामा बजार अनुगमनको कार्य कम्तीमा महिनाको एक पटक गर्ने गरी लक्ष्य समेत तोकी रकम बाँडफाँड गर्ने र केही रकम मन्त्रालयले समेत प्रदेश भित्र आवश्यकता बमोजिम आकश्मिक बजार अनुगमन गर्ने प्रयोजनका निम्ति छुटयाउने । यस प्रयोजनका निम्ति संघीय कानूनसँग नबाझिने गरी उपभोक्ता संरक्षण ऐन २०७५ को दफा २७ को मनसाय बमोजिम यथासम्भव चाँडो प्रदेश बजार अनुगमन निर्देशिका बनाई अनुगमन कार्यलाई सहज बनाउने ।

**बजेट बाँडफाँड**

१. जिल्ला घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिका जिल्ला स्थित कार्यालय-११ का लागि प्रति कार्यालय (बजार अनुगमन, संकलित बस्तुका नमूना प्रयोगशालामा परीक्षण समेतका लागि) १,५०,०००/- ले रु. १६,५०,०००/-

२. प्रदेश मन्त्रालय रु. ३,५०,०००/-

**जम्मा रु. २०,००,०००/-**

**अपेक्षित उपलब्धि–**

प्रदेश भित्रको बजारबाट अनुचित व्यापारिक कार्य नियन्त्रित भै पीडित उपभोक्ताले क्षतिपूर्ति समेत पाउनेछन् ।

रकम खर्च सम्बन्धी मापदण्ड

प्रचलित आर्थिक कानून बमोजिम हुनेछ ।

(३) निर्यातयोग्य तुलनात्मक वस्तु तथा सेवाको पहिचान तथा प्रवर्द्धन र विकास सम्बन्धी कार्ययोजना तयारी चालू आ.व.को कार्यक्रममा परेको निर्यातयोग्य तुलनात्मक वस्तु तथा सेवाको पहिचान तथा प्रवर्द्धन विकास सम्बन्धी कार्ययोजना तयारी गर्न रु. १०,००,०००/- रकम बिनियोजन भएको छ । वाणिज्य नीति २०६५ र नेपाल ब्यापार एकीकृत रणनीति, २०१० समेतले नयाँ निर्यात बजार र वस्तु पहिचान गरी निकासी बुद्धि गर्न जोड दिदै आएका छन् । यद्यपि आयात र निर्यातमा आयात अति उच्च भै ब्यापार गरी निकासी बुद्धि गर्न जोड दिदै आएका छन् । यद्यपि आयात र निर्यातमा आयात अति उच्च भै व्यापार घाटा बढिरहेको छ । यो राष्ट्रिय परिवेशबाट गण्डकी प्रदेश समेत अछुता छैन । तसर्थ यस प्रदेशका निर्यातयोग्य वस्तु तथा सेवाको पहिचान र प्रवर्द्धन गर्न हालको यस प्रदेशको आयात र निर्यातको स्थितिको विशेषण गरी निर्यातयोग्य वस्तु र सेवाको पहिचान र प्रवर्द्धन गर्नु अत्यन्त जरुरी कार्य गर्न तत्सम्बन्धी कार्य योजना बनाउनु पनि महत्वपुर्ण उपलब्धि हुनेछ- निर्यात वृद्धिका लागि । सुन्तला, कृषिजन्य उपज, जडिबुटी, खनिजजन्य पदार्थ जस्तै मुस्तांगको यूरेनियम, जलस्रोत, हस्तकलाका सामान उत्पादन, उच्च दक्ष जनशक्तिबाट Outsourcing का काम गर्ने लगायतका सम्भाव्य निकासीजन्य वस्तु र सेवाहरुको पहिचान र प्रवर्द्धन यस प्रदेशको संभाब्य सूचीको सानो उदाहरण हो । नेपाल व्यापार एकीकृत रणनीति, 2010 ले नेपालका निर्यात सम्भाब्य १९ वोटा वस्तु तथा सेवाको पहिचान गरेको छ । ती वस्तुहरुमा अलैची, अदुवा, मह, मुसुरो, दाल, चिया, तैयारी चाउचाउ, चाँदीका गहना, फलाम र इस्पातका धातु, च्याङ्ग्रा पशिमनाका वस्तु तथा उनी वस्तु, पर्यटन सेवा, श्रम सेवा, सूचना प्रविधि तथा विपिओ स वा, स्वास्थ्य सेवा, जलविधुत, पारवहन व्यापार सेवा, चिनी, सिमेन्ट, दुग्ध उत्पादन र ट्रान्सफर्मर रह का छन् । गण्डकी प्रदेशका संभाब्य निकासी वस्तु र सेवामा उपर्युक्त सूची पनि उपयोगी बन्न सक्छ । प्रस्तुत कार्ययोजना तयार गर्न यस क्षेत्रमा काम गरेको विशेष ख्यातिप्राप्त संस्थालाई जिम्मेवारी दिने र सम्बन्धित क्षेत्रको सर्भे गरी सरोकारवाला निकाय/विज्ञहरु समेतको सहभागितामा कार्यशाला (workshop) गर्ने र सोबाट प्राप्त निचोड समेतका आधारमा कार्ययोजनालाई अन्तिमरुप दिने गरी कारबाही अगाडि बढाउने ।

**अपेक्षित उपलब्धि–**

प्रदेशस्तरीय निर्यातयोग्य वस्तु र सेवाको पहिचान, प्रवर्द्धन र विकास सम्बन्धी कार्ययोजना तयार भएको हुनेछ ।

**(४) उपभोक्ता अदालत अध्ययन कानून तर्जुमा**

चालू आ.व.मा उपभोक्ता अदालत कानून तर्जुमाका लागि १०,००,०००/- विनियोजन भएको छ । यस सम्बन्धमा यो बजेट तर्जुमा भै सकेपछि बनेको उपभोक्ता संरक्षण ऐन, २०७५ मिति २०७५/६/२ देखि प्रारम्भ भै सकेको छ । उक्त ऐनको परिच्छेद ९, दफा ४१ मा उपभोक्ता अदालत गठन सम्बन्धी व्यवस्था, दफा ४२ मा अदालतको अधिकार क्षेत्रको प्रयोग, दफा ४३ मा अदालतको अवहेलना, दफा ४४ मा मिसिल वा कागजात उपलब्ध गराउनु पर्ने, दफा ४५ मा पुनरावेदन, दफा ४६ मा निर्णय कार्यान्वयन, दफा ४७ मा अदालतको विघटन, दफा ४८ मा मुद्दाको कारबाही र किनारा सम्बन्धी विशेष व्यवस्था, दफा ४९ मा सूचना टेवुल गर्नुपर्ने समेतको व्यवस्था गरेकोले उपभोक्ता अदालत अदालत सम्बन्धी अध्ययन गर्नुपर्ने अब अवस्था रहेन । उपभोक्ता संरक्षण ऐन २०७५ को दफा २७ र दफा ६४(१) बमोजिम बजार अनुगमन सम्बन्धी नियम, निर्देशिका/कार्यविधि तयार गर्न एवं बजार अनुगमन र निरीक्षण समेत गर्न उक्त रकम उपयोग गर्न स्वीकृति प्रदान गर्ने ।

**अपेक्षित उपलब्धि–**

प्रदेश स्तरीय बजार अनुगमन सम्बन्धी नियम निर्देशिका कार्यविधिहरु तयार भएका हुने र बजार अनुगमन/निरीक्षण मार्फत अनुचित व्यापारिक क्रियाकलापमा न्यूनता आउने ।

(५) संघसँगको समन्वयमा प्रदेशमा पेट्रोलियम पदार्थ भण्डारण स्थापनाका लागि सहजीकरण एवं सहकार्य

संघसँगको समन्वयमा प्रदेशमा पेट्रोलियम पदार्थ भण्डारमा स्थापनाका लागि सहजीकरण एवं सहकार्य गर्न रु. १०,००,०००/- विनियोजित भएको छ । यसका निम्ति संघीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग पहलकदमी गर्ने, पत्राचार गर्ने र यसको कारवाहीलाई Speed up गर्न प्रदेश मन्त्रालयको एक जना अधिकृतलाई विशेष जिम्मेवारी समेत दिने ।

अपेक्षित उपलब्धि-

पेट्रोलियम पदार्थ भण्डारण स्थापनकालागि सहजीकरण एवं सहकार्य भएको हुने ।

**(६) प्रदेश भित्रका पेट्रोल पम्पको स्तरबृद्धि गर्न मापदण्ड तयारी र कार्यान्वयन**

प्रदेश भित्रका पेट्रोलियम पम्पको स्तरवृद्धि गर्न मापदण्ड तयारी र कार्यान्वयनमा रु. १०,००,०००/- रकम विनियोजन भएको छ । यसका निम्ति प्रदेश मन्त्रालयका उपसचिवको नेतृत्वमा निम्नानुसारको समिति गठन गरी सो समितिलाई केन्द्रको पम्प स्तरोन्नति सम्बन्धी मापदण्ड समेतलाई आधार बनाई ३ महिनाको अवधि तोकी मापदण्ड तयारी गर्न लगाउने र सो मापदण्डलाई मन्त्रालयबाट स्वीकृति प्रदान गरी प्रदेश वाणिज्य निर्देशनालय मार्फत सोको कार्यान्वयन गर्न निर्देशन दिने ।

**समिति**

| | | |
|---|---|---|
| १. | गण्डकी प्रदेश उद्योग बाणिज्य, वन तथा वातावरण मन्त्रालयको वाणिज्य महाशाखा प्रमुख | -संयोजक |
| २. | इन्जिनियरिंग अध्ययन संस्थान अन्तर्गत पश्चिममान्चल क्यामपसका मेकानिकल इन्जीनियरिंग सम्बन्धी प्राध्यापक | - सदस्य |
| ३. | गुणस्तर तथा नापतौल कार्यालय कास्कीका प्रमुख | - सदस्य |
| ४. | उद्योग वाणिज्य संघ गण्डकी प्रदेश प्रतिनिधि | - सदस्य |
| ५. | सचिवबाट तोकिएको शाखा अधिकृत गण्डकी प्रदेश उद्योग वाणिज्य मन्त्रालय | - सदस्य-सचिव |

फिल्ड सर्भे, मापदण्ड तयारी बैठकहरु एवं मापदण्डको लेखन कार्यका लगि आर्थिक नियमानुसार दैनिक भ्रमण भत्ता, बैठक भत्ता र प्रतिवेदन तयारी खर्च दिने व्यवस्था गर्ने ।

**अपेक्षित उपलब्धि–**

गण्डकी प्रदेश भित्रका पेट्रोल पम्पको स्तरबुद्धि मापदण्ड तयारी भै कार्यान्वयनमा आएको हुनेछ ।

# होमस्टे सञ्चालन कार्यविधि–२०७५

स्थानीय समुदायको संलग्नतामा स्वरोजगारका अवसर सिर्जना गर्न ग्रामिण अर्थतन्त्रमा योगदान पुऱ्याउन एवं पर्यटनको माध्यमबाट ग्रामिण पर्यापर्यटनको विकार, प्रबर्द्धन, व्यवस्थापन र नियमन गर्न वाञ्छनीय भएकोले गण्डकी प्रदेश प्रदेश सरकारले यो होमस्टे सञ्चालन कार्यविधि २०७५ बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविकिको नाम "होमस्टे सञ्चालन कार्यविधि २०७५"रहेको छ ।

(२) यो कार्यविधि गण्डकी प्रदेशभर लागु हुनेछ ।

(३) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषदले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "होमस्टे" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर वा समुदायमा नीजि वा सामूहिक रुपमा सञ्चालन गरीएको घरवास सेवा सम्झनुपर्छ ।

(ख) "सामुदायिक होमस्टे" भन्नाले ग्रामिण क्षेत्रमा कम्तीमा पाँचवटा अलग अलग स्वमित्व भएका घरधनीले सामुहिक रुपमा व्यवस्थापन गरी सञ्चालन गरेको होमस्टेलाई सामुहिकम होमस्टे सम्झनु पर्छ ।

(ग) "निजि होमस्टे भन्नाले ग्रामिण क्षेत्रमा अलग रुपमा दर्ता गरी निजी स्तरमा संचालित होमस्टे लाई निजी होमस्टे सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

(ङ) "कार्यालय" भन्नाले प्रदेशको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका पर्यटन हेर्ने कार्यालय सम्झनुपर्छ ।

(च) "स्थानीय तह" भन्नाले होमस्टे सञ्चालन हुने महानगरीपालिका, उपमहानगरपालिका, नगर पालिका वा गाउँपालिका सम्झनुपर्छ ।

(छ) "होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति" भन्नाले दफा ९ बमोजिमको समिति सम्झनुपर्छ ।

(ज) "होमस्टे इकाई" भन्नाले होमस्टे सञ्चालन गर्न व्यवस्थापन समिति अन्तर्गत रहेका प्रत्येक घर सम्झनुपर्छ ।

**३. उद्देश्यः होमस्टे सञ्चालनका मुख्य उद्देश्य देहाय बमोजिम हुनेछन्**

(क) ग्रामिण क्षेत्रमा पर्यटन प्रवर्धन गरी त्यसबाट प्राप्त प्रतिफल ग्रामिण समुदायसम्म पुऱ्याउने,

(ख) ग्रामिण क्षेत्रका जनतालाई पर्यटन व्यवसायमा सहभागी गराइ जीवनस्तर सुधार गर्ने,

(ग) होमस्टेको माध्यमबाट ग्रामिण तथा स्थानीय स्तरमा स्वरोजगारको अवसर सिर्जना गर्ने,

(घ) ग्रामिण पर्यटनमा रमाउने पर्यटकलाई सहज बसोबासको व्यवस्थापन गरी गाउँका ऐतिहासिक, धार्मिक र रमणिय स्थानको बारेमा जानकारी दिने,

(ङ) पर्यटकलाई सुलभ सरल र सहज वातावरणमा स्थानीय परिकार रितीरिवाज, कला, संस्कृति र रहनसहनको उत्कष्ट अनुभव प्रदान गर्ने ।

**४. दर्ताका लागि निवेदन दिने**

(१) होमस्टे सञ्चालन गर्न चाहने व्यक्ति वा समुदायले देहाय बमोजिमका कागजात सहित अनुसूची–१ बमोजिमको ढाँचामा रु १००।– को रसिद काटी सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ ।

(क) सामुदायिक होमस्टेको हकमा कम्तीमा पाँच जना घरधनीले आ-आफ्नो घरमा सामुहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता र वडा कार्यालयको सिफारिस तथा निजी होमस्टेका सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ति एकिन हुने प्रमाण वा मञ्जुरीनामा वा भाडाामा

लिएको भए सो को सम्झौताको प्रतिलिपी र शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपि,

(ग) होमस्टे संचालकको नागरीकताा प्रमाणपत्रको प्रतिलिपि ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि सम्बन्धित स्थानीय तहको प्रमुखले तोकेको प्रतिनिधिको संयोजकत्वमा सम्बन्धित वडाको वडाध्यक्ष स्थानीय तहका स्वास्थ्य, कृषि र बन वातावरण हेर्ने कर्मचारी समेतको पाँच सदस्यीय समितिले निरीक्षण गरी अनुसुची–२ बमोजिमको मापदण्ड पूरा भए नभएको बारेमा स्थानीय तहको कार्यालयमा एक महिनाभित्र प्रतिवेदन दिनुपर्नेछ । समितिले आफ्नो कामको सम्बन्धमा आवश्यकताअनुसार विज्ञहरुको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निरीक्षणबाट तोकिउको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमासम्बन्धित स्थानीय तहको कार्यालयले सात दिनभित्र दश हजार रुपैयाँ शुल्क बलिई दर्ता गर्नु पर्नेछर अनुसूची–३ बमोजिको ढाँचामा होमस्टे सञ्चालन प्रमाणपत्र दिनुपर्नेछ । सो को जानकारी मन्त्रालयमा पठाउनुपर्नेछ ।

(४) मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिई पुन स्थलगत निरीक्षण गरी उपदफा (३) बमोजिम दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम होमस्टे दर्ता गर्दा र दफा १३ को उपदफा (१) बमोजिम होमस्टे नवीकरण गर्दा लाग्ने शुल्क सम्बन्धित् स्थानीय तहको ग ४ समुहको बाँडफाड हुने राजस्व खातामा राख्नुपर्नेछ । यसरी प्राप्त भएको राजश्वको ४० प्रतिशत रकम सम्बन्धित स्थानीय तहले प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ ।

**५. होमस्टे दर्ताका लागि न्यूनतम मापदण्डहरुः**

(१) होमस्टे दर्तागर्नका लागि देहाय बमोजिमका न्यूनतम मापदण्ड पुरा गर्नुपर्नेछ ।

(क) पाहुनाको लागि हरेक घरमा कम्तीमा एउटा कोटा र दुई वेड भउको हुनुपर्ने र बढीमा चार कोठा र आठ बेड मात्र राख्न पाईने ।

(ख) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्ने ।

(ग) घरायसी र वातावरणीय सरसफाईको राम्रो व्यवस्था हुनुपर्नेछ । र फोहोरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहोरको छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्ने ।

(घ) सेवा सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरु र आवासको आघारमा औचित्यपूर्ण मूल्यसहितको मेनुको व्यवस्था भएको हुनुपर्ने ।

(ङ) संचारका न्यूनतम सुविधाहरु जस्तै टेलिफोन वा इन्टरनेटको व्यवस्था भएको हुनुपर्ने ।

**६. होमस्टेको वर्गीकरण**

यस कार्यविधिको अनुसुची–२ मा उल्लेखित मापदण्ड पूरा गरी अलग अलग स्वामित्व भएका कम्तीमा पाँचवटा घरधनीले सामुहिक व्यवस्थापन गरी सञ्चालन गरेको होमस्टेलाई सामुदायिक ग्रामिण होमस्टे र ग्रामिण क्षेत्रमा कुनै व्यक्तिले एकल रुपमा दर्ता गरी निजीस्तरमा सञ्चालित होमस्टेलााई निजि होमस्टेको रुपमा वर्गिकरण गरीएको छ ।

**७. होमस्टेका मुख्य पर्यटकीय क्रियाकलाप**

(१) होमस्टे सञ्चालनले मनोरञ्जनका लागि पाहुनाको चाहाना अनुसार स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र परम्परागत खेलमा सहभागी गराउने , उपलब्ध हुने् क्षेत्रमा जंगल ट्रेक, इकोट्रेक, कृषि फर्म अवलोकन, अध्ययन तथा सिकाई केन्द्र संग्रहालय, दृश्यावलोकन आदि जस्ता मुख्य मर्यटकिय क्रियाकलाप कार्यक्रमको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नुपर्नेछ ।

(क) स्थानीय प्रचलनअनुसार फुलमालाका साथ स्वागतको व्यवस्था गर्ने ।

(ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा सँस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुति, मेला, जात्रा जस्ता गतिविधिहरु आयोजना गरी सहभागी गराउने ।

(ग) सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र, रमणिय क्षेत्रको दृश्यावलोकन, झरना, जंगल, बन्यजन्तु,तथा चरा अवलोकन आदिको व्यवस्था गर्ने ।

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता बीच जीवनशैली, कला, संस्कृति, भेषभुषा, आदि विषयमा अवलोकन, अनुभव तथा ज्ञानको आदान प्रदान गर्ने ।

(ङ) होमस्टेमा बस्ने पर्यटकहरुलाई गाउँघरमा उत्पादित स्थानीय तथा प्राङ्गारिक खाना खुवाई फरकपनको अनुभूति दिने ।

(च) पर्यटकलाई होमस्टेमा रहँदा उत्कृष्ट आतिथ्यता सहित र पारिवारिक वातावरणमा बसिरहेको अनुभव दिलाउने ।

(छ) स्थानीय उत्पादन र संस्कृति झल्किने मायोको चिनो र फुलमाला सहित पर्यटकलाई विदाई गर्ने ।

(ज) पर्यटक होमस्टेबाट विदाई भएपछि एकपटक उनीहरुको गन्तव्यमा पुगे नपुगेको जानकारी लिने ।

## ८. होमस्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरु

होमस्टे सञ्चालकले दर्ता पश्चात पूरा गर्नुपर्ने अन्य मापदण्डहरु देहाय बमोजिम हुनेछन् ।

(क) सुरक्षा निकायसंग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनुपर्ने ।

(ख) पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्नुपर्ने ।

(ग) सामुदायिक होमस्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको व्यवस्था हुनु पर्ने ।

(घ) हरेक वर्ष लेखा परिक्षण गराउने र पर्यटकको तथ्याङ्क व्यवस्थित गरी राख्नुपर्ने ।

(ङ) प्रत्येक वर्ष पौष मसान्तसम्म आन्तरिक राजश्व विभाग अन्तर्गतका कार्यालयबाट कर चुक्ता गर्नुपर्ने ।

(च) हाल संचालित संघिय सरकारका विभिन्न निकायमा दर्ता भएका होमस्टेहरु समेत २०७५ पौष मसान्तसम्म कर चुक्ता र अन्य आवश्यक विवरण सहिति स्थानीय तहमा दर्ता गर्नुपर्ने ।

(छ) होमस्टेमा आउने पर्यटकलाई सम्भव भएसम्म प्राकृतिक चिकित्साका गतिविधिहरु सञ्चालन गरी बसाईका दिन लम्ब्याउन पहल गर्नुपर्ने ।

## ९. होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति

(१) सामुदायिक होमस्टे सञ्चालन गर्नका लागि संचालकले साधारण सभा वा भेला गरी देहाय बमोजिमको होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति गठन गर्नुपर्नेछ ।

(क) समुदायका सदस्यहरुबाट एकजना -अध्यक्ष

(ख) समुदायका सदस्यहरुबाट एकजना –उपाध्यक्ष

(ग) समुदायका सदस्यहरुबाट एकजना –कोषाध्यक्ष

(घ) समुदायका सदस्यहरुबाट महिला सदस्य – सदस्य

(ङ) समुदायका सदस्यहरुबाट एकजना सदस्य – सदस्य सचिव

(२) होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जनासम्म सदस्यको चयन गर्न सक्नेछ ।

(३) होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पर्यटकीय क्रियाकलापहरु र पर्यटक र संचालकहरुले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउनुपर्ने ।

(ख) आगन्तुक पाहुनाको स्वागत तथा आवासको व्यवस्था मिलाउने

(ग) पाहुनाको दर्ता तथा रेकर्डको व्यवस्था गर्ने ।

(घ) आय व्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने ।

(ङ) प्रत्येक होमस्टे र ग्रामीण क्षेत्रको सरसफाई तथा अन्य व्यवस्थापन पक्षको नियमित अनुगमन गर्ने ।

(च) स्थानीयय पर्यटन प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने ।

(छ) स्थानीय प्रविधि, ज्ञान, सीप, वातावरण, परम्परा, शैली, भेषभूषा, कला तथा संस्कृतिको संरक्षण गर्ने ।

(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/व्यवस्थापन गर्ने ।

(झ) पाहुनाको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाको व्यवस्थापन र समन्वय गर्ने ।

(ञ) होमस्टे जाने पथचिन्ह (साइनेज) तथा लोकेशन म्याप तयार गरी आवश्यक स्थानमा राख्ने ।

(ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सेवा सुविधाको गुणस्तरका आधारमा मेनु/मूल्य निर्धारणमा एकरुपता कायम गर्ने ।

(ठ) प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतीस दिनभित्र पाहुना संख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन स्थानीय तहको कार्यालय, पर्यटन कार्यालय र प्रदेश मन्त्रालयमा पठाउनुपर्ने

(ड) स्थानीय तहको होमस्टे समन्वय समिति र प्रदेशमा रहेको पर्यटन मन्त्रालयसंग नियमित सम्पर्क र सञ्चार गर्ने ।

(ढ) अनुसूची–४ बमोजिमको सूचना पाहुनाले देख्ने स्थानमा राख्नुपर्ने ।

(ण) होमस्टे विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि अध्ययन, अवलोकन भ्रमण जस्ता कार्य गर्ने ।

(त) होमस्टेको विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

**१०. स्थानीय तह होमस्टे समन्वय समिति**

(१) स्थानीय तहले होमस्टेको माध्यमबाट पर्यटन विकास प्रबर्धन र समन्वय गर्नका लागि एक होमस्टे समन्वय समितिको गठन गर्न सक्नेछ ।

(२) स्थानीय तहका प्रमुख वा अध्यक्ष वा निजले तोकेको सम्बन्धित वडाको प्रतिनिधिको संयोजकत्वमा सामुदायिक र निजि होमस्टे सञ्चालकका प्रतिनिधि रहने गरी ५ देखि ११ जना सम्मको स्थानीय तह होमस्टे समन्वय समिति गठन गर्न सकिनेछ ।

(३) स्थानीय तह होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो स्थानीय तहमा भएका होमस्टे व्यवस्थापन समितिहरु बीच समन्वय र सहजीकरण गर्ने ।

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धि कार्य गर्ने ।

(ग) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने ।

(घ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने ।

(ङ) पर्यटकको संचार तथा सुरक्षामा समस्या देखिएमा सहयोग गर्ने ।

(च) आफ्नो स्थानीय तहमा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र अभिलेख व्यवस्थित गर्ने ।

(छ) स्थानीय कृषि उत्पादन प्रयोग गर्ने तथा प्राङ्गारिक कृषि प्रवर्धन गर्ने, स्थानीय कृषि जैविक प्रविधिमा सहयोग पुर्याउने ।

११. पर्यटन पूर्वाधार विकास योजनामा सहयोग सम्बन्धी व्यवस्था : होमस्टेमा पर्यटन पूर्वाधार विकास तथा संरक्षण सम्बन्धी योजनामा प्रदेश सरकारले आर्थिक तथा प्राविधिक सहयोग गन सक्नेछ ।

**१२. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था**

(१) मन्त्रालय वा स्थानीय तह वा तोकिएको निकायले आवश्यकताअनुसार समय समयमा होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिका कार्यहरु तथा प्रत्येक होमस्टेको अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(२) मन्त्रालय वा स्थानीय तह वा तोकिएको निकायबाट हुने अनुगमन तथा निरीक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई मनासिव माफिकको प्याद दिई मापदण्ड पूरा गर्न लगाउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई मन्त्रालय वा तोकिएको निकायले निलम्बन वा खारेज गर्न सक्नेछ ।

(४) स्वीकृत कार्यक्रम तथा बजेट अनुसारको कामको कार्यान्वयनको क्रममा र कार्य सम्पन्न भएपछि मन्त्रालय वा मातहतका निकायबाट अनुगमन तथा निरीक्षणको काम हुनेछ ।

(५) कुनै होमस्टे संचालकले मापदण्ड पालना नगरेको वा सो सम्बन्धी गुनासो आएमा मन्त्रलयबाट कुनै पनि समयमा निरीक्षण गरी आवश्यक निर्देशन गर्न सक्नेछ । सो निर्देशनको पालना गर्नु होमस्टे संचालकको कर्तव्य हुनेछ ।

**१३. नवीकरण**

(१) सामुदायिक तथा नीजि होमस्टे सञ्चालकले देहाय बमोजिमको कागजात संकलन गरी हरेक वर्ष होमस्टे नवीकरणको लागि स्थानीय तहको कार्यालयमा दुई हजार रुपैयाँको रसिद काटी निवेदन दिनुपर्ने छ ।

(क) नवीकरण अवधिसम्मको लेखा परिक्षण प्रतिवेदन र होमस्टेले पर्यटकलाई प्रदान गरेको सेवाको विवरण ।

(ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा संचालक समितिको पैगति प्रतिवेदन (पर्यटन पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरेको भए सो को समेत प्रगति विवरण ।

(२) उपदफा (१( बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा स्थानीय तहको कार्यालयले होमस्टेका नवीकरण गर्नेछ । र पूरा नभएका होमस्टेको नवीकरण हुने छैन ।

**१४. प्रचार प्रसार तथा बजारकिरण**

होमस्टेको होर्डिङ्ग बोर्ड , साइन बोर्ड , ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार प्रसारका सामाग्रीहरुको उत्पादन वेभसाईट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेलत, महोत्सव, गैर आवासिय नेपाली संगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा विक्री जस्ता क्रियाकलापहरु पर्यटन सम्बन्धी स्थानीय कार्यालय तथा संस्था र स्थानीय तहले निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी होमस्टेको प्रचार प्रसार तथा बजारिकरण गर्न सक्नेछ ।

**१५. विविध**

(१) प्रसिद्ध धार्मिक तिर्थस्थलमा दर्शनको लागि आउने दर्शनाथी तथा तीर्थालुहरुको बसोबास र खानपीनको बन्दोबस्त मिलाउन होमस्टे सञ्चालनको लागि स्थानीय समुदाय समेतको सहभागितामा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अन्य व्यवस्थाहरुको अधिनमा रही सञ्चालन अनुमति दिन सकिनेछ ।

(२) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको वीमा गराउने जिम्मेवारी सम्बन्धित् ट्राभल एजेन्सीको दायित्व हुनेछ । व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा बिमा गर्ने जिम्मेवारी

सम्बन्धित पर्यटकको नै हुनेछ ।

(३) होमस्टे सञ्चालन गर्ने सञ्चालनले प्रचलित नेपाल कानुन बमोजिम नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोबार गर्नुपर्नेछ ।

(४) होमस्टे सञ्चालन सम्बन्धी आधारभुत तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान लगायत अन्य स्वीकृति प्राप्त तालिम केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

(५) पर्यटकीय गतिविधीमा नै असर पर्ने गरी नाजायज काम (ठगी, चोरी महिला हिंसा र अमानविय व्यवहार गरेको भनी कुनै पर्यटकबाट निवेदन पर्न आई सो कसुर ठहर भएमा वा अनुगमनको क्रममा प्रमाणिचत भएमा त्यो निजि होमस्टे वा सामुदायिक होमस्टेको सदस्य लाई पुनः होमस्टे सञ्चालन गर्न नपाउने गरी निजको दर्ता खारेज गर्न सकिनेछ ।

## अनुसूची–१
## होमस्टे दर्ताका लागि दिईने निवेदन
(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

श्री.............................. गा.पा./न.पा./उप/म.न.पा. को कार्यालय
................................................................ ।

म/हामीहरुले .................................... वडा नं. ............. टोल/गाउँ ............................. मा सञ्चालन गर्न लागेको ................................. होमस्टेलाई होमस्टे सञ्चालन कार्यविधि २०७५ बमो जिम सामुदायिक/निजी होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौं ।

होमस्टे सञ्चालन कार्यविधि निर्देशिका २०७५ को अधिनमा रही आफ्नो होमस्टे सञ्चालन गर्नेछौं ।

**संलग्न कागजात**

१. होमस्टे सञ्चालन गर्ने निवेदकको नागरीकता प्रमाणपत्रको प्रतिलिपि ।
२. होमस्टे सञ्चालन गर्ने प्रत्येक घरधनीको जगगा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ति झल्कने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको भए सो को सम्झौताको प्रतिलिपी ।
३. प्रत्येक घरधनीले होमस्टे सञ्चालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन तथा संचालक समितिको निर्णयको प्रतिलिपी
४. व्यवस्थापन समितिको गठन तथा दर्ता गर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय ।
५. सम्बन्धित वडाको सिफारिस ।
६. आधारभुत प्रशिक्षण लिएको भए सो प्रमाणपत्रको प्रतिलिपी ।

**होमस्टे युनिटहरु (दर्ता हुने व्यक्तिहरु) को विवरण ।**

| क.सं. | संचालकको नामथर | ठेगाना |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| | | |

नोटः सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको अध्यष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनुपर्नेछ ।

निवेदकको नामथर : ..............................
ठेगाना : ........................................
मिति : ............................................

**अनुसुची–२**

**होमस्टे सञ्चालनका आधारभूत मापदण्ड**

(दफा ४ को उपदफा (२) र दफा ५ को उपदफा (२( संग सम्बन्धित)

**१. होस्टेका लागि घर, कोठा र शैया**

(क) सहज पहुँचका लगि बाटोको प्रबन्ध भएको घरहरु मौलिक संस्कृति झल्किने र हावा हुरी, जंगली जनाव आदिबाट सुरक्षित हुनुपर्ने खुला, हिलो तथा धुलो रहित सफा सुग्घर हुनुपर्नेछ ।

(ख) होमस्टेमा पाहुनाका लागि कम्तिमा उउटा अलग्गै कोठा हुनुपर्नेछ ।

(ग) होमस्टे सञ्चालन गर्ने एक घरमा बढीमा ४ ओटा पर्यटकका लागि छुट्टाउन पर्नेछ ।

(घ) एउटा कोठामा बढीमा २ वटामात्र ओछ्यान रहनुपर्नेछ । आछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनुपर्नेछ ।

(ङ) भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ ।

(च) ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनुपर्नेछ ।

(ज) भित्तामा वा ढोकाको पछाडी पट्टि लुगा झुण्डाउने व्यवस्था भएको हुनुपर्नेछ ।

(झ) कोठामा विजुली बत्ती वा लाल्टीन वा मैन वा टुकी पानस बाल्ने व्यवस्था हुनुपर्नेछ ।

(ञ) सुत्नेकोठामा धुवाँ आउने हुनुहुँदैन भान्साकोठा र भऱ्याङ्ग कोठा पर्यटक सुताउनका लागि प्रयोग गर्नुहुँदैन ।

(ट) सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुनेछ ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डष्टविन) को व्यवस्था हुनुपर्नेछ ।

(ड) प्रत्येक पाहुनाका लागि एकजोर चप्पलको व्यवस्था हुनपर्नेछ ।

(ढ) भित्तामा एउटा अर्धकद देखिने ठुलो ऐना झुण्डाएको हुनुपर्नेछ ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवल राख्नु राम्रो हुनेछ ।

(त) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुनेछ ।

(थ) पर्यटकले देख्ने ठाउँमा त्यस होमस्टेका फरक खालका विशेषता र धार्मिक ऐतिहाँसिक तथा रमणिय स्थानको बारेमा जानकारी दिने बोर्ड राख्नु राम्रो हुनेछ ।

(द) पर्यटकले पालना गर्नुपर्ने अनुसूची ४ बमोजिमका आचारसंहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नुपर्नेछ । र सो आचार संहिताको बारेमा पाहुनालाई शुरुमै जानकारी दिनुपर्नेछ ।

(ध) मेनुमा उललेख भए बाहेकका अन्य क्रियाकलाप/सेवामा पर्यटकहरुलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्न हुँदैन ।

**२. शौचालय र स्नान घर**

(क) सुविधायुक्त र सफा शौचालय हुनुपर्नेछ ।

(ख) होमस्टे सञ्चालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नान घरको व्यवस्था मिलाउनुपर्नेछ ।

(ग) स्नान घरमा पानीको बाल्टी, मग, साबुन, रुमाल आदी आधारभुत बस्तुहरु हुनुपर्नेछ ।

**३. भान्छा कोठा र खाना खाने व्यवस्था**

(क) पाहुना राख्ने घर/कोठा नजीक गाईं भैंसी अथवा भेडा बाख्रा सुँगुर, कुखुरा आदी बाँध्न वा पाल्न पाईने छैन।

(ख) धेरै धुँवा नहुने भान्सा (उन्नत वा सुधारीएको चुलो) भएको हुनुपर्नेछ।

(ग) पानीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नुपर्नेछ।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रबन्ध हुनुपर्नेछ।

(च) सानो डाइनिङ्ग टेबलको पनि प्रबन्ध भए राम्रो हुनेछ।

(छ) खानाको परिकारको विवरण तथा मूल्य निर्धारण गरीउको (मेनु भएको ) हुनुपर्नेछ।

**४. स्वास्थ्य सरसफाई तथा सुरक्षा**

(क) बास बसने कोठा तथा सुत्ने विस्तारामाकिरा, लामखुट्टे, आदीबाट सुरक्षित भएको हुनुपर्नेछ।

(ख) सामुदायिक रुपमा प्राथमिक उपचारको वयवस्था हुनुपर्ने खुला नाली र ढल नभएको हुनपर्नेछ।

(ग) वातावरण मैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको वयवस्था, फुलबारी र बृक्षारोपण गरी हरीयाली हुनुपर्नेछ।

**अनुसुची–३**

**होमस्टे दर्ता प्रमाणपत्र**

(दफा ४ को उपदफा (३) संग सम्बन्धित)

श्री ..................................... गा.पा./न.पा./उप/म.न.पा. को कार्यालय

..................................................

मिति :...................

**प्रमाणपत्र संख्या :**

.........................

होमस्टे सञ्चालन प्रमाणपत्र

.................................... लाई होमस्टे सञ्चालन कार्यविधि २०७५ मा व्यवस्था भए अनुसार सामुदायिक निजी होमस्टेका रुपमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरीएको छ।

१) सदस्यको नामः

२) ठेगानाः

३) मान्य अवधि :

HOME STAY OPERATION CERTIFICATE

................................................. Homestay is registered/renewed as a community/Private Homestay under Homestay Operation Procedures, 2075 B.S.

1. Name of the owner:

2. Address of the owner:

3. Valid up to:

**शर्तहरु**

- व्यवस्थापन तथा सञ्चालन समितिसंग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नुपर्नेछ ।
- चलन चल्तीको वा निर्धारित मूल्यभन्दा बढी मूल्य लिनुहुँदैन ।
- स्थानीय सामाजिक सांस्कृतिक वातावरणलार्य असर पार्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुँदैन ।
- यो प्रमाणपत्र तथा अनुसूची ४ बमोजिमको आचार संहिता सबैले देख्ने स्थानमा राख्नुपर्नेछ ।
- व्यवस्थापन तथा सञ्चालन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनुपर्नेछ ।
- यो प्रमाणपत्र एक एक वर्षमा नवीकरण गराउनुपर्नेछ ।

अनुमतिपत्र प्रदान गर्ने अधिकृतको
नामः
दर्जा :
दस्तखत :
मिति :

**अनुसुची –४**

**Code of conduct for the Visitors (आचार संहिता)**

(दफा ९ को उपदफा (३) खण्ड (ढ) संग सम्बन्धित)

**The home saty Visitors are expected to abide following points. (पर्यटकहरुले निम्न लिखित आचारसंहिताको पालना गर्नुपर्नेछ ।)**

1. Do not pressure the owner for food, beverage and facilities not availabel at home stay. (होमस्टेमा उपलब्ध हुन नसक्ने खाना, पेय पदार्थ र सुविधा बारे संचालकलाई दवाब दिन पाईने छैन ।)
2. Do not distrub people at home or outside. (होमस्टे र छिमेकीलाई असर पर्ने गरी हो-हल्ला गर्न पाईने छैन ।)
3. Do not offer anything to the people beyond one's capacity. (होमस्टे संचालकको क्षमता बाहिरको सेवा सुविधा माग गर्न पाईने छैन ।)
4. Beware of doing any behaviour( such as sexual activities or sexual harassment which is impermissible to the local socio-cultural value. (सामाजिक मूल्य मान्यता, धर्म संस्कृतिको हिसाबलेनपच्ने व्यवाहार गतिविधी, यौनजन्य हिंसा गर्न पाईने छैन ।)
5. Respect to the rites and rituals of the local people; wear such clothes that are permissible to the community. (स्थानीय समुदायको रीती रिवाजलाई सम्मान गर्नुपर्नेछ । र समुदायमा सहज हुनेकपडाहरु लगाउनुपर्नेछ ।)
6. Do not impress the owner or other people for doing immoral or illegal activities: respectto the household routine for entrance and exit. (अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाईदवाव दिनु हुँदैन ।)
7. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outsied isstrictly prohibited. (कुनै प्रकारका लट्ठयाउने प्रकारका लागु पदार्थहरु प्रयोग गर्न र बिक्रि वितरण तथाओसार पसार गर्न सक्त मनाही छ।)
8. Respect to the biodiversity and ecology of the environment. (जैविक विविधता र वातावरणिय परिस्थितिलाई सम्मान गर्नुहोस् ।)

# होमस्टेमा पर्यटन पूर्वाधार विकास गर्न पूँजीगत अनुदान दिने सम्बन्धी कार्यविधि–२०७५

**प्रस्तावना**

पर्यटकीय गण्डकी प्रदेशको समृद्धि र विकासका लागि पर्यटन क्षेत्र पहिलो प्राथमिकतामा रहेको छ। होमस्टेको प्रबर्द्धन मार्फत ग्रामीण क्षेत्रमा स्वरोजगारका अवसरहरु सिर्जना गर्दै तथा आम्दानी वृद्धिमा सहयोग पुऱ्याउदै ग्रामीण क्षेत्रमा रहेका सम्भाव्य गाउँबस्तीलाई आर्थिक केन्द्रको रुपमा विकास गर्न सकिन्छ। होमस्टेको माध्यमबाट ग्रामीण पर्यटनको विकास, प्रबर्द्धन व्यवस्थापन र नियमन गर्न गण्डकी प्रदेश सरकारले होमस्टे सञ्चालन कार्यविधि २०७५ जारी गरेको छ। गण्डकी प्रदेशको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा ग्रामीण पर्यटन पूर्वाधार विकास गर्न पूजीगत अनुदान दिने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था भएकोमा स्थानीय तहसँगको समन्वयमा होमस्टेमा पर्यटन पूर्वाधार विकासमा टेवा पुऱ्याउने किसिमका कार्यक्रमहरु सञ्चालन गर्न पूँजिगत अनुदान दिने कार्यलाई सरल, व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न यो कार्यविधि बनाईएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "होमस्टेमा पर्यटन पूर्वाधार विकास गर्न पूँजिगत अनुदान सम्बन्धी कार्यविधि, २०७५ रहेको छ।

(२) यो कार्यविधि गण्डकी प्रदेशभर लागु हुनेछ।

(३) यो कार्यविधि प्रदेश सरकारले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "होमस्टे" भन्नाले पर्यटकलाई आवास, खाना, र अन्य सेवा प्रदान गर्ने उद्देश्यले सामुहिक रुपमा सञ्चालन गरीएको सामुदायिक घरवास सेवा सम्झनुपर्छ।

(ख) "होमस्टे पर्यटन विकास" भन्नाले होमस्टे क्षेत्र भित्र रहेका प्राकृतिक सांस्कृतिक, पुरातात्विक महत्वका मौलिक स्रोतहरुको संरक्षण, प्रवर्धन र दिगोउपयोग गर्दै सो मार्फत ग्रामिण पर्यटन विकास र स्थानीय समुदायहरुको आय आर्जनमा वृद्धि र जीविकोपार्जनमा सुधार गर्ने कार्यलाई सम्झिनु पर्नेछ।

(ग) "पुर्वाधार" भन्नाले होमस्ट सञ्चालन तथा प्रबर्द्धनसंग सम्बन्धित पर्यटक सूचना केन्द्र सामुदायिक भवन, बहुउद्देश्यीय भवन, सार्वजानिक सभागृह, प्रदशनी स्थल, हस्तकला केन्द्र, कोसेली घर, सौगात गृह, सांस्कृतिक संग्रहालय, सार्वजानिक पुस्तकालय, पार्क/उद्यान, भ्यूटावर, प्रवेशद्वार, पदमार्ग, ढुङ्गेमार्ग, फाहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, स्वच्छ खानेपानीको प्रबन्ध, ढल व्यवस्थापन, इन्टरनेट वा टेलिफोन वा विद्युत सुबिधा सम्झनुपर्छ। र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार समेतलाई जनाउँछ।

(घ) "कार्यविधि" भन्नाले घरवास (होमस्टे) सञ्चालन कार्यविधि, २०७५ लाई सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय सम्झनुपर्छ।

(च) "स्थानीय तह" भन्नाले होमस्टे सञ्चालन हुने महानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

(छ) "निर्माण" भन्नाले पूर्वाधार निर्माण, विकास, विस्तार, पुनर्स्थापना गर्ने जस्ता कार्य सम्झनुपर्छ।

(ज) "परियोजना" भन्नाले होमस्टे भएको समुदायमा पूर्वाधार निर्माण वा सञ्चालन गर्न यस कार्यविधि बमोजिम कार्यान्वयन गरीने योजना सम्झनुपर्छ।

**३. प्रस्ताव आव्हान गर्ने**

(१) कार्यविधि स्वीकृत भएपछि होमस्टेमा पर्यटन पूर्वाधार विकास गर्न पूँजिगत अनुदान दिने कार्यक्रमका लागि विनियोजित रकमको परिधिभित्र रहि परियोजना प्रस्तावको सार्वजानिक रुपमा सूचना प्रकाशन गरी आब्हान गरीनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना नेपाली भाषामा राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशन गरीनेछ । मन्त्रालयको वेबसाईटमा समेत राखिनेछ ।

(३) प्रस्ताव आब्हान गर्दा कम्तीमा ३० दिनको म्याद दिईनेछ ।

(४) यस्तो प्रस्ताब आब्हान एक आर्थिक वर्षमा बढीमा दुई पटकसम्म गर्न सकिनेछ ।

(५) प्रस्ताव आब्हानको सूचना अनुसूची १ बमोजिम हुनेछ ।

**४. प्रस्ताव पेश गर्ने**

(१) सामुदायिक होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिले परियोजनाको प्रस्ताव पेश गर्न सक्नेछन् । यसका लागि स्थानीय तहको सिफारिस समेत संलग्न राखी मन्त्रालय समक्ष सिधै वा हुलाक/कुरिअर मार्फत पेश गर्न सकिनेछ ।

(२) परियोजना प्रस्तावको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**५. प्रस्ताव मूल्यांकन गर्ने**

(१) मन्त्रालयले प्राप्त हुन आएका परियोजना प्रस्तावहरुको मूल्याङ्कनको लागि देहाय बमोजिमको एक समिति गठन गर्नेछ ।

(क) मन्त्रालयको पर्यटन हेर्ने महाशाखा प्रमुख – संयोजक

(ख) आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत प्रतिनिधि – सदस्य

(ग) भौतिक पूर्वाधार मन्त्रालयको अधिकृत प्रतिनिधि – सदस्य

(घ) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अधिकृत – सदस्य

(ङ) होमस्टे महासंघ गण्डकी प्रदेशको अध्यक्ष – सदस्य

(च) मन्त्रालयले तोकेको पर्यटन सम्बन्धि विज्ञ एक जना – सदस्य

(छ) मन्त्रालयको पर्यटन हेर्ने शाखा प्रमुख – सदस्य सचिव

(२) मन्त्रालयले सार्वजानिक सूचना आब्हान गरे बमोजिम प्राप्त हुन आएका सबै प्रस्तावहरु मूल्याङ्कन समितिमा पठाउनेछ ।

(३) प्रस्ताव मूल्याङ्कनको अंकभार अनुसूची–३ को परियोजना प्रस्ताव मूल्याङ्कनको आधार तथा अंकभारम आवश्यकता र औचित्यका आधारमा मन्त्रिस्तरीय निर्णयबाट हेरफेर गर्न सकिने ।

(४) प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको १५ दिनभित्र समितिले प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण गर्नेछ।

(५) उपदफा (४) बमोजिम समितिले प्रस्तावहरुको मूल्यांकन तथा विश्लेषण गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

**६. प्रस्तावको स्वीकृति**

(१) मूल्याङ्कन समितिले मूल्याङ्कन गरी पेश गरेका परियोजना प्रस्तावहरु मन्त्रालयले १५ दिनभित्र अन्तिम छनौट गरी स्वीकृत गर्नेछ ।

(२) माग भएका प्रस्तावहरु मूल्याङ्कन गर्दा न्यूनतम अंक हाँसिल भएका प्रस्तावहरु भएसम्म प्रत्येक स्थानीय तहमा कम्तिमा एउटा परियोजना पर्ने गरी आयोजना छनौट गरीनेछ ।

(३) उपदफा (१) बमोजिम स्वीकृत भएका परियोजनाको जानकारी प्रस्ताव पेश गर्ने होमस्टे समितिलाई ७ दिन भित्र दिईनेछ ।

(४) उपदफा (१) बमोजिम स्वीकृत भएका परियोजनाको सूची मन्त्रालयले वेबसाइट मार्फत पनि सार्वजानिक गर्नेछ ।

**७. परियोजना कार्यान्वयन सम्बन्धी सम्झौता**

(१) स्वीकृत परियोजनाहरुको कार्यान्वयनको लागि प्रस्ताव पेश गर्ने सामुदायिक होमस्टे व्यवस्थापन तथा संचालक समितिसंग मन्त्रालय वा तोकिएको कार्यालयले जानकारी दिएको ७ दिनभित्र सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अन्य कुराको अतिरिक्त परियोजना कार्यान्वयन अवधि र मन्त्रालयबाट स्वीकृत शर्तहरु सम्झौतामा समावेश गर्न सकिने व्यवस्था रहेकाले अनुदानको अधिकतम उपयोग एवं परिचालन हुने गरी शर्तहरु उल्लेख गरीनेछ ।

(३) परियोजना स्वीकृती र सम्झौता पश्चात परियोजना सञ्चालनको लागि तोकिएको रकमको ४० प्रतिशत सम्बन्धित संस्थाको खातामा उपलब्ध गराईनेछ ।

(४) रकम निकाशा दिँदा परियोजनाको कार्यप्रगति, औचित्यता एवं स्रोत परिचालनको सुनिश्चितालाई मध्यनजर राखी ३ किस्तामा अनुदान उपलब्ध गराईनेछ ।

(५) होमस्टेमा पूर्वाधार विकास सम्बन्धि अनुदान प्राप्त गर्नका लागि होमस्टे व्यवस्थापन समितिले प्रस्ताव गएका पर्यटन पूर्वाधारको लागतको कम्तीमा १० प्रतिशत बजेट सम्बन्धित स्थानीय तहले छुट्टाएको वा व्यवस्था गरेको सिफारिस पत्र समावेश गर्नुपर्नेछ ।

**८. कार्यक्रम सञ्चालन**

(१) परियोजना प्रस्ताव स्वीकृत भै सम्झौता गरेको १५b दिनभित्र होमस्टे समितिले कार्य सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रमसञ्चालन भएको जानकारी स्थानीय तह र मन्त्रालयलाई दिनुपर्नेछ ।

(३) होमस्टे समितिले सम्झौतामा उल्लेखित अवधिभित्र कार्य सम्पन्न गरी पेस्की फर्च्यौट सहित अन्तिम किस्ताको भुक्तानी माग गर्नुपर्नेछ ।

(४) कुनै समितिले प्रस्तावमा उल्लेखित अवधिभित्र कार्य सम्पन्न गर्न नसक्ने भएमा मनासिव कारण खुलाई मन्त्रालय समक्ष म्याद थप गर्न निवेदन दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेकोमा कारण मनासिव देखिएमा मन्त्रालयले एक महिनामा नबढाई म्याद थप गर्न सकिनेछ ।

(६) कार्यक्रम अनुगमन मन्त्रालय आफै वा मन्त्रालयका जिल्लास्थित निकायहरुबाट गराउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम अनुगमनको बेला दिएको निर्देशन पालना गर्ने जिम्मेवारी होमस्टे समितिको हुनेछ ।

(८) सम्झौता बमोजिमको कार्य सम्पन्न भएपछि सम्बन्धित स्थानीय तहले होमस्टेमा सञ्चालन भएको पर्यटन पूर्वाधार विकास क्रियाकलापको विल भरपाई, कार्य सम्पन्न प्रतिवेदन सिफारिस सहितको कागजात पेश भएपछि किस्ता भुक्तानी वा अन्तिम फछ्यौंट गरीनेछ ।

(९) प्रस्तावमा उल्लेखित समयमा कार्य सम्पादन नगरेमा वा रकमको दुरुपयोग गरेमा त्यस्ता समितिको बैंक खाता रोक्का गरी सम्पन्न भएका कार्यहरुको मात्र भुक्तानी र फरफारक गरी बाँकी अवधि तथा कार्यक लागि सम्झौता रद्द गरीनेछ ।

**९. परियोजना सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन**

(१) परियोजनाको सुपरिवेक्षण मन्त्रालयका जिल्लास्थित निकायका प्रमुख वा मन्त्रालयले तोकेको अधिकारी, सम्बन्धित स्थानीय तहको प्रतिनिधि र होमस्टे महासंघ गण्डकी प्रदेशको प्रतिनिधिबाट हुनेछ ।

(२) सुपरीवेक्षणका लागि अनुसूची–४ बमोजिमको फारम प्रयोग गरीनेछ ।

(३) परीयोजनाको अनुगमन तथा मूल्याङ्कन मन्त्रालयले अनुगमन तथा मूल्याङ्कन गर्न बनाएको कार्यदल वा मन्त्रालयले तोकेको अधिकारीबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिम गरीने अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेश गरीनेछ ।

(५) उपदफा (४) बमोजिम बुझाउने प्रतिवेदनको ढाँचा अनुसूची –५ बमोजिमको हुनेछ ।

**१०. बाधा अड्काउ फुकाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयन कुनै बाधा उत्पन्न भएमा मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**११. संशोधन तथा हेरफेर** : प्रदेश सरकारले यस कार्यविधिमा आवश्यकताअनुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

**अनुसुची –१**

**परियोजना प्रस्ताव आब्हानको सद्रचना**

(दफा ३ को उपदफा (५) संग सम्बन्धित)

(प्रथम पटक सूचना प्रकाशित मिति २०७...... /......../...........)

गण्डकी प्रदेश, प्रदेश सरकारको आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार होमस्टेमा पर्यटन पूर्वाधार विकास गर्न पूँजीगत अनदान दिने कार्यक्रम रहेकाले प्रदेश सरकारबाट जारी होमस्टे (घरबास) सञ्चालन कार्यविधि, २०७५ बमोजिम सञ्चालन र व्यवस्थापन भै रहेका घरबास समितिहरुको जानकारीको लागि होमस्टेमा पर्यटन पूर्वाधार विकास गर्न पूँजीगत अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यो सूचना प्रकाशित गरीएको छ । गण्डकी प्रदेश भित्रका पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले सामुहिक रुपमा सञ्चालन गरीएको सामुदायिक घरबास, खान र अन्य सेवा प्रदान गर्ने उद्देश्यले सामुहिक रुपमा सञ्चालन गरीएको सामुदायिक घरवास सञ्चालन भएका स्थानमा होमस्टे सञ्चालनसंग सम्बन्धित पर्यटक सूचना केन्द्र, सामुदायिक भवन, बहुउद्देश्यीय भवन, सार्वजानिक पुस्तकालय, पार्क/उद्यान, भ्यूटावर, प्रवेशद्वार, पदमार्ग, ढुंगे मार्ग फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, स्वच्छ खानेपानीको प्रबन्ध, ढल व्यवस्थापन, इन्टरनेट वा टेलिफोन वा विद्युत सुविधा वा यस्तै प्रकृतिका अन्य पूर्वाधार निर्माण, विकास, विस्तार, पुनस्थापना गर्ने जस्ता परियोजनाका साथै स्थानीय कला, संस्कृति, भाषा, गीत, संगित, नृतृत्य, भेषभुषा, मौलिक भोजन लगायत यस्तै सांस्कृतिक, पुरातात्विक, प्राकृतिक, पर्यावरणीय महत्वका विषयहरको संरक्षण, प्रवर्द्धन र दिगोउपयोगमार्फत पर्यटन विकास तथा स्थानीय समुदायहरुको आयआर्जनमा वृद्धि गर्न इच्छुक भई दर्ता भएका सामुदायिक घर बास सञ्चालन व्यवस्थापन समितिहरको देहाय बमोजिमकाा कागजातहरु सहित प्रस्ताव आब्हान गरीन्छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र निर्दिष्ट ढाँचामा प्रस्ताव पेश गरी सक्नुपर्नेछ ।

प्रस्तावको ढांचा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वेबसाइट http://moitfe.gandaki.gov.np मा उपलब्ध होमस्टेमा पर्यटन पूर्वाधार विकास गर्न पूँजगित अनुदान सम्बन्धि कार्यविधि, २०७५ को अनुसूची २ मा राखिएको छ । प्रस्तावको ढाँचा कार्यालय समयभित्र मन्त्रालयबाट समेत प्राप्त गर्न सकिनेछ । परियोजना प्रस्तावको ढाँचामा उल्लेखित सम्पूर्ण विवरणका साथै (क) होमस्टे सञ्चालनको दर्ता/नवीकरण गरीएको प्रमाणपत्रको

प्रतिलिपी, (ख) परियोजनाको लागि स्थानीय तहको सिफारिस, (ग) परियोजनाको लागि अन्य साझेदार संस्था भए सो सम्बन्धि विवरण र (घ) परियोजना सञ्चालन गर्ने सामुहिक प्रतिवद्धताको निर्णय प्रति संलग्न गर्नुपर्नेछ।

परीयोजना प्रस्तावको मूल्याङ्कन, विश्लेषण तथा छनौट सम्बन्धी विस्तृत विवरण होमस्टेमा पर्यटन पूर्वाधार विकास गर्न पूँजीगत अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ।

प्रस्ताव बुझाउने ठेगाना
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल
फोन नं.: ०६१-४६७६५४/४६७६७०
इमेल :info@moitfe.gandaki.gpv.np / moitfe4@gmail.com
वेवसाईट : http://moitfe.gandaki.gov,np

**अनुसुची –२**
**परियोजना प्रस्तावको ढाँचा**
(दफा ४ को उपदफा (२) संग सम्बन्धित)

**भाग १ : संस्थागत विवरण**

(क) नाम :
(ख) ठेगाना :
टेलिफोन : इमेल :
(ग) दर्ता भएको स्थान, नीति र दर्ता नं. :
(घ) नवीकरण मिति :
(ङ) सम्पर्क व्यक्तिको नाम : पद :
टेलिफोन : इमेल :

**भाग २ : परियोजनाको संक्षिप्त विवरण**

(क) परियोजनाको नाम :
(ख) परियोजना सञ्चालन हुने स्थान :
(ग) परियोजनाको जम्मा बजेट :
(घ) माग गरीएको रकम :
(ङ) अन्य साझेदार भए साझेदारको नाम र ठेगाना :
(च) साझेदार लगानी रकम :
(छ) परियोजनाको अवधि :
(ज) परियोजनाको उद्देश्यहरु :
(झ) प्रस्तावित मुख्य क्रियाकलापहरु र परिणाम :
(ञ) परियोजनाबाट प्राप्त हुने अपेक्षित उपलब्धि :

## भाग ३ : परियोजनाको विस्तृत विवरण

(ट) कार्ययोजना :

| क्र.सं. | क्रियाकलापत्र | समय (हप्ता वा महिना ) | | | | | जिम्मेवार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(ठ) संस्थागत विवरण (कर्मचारी, साधन, श्रोत, कार्यालय आदि) :

(ड) बैंकको नाम र खात नम्बर :

(ढ) प्रस्तावित परियोजनाको बजेट :

| क्र.सं. | विवरण | परिणाम | दर | जम्मा रकम | संस्थाको योगदान | माग गरीएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

संस्था वा समितिको योगदान जम्मा माग गरीएको बजेटको कम्तीमा २० % हुनुपर्नेछ ।

### अनुसूची–३
### परियोजना प्रस्ताव मद्रल्याङ्कनको अंकभार
(दफा ५को उपदफा (३) संग सम्बन्धित्)

स्थानीय तहबाट सिफारिस नभएको परियोजना मूल्याङ्कन प्रक्रियामा समावेश गरीने छैन । परियोजनासंग सम्बन्धित कागजातको प्रतिलिपी संलगन गरेको हुनुपर्नेछ । परियोजना प्रस्तावको अंकभार देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | आधार | अंकभार |
|---|---|---|
| १. | **लागत सहभागिता**<br>कुल परियोजना लागतको ३०–५० प्रतिशत भएमा<br>१०–३० प्रतिशत भएमा<br>समुदाय तथा स्थानीय तहबाट लागत सहभागिता भएमा थप | ५०<br>४०<br>३५<br>१० |
| २. | कार्य अनुभव<br>पुरानो होमस्टे<br>नयाँ होमस्टे | १०<br>१०<br>८ |
| ३. | **व्यवस्थापकिय क्षमता**<br>नियमित बैठक गरेको<br>नियमित लेखापरिक्षण गरेको | १०<br>५<br>५ |
| ४. | **समावेशिता/समतामूलक**<br>व्यवस्थापन समितिमा महिला सहभागिता ३३ प्रतिशत भन्दा बढी भएमा<br>३३ प्रतिशत भन्दा कम भएमा | १०<br>१०<br>८ |
| ५. | **वातावरणमैत्री**<br>सरसफाई<br>बृक्षारोपण | १०<br>५<br>५ |

- परियोजना छनौट गर्दा न्यूनतम ५० अंक प्राप्त गरेको हुनुपर्नेछ ।
- मन्त्रालयले दिने रकम प्रति परियोजना सामान्यतयाः रु. ५ लाख देखि १५ लाखसम्म हुनेछ ।
- परियोजना साधारणतयाः ४ देखि ६ महिनासम्म वा अधिकतम ८ महिनाभित्र सम्पन्न गर्न सकिने प्रकृतिको हुनुपर्नेछ ।

**अनुसुची–४**

**परियोजना सुपरीवेक्षण फारम**

(दफा ९ को उपदफा (२) संग सम्बन्धित्)

(क) परियोजनाको नामः

(ख) कार्यान्वयन गर्ने संस्था/समितिः

(ग) परियोजना स्थलः

(घ) कुल बजेट :

समितिको योगदानः मन्त्रालयबाट प्राप्त रकमः अन्य संस्थाबाट प्राप्त

(ङ) बजेट उपलब्ध गरीएको मिति :

प्रथम किस्ता : दोश्रो किस्ता : तेस्रो किस्ता :

(च) परियोजना शुरु हुने मिति : सम्पन्न मितिः

(छ) परियोजना क्रियाकलाप र प्रगति सम्बन्धि तालिका :

(ज) परियोजना कार्यान्वयनका क्रममा देखिएका समस्या, समाधानका विकल्प र गरीएका प्रयासहरुः

(झ) सुझावहरु :

(ञ) परियोजना कार्यान्वयन गर्ने संस्था/समितिको भनाईः

(ट) सुपरिवेषकको:

नाम : हस्ताक्षर :

पद : मिति :

**अनुसुचि–५**

**अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको ढाँचा**

(दफा ९ को उपदफा (५) संग सम्बन्धित्)

(क) परियोजनाको नाम :

(ख) कार्यान्वयन गर्ने संस्था/समितिः

(ग) परियोजना स्थल :

(घ) कुल बजेट

समितिको योगदानः मन्त्रालयबाट प्राप्त रकम : अन्य संस्थाबाट प्राप्तः

(ङ) परियोजना शुरु मितिः सम्पन्न मिति :

(च) समस्या र समाधानका उपायहरु :

परियोजना कार्यान्वयनको क्रममा :

परियोजना सम्पन्न भएपछि देखिएका :

(छ) प्रमुख उपलब्धीहरु :

(ज) सुझावहरु :

सबल पक्षहरु :

सुधारगर्नुपर्ने पक्षहरु :

चुनौतिहरु :

सम्भावनाहरु :

(ट) अनुगमन तथा मूल्याङ्कनकर्ता :

| | |
|---|---|
| नाम : | हस्ताक्षर : |
| पद : | मिति : |

# कोशेलीघर स्थापना तथा सञ्चालनकार्यविधि–२०७६

**प्रस्तावना**

सार्वजानिक, नीजी, सहकारी र विभिन्न संघ संस्थाको सहकार्यमा लघु, घरेलु, तथा साना उद्यमीलाई कच्च पदार्थ सहज रुपमा उपलब्ध गराई त्यस्ता उद्यमीले उत्पादन गरेका वस्तुको खरिद, विक्रि तथा बजारिकरणमा सहयोग पुऱ्याई अघु घरेलु तथा साना उद्यमीको उत्थान गर्नको लागि उपयुक्त स्थानमा कोशेलीघर स्थापना तथा सञ्चालन गर्न बाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -एक : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम"कोशेली घर स्थापना सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कोष" भन्नाले दफा ३८ बमोजिमको कोशेली घर सञ्चालन तथा सहयोग कोष सम्झनुपर्छ ।

(ख) "कोशेली घर"भन्नाले उद्यमीहरुबाट उत्पादित वस्तुहरु संकलन गरी बिक्रि गर्ने तथा उद्यमी हरुलाई आवश्यक पर्ने कच्चा पदार्थहरु, मेशिन औजारहरु आपूर्ति गर्ने स्थानलाई जनाउँछ ।

(ग) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

(घ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनुपर्छ ।

(ङ) "कार्यालय" भन्नाले भन्त्रालय अन्तगर्तका घरेलु तथा साना उद्योग कार्यालय सम्झनुपर्छ र सो शब्दले घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयलार्य समेत जनाउँछ ।

(च) "समिति" भन्नाले दफा ३६ बमोजिम गठित कोशेली घर व्यवस्थापन तथा सञ्चालन समिति सम्झनुपर्छ ।

(छ) "उद्यमी"भन्नाले लघु, घरेलु तथा साना उद्यमी सम्झनुपर्छ ।

(ज) "उत्पादित वस्तु" भन्नाले उद्यमीबाट नेपालमा उत्पादन गरेका वस्तु,(कृषि उपज(तरकारीबाहेक) र सो लाई चाहिने आवश्यक कच्चा पदार्थ र बीउ बिजन समेतलाई सम्झनुपर्छ ।

(झ) "विक्रेता" भन्नाले कोशेली घरको वस्तु तथा सामान विक्री गर्न समितिले नियुक्त गरेको व्यक्ति सम्झनुपर्छ ।

(ञ) "निजी क्षेत्रका संघ संस्था" भन्नाले नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल घरेलु उद्योग महासंघ, राष्ट्रिय लघु उद्यमी महासंघ नेपाल, व्यापार संघ वा यस्तै प्रकृतिका अन्य संघसस्था र तिनका प्रदेश, जिल्ला र स्थानीय तह स्थित संघ संस्थालाई सम्झनुपर्छ ।

(ट) "बजार प्रवर्द्धन पूँजी" भन्नाले कुनै सरकारी वा अर्धसरकारी वा नीजि क्षेत्रका संगठित संघ संस्थालाई मन्त्रालयबाट दिईने पूँजिगत अनुदान रकम सम्झनुपर्दछ ।

**३. कार्यक्रम सञ्चालनको उद्देश्य**

कोशेलीघर स्थापना तथा सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) प्रदेशभित्र रहेका उद्यमीबाट उत्पादित वस्तु खरिद तथा बिक्री वितरण गरी उद्यमीको

जवनस्तरमा सुधार ल्याउने ।

(ख) उद्यमीलाई आवश्यक पर्ने कच्चा पदार्थ र मेसिन उपकरण सहज र सुलभ रुपमा उपलब्ध गराउन सहजिकरण गर्ने ।

(ग) स्थानीय सीप, स्रोत र साधनको परिचालन गरी रोजगारी र आयआर्जनमा टेवा पुऱ्याउने ।

(घ) स्वदेशी तथा विदेशी पर्यटकलार्य स्थानीय उत्पादनहरु सुलभ तरिकाले उपलब्ध गराउने ।

**४. लाभान्वित तथा लक्षित वर्ग**

(क) उद्यमीहरु,

(ख) लघु उद्यमीद्वारा उत्पादित वस्तु वा उपभोक्ता व्यापारी र व्यवसायीहरु,

(ग) स्वदेशी तथा विदेशी पर्यटहरु ।

## परिच्छेद–दुई : कोशेलीघर छनौट विधि

**५. कार्यक्रम सञ्चालन**

(१) यो कार्यक्रम मन्त्रालय वा मातहतका कार्यालय मार्फत सञ्चालन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै कारणले मन्त्रालय वा मातहतका निकायबाट कार्यक्रम सञ्चालन गर्न नसकिने भएमा कोशेलीघरले सम्बन्धित स्थानीय तहको समन्वयमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**६. प्रस्ताव माग गर्ने**

यस कार्यविधि अनुसार कोशेली घर सञ्चालन गर्न सहयोग पुऱ्याउन निम्न अनुसारको प्रक्रिया पूरा गरी उपलब्ध गराउने ।

(क) यस कार्यविधि अनुसार कोशेली घर सञ्चालन गर्न सहयोग पुऱ्याउन अनुदान दिने उद्देश्यले मन्त्रालयले कम्तीमा १५ दिनको म्याद दिई राष्ट्रिय पत्रिकामार्फत प्रस्ताव आव्हान गरी सूचना प्रकाशन गर्नुपर्नेछ ।
साथै उक्त सूचना मन्त्रालयको वेवसाईट र स्थानीय तहको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(ख) सूचना प्रकाशन भएपछि दफा ७ बमोजिम योग्यता भएका उद्यमीहरु वा सहकारी संस्थाले अनुसूची – १ बमोजिम निवेदनको साथमा अनुसूची–२ बमोजिम भरिएको प्रस्ताव पेश गर्न सक्नेछन् ।

**७. आवेदन दिन आवश्यक योग्यता**

(क) उद्यमीद्धारा उत्पादित वस्तुको निरन्तर उत्पादन तथा विक्री वितरणमा संलग्न रहेको ।

(ख) लघुउद्यम सञ्चालन भएका सम्भाव्य क्षेत्रहरु (Potential Area) हुनुपर्नेछ ।

(ग) भेगीय सन्तुलन कायम हुने  गरी प्रस्ताव गरेको हुनुपर्नेछ ।

(घ) कम्तिमा ४०% संस्थागत साझेदारी हुनुपर्नेछ ।

(ङ) पूँजीगत सहयोगका लागि रकम माग भएको हुनपर्नेछ ।

(च) मुख्य बजार क्षेत्र हुनुपर्ने छ ।

(छ) लघुउद्यमीको क्षेत्रमा क्रियाशील रहेका छाता संगठनमा आवद्ध भएको हुनुपर्नेछ ।

**८. प्रस्ताव मूल्याङ्कन समिति गठनको व्यवस्था**

(१) अनुदानको लागि पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन र छनौटका लागि देहायबमोजिम प्रश्ताव मूल्याङ्कन समिति गठन गरीनेछ ।

क) उद्योग वन तथा वातावरण मन्त्रालयका औद्योगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा, महाशाखा प्रमुख - संयोजक

ख) पर्यटन शाखा प्रमुख -सदस्य

ग) लेखा अधिकृत -सदस्य

घ) औद्योगिक शाखा हेर्ने अधिकृत -सदस्य सचिव

(२) छनौट समितिले बैठकमा आवश्यकता अनुसार विज्ञ बोलाउन सक्नेछ।

(३) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ।

(४) बैठकमा आवश्यकताअनुसार बढिमा २ जना विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) कोशेलीघर सञ्चालन हुने क्षेत्रको स्थानीय तहसँग आवश्यकता बमोजिम समन्वय र सहजीकरणको काम समितिले गर्नेछ।

**९. प्रस्ताव मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार**

प्रस्ताव मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) दफा ६ बमोजिम माग गरीएको प्राप्त प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव स्वीकृत गर्ने।

(ख) छनौट भएको कोशेलीघरलाई दिइने अनुदान रकम स्वीकृत गर्ने।

(ग) कोशेलीघर व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने।

(घ) अनुदान रकमको प्रयोगको अवस्था अनुगमन गरी दुरुपयोग रोक्न निर्देशन दिने।

(ङ) मूल्याङ्कन बमोजिम योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधिभित्र कति वटा ठाउँमा उपलब्ध गराउन सकिन्छ, सो को यकिन गरी स्वीकृति/सिफारिस गर्ने।

(६) कोशेलीघर सञ्चालनको लागि सहयोग रकमको किस्ता निकासा गर्न स्विकृति दिने।

(७) कोशेलीघर सञ्चालनको अनुगमन गर्ने।

(८) अनुदान रकमको सदुपयोग नगर्ने उद्यमीलाई कारबाहीका लागि अघि बढाउने।

(९) मूल्याङ्कन सम्बन्धी आवश्यक काम गर्ने।

## परिच्छेद – तीन : कोशेलीघर सञ्चालन प्रक्रिया

**१०. "कोशेली घर सञ्चालन प्रक्रिया"**

कोशेलीघरलाई व्यवस्थित रुपमा सञ्चालन गर्न दफा ३८ बमोजिमको "कोशेली घर व्यवस्थापक समिति" गठन गर्नुपर्नेछ। कोसेलीघर स्थापना र सञ्चालनका लागि देहाय
बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

(क) ग्राहकहरुको बणी आवतजावत हुने ठाउँ।

(ख) उत्पादनको बढी उपयोग हुने क्षेत्र।

(ग) यातायात, सञ्चार, सुरक्षा लगायत भौतिक पूर्वाधार सुविधा भएको।

(घ) मालसामान ढुवानी गर्न सुविधा भएको स्थान।

(ङ) मालसामान भण्डारण गर्न पर्याप्त ठाउँ र सुविधा भएको स्थान :

(च) प्रचलित कानुन अनुसार कोशेली घर खोल्न कुनै बाधा नभएको स्थान।

**११. विक्री योजना तयार गर्ने**

कोशेलीघरको उद्देश्य हाँसिल गर्नका लगि आवधिक रुपमा निश्चित लक्ष सहित वार्षिक, अर्धवार्षिक, तथा मासिक योजना तयार गर्नुपर्नेछ । सामान्यतया विक्री योजना निर्माण कार्यमा व्यवस्थापन समिति, व्यवस्थापक, बिक्रेता र बजार प्रतिनिधिहरुको जिम्मेवारी हुनेछ । आवश्यकताअनुसार यो योजना बनाउनका लगि अन्य सम्बन्धित् व्यक्तिहरुको पनि सहयोग लिन सकिनेछ ।

**१२. कोशेलीघरको सजावट र वातावरण**

कोशेली घरमा सामानहरु प्राप्त भैसकेपछि कोशेली घर संचालकले उक्त सामानहरुलाई सामानको प्रकृतिअनुसार सोकेश अथवा ऱ्याकमा आकर्षक तरिकाले सजाएर राख्नुपर्नेछ । कोशेली घर र यसको वरिपरी सुगन्धीत, आकर्षक र सफा वातावरण कायम राख्नु कोशेली घर संचालकको कर्तव्य हुनेछ ।

**१३. बिक्री गरीने वस्तुहरु**

(१) स्थानीय स्तरमा लघु घरेलु तथा साना उद्यमीद्धारा उत्पादित वस्तुहरु कोशेली घरले स्थानीय दरभाउमा खरिद गर्नुपर्नेछ ।

(२) कोशेली घर सञ्चालन गर्न दफा (१) बमोजिमका वस्तुहरु पर्याप्त नभएमा कोशेली घरले अन्य उत्पादकबाट स्थानीय सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तुहरु समेत खरिद गर्न सक्नेछ ।

(३) कोशेली घरले लघु, घरेलु तथा साना उद्यमीको माग अनुसारका कच्चा पदार्थ तथा औजारहरु सुप मूल्यमा उपलब्ध गराउनुपर्नेछ ।

(४) दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोशेली घरमा मदिरा तथा सुर्तीजन्य पदार्थ खरिद विक्री गर्न पाईने छैन ।

**१४. वस्तु तथा कच्चा पदार्थ खरिद प्रक्रिया**

उद्यमीबाट तयारी बस्तु तथा कच्चा पदार्थ खरिद बिक्री गर्दा कोशेलीघरले देहाय बमोजिमका प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(क) कोशेली घरले बजार माग तथा कोशेली घरको क्षमताका आधारमा वस्तुहरु खरिद गर्नुपर्नेछ । वस्तुखरिद गर्नुभन्दा पहिले आपूर्तिकर्ता उद्यमीसँग वस्तुको गुणस्तर, मात्र, ढुवानी, भुक्तानी प्रक्रिया आदिको बारेमा छलफल गरी कोशेली घरले समझदारी कायम गर्नुपर्नेछ ।

(ख) कोशेली घरले तयारी बस्तु आपूर्ति गर्ने उद्यमीहरुसँग खण्ड (क) बमोजिम सम्झौता गर्नुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको सम्झौतामा बस्तुको गुण्स्तर, भुक्तानी प्रक्रिया, ढुवानी आदि विषयहरु समेत उल्लेख गर्नुपर्नेछ ।

(घ) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि एकपटकमा पाँचहजार सम्मको वस्तु खरिद गर्दा उद्यमीसंग सम्झौता गरीरहन पर्ने छैन ।

**१५. कच्चा पदार्थ खरिद**

कोशेलीघरले कच्चापदार्थको खरिद गर्दा देहायका प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(क) कोशेलीघरले स्थानीय उद्यमीसँगको छलफल र माग संकलन गरी बस्तु उत्पादन गर्न कसको र कति मात्रामा कच्चापदार्थको आवश्यकता पर्ने हो, त्यसको अनुमान र विश्लेषण गर्नुपर्नेछ। जसका लागि उद्यमीहरुसंग आवश्यक छलफल र माग संकलन गर्न सकिनेछ ।

(ख) कोशेलीघर संचालकले उद्यमीसंगको छलफल र मागअनुसार कच्चापदार्थको आवश्यकताको विश्लेषण गर्नुपर्नेछ ।

(ग) व्यवस्थापन समितिले निर्णय गरी प्रचलित नियम अनुसार आवश्यक कच्चापदार्थ खरिद गर्न व्यवस्थापकलाई जिम्मेवारी दिन सक्ने छ ।

(घ) कोशेली घर संचालकले खरिद भएको कच्चा पदार्थको भुक्तानी बैंकमार्फत गर्नुपर्नेछ ।

(ङ) सामान खरिद गरीसकेपछि उक्त सामानको उचित भण्डारण र व्यवस्थापन गर्ने र उद्यमीहरुलाई विक्री गर्ने व्यवस्था मिलाउने दायित्व कोशेलीघर संचालकको हुनेछ ।

**१६. सामाग्रीको कोडिङ तथा इन्भेन्ट्री रेकर्ड व्यवस्थापन देहायका बमोजिम गर्नुपर्नेछ**

(क) कोशेली घरमा उद्यमीबाट वस्तु तथा सामानहरु प्राप्त भैसकेपछि व्यवस्थापकले सामान प्राप्ति नोटभरी लकोडिङ गरी उचित स्थानमा राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(ख) प्राप्त भएको वस्तु तथा सामानको स्टक बुकमा रेकर्ड व्यवस्थित गरी भण्डारण तथा कारोबार पश्चात स्टक बुकमा विवरण दुरुस्त राख्नुपर्दछ ।

**१७. खरिद विक्री रेकर्ड व्यवस्थापन**

कोशेली घर संचालकले दैनिक खरिद विक्री भएका सामानहरुको विवरण सोही दिन खातामा प्रविष्ट, विक्री भएका बस्तुहरुको शिलशिलावद्ध रुपमा बील जारी गरी रेकर्ड व्यवस्थित गर्नुपर्नेछ ।

**१८. मौज्दात अभिलेख**

(क) कोशेलीघर संचालकले मौज्दात अभिलेख दैनिक रुपमा अध्यावधिक गरी संचालक समितिलाई (व्यवस्थापन समितिलाई) साप्ताहिक रुपमा पेश गर्नुपर्नेछ ।

(ख) कोशेलीघर संचालकले खरिद भएका, उपहार प्राप्त भएका, कुहिएका, टुटेफुटका तथा विज्ञापनका लागि दिइएका वस्तुको दैनिक रुपमा अध्यावधिक गर्नुपर्नेछ ।

(ग) कोशेलीघरबाट वस्तुहरु विक्रि गर्दा( First In First Out (FIFO) विधि प्रयोग गर्नुपर्नेछ ।

**१९. न्यूनतम मौज्दात**

(क) कोशेलीघर संचालक समितिले मौसमको अवस्था, सामाग्रीको माग र आपूर्ति, विशेष चाडपर्व तथा सामाग्रीको प्रकृतिअनुसार कम्तीमा एक हप्ताको लागि वस्तुको मौज्दात रहने व्यवस्था मिलाउनुपर्नेछ ।

(ख) कोशेलीघरमा रहने सामानको न्यूनतम मौज्दात व्यवस्थापन समितिले तोक्नेछ भने संचालक समितिले साप्ताहिक रुपमा त्यसको अनुगमन गर्नुपर्नेछ ।

**२०. अनुदान प्रयोग गर्न नपाईने क्षेत्र**

कोशेलीघर संचालक समितिले कोशेलीघरको लागि लिइएको घर/सटरको भाडा तथा अन्य प्रशासनिक कार्य, कर्मचारी तलब, भत्ता, इन्धन आदिमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम खर्च गर्न पाइने छैन ।

**२१. मूल्य निर्धारण**

(क) कोशेली घर व्यवस्थापन समितिले तयारी सामाग्रीको विक्री मूल्य निर्धारण लागत, बजार प्रतिस्पर्धा र माग र आपूर्तिमा आधारित भई गर्नुपर्नेछ ।

(ख) कोशेलीघर संचालकले समय परिस्थिति, बजार अवस्था आदिलाई मध्यनजर गरी व्यवस्थापन समितिले समय समयमा मूल्य पुनरावलोकन गर्न सक्नेछ ।

(ग) कोशेलीघर संचालकले हरेक वस्तुको मूल्य सूची ग्राहकले देख्ने ठाउँमा अनिवार्य रुपमा राख्ने तथा प्रत्येक वस्तुमा ट्याग एवं स्टिकर टाँस्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(घ) कोसेलीघर संचालकले स्थानीय उद्यमीबाट उत्पादित खरिद भएको वस्तुको प्रकृति हेरी बढिमा २ प्रतिशत सम्म मात्र नाफा राखेर विक्री मूल्य तय गर्नुपर्नेछ ।

**२२. नगद व्यवस्थापन**

(क) कोशेली घर संचालकले आवश्यकता परेको बेला तुरुन्त नगद भुक्तानी दिन मिल्ने गरी तरलता व्यवस्थापन गर्नुपर्ने छ ।

(ख) कोशेलीघर संचालकले वस्तु विक्रीबाट आएको नगद रकम यथासक्य नजिकको बैंकमा जम्मा गर्नुपर्नेछ ।

(ग) व्यवकस्थापन समितिले तह विलमा रहने नगदको सीमा तोक्न सक्नेछ । तर एकै दिन १० हजार रुपैयाँ भन्दा बढिको बस्तु विक्रीबाट नगद प्राप्ती भएमा सम्भव भएसम्म सोही दिन नभए भोलिपल्ट बैंकमा जम्मा गर्नुपर्नेछ ।

(घ) खण्ड (क) को प्रतिबन्धात्मक वाक्याशंमा जे लेखिएतापनि एक हप्तासम्म भएको वस्तु विक्रीको कारोबार बाट प्राप्त जे जति भएतापनि सप्तान्तमा अनिवार्य रुपमा बैंकमा जम्मा गर्नुपर्नेछ ।

## २३. सानो नगदी कोष

(क) कोशेलीघर व्यवस्थापन समितिले दैनिक स-साना खर्चको भुक्तानीको लागि रु १०,०००/– (दश हजार मात्र) को सानो नगदी कोषको व्यवस्था गर्न सक्नेछ ।

(ख) नगदी कोषको सञ्चालन कार्यालयको जिम्मेवार व्यक्तिले सञ्चालन गर्नेछ ।

(ग) सानो नगदी कोषबाट समय समयमा भएको खर्चको वील भरपाई दफा ८ बमोजिम गठित उपसमितिका संयोजकले प्रमाणित गर्नुपर्नेछ ।

## २४. नगद उधारो

(क) व्यवसायलाई राम्ररी सञ्चालन गर्न नगदमा कारोबार गर्नुपर्नेछ । तर अवस्था हेरी उद्यमीसँग उधारो विक्री कारोबार भएमा बढिमा एक महिना सम्मा भुक्तानी गर्ने गरी उधारो बिक्री गर्न सकिनेछ ।

(ख) कारोबार रकम नडुब्ने गरी उद्यमी तथा कोशेलीघर संचालकको आपसी सहमतिको आधारमा नगद वा आंशिक भुक्तानी वा उधारोमा खरिद विक्री गर्न सकिनेछ र सहमतीअनुसार क्रमश: सामानको भुक्तानी गर्दै जानुपर्नेछ ।

## २५. आपूर्तिकर्ता भुक्तानी

क) कोशेलीघर संचालकले सामाग्री आपुतिकार्ता व्यवसायीलाई बैंक मार्फत भुक्तानी गर्नुपार्नेर्छ । तर पाँच हजार भन्दा कम रुपैंयाको कारोबारमा नगदबाट भुक्तानी गर्न सक्नेछ ।

## २६. कच्चा पदार्थ तथा मेसिन औजार खरिद बिक्री

क) कोशेलीघर उद्यमीहरुका लागि आवश्यक पर्ने कच्चा पदार्थहरु तथा मेशिन औजारहरु उद्यमीको माग अनुसार उपलब्ध गराउन सक्नेछ ।

ख) उक्त कच्चा पदार्थ तथा मेशिन औजारहरु व्यवस्थापन समितिले निर्णय अनुसार न्यूनतम १० प्रतिशत मुनाफा राखेर उद्यमीलाई उपलव्ध गराउनु पर्नेछ ।

ग) उद्यमीलाई आवश्यक पर्ने कच्चा पर्दाथ तथा मेसिन औजारको विवरण उद्यमीहरुले प्रत्यक्ष सर्म्पक गरी वा अन्य तरिकाले माग गर्न सकिनेछ ।

घ) स्थानीय उत्पादनको माग, बिक्री र कोषको व्यवस्था हेरी कोशेली घरको उत्पादनहरुलाई निश्चित प्रतिशतसम्मको रकम कारोवार कच्चा पर्दाथ र मेशिन औजारहरुको रुपमा उपलव्ध गराउन सक्नेछ ।

**२७. वस्तु वा सेवा फिर्ता, ग्रहाकको गुनासो तथा सुझाव**

क) क्रेताले काशेलीघरको संचालकबाट वस्तुको उत्पादन मिति र गुणस्तर प्रत्याभूत गरी खरिद गर्नुपर्नेछ ।

ख) बिक्री भैसकेको बस्तु वा सेवा गुणस्तरमा फरक पर्न गएमा वा डिफेक्ट रहेको प्रमाणित भएमा ग्रहाकलाई सो वस्तु सेवा फिर्ता गरी अर्को वस्तु दिन सकिनेछ । तर त्यस्तो डिफेक्ट वा तोकिएको गुणस्तर नभएको समान ग्रहाकले खरिद गरेको एक हप्ता भित्र प्रमाण सहित दावी गर्नु पर्नेछ।

ग) ग्राहाकहरुले वस्तु वा सेवाका सम्वन्धमा कुनै किसिमको गुनासो वा सुझव गरेको ग्रहाक प्रति सकारात्मक भई उक्त कुराहरु गरीने र सुन्नुपर्नेछ ।

**२८. कोशेली घर खुल्ने समय**

क) कोशेलि घर शनिवारको दिन बाहेक प्रत्यक दिन बिहान ८:०० बजे देखि बेलुका ७:०० बजे सम्म खुल्ला राख्नुपर्नेछ तर मंसिर, पैष, माघ र फागुन महिनामा बिहान ८:०० देखि बेलुका ५:०० बजे सम्म खुल्ला राख्नुपर्नेछ ।

ख) आवश्यकता अनुसार अन्य समयमा पनि खोल्न सकिने व्यवस्था व्यवस्थापन समितिले मिलाउनुपर्नेछ ।

**२९. बिक्री प्रबद्धन**

क) कोशेली घरका संचालकले परामर्श समिति, संचालक सदस्य तथा व्यवस्थापन समितिको सल्लाह सुझाव, समन्वय र सहयोगमा स्थानीय उत्पादन तथा बिक्र बढाउन उपयुक्त रणनीतिहरु बनाउनु पर्नेछ ।

ख) कोशेलीघरको संचालकले स्थानीय सरकार, उद्योग वाणिज्य संघ, उद्यमी समूह, घरेलु कार्यालय तथा अन्य सहयोगी संस्थाहरुको समन्वय र सहकार्यमा उपयुक्त समय पारी स्थानीय उत्पादनको प्रबर्द्धनको लागि प्रदर्शन आयोजना वा सहभागी हुनुपर्नेछ ।

ग) कोशेली घरको संचालकले ग्रहाकको रुचि र आवश्यकता लाई ध्यानमा राख्दै बजार प्रबर्द्धनका विभिन्न गतिविधिहरु सञ्चालन गर्नुपर्ने ।

घ) बिक्री गरीने वस्तुको प्रबर्द्धनको लागि लेबलिङ, प्याकेजिङ गरीएका सामानहरु कोशेली घरको लोगो अनिवार्य राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ङ) यस कोसेली घरमा विक्रीका लागी राखिएका सामानहरको बजार प्रबद्धनका लागी ग्राहकसम्म जानकारी दिन तथा वस्तु वा सेवाको फाइदाको बारेमा जानकारी दिन बिभिन्न संचार माध्यमहरु तथा व्यक्तिगत भेट मार्फत विज्ञापन गर्नु पर्नेछ ।

**३०. नाफा वितरण तथा उपयोग**

क) कोशेली घर सञ्चालनबाट प्राप्त खुद नाफा मध्येबाट घर भाडा तथा व्यवस्थापन खर्च सुनिश्चित गरी कोशेली घरको कानुनी प्रावधान अनुसार नाफाको बाँडफाँड गर्नुपर्नेछ ।

ख) नाफा मध्येको केही अंश उद्यमीहरुको व्यवसायिक सीप, विकास, बजार प्रवर्द्धन तथा दिगोपनमा सहयोग पुग्ने क्षेत्रमा उपयोग गरीनेछ ।

**३१. खाता सञ्चालन**

कोशेली घरको दैनिक कारोबारको लागि व्यवस्थापन समितिको नाममा बैंक तथा वित्तीय संस्थामा छुट्टै खाता खोल्नु पर्नेछ । उक्त खाता संचालक समितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ । यस खाता दैनिक कारोबारको भुक्तानी र आम्दानीमा प्रयोग गर्नुपर्नेछ ।

**३२. लेखा व्यवस्थापन**

क) सामान खरिद र बिक्री गर्दा अनिवार्य रुपमा बीलर नगदी उपलब्ध गराउनु पर्नेछ।

ख) सञ्चालन व्यवस्थापनले कोशेली घरको सम्पूर्ण कारोबारको लेखा प्रचलित दोहोरो लेखा प्रणालीमा व्यवस्थित तरिकाले चुस्त दुरुस्त राख्नुपर्नेछ।

ग) प्रत्येक कारोवारको समिति र सम्बन्धित निकायहरुले हेर्न चाहेको अवस्थामा जुनसुकै समय पनि देखाउनु पर्नेछ।

**३३. लेखा परीक्षण**

कोशेलीघर संचालकले कोशेलीघरमा भएको आर्थिक कारोबारको अनुमति प्राप्त (रजिष्टर्ड) लेखा परीक्षकबाट नियमानुसार लेखा परिक्षणको कार्य गराउनु पर्नेछ।

**३४. समन्वय र सहकार्य**

क) जिल्ला तथा स्थानीय स्तरमा लघु तथा साना उद्यम व्यवसाय प्रवर्द्धनका लागि कार्य गरीरहेका संघ संस्था, सहकारी, उद्यमी व्यवसायी, समाजका अगुवा तथा शुभचिन्तकहरुसँग समन्वय र सहकार्य गर्नुपर्नेछ।

ख) बजार केन्द्र स्तरमा उद्यमीहरुको उत्पादन संकलन गर्न आवश्यक भएमा उक्त स्थानमा स्थानीय व्यवसायीको सहयोगमा वस्तु संकलन केन्द्र स्थापना गर्न सकिनेछ। आवश्यकता अनुसार उक्त संकलन केन्द्र व्यवस्थापन उपसमिति गठन गर्नुपर्नेछ।

**३५. दिगोपनको लागि कोषको व्यवस्थापन**

क) कोषको रकम खर्च गर्ने निर्णय तथा स्वीकृति कोशेली घर संचालक समितिले गर्नुपर्नेछ भने मुख्यतया देहाय बमोजिमका क्षेत्रमा उक्त कोषको रकम खर्च गर्नुपर्नेछ।

१. उद्यमीहरुको उद्यमशील क्षमता तथा प्राविधिक सीप विकास गर्न,
२. उद्यमीहरुलाई उद्यम व्यवसाय प्रति प्रेरित गर्ने।
३. बिक्री केन्द्रको स्तरोन्नती तथा दिगोपनका लागि अत्यावश्यक खर्च गर्न,
४. प्रबर्द्धनात्मक क्रियाकलापमा सहभागी तथा आयोजना गर्ने,
५. व्यवस्थापन समितिले निश्चित कार्यविधि बनाई सिर्जनात्मक क्षेत्रमा उक्त कोषको उपयोग गर्न सक्नेछ।

कोशेली घरको दिगो व्यवस्थापनको लागि मन्त्रालयले शर्त सहित केही रकम "हजार प्रवर्द्धन पूँजी" को रुपमा लघु उद्यमी संघ वा अनुमति प्राप्त संस्थालाई अनुदानको रुपमा रकम दिन सक्नेछ।

**३६. कोशेली घर व्यवस्थापन समिति**

कोशेली घरलाई सुचारु तथा व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि देहाय बमोजिमको कोशेली घर व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| उप प्रमुख/उपाध्यक्ष, कोशेलीघर रहने स्थित स्थानीय तह | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत स्थानीय तह | - सदस्य |
| अध्यक्ष/प्रतिनिधि, स्थानीय उद्योग वाणिज्य संघ | - सदस्य |
| अध्यक्ष, जिल्ला लघु उद्यमी समूह संघ, प्रतिनिधि | - सदस्य |

जिल्ला उद्योग प्रवर्द्धन समन्वय समितिले तोकेको जिल्ला स्थित - सदस्य
सरकारी तथा गैह्र सरकारी निकाय मध्येबाट एक महिला सहभागी - सदस्य
स्थानीय तहको उद्योग हेर्ने शाखाको प्रमुख - सदस्य
जिल्ला घरेलु तथा साना उद्योग कार्यालय समिति, प्रतिनिधि (जिल्ला सदरमुकाम) - सदस्य-सचिव

**३७. कोशेलीघर व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

कोशेली घर व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) मन्त्रालय/निर्देशनालय र जिल्ला उद्योग प्रबर्द्धन समन्वय समितिबाट प्राप्त नीति निर्देशन अनुसार कोशेलीघर सञ्चालन गर्ने गराउने ।

ख) कोशेली घर सञ्चालन उपसमितिलाई आवश्यक निर्देशन दिने ।

ग) कोशेली घरको मासिक रुपमा अनुगमन निरीक्षण गरी सुधार गर्नुपर्ने विषयमा कोशेलीघर सञ्चालन समितिलाई निर्देशन दिने र चौमासिक प्रतिवेदन जिल्ला उद्योग प्रवर्द्धन समन्वय समिति र निर्देशनालयमा पठाउने ।

घ) कोशेली घर सञ्चालनका लागि आवश्यक जनशक्ति (कर्मचारी) व्यवस्थान गर्ने ।

ङ) कोशेली घरका लागि आवश्यक पर्ने कच्चा पदार्थ मेशिन उपकरण तथा औद्योगिक उत्पादित वस्तुको खरिद बिक्रीको कार्य विवरण तथा हर हिसाब चुस्त दुरुस्त राख्न कोशेली घर सञ्चालन समितिलाई निर्देशन दिने ।

च) आवश्यक देखिए कोशेली घरलाई भविष्यमा सहकारी संस्थाको रुपमा परिणत गर्न गराउन आवश्यक सहयोग पुऱ्याउने तथा सो अनुसार कार्य विवरण बनाउन कोशेली घर संचालक समितिलाई निर्देशन दिने

छ) कोशेली घर मार्फत जिल्लामा उत्पादन भएका वस्तुको खरिद बिक्री व्यवस्थापनका लागि कोशेली घर सञ्चालन समितिलाई निर्देशन दिने ।

ज) जिल्लामा सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योगलाई चाहिने कच्चा पदार्थ तथा उपकरणहरु कोशेली घर मार्फत उपलब्ध गराउन कोशेली घर सञ्चालन समितिलाई आवश्यक निर्देशन दिने ।

झ) सदरमुकाममा कोशेलीघर सञ्चालनका लागि कुनै सरकारी तथा गैर सरकारी भवन भए निःशुल्क रुपमा प्रयोग गर्न तथा कोशेलीघरको नाउँमा हस्तान्तरण गर्न सम्बन्धित निकायसँग आवश्यक पहल गर्ने ।

ञ) दिगो रुपमा कोशेलीघर सञ्चालनका लागि आवश्यक जग्गा व्यवस्थापन गर्न सदरमुकाम स्थित बजार् क्षेत्रमा सरकारी स्वामित्वमा रहेका जग्गा प्राप्त गर्न र प्राप्ति पछि कोशेली घर निर्माणका लागि आवश्यक पहल गर्ने ।

ट) प्रदेश वा स्वदेशमा उत्पादित वस्तु वा त्यस्ता उद्योगलाई चाहिने मेशिन उपकरण खरिद बिक्रीको आवश्यक व्यवस्था मिलाउनका लागि कोशेलीघर सञ्चालन उप समितिलाई निर्देशन दिने ।

ठ) दिगो रुपमा कोशेलीघर सञ्चालनका लागि घरेलु तथा साना उद्योग कार्यालय, स्थानीय तह तथा अन्य सरकारी निकायहरु र उद्योग वाणिज्य संघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, जिल्ला लघु उद्योग महासंघ, गैर सरकारी संस्था तथा जिल्ला सहकारी संघ आदि निकायहरुको प्रत्यक्ष सहभागिता र सहयोगमा “कोशेली घर सञ्चालन तथा सहयोग कोष” स्थापना गर्ने ।

ड) कोशेली घर सञ्चालनका लागि घर जग्गा मासिक भाडामा लिन नपर्ने गरी सरकारी भवनको खोजी गर्ने । सो व्यवस्था नभईन्जेलसम्म कार्यालय भवनमा नै कार्यालय प्रमुखले आवश्यक व्यवस्था गर्ने ।

ढ) दिगो रुपमा कोशेलीघर सञ्चालनमा लागि चाहिने सरकारी घर जग्गा खोजी गर्ने तथा प्राप्तिका लागि सम्बन्धित निकायमा आवश्यक पहल गर्ने । जग्गा प्राप्त भई सकेपछि कार्यालयबाट कोशेलीघर निर्माणक लागी ल.ई. तयार गरी आगामी आ.व. को बजेटमा प्रस्ताव गर्ने ।

ण) कोशेलीघर सञ्चालनका लागि जिल्ला सदरमुकाम भित्रै सरकारी कार्यालयको स्वामित्वमा रहेका घर जग्गा भए सो प्राप्तीको लागि आवश्यक पहल गर्ने ।

त) कोशेली घरलाई सहकारीमा परिणत गर्नुपर्ने भए विधि विधान तथा शेयर होल्डर तयार गरी सहकारीको रुपमा हस्तान्तरण गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने ।

थ) अनुमति प्राप्त स्थानीय लेखा परिक्षकबाट कोषको लेखा परिक्षण गराई त्यसको प्रतिवेदन कोशेलीघव्यवस्थापक तथा सञ्चालन समिति, जिल्ला उद्योग प्रवर्द्धन समन्वय समिति, निर्देशानालय र मन्त्रालयमा पठाउनुपर्नेछ ।

द) व्यवस्थापन समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

ध) माथिले सुकै लेखिएको भएतापनि पनि यस समितिले आफै कोशेली घर सञ्चालन गर्न सक्ने परिस्थिति नभए दफा ६ बमोजिम गठित समितिको स्वीकृतिमा सार्वजनिक खरिद ऐन, नियमावलीको परिधि भित्र रही कोशेली घर स्थापना वा सञ्चालनका लागि निजि क्षेत्रका संघ संस्था वा नेपाल सरकारबाट स्वीकृत प्राप्त अन्य संघ संस्थाबाट पनि कोशेली घर स्थापना तथा सञ्चालन गर्नमा कुनै बाधा पर्ने छैन ।

**३८. कोशेलीघर सञ्चालन तथा सहयोग कोष**

१) कोशेली घरको एउटा छुट्टै सञ्चालन तथा सहयोगी कोष हुनेछ ।
यस कोषमा देहाय बमोजिमको रकम रहनेछ :

क) मन्त्राय वा निर्देशनालयबाट प्राप्त रकम ।

ख) कार्यालयको बार्षिक कार्यक्रम अनुसार कोशेलीघरको लागि विनियोजित बजेट रकम ।

ग) जिल्ला समन्वय समितिबाट प्राप्त रकम ।

घ) सदरमुकाम लगायत जिल्ला स्थित अन्य स्थानीय तहबाट प्राप्तक रकम ।

ङ) लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन क्षेत्रमा काम गर्ने अन्य सहकारी निकायहरुबाट प्राप्त रकम ।

च) लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन क्षेत्रमा काम गर्ने गैर सरकारी निकायहरुबाट प्राप्त रकम ।

छ) निजी क्षेत्रका संस्थाबाट सो कोषका लागि उपलब्ध गराएको रकम ।

ज) गैर सरकारी संस्थाहरुबाट सो कोषका लागि उपलब्ध गराएको रकम ।

झ) जिल्ला उद्योग प्रवर्द्धन समन्वय समितिको पहल तथा निर्णयबाट यस कोषमा प्राप्त हुने रकम ।

२) अध्यक्ष र समितिले तोकेको व्यक्तिको संयुक्त दस्तखतबाट कोष सञ्चालन हुनेछ ।

**३९. कोशेली घरका लागि मन्त्रालयले अनुदान उपलब्ध गराउने आधारहरु**

क) लघु उद्यम सञ्चालन भएका संभाव्य क्षेत्रहरु potential area हुनुपर्नेछ ।

ख) भेगीय सन्तुलन कायम हुने गरी प्रस्ताव गरेको हुनुपर्नेछ ।

ग) कम्तिमा ४०% संस्थागत साझेदारी हुनुपर्नेछ ।

घ) पूजीगत सहयोगका लागि रकम माग भएको हुनुपर्नेछ ।

ङ) स्थानीय तहको सहभागिता हुनुपर्नेछ ।

च) मुख्य बजार क्षेत्र हुनुपर्नेछ ।

छ) लघु उद्यमीको छाता संगठनमा आवद्ध भएको हुनुपर्नेछ ।

**४०. कोशेली घरको अनुगमन**

कोशेली घर सञ्चालनका कार्यको नियमित तथा सुपरिवेक्षण व्यवस्थापन समितिले गर्नेछ । कोशेली घर व्यवस्थापकले नियमित रुपमा उक्त समितिमा प्रगति प्रतिवेदन पेश गर्नेछ भने समितिले उक्त प्रतिवेदन उपर प्रत्यक्ष अनुगमन गरी पृष्ठपोषण दिने, समन्वय र सहयोग समेत गर्नेछ । मन्त्रालयले समय समयमा कोशेली घरको अनुगमन गर्न सक्नेछ ।

**४१. विविध**

व्यवस्थापन समितिका सदस्यहरुलाई सेवा सुविधा : व्यवस्थापन समितिमा बस्ने सदस्यहरुले आफ्नो समय दिए वापत कोशेली घरको आम्दानीबाट केही रकम संचालक समितिको निर्णय अनुसार उपलब्ध गराउन सक्नेछ तर यस सुविधा कोशेली घरको मुनाफा रकमबाट मात्र उपलब्ध गराउन सकिनेछ ।

**अनुसूची-१**

**लघुउद्यम विकासमा लागि संस्थाले पेश गर्ने निवेदनको ढाँचा**

(दफा ५ सँग सम्बन्धित)

मिति :

श्री सचिवज्यू,
उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा ।

**विषय : कोशेलीघर सञ्चालन सम्बन्धमा ।**

महोदय,

हामी लघु उद्यमहरुबाट गण्डकी प्रदेश ..............................महानगरपालिका/नगरपालिका/गाउँपालिका ..................वडा नं. ..............स्थान..................मा कोशेलीघर सञ्चालनका लागि अनुदान सहयोग पाउँ भनि कोशेलीघर सञ्चालनका लागि लाग्ने मोटामोटी बजेट, बिक्री गर्ने सामानको सामान्य विवरण, सहित यो प्रस्ताव पेश गरेका छौं । हामीले यस कार्यक्रम अन्तर्गत पालना गर्नुपर्ने नीति कार्यविधि बारे जानकार छौं र सोही बमोजिम पालना र कार्यान्वयन गर्न सहमत छौं । निवेदन बमोजिम देहायका कागजातहरु संलग्न छन् ।

निवेदक
संस्थाको
अध्यक्ष तथा प्रतिनिधिको नाम :
दस्तखत :
ठेगाना :
सम्पर्क नं. :
संस्थाको छाप :

**अनुसूची-२**
**प्रस्तावको ढाँचा**
**(दफा ५ सँग सम्बन्धित)**

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

संस्थाको
आवेदनको नाम :
पूर्ण ठेगाना (पत्राचारको लागि) : १. लघु उद्यमी
आवेदक संस्थाको किसिम : कुनै एक मात्रा चिन्ह लगाउने २. लघु उद्यमी संघ
३. साना उद्योग
४. उद्योग वाणिज्य संघ
५. व्यापार संघ
६. अन्य
संस्था दर्ता भएको मिति
स्थायी लेखा नम्बर
संस्थाको मुख्य उद्देश्य
(कोशेली घर) प्रोप्राइटर वा अध्यक्षको नाम :
मोबाइल नं. :
परियोजना स्थल (कार्य क्षेत्र)

प्रस्तावित आयोजनाको कुल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने)

अन्य स्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के-के उद्देश्यका लागि वित्तीय सहयोग प्राप्त छ, खुलाउने

**२. प्रस्तावनाको औचित्य तथा महत्व**

तालिका : कोशेली घरको हालको व्यवसायको अवस्था (सञ्चालनमा भएको भए)

| क्र.सं. | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन खरिद (अनुमानित) बार्षिक कुल |
|---|---|---|---|
| | अनुमानित आम्दानी | रोजगारी सिर्जना | |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| **जम्मा** | | | |

कोशेली घरले लागत साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमको अवधि :...............................................
...............................................................................................................................

**३) कोशेली घरले लागत साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमको अवधि :**

...............................................................................................................................
...............................................................................................................................
...............................................................................................................................

**४) कोशेली घरका मुख्य-मुख्य क्रियाकलापहरु :**

| क.सं. | उत्पादन हुने सामान | | | एकाई | परिमाण | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | हाल | थप | जम्मा | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**५) बार्षिक आम्दानी र खर्च विश्लेषण** : तालिका बनाई आम्दानी र खर्चको विश्लेषण गर्नुहोस् ।
निष्कर्ष : कोशेली घर सञ्चालनबाट बार्षिक रुपमा......................................उत्पादन बिक्री संकलित वस्तुको बिक्रीवितरणबाट बार्षिक रु............................................कुल आम्दानी गरीने योजना बनाइएको छ ।

कोशेली घरको प्रस्तावित योजनाअनुसार बार्षिक...............................................................रुपैयाँ मुनाफा हुने र लाभ लागत अनुपात

**६) लागत साझेदारी**

कोशेली घरको सञ्चालन गर्ने यो परियोजनाको कुल लागत करिब रु. ...................................... अनुमान गरीएको छ जसमध्ये अनुदान उपलब्ध गराउने संस्थाको लागत रु. ......................................... अपेक्षा गरीएको छ जुन कुल लागतको.............. प्रतिशत मात्र हो ।

तालिका : लागत साझेदारीमा सञ्चालन हुने क्रियाकलाप माग गरीएको अनुदान रकमको विवरण

| क.सं. | विवरण बार्षिक खर्च (रु.) | अनुदान उपलब्ध गराउने संस्थाको (रु.) | अनुदानग्राहीको लागत (रु.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

तालिकामा प्रस्तुत भए अनुसार पूँजीगत कार्यक्रमहरु सञ्चालन (स्थिर पूँजी निर्माण र उद्यमीहरुबाट उत्पादित सामान खरिद गर्न मात्र अनुदान रकम माग गरीएको हो । यसरी लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न पाएको खण्डमा यस कोशेली घरले आफ्ना अपेक्षित उपलब्धीहरु हासिल गर्नेछ । बार्षिक.......................... वटा.................उत्पादन एवम् बिक्री वितरण गर्न सकिनेछ गर्नेछ । साथसाथै व्यवसाय सञ्चालन मार्फत बार्षिक रुपमा ...................जनालाई नियमित र ...................जनालाई .................दिनको रोजगारी उपलब्ध गराउने र बार्षिक रु. ..................................रकम मुनाफा लिन सकिने भएको हुँदा लागत साझेदारीमा यो प्रस्ताव अनुसारको कार्यक्रमहरु सञ्चालन गर्न मनासिव देखिन्छ ।

# आन्तरिक पर्यटन वर्ष २०१९, (कार्य योजना)

## १. पृष्ठभूमि

नेपाललाई सन् १९४९ पश्चात् बाह्यपर्यटनका लागि खुल्ला गरीएको हो । फ्रेन्च नागरीक मौरिस हर्जगले ३ जुन, १९५० मा पहिलोपटक अन्नपूर्ण हिमालको आरोहण गरी सुरुवात गरेको गण्डकीको पर्यटन क्षेत्र बर्तमानमा गण्डकी प्रदेशको अर्थतन्त्रको प्रमुख आधारशिला बन्न पुगेको छ। गण्डकी प्रदेशका प्राकृतिक, जैविक, सामाजिक, सांस्कृतिक, साहसिक, ऐतिहासिक र धार्मिक विविधताले यस प्रदेशको पर्यटनमा अहम् भूमिका खेलेका छन् । यहाँ रहेका पर्यटकीय गन्तव्यहरूको विविधिकरण गर्दै नयाँ पर्यटकीयस्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरीबी न्यूनीकरण स्थानीय गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु अहिलेको आवश्यकता हो । नेपाल आउने पर्यटकको ४० देखि ५० प्रतिशत हिस्सा गण्डकी प्रदेशमा आउने कुरा तथ्याङ्कबाट देखिन्छ। बार्षिक रुपमा आन्तरिक र बाह्य गरी करिब १० लाख पर्यटक भित्रिने यो प्रदेशमा पर्यटकको बसाइ अवधि करिब ५ दिन अनुमान गरीएको छ, जहाँ विदेशी पर्यटकले प्रतिदिन ५४ डलर र आन्तरिक पर्यटकले प्रतिदिन रु. ५,००० खर्च गरेको देखिन्छ । यसबाट गण्डकी प्रदेशमा पर्यटनले प्रत्यक्ष, अप्रत्यक्ष गरी कुल रोजगारीको १५ प्रतिशत र कुल ग्राहस्थ उत्पादनको १० प्रतिशत (करिब रु. ३० अर्ब) योगदान पुचाएको देखिन्छ । :सूचना प्रविधि र सञ्चारको क्षेत्रमा भएको अभूतपूर्व विकासको माध्यमबाट प्रदेशमा रहेका सम्पदालाई विश्वसामु प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय पर्यटकलाई आकर्षित गरी "सम्बृद्द नेपाल, सुखी नेपाली" को मर्मलाई आत्मसात गर्दै नेपालीहरुको आय तथा रोजगारीका अवसरहरुमा अभिवृद्धि गरी दिगो शान्तिको स्थापना गर्न र जीवनस्तर सुधार्न सकिने प्रचुर सम्भावना छ। अन्तर्राष्ट्रिय पर्यटन बजार अत्यन्त प्रतिस्पर्धात्मक भएकाले तुलनात्मक लाभका हिसाबले नेपाल अगाडि भएता पनि गुणस्तरीय सेवाको विकास गर्दै पर्यटन उद्योगलाई प्रतिस्पर्धात्मक बनाउन अत्यावश्यक भएकाले नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरी राष्ट्रिय अभियानको रुपमा मनाउने निर्णय गरेको सन्दर्भमा गण्डकी प्रदेश सरकारले सन २०१९ लाई "गण्डकी प्रदेश आन्तरिक पर्यटन बर्ष २०१९" घोषणा गरेको छ । पर्यापर्यटन, ग्रामिण पर्यटन, धार्मिक-साँस्कृतिक पर्यटन, सहसिक पर्यटन जस्ता पर्यटकीय गतिविधिहरुका उल्लेखनीय संभावना बोकेका कारणले गण्डकी प्रदेश देशकै उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा रहेको छ। मुक्तिनाथ मन्दिर, दामोदरकुण्ड, गलेश्वर, विन्दवासिनी, ढोरवराह, मनकामना, केलादीघाट, देवघाट तथा त्रिवेणीधाम जस्ता धार्मिक स्थलहरु यस प्रदेशका प्रमुख धार्मिक पर्यटकीय गन्तव्य हुन् । ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण तथा मनास्लु संरक्षण क्षेत्र, धौलागिरी, अन्नपूर्ण तथा मनास्लु हिमश्रृखंला र सो अन्तर्गत रहेका महत्वपूर्ण हिमालले यो प्रदेशमा थप पर्यटकीय आयाम थपेका छन् । यसै गरी संसारकै अग्लो स्थानमा रहेको तिलिचो ताल, रामसारमा सूचीकृत पोखरा उपत्यकाका ९ गोटा तालको क्लष्टर, भगवान विष्णुको अवतार मानिने शालीग्राम पाइने कालीगण्डकी नदी, संसारकै सबैभन्दा गहिरो कालीगण्डकीको अन्धगल्छी, विशिष्ट साँस्कृतिक र धार्मिक महत्व बोकेका ग्रामिण बस्ती, विश्व प्रसिद्ध अन्नपूर्ण पदमार्ग यस प्रदेशका मुख्य आकर्षणहरु हुन् । यसका अलावा यहार्को मनोरम हावापानी, मौलिक संस्कृति एवं रितिरिवाजले सबैलाई लोभ्याउने गर्दछ । यिनै विशेषता हरुलाई आधार मानेर गण्डकी प्रदेशको सम्बृद्धिको मुख्य आधार र प्राथमिकतामा पर्यटन क्षेत्रलाई तोकेको छ । पर्यटन विकासका लागि पर्यटन व्यवसायिहरुको अहम् भूमिका रहने गर्दछ । होटल तथा रेष्टुराँ व्यवसाय, ट्राभल एजेन्सीहरु, ट्रेकिङ्ग एजेन्सीहरु, ऱ्याफटिङ, होमस्टे, हस्तकला निर्माण गर्ने आदि व्यवसायहरुका साथै अन्य कैयौं प्रकारका उद्योगहरुले पर्यटकहरुका लागि आवश्यक वस्तु तथा सेवाहरु उत्पादन र बिक्रि वितरण गरीरहेका

हुन्छन् । यस्ता पर्यटन व्यवसाय र उद्योगहरु पर्यटन विकासका लागि मेरुदण्ड भएकाले सरकारी तथा निजी क्षेत्रको साझेदारी मार्फत पर्यटनको प्रबर्द्धन र विकासबाट रोजगारी र आयआर्जनमा अभिवृद्धि गर्नुको साथै प्रदेशको सर्वाङ्गिण विकासका लागि वर्ष २०१९ लाई प्रदेशको आन्तरिक पर्यटन वर्ष अभियानको रुपमा घोषणा गरी १५ लाख आन्तरिक पर्यटक भित्र्याउने, ५० प्रतिशत पर्यटक प्रदेशको नयाँ गन्तव्यहरुमा पुग्ने वातावरण तयार गर्ने, पर्यटन उद्योगमा लगानीका अवसरहरु बढाउने तथा आन्तरिक पर्यटनलाई विकास गर्ने उद्देश्य अनुरुप आन्तरिक पर्यटन वर्ष २०१९ को घोषणा गरीएको छ ।

**२. औचित्य**

नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरी राष्ट्रिय अभियानको रुपमा मनाउने निर्णय गरेको छ । सम्वृद्धिको मेरुदण्डको रुपमा रहेको पर्यटन विकासका लागि गण्डकी प्रदेश सरकारले राष्ट्रिय लक्ष्यसँग मेल खाने गरी सन २०१९ लाई गण्डकी प्रदेश आन्तरिक पर्यटन बर्ष २०१९ मनाउन लागेको हो । यस कार्यक्रमले गण्डकी प्रदेशको समग्र पर्यटन विकासमा थप टेवा पुर्याउने, जीविकोपार्जन र आय आर्जनका अवसरहरुको वृद्धि गरी दिगो विकासका लक्ष्य प्राप्तिका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

**३. लक्ष्य, उद्देश्य तथा कार्यनीतिः** गण्डकी प्रदेशको मुख्य विकासको आधार पर्यटन मार्फत रोजगारी, आय आर्जन र समग्रमा प्रदेशको सम्वृद्धिलाई सघाउ पुऱ्याउन १५ लाख आन्तरिक पर्यटकहरु प्रदेशमा भित्राउनु आन्तरिक पर्यटन वर्ष २०१९ को

**प्रमुख परिमाणात्मक लक्ष्यको रुपमा रहेको छ । यस कार्ययोजनाको उद्देश्यहरु यस प्रकार छन् :**

क. पर्यटनसँग सम्बन्धित् निजी क्षेत्र, सरकारी तथा गैरसरकारी क्षेत्रको समन्वय, सहकार्य तथा साझेदारीमा कम्तिमा वर्ष भरिमा १५ लाख आन्तरिक पर्यटकहरु भित्रिने तथा सो मध्ये करिब ५० प्रतिशत पोखरा बाहेकका क्षेत्रमा जाने वातावरण सृजना गर्ने ।

ख. नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान, प्रवर्धन र विकास गर्ने ।

ग. पर्यटनबाट हुने आयआर्जन तथा अन्य लाभलाई गरीव तथा विपन्न वर्गसम्म पुऱ्याउन सहज वातावरण सृजना गर्ने ।

घ. मूर्त र अमूर्त संस्कृतिको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्ने ।

**उपर्युक्त उद्देश्यहरु हाँसिल गर्नका लागि मुख्यतयाः निम्नलिखित कार्यनीति अवलम्वन गरीनेछः**

- प्रशस्त पर्यटकीय सम्भावना भएका स्रोत बजारको खोजी गर्ने,
- पर्यटन बजारीकरण तथा प्रवर्धनात्मक कार्यक्रमहरु नयाँ गन्तव्यहरुमा केन्द्रीत गरेर सञ्चालन गर्ने,
- साहसिक पर्यटन, खेलकुद पर्यटन, धार्मिक-साँस्कृतिक पर्यटन, पर्यापर्यटन र ग्रामिण पर्यटन प्रवर्धनका
- विविध विधामा आवश्यक जनशक्ति तयारीका लागि कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने,
- “अतिथि देवो भव” लाई आत्मसात् गर्दै आतिथ्यता व्यवस्थापनका लागि यातायात व्यवसायी, कर्मचारी, मजदुर तथा होटल व्यवसायसँग सम्वद्ध व्यक्तिहरुलाई अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने,
- पर्यटन प्रवर्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गर्ने गरी मिडियाहरुसँग सहकार्य गरी अगाडि बढ्ने,
- कार्ययोजना कार्यान्वयनका लागि प्रदेशस्तर, जिल्लास्तर र स्थानीय तहमा पर्यटन प्रवर्धन समिति गठन गरी कार्य अगाडि बढाउने,

- प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुमा पर्यटन सूचना केन्द्रहरुको व्यवस्था गर्ने,
- प्रदेशको पर्यटन ब्राण्ड Glorious Gandaki लाई प्रचार प्रसार गर्ने,
- छ वटै प्रदेशका मुख्य शहरहरुसँग पोखराको हवाई सम्पर्क स्थापना गर्ने,
- विद्यमान तथा नयाँ पर्यटकीय क्षेत्रहरुमा संरचना निर्माण तथा क्रियाकलापमा पर्याप्त बजेट विनियोजन गर्ने,
- निजी क्षेत्रलाई पर्यटन क्षेत्रमा लगानी गर्न आकर्षित र प्रोत्साहित गर्ने,
- पर्यटन व्यवसायलाई पर्यटकमैत्री बनाउन यातायात व्यवसायी, वायुसेवा प्रदायक निकाय तथा होटल व्यवसायीहरुसँग अन्तरकिया, छलफल र कार्ययोजना कार्यान्वयनमा सहकार्य गर्ने,
- पर्यटन क्षेत्रमा मानव संसाधनको कार्य क्षमता वृद्धि गर्ने,
- आन्तरिक पर्यटनको विकासका निम्ति प्रदेश सरकारद्वारा सरकारी कर्मचारीहरुलाई तलबी भ्रमण बिदा उपलब्ध गराउने साथै निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई पनि तलबी भ्रमण बिदा उपलब्ध गराउन पहल गर्ने,
- हरेक महिना खेलकुद तथा पर्यटन प्रर्वद्धन गर्न सघाउ पुग्ने क्रियाकलापको आयोजना विभिन्न सरोकारवालाहरु र पर्यटन संघ संस्थाहरुको सयोजकत्वमा गर्ने,
- धार्मिक पर्यटन, कृषि पर्यटन, पर्यापर्यटन, ग्रामिण पर्यटनसँग सम्बन्धित् मेला, महोत्सवको प्रवर्धनमा सहयोग गर्ने,
- निजी क्षेत्र, पर्यटन व्यवसाय, उद्योग, बैंकिङ क्षेत्र, शैक्षिक क्षेत्र लगायतलाई सामाजिक उत्तरदायित्व अन्तर्गत पर्यटन प्रवर्धन एवं प्रचारप्रसारका कार्यहरुमा सहकार्य, समन्वय र साझेदारिका लागि पहल गर्ने,
- पर्यटन क्षेत्रमा गुणस्तरीय सेवाको विकास गर्दै पटक पटक पर्यटक आउने वातावरणको निर्माण गर्ने,
- माइस पर्यटन (MICE tourism) लाई जोड दिने,
- पर्यटकको सुरक्षामा जोड दिने र आपतकालिन अवस्थामा उद्धारको व्यवस्था गर्ने,
- पर्यटन व्यवसायीहरुले पर्यटनका विभिन्न प्याकेज बनाउने व्यवस्था गर्ने,
- प्रदेशका पर्यटकीय गन्तव्यहरुलाई काठमाण्डौं, लुम्बिनी र सौराहा लगायतका अन्य पर्यटकीय गन्तव्यहरुसँग जोड्ने व्यवस्था गर्ने,
- पोखरालाई पर्यटकीय राजधानी र गण्डकी प्रदेशलाई दक्षिण एसियाको महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने ।

## ४. कार्यक्रम र कार्ययोजना

४.१ सरकारी तबरबाट गरीने कार्यक्रमहरु

| सि.नं. | कार्यक्रमको विवरण | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकायहरु |
|---|---|---|---|---|
| १. | आन्तरिक पर्यटन बर्ष २०१९ को कार्ययोजना, लोगो तथा नारा तयार पार्ने | २०१९, जनवरी फेब्रुअरी | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | निजी क्षेत्रका व्यवसायी, पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय, विज्ञ, सञ्चारमाध्यम |

| सि.नं. | कार्यक्रमको विवरण | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकायहरु |
|---|---|---|---|---|
| २. | पोखरामा आन्तरिक पर्यटन बर्ष २०१९ घोषणा गर्ने | २१ फेब्रुअरी, २०१९ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | निजी क्षेत्रका व्यवसायी, पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय, विज्ञ, सञ्चार माध्यम |
| ३. | प्रचारप्रसार गर्ने (६ वटा प्रदेश र गण्डकी प्रदेशका ११ वटै जिल्लामा) | मार्च | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | निजी क्षेत्रका व्यवसायी, पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय, विज्ञ, सञ्चार माध्यम |
| ४. | ढोरपाटनमा प्रदेश सरकारको मन्त्रीपरिषद् बैठक आयोजना गर्ने | अप्रिल | प्रदेश सरकार | पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय, विज्ञ, सञ्चारमाध्यम |
| ५. | प्रदेशका सबै जिल्ला तथा स्थानीय तहमा सांस्कृतिक एवं पर्यटन महोत्सव आयोजना | फेब्रुअरी-नोभेम्बर | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय |
| ६. | राम्दी, आबुखैरनी र पोखरामा पर्यटक सूचना केन्द्र स्थापना गर्ने (आवश्यकता अनुसार जिल्लामा पनि थप गर्दै जाने) | मार्च-मे | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेशका सम्पूर्ण स्थानीय तह, नेपाल प्रहरी, पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय |
| ७. | राम्दी, गैंडाकोट, मुग्लिङ्ग र दाउन्नेमा आन्तरिक पर्यटन बर्ष २०१९ का लागि स्वागतद्धारको निर्माण गर्ने | मार्च-जुन | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह, पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय |
| ८. | प्रदेशका होमस्टेहरुको ब्राण्डिङ्ग गर्ने (हिमालयन रुम्स् ब्राण्ड मार्फत) | फेब्रुअरी-जुन | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, नेपाल पर्यटन बोर्ड | स्थानीय तह, होमस्टे सञ्चालक र Associations |
| ९. | चलचित्र सुटीङ्गका लागि प्रदेश सरकारको तर्फबाट सहुलियत प्रदान गर्ने | फेब्रुअरी-डिसेम्बर | प्रदेश सरकार, चलचित्र विकास बोर्ड, स्थानीय तह, | स्थानीय होमस्टे, नेपाल पर्यटन बोर्ड, संघीय सरकार |
| १०. | स्मार्ट पोखरा, सांग्रिला पोखरा निर्माण गर्नेका लागि आवश्यक तयारी गर्ने । | फेब्रुअरी-डिसेम्बर | पोखरा महानगर-पालिका | निजी क्षेत्रका व्यवसायी, पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय, |

| सि.नं. | कार्यक्रमको विवरण | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकायहरु |
|---|---|---|---|---|
| ११. | ११ जिल्लामा आन्तरिक पर्यटन बर्ष सम्बन्धित बिषयगचत कार्यकमहरु आयोजना गर्ने (क्षेत्रगत रुपमा) | फेब्रुअरी-डिसेम्बर | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | निजी क्षेत्रका व्यवसायी, पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय, सञ्चारमाध्यम |
| १२. | नेपाली नयाँ बर्षलाई भव्य रुपमा मनाउने | मार्च-अप्रिल | निजी क्षेत्र, पर्यटन, व्यवसायी, स्थानीय संघ संस्था | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, नेपाल पर्यटन बोर्ड, सञ्चार माध्यम |
| १३. | फ्रेन्च नागरीकलाई आकर्षण गर्न हिमाल आरोहण दिवस मनाउने | जुन ३ | निजी क्षेत्र, व्यवसायी, स्थानीय संघ संस्था, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, नेपाल पर्यटन बोर्ड, सञ्चार माध्यम |
| १४. | जलवायु परिवर्तन सम्मेलनको आयोजना गर्ने | फेब्रुअरी-डिसेम्बर | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | वन निर्देशनालय, स्थानीय तह, निजी क्षेत्र, व्यवसायी, स्थानीय संघ संस्था, सञ्चार माध्यम |
| १५. | पर्यटन प्रबर्द्धन सम्बन्धी व्यवसायिक सन्जाल विस्तारका लागि पोखरामा ३ दिने B2B आयोजना गर्ने । | फेब्रुअरी-डिसेम्बर | नेपाल पर्यटन बोर्ड | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह, निजी क्षेत्र, व्यवसायी, स्थानीय संघ संस्था, सञ्चार माध्यम |
| १६. | पर्यटन व्यवसाय प्रबर्द्धन तथा विस्तारका लागि देशभरिबाट पर्यटन व्यवसायीको सम्मेलन गराई प्रदेशको पर्यटनको पहुँच वृद्धि गर्ने । | फेब्रुअरी-डिसेम्बर | नेपाल पर्यटन बोर्ड | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह, निजी क्षेत्र, व्यवसायी, स्थानीय संघ संस्था |
| १७. | सामाजिक सञ्जाल मार्फत पर्यटन प्रबर्द्धन | फेब्रुअरी-डिसेम्बर | नेपाल पर्यटन बोर्ड | प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, व्यवसायी, स्थानीय संघ संस्था |
| १८. | गण्डकी प्रदेशका पर्यटन गन्तव्यहरुको उत्कृष्ट फोटो प्रतियोगिता मार्फत आन्तरिक पर्यटकलाई परस्कृत गर्ने | फेब्रुअरी-डिसेम्बर | नेपाल पर्यटन बोर्ड, प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | वन निर्देशनालय |

| सि.नं. | कार्यक्रमको विवरण | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकायहरु |
|---|---|---|---|---|
| १९. | नेपालका अन्य ६ प्रदेशका मुख्य शहरहरुबाट पोखरामा हवाइ सेवा विस्तार गर्ने | २०१९ मार्चबाट | नागरीक उड्डयन प्राधिकरण, मन्त्रालय | हवाइ सेवा कम्पनीहरु |
| २०. | नयाँ पदमार्ग पहिचान र विकास साथै ग्रेट हिमालयन ट्रेल खण्डको स्तरोन्नति गर्ने | २०१९ अप्रिलदेखि | वन निर्देशनालय, , उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह, TAAN |
| २१. | पर्यटकीय गन्तव्य प्रोफाइल निर्माण गर्ने | २०१९ मे | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह |
| २२. | पर्यटकीय गन्तव्यको जानकारी दिने गरी मोबाइल एप्सको व्यवस्था गर्ने | जुनसम्ममा | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नेपाल पर्यटन बोर्ड, निजी क्षेत्र, व्यवसायी, स्थानीय संघ संस्था, सञ्चार माध्यम |
| २३. | Conference tourism, Sports tourism, राष्ट्रिय स्तरका सभा, सम्मेलन, अधिवेशन आदि गर्ने वातावरण सिर्जना गर्ने | २०१९ जुलाइदेखि वर्षभरि गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | खेलकुद विकास समिति, नेपाल पर्यटन बोर्ड, संघ संस्थाहरु |
| २४. | पर्यटकका लागि निशुल्क रुपमा पिउने पानी र शौचालयको प्रयोग गर्न दिन समुदायसँग आहवान् गर्ने | बर्षभरि गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | नेपाल पर्यटन बोर्ड, निजी क्षेत्र, व्यवसायी, स्थानीय संघ संस्था, सञ्चार माध्यम |

४.२ निजी क्षेत्रबाट गरीने कार्यक्रमहरु

| सि.नं. | कार्यक्रमको विवरण | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकायहरु |
|---|---|---|---|---|
| १. | आन्तरिक पर्यटकका लागि होटल, रेष्टुरेन्ट, हवाइभाडा, ट्रेकिङ्ग प्याराग्लाइडिङ्ग आदिमा आतिथ्यता, छुट र सहुलियतको व्यवस्था गर्ने | २०१९ वर्षभरि | HAN, TAAN, REBAN,Paragliding Association, Airlines, बस व्यवसायी समिति | निजी क्षेत्रका व्यवसायी, पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय, सञ्चारमाध्यम |
| २. | उपहार तथा कोसेलीका उत्पादन बढाउने तथा कोशेली घर मार्फत विक्री वितरणको व्यवस्था गर्ने | २०१९ फेब्रुअरी देखि | सम्वद्ध निजी क्षेत्रहरु | सञ्चार माध्यम, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य संघ |

| सि.नं. | कार्यक्रमको विवरण | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकायहरु |
|---|---|---|---|---|
| ३. | नयाँ पदमार्ग पहिचान र विकास | बर्षभर | मन्त्रालय, TAAN, | निजी क्षेत्रका व्यवसायी, पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय, सञ्चारमाध्यम |
| ४. | नया पर्यटकीय गन्तव्य पहिचान, म्यापिङ र प्रचार प्रसार | बर्षभर | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, नेपाल पर्यटन बोर्ड, TAAN | निजी क्षेत्रका व्यवसायी, पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय, सञ्चारमाध्यम |
| ५. | पोखरा मार्ट आयोजना गर्ने जसमा अन्य प्रदेशका व्यवसायीलाई समेत आमन्त्रण गर्ने | सेप्टेम्वर | निजी क्षेत्रका व्यवसायी, पर्यटन सम्बद्ध संघ संस्थाहरु | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, नेपाल पर्यटन बोर्ड |
| ६. | हनिमुन प्याकेज, शैक्षिक प्याकेज लगायतका प्याकेजको तयारी तथा कार्यान्वयन गर्ने | मार्च-डिसेम्वर | निजी क्षेत्रका व्यवसायी, पर्यटन सम्बद्ध संघ संस्थाहरु | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, नेपाल पर्यटन बोर्ड |

४.३ सरकारी तथा निजी क्षेत्रको साझेदारीमा गरीने कार्यक्रमहरु

| सि.नं. | कार्यक्रमको विवरण | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकायहरु |
|---|---|---|---|---|
| १. | विविध उत्सव, महोत्सव, प्रदर्शनी, मेला, कार्यशाला, तालिम, गोष्ठी, सेमिनार, भ्रमण कार्यक्रम, व्यवसायीबीचको अन्तरक्रिया, B2B activities आयोजना गर्ने, प्रदेशका ११ जिल्ला र ८५ स्थानीय तहमा कम्तिमा १/१ वटा प्रतिनिधिमूलक कार्यक्रम आयोजना गर्ने | मार्च-डिसेम्बर | पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय उद्योग वाणिज्य संघ, निजी क्षेत्र | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, समुदाय, विज्ञ, स्थानीय तह |
| २. | पर्यटनमा आबद्ध मानव संसाधनको क्षमता अभिबृद्धि कार्यक्रम गर्ने | वर्षभर | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र पर्यटन सम्बद्ध संघ संस्थाहरु, समुदाय | स्थानीय तह |

| सि.नं. | कार्यक्रमको विवरण | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकायहरु |
|---|---|---|---|---|
| ३. | होटल बुकिङ्ग, नेटवर्कहरुसँग समन्वय | २०१९ अप्रिल | HAN, होटल व्यवसायी संघ | नेपाल पर्यटन बोर्ड, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, निजी क्षेत्र |

४.४ समुदायस्तरबाट गरीने कार्यक्रमहरु

| सि.नं. | कार्यक्रमको विवरण | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकायहरु |
|---|---|---|---|---|
| १. | ३०० वटा होमस्टे सञ्चालन, प्रवर्धन | वर्षभर | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, र समुदाय | स्थानीय तह |
| २. | सामुदायिक वनमा पर्यापर्यटन विकास | निरन्तर | सा.व.उ.स. | डिभिजन वन कार्यालय, स्थानीय तह |
| ३. | क्लिन गण्डकी, इको फ्रेण्ड्ली गण्डकी कार्यक्रमको आयोजना | वर्षभर निरन्तर | स्थानीय समुदाय, संघसंस्था | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह, नागरीक समाज, व्यवसायी, सञ्चार माध्यम |

## ५. मूल समिति, कार्यक्रम कार्यान्वयन उपसमिति तथा अन्य उपसमितिहरु र कार्यदलहरु

गण्डकी प्रदेश आन्तरिक पर्यटन वर्ष २०१९ का कार्यक्रमहरुलाई अगाडि बढाउनका लागि प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको निर्णय बमोजिम मूल आयोजक समितिको गठन र मूल आयोजक समितिको बैठकका निर्णयहरुबाट विभिन्न उपसमितिहरु र कार्यदलहरु गठन हुनेछन ।

### ५.२.१ गण्डकी प्रदेश आन्तरिक पर्यटन वर्ष २०१९ मूल आयोजक समिति

माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीको संयोजकत्वमा प्रदेश योजना आयोगका उपाध्यक्ष सह-संयोजक रहने गरी सरकारी निकायहरुबीच समन्वय गर्न सजिलो होस् भन्ने हेतुले गण्डकी प्रदेशका सबै मन्त्रालयका सचिवहरु, प्रदेश सरकार अर्न्तगतका निकायका प्रमुख तथा प्रतिनिधिहरु, नेपाल पर्यटन बोड प्रदेश कार्यालय पोखराका कार्यालय प्रमुख, पर्यटन तथा अन्य व्यवसायिक छाता संगठनका अध्यक्षहरु सदस्य रहने गरी आन्तरिक पर्यटन वर्ष २०१९ को १०१ सदस्यीय मूल समिति गठन गरीने छ । प्रदेश सरकारको मन्त्रिपरिषद्ले मूल समितिको कार्यक्षेत्राधिकार शर्तहरु समेत तोकी आन्तरिक पर्यटन वर्ष २०१९ को सचिवालय नेपाल पर्यटन बोर्ड प्रदेश कार्यालय पोखरामा रहने छ ।

**५.२.२ गण्डकी प्रदेश आन्तरिक पर्यटन वर्ष २०१९ का विषयगत उपसमितिहरु**

गण्डकी प्रदेश आन्तरिक पर्यटन वर्ष २०१९ मूल समितिका संयोजक एवम् माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्साल ज्यूको अध्यक्षतामा बस्ने प्रथम बैठकले गण्डकी प्रदेश आन्तरिक पर्यटन वर्ष २०१९ का कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्न ७ वटा विषयगचत वा कार्यगत उपसमितिहरु र पचासी वटा स्थानीय तहका प्रमुख संयोजक रहने गरी स्थानीय उपसमितिहरु गठन गर्नेछ ।

**५.२.३ गण्डकी प्रदेश आन्तरिक पर्यटन वर्ष २०१९ कार्यक्रम कार्यान्वयन उपसमिति**

गण्डकी प्रदेश आन्तरिक पर्यटन वर्ष २०१९ मूल समितिको बैठकको निर्णय बमोजिम प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत शर्त तथा कार्यक्षेत्राधिकार बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव अध्यक्ष, निजी क्षेत्रबाट उपाध्यक्ष एवं प्रदेश संयोजक र निजी तथा सरकारी क्षेत्रबाट प्रतिनिधित्व हुने गरी कार्यकारी अधिकार सहितको १५ (पन्ध्र) सदस्यीय कार्यक्रम कार्यान्वयन उप-समितिको गठन गरीनेछ। आन्तरिक पर्यटन बर्ष २०१९ सम्बन्धी सम्पूर्ण कार्यहरुको सम्पादन तथा समन्वय गर्न गराउन नेपाल पर्यटन बोर्डमा सचिवालय तोकिएको र उक्त समितिको सदस्य सचिवको रुपमा सरकारी र निजी क्षेत्रको साझेदारीका रुपमा रहेको नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयका प्रबन्धक रहने व्यवस्था गरीएको छ । उपसमितिले आन्तरिक पर्यटन बर्ष २०१९ अन्तर्गतका विभिन्न कार्यगत तथा उपसमितिहरुसँग राय परार्मशका आधारमा सम्बन्धित सर कारी, गैरसरकारी तथा अन्य निकायहरुसँग समन्वय गरी निम्न प्रमुख विषयहरुमा केन्द्रित गरी कार्यक्रमहरुको संयोजन एवं कार्यान्वयन गर्ने, गराउने छ ।

- प्रदेशका सम्भाव्य पर्यटकीय स्थलहरुमा स्थानीय समुदायलाई आर्थिक विकल्प प्रदान गर्ने क्षमता अभिवृद्धिका कार्यहरु,
- पर्यटन सम्भाव्य स्थानहरुमा आवश्यक भौतिक पूर्वाधारहरुको विकास एवं सुधारको लागि समन्वय एवं साझेदारीका कार्यहरु,
- पर्यटकीय सेवा सुविधाहरुको विस्तार गर्न लगानी परिचालन र गुणस्तर अभिवृद्धिका कार्यहरु, आन्तरिक पर्यटकहरुको थप आर्कषणको लागि सहुलियत तथा नयाँ भ्रमण प्याकेजहरु संयोजनका कार्यहरु,
- अभियानको सफलताको लागि पर्यटक तथा पर्यटन व्यवसायीहरुलाई पु-याउनु पर्ने थप सुविधाहरुको लागि समन्वयका कार्यहरु,
- सन् २०१९ मा विभिन्न वर्गका आन्तरिक पर्यटकहरुका लागि आर्कषक खेल तथा सेमिनार आयोजनाका कार्यहरु,
- आन्तरिक पर्यटन प्रवर्द्धनको बजारीकरण र प्रचार प्रसारका कार्यहरु ।

  आन्तरिक पर्यटन बर्ष २०१९ अभियानका कार्यक्रमहरु सञ्चालनको लागि निम्नानुसारको व्यवस्था गरीने छ ।

- नेपाल पर्यटन बोर्डबाट सञ्चालित कार्यक्रमहरुको लागि थप आर्थिक स्रोतको परिचालन गर्ने,
- क्षमता अभिवृद्धि तालिम, सीप विकास तथा प्रचार प्रसार तथा बजारीकरणका लागि प्रदेश सरकारको तर्फबाट थप बजेटको व्यवस्था गर्न अनुरोध गर्ने,
- स्थानीय तहहरुलाई स्थानीय तवरमा स्रोत परिचालनका लागि प्रोत्साहित गर्ने,
- निजी क्षेत्रबाट हुन सक्ने लगानीको अधिकतम् परिचालन गर्ने,
- विभिन्न निकायहरुबाट प्राप्त हुन सक्ने स्रोतको पहिचान गरी परिचालन गर्ने, र
- प्रदेश सरकारले उपलब्ध गराउने बजेट अनुदानको रुपमा नेपाल पर्यटन बोर्डलाई उपलब्ध गराउने ।

### ६. आन्तरिक पर्यटन वर्ष २०१९ को सचिवालय

आन्तरिक पर्यटन वर्ष २०१९ को सचिवालयको रुपमा कार्य गर्न नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयलाई तोकिएको छ । सचिवालयमा आवश्यक पर्ने कर्मचारीका लागि नेपाल पर्यटन बोर्ड र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट कर्मचारीहरु काजमा सचिवालयमा ल्याउने व्यवस्था मिलाइनेछ । साथै पर्यटन तथा अन्य सम्बन्धित विषय लिई अध्ययन गरेका स्वयंसेवकहरुलाई इर्न्टनको रुपमा आन्तरिक पर्यटन बर्ष २०१९ को सचिवालयमा काम गर्ने व्यवस्था मिलाएर सचिवालयका लागि आवश्यक जनशक्तिको व्यवस्था गरीने छ ।

### ७. आन्तरिक पर्यटन वर्ष २०१९ को लोगो र नारा

आन्तरिक पर्यटन वर्ष २०१९ को अभियानको लोगो अथवा प्रतिक चिन्ह र नारा सार्वजनिक प्रतियोगिता आव्हान गरी छनौट गरीएको छ जुन अनूसुचीमा संलग्न गरीए बमोजिम हुनेछ ।